# साँगुरीगढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### भेडेटार, धनकुटा

### कोशी प्रदेश, नेपाल

# साँगुरीगढी गाउँपालिकाको प्रथम आवधिक योजना

## (आ.व. २०८०/८१-२०८४/८५)



## अन्तिम प्रतिवेदन

२०८०

# साँगुरीगढी गाउँपालिकाको प्रथम आवधिक योजना
## (आ.व. २०८०/८१-२०८४/८५)



**सहयोगी संस्था:**

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

कलवलगुरी, भद्रपुर, झापा, कोशी प्रदेश

**सहजीकरण :**

सिभिल ओयसिस ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.,

नयाँ वानेश्वर, काठमाडौं

**तयार गर्ने/प्रकाशक:**

साँगुरीगढी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

भेडेटार, धनकुटा, कोशी प्रदेश

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन वर्ष : २०८०

# विषय-सूची


**तालिका सूची**........................................................................□
**चित्र सूची**............................................................................□
**फोटो सूची**.............................................................................□
**नक्सा सूची**.............................................................................ण

**परिच्छेद १: परिचय**.................................................................. १

१.१ पृष्ठभूमि ........................................................................... १
१.२ आवधिक योजनाको उद्देश्य ...................................................... २
१.३ आवधिक योजना तर्जुमाका आधारहरु ........................................... ३
१.४ आवधिक योजना तयारी प्रकृया .................................................. ३
*१.४.१ योजना अभिमुखीकरण कार्यशाला गोष्ठी*.......................................... ३
*१.४.२ वडागत छलफल तथा समस्या पहिचान अन्तरक्रिया*............................. ४
*१.४.३ दीर्घकालीन सोच कार्यशाला गोष्ठी तथा विषयगत योजना तयारी कार्यशालाको आयोजना* .... ४
*१.४.४ स्थलगत सर्भेक्षण तथा योजना प्रमाणीकरण*........................................ ४
*१.४.५ क्षेत्रगत योजना तयारी*.................................................................. ४
१.५ योजना तर्जुमाका सीमाहरु............................................................ ४

**परिच्छेद २: गाउँपालिकाको विद्यमान बस्तुगत स्थिति र उपलब्धीको समीक्षा**.......................... ६

२.१ गाउँपालिकाको परिचय ............................................................... ६
*२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना*............................ ६
*२.१.२ प्राकृतिक र साँस्कृतिक सम्पदा*......................................................... ७
*२.१.३ जनसाङ्ख्यिकीय अवस्था*.................................................................. ८
२.२ आर्थिक विकास अवस्था ................................................................ १३
*२.२.१ कृषि तथा खाद्य सुरक्षा*................................................................... १३
*२.२.२ पर्यटन तथा संस्कृति* ...................................................................... १४
*२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति*..................................................... १८
*२.२.४ श्रम तथा रोजगारी*......................................................................... १९
*२.२.५ बैंक, सहकारी तथा वित्तीय क्षेत्र*.......................................................... २०
२.३ सामाजिक विकास अवस्था .............................................................. २१
*२.३.१ स्वास्थ्य तथा पोषण*........................................................................ २१
*२.३.२ शैक्षिक विकास*.............................................................................. २२
*२.३.३ खानेपानी तथा सरसफाइ*................................................................... २३

*२.३.४ लैङ्गिक समानता र सामाजिक समानीकरण ..... २४*
*२.३.५ युवा, खेलकुद तथा कला ..... २५*
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ..... २५
*२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ..... २५*
*२.४.२ सडक, पुल तथा यातायात ..... २८*
*२.४.३ विद्युत तथा वैकल्पिक उर्जा ..... ३५*
*२.४.४ सूचना, सञ्चार तथा प्रविधि ..... ३६*
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनको अवस्था ..... ३६
*२.५.१ वन तथा जैविक विविधता ..... ३६*
*२.५.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन ..... ३७*
*२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन ..... ३७*
*२.५.४ महामारी तथा विपद् व्यवस्थापन ..... ३८*
२.६ सुशासन तथा संस्थागत व्यवस्था ..... ३९
*२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ..... ३९*
*२.६.२ संगठनात्मक विकास ..... ४०*
*२.६.३ स्रोत परिचालन ..... ४६*
*२.६.४ योजना व्यवस्थापन ..... ४९*

**परिच्छेद ३: सोच तथा विकास अवधारणा ..... ५१**

३.१ पृष्ठभूमि ..... ५१
३.२ प्रमुख समस्या तथा चुनौती ..... ५१
३.३ प्रमुख सम्भावना तथा अवसर ..... ५६
३.४ समस्या सम्भावना (SWOT) विश्लेषण ..... ५९
३.५ निर्देशक सिद्धान्त ..... ६०
३.६ सोच, लक्ष्य र उद्देश्य ..... ६१
*३.६.१ सोच ..... ६१*
*३.६.२ लक्ष्य ..... ६३*
*३.६.३ उद्देश्य ..... ६३*
३.७ परिणात्मक लक्ष्य ..... ६३
३.८ रणनीति तथा प्राथमिकता ..... ६९
३.९ लगानी, स्रोत अनुमान र बाँडफाँड ..... ७१
*३.९.१ आयको विश्लेषण र प्रक्षेपण ..... ७१*
*३.९.२ व्ययको विश्लेषण र प्रक्षेपण ..... ७२*
*३.१.३ लगानी र स्रोत व्यवस्था ..... ७३*

३.९.४ सार्वजनिक खर्च र राजस्व परिचालन नीति ....................................................७८
४.१ कृषि तथा पशुपन्छी ........................................................................................८१
४.१.१ पृष्ठभूमि ........................................................................................८१
४.१.२ समस्या तथा चुनौती ........................................................................................८२
४.१.३ सम्भावना र अवसर ........................................................................................८३
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................८४
४.१.५ अपेक्षित उपलब्धी........................................................................................८७
४.१.६ अनुमान तथा जोखिम पक्ष........................................................................................८८
४.२ सिंचाई........................................................................................८८
४.२.१ पृष्ठभूमि ........................................................................................८८
४.२.२ समस्या र चुनौती ........................................................................................८९
४.२.३ सम्भावना र अवसर ........................................................................................८९
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................९०
४.२.५ अपेक्षित उपलब्धी........................................................................................९१
४.२.६ अनुमान तथा जोखिम पक्ष........................................................................................९२
४.३ पर्यटन, संस्कृति तथा सम्पदा ........................................................................................९२
४.३.१ पृष्ठभूमि ........................................................................................९२
४.३.२ समस्या र चुनौती ........................................................................................९३
४.३.३ सम्भावना र अवसर ........................................................................................९३
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................९४
४.३.५ अपेक्षित उपलब्धी........................................................................................९७
४.३.६ अनुमान तथा जोखिम पक्ष........................................................................................९७
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति........................................................................................९८
४.४.१ पृष्ठभूमि ........................................................................................९८
४.४.२ समस्या र चुनौती ........................................................................................९८
४.४.३ सम्भावना र अवसर ........................................................................................९९
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १००
४.४.५ अपेक्षित उपलब्धी........................................................................................ १०२
४.४.६ अनुमान तथा जोखिम पक्ष........................................................................................ १०२
४.५ श्रम तथा रोजगारी र सामाजिक सुरक्षा........................................................................................ १०३
४.५.१ पृष्ठभूमि ........................................................................................ १०३
४.५.२ समस्या र चुनौती ........................................................................................ १०४
४.५.३ सम्भावना र अवसर ........................................................................................ १०५
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १०६
४.५.५ अपेक्षित उपलब्धी........................................................................................ १०९

*४.५.६ अनुमान तथा जोखिम पक्ष* ........ *११०*

**परिच्छेद ५: सामाजिक क्षेत्र ........ १११**

५.१ स्वास्थ्य तथा पोषण ........ १११

*५.१.१ पृष्ठभूमि* ........ *१११*

*५.१.२ समस्या र चुनौती* ........ *११२*

*५.१.३ सम्भावना र अवसर* ........ *११२*

*५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना* ........ *११३*

*५.१.५ अपेक्षित उपलब्धी* ........ *११६*

*५.१.६ अनुमान तथा जोखिम पक्ष* ........ *११७*

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्द्धन ........ ११७

*५.२.१ पृष्ठभूमि* ........ *११७*

*५.२.२ समस्या र चुनौती* ........ *११८*

*५.२.३ सम्भावना र अवसर* ........ *११९*

*५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना* ........ *१२०*

*५.२.५ अपेक्षित उपलब्धी* ........ *१२३*

*५.२.६ अनुमान तथा जोखिम पक्ष* ........ *१२४*

५.३ खानेपानी तथा सरसफाइ ........ १२५

*५.३.१ पृष्ठभूमि* ........ *१२५*

*५.३.२ समस्या र चुनौती* ........ *१२५*

*५.३.३ सम्भावना र अवसर* ........ *१२६*

*५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना* ........ *१२६*

*५.३.५ अपेक्षित उपलब्धी* ........ *१२८*

*५.३.६ अनुमान तथा जोखिम पक्ष* ........ *१२८*

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ १२९

*५.४.१ पृष्ठभूमि* ........ *१२९*

*५.४.२ समस्या र चुनौतीहरु* ........ *१३०*

*५.४.३ सम्भावना र अवसर* ........ *१३०*

*५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना* ........ *१३१*

*५.४.५ अपेक्षित उपलब्धी* ........ *१३३*

*५.४.६ अनुमानित तथा जोखिम पक्ष* ........ *१३४*

५.५ युवा तथा खेलकूद ........ १३४

*५.५.१ पृष्ठभूमि* ........ *१३४*

*५.५.२ समस्या र चुनौती* ........ *१३५*

*५.५.३ सम्भावना र अवसर* ........ *१३५*

*५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना* ..... *१३६*
*५.५.५ अपेक्षित उपलब्धी*..... *१३७*
*५.५.६ अनुमान तथा जोखिम पक्ष*..... *१३८*

**परिच्छेद ६: पूर्वाधार क्षेत्र ..... १३९**

६.१ वस्ती, आवास भवन तथा सार्वजनिक निर्माण..... १३९
*६.१.१ पृष्ठभूमि*..... *१३९*
*६.१.२ समस्या र चुनौती*..... *१४०*
*६.१.३ सम्भावना र अवसर*..... *१४०*
*६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना* ..... *१४१*
*६.१.५ अपेक्षित उपलब्धी*..... *१४३*
*६.१.६ अनुमान तथा जोखिम पक्ष*..... *१४३*
६.२ सडक पूर्वाधार तथा यातायात ..... १४४
*६.२.१ पृष्ठभूमि*..... *१४४*
*६.२.२ समस्या र चुनौती*..... *१४४*
*६.२.३ सम्भावना र अवसर*..... *१४५*
*६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना* ..... *१४५*
*६.२.५ अपेक्षित उपलब्धी*..... *१४७*
*६.२.६ अनुमान तथा जोखिम पक्ष*..... *१४८*
६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा..... १४८
*६.३.१ पृष्ठभूमि*..... *१४८*
*६.३.२ समस्या र चुनौतीहरु*..... *१४९*
*६.३.३ सम्भावना र अवसर*..... *१४९*
*६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना* ..... *१४९*
*६.३.५ अपेक्षित उपलब्धी*..... *१५१*
*६.३.६ अनुमान तथा जोखिम पक्ष*..... *१५१*
६.४ सूचना, सञ्चार तथा प्रविधि..... १५१
*६.४.१ पृष्ठभूमि*..... *१५१*
*६.४.२ समस्या र चुनौती*..... *१५२*
*६.४.३ सम्भावना र अवसर*..... *१५३*
*६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना* ..... *१५३*
*६.४.५ अपेक्षित उपलब्धी*..... *१५४*
*६.४.६ अनुमान तथा जोखिम पक्ष*..... *१५५*

**परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन.................................................१५६**

७.१ वन तथा जैविक विविधता ........................................................................................ १५६

*७.१.१ पृष्ठभूमि........................................................................................................ १५६*

*७.१.२ समस्या र चुनौती............................................................................................. १५७*

*७.१.३ सम्भावना र अवसर.......................................................................................... १५७*

*७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १५८*

*७.१.५ अपेक्षित उपलब्धी............................................................................................ १६०*

*७.१.६ अनुमान तथा जोखिम पक्ष................................................................................... १६०*

७.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन ......................................................................... १६१

*७.२.१ पृष्ठभूमि........................................................................................................ १६१*

*७.२.२ समस्या र चुनौती............................................................................................. १६२*

*७.२.३ सम्भावना र अवसर.......................................................................................... १६२*

*७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १६३*

*७.२.५ अपेक्षित उपलब्धी............................................................................................ १६४*

*७.२.६ अनुमान तथा जोखिम पक्ष................................................................................... १६५*

७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन ........................................................................ १६५

*७.३.१ पृष्ठभूमि........................................................................................................ १६५*

*७.३.२ समस्या र चुनौती............................................................................................. १६६*

*७.३.३ सम्भावना र अवसर.......................................................................................... १६६*

*७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १६७*

*७.३.५ अपेक्षित उपलब्धी............................................................................................ १६८*

*७.३.५ अनुमान तथा जोखिम पक्ष................................................................................... १६९*

७.४ विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता ..................................... १६९

*७.४.१ पृष्ठभूमि........................................................................................................ १६९*

*७.४.२ समस्या र चुनौती............................................................................................. १७०*

*७.४.३ सम्भावना र अवसर.......................................................................................... १७०*

*७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १७१*

*७.४.५ अपेक्षित उपलब्धी............................................................................................ १७३*

*७.४.६ अनुमान तथा जोखिम पक्ष................................................................................... १७३*

**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र ...................................................१७४**

८.१ संस्थागत विकास तथा सुशासन................................................................................. १७४

**परिच्छेद ९: योजना कार्यान्वयन व्यवस्था ....................................................... १८२**
९.१ पृष्ठभूमि ........................................................................................... १८२
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........................................... १८२
९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट ......................................................... १८३
९.४ श्रोत अनुमान तथा प्रक्षेपण ....................................................................... १८४
९.५ श्रोत परिचालन रणनीति ........................................................................... १८६
९.६ आवधिक योजना कार्यान्वयन ................................................................... १८७
*९.६.१ कार्यान्वयन योजना ................................................................................ १८७*
*९.६.२ योजना कार्यान्वयन विधि ........................................................................ १८८*
९.७ अनुगमन तथा मुल्याङ्कन योजना ............................................................... १८८
*९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ..................................................... १८९*
*९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ...................................................... १९०*
*९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रकृया .............................................................. १९१*

## अनुसूचीहरु

अनुसूची १: नतिजा खाका
अनुसूची २: क्षेत्रगत विकास योजना, नतिजामूलक लक्ष्य तथा बजेट बाँडफाँड
अनुसूची ३: आशवधिक योजनाका प्रमुख कार्यक्रम तथा आयोजनाहरु (प्रोजेक्ट बैंक)
अनुसूची ४: वडागत योजना तथा कार्यक्रम (वडा भेलाबाट प्राप्त योजनाहरु)
अनुसूची ५: माईन्यूट (मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण, विषयगत समिति छलफल, दीर्घकालीन सोच निर्धारण, पूर्व कार्यशाला गोष्ठी तथा वडा भेलाहरु)
अनुसूची ६: फोटो (मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण, विषयगत समिति छलफल, दीर्घकालीन सोच निर्धारण, पूर्व कार्यशाला गोष्ठी तथा वडा भेलाहरु)
अनुसूची ७: नक्सा

# तालिका सूची


तालिका १ : वडागत जनसङ्ख्या, क्षेत्रफल तथा जनघनत्व ........ ६
तालिका २ : जनसाङ्ख्यिकीय विवरण ........ ८
तालिका ३ : साँगुरीगढी गाउँपालिकाको वडागत जनसङ्ख्या वितरण ........ ८
तालिका ४ : साँगुरीगढी गाउँपालिकाको जनसङ्ख्या वृद्धिदर ........ ९
तालिका ५ : उमेर समुह अनुसार जनसङ्ख्याको बनावट ........ ९
तालिका ६ : जातजातिको आधारमा जनसङ्ख्या वितरण ........ ११
तालिका ७ : मातृभाषाको आधारमा जनसङ्ख्या वितरण ........ १२
तालिका ८ : साँगुरीगढी गाउँपालिकामा अपाङ्गताको अवस्था ........ १३
तालिका ९ : साँगुरीगढी गाउँपालिकाका पर्यटकीय क्षेत्रहरु ........ १५
तालिका १० : घरधुरी अनुसार खानेपानी स्रोतको अवस्था ........ २३
तालिका ११ : घरधुरी अनुसार शौचालय प्रयोगको स्थिति ........ २४
तालिका १२ : साँगुरीगढी गाउँपालिकाको भू-उपयोग अवस्था ........ २६
तालिका १३ : साँगुरीगढी गाउँपालिकाका सडकहरु (वडागत) ........ २८
तालिका १४ : घरधुरी अनुसार खाना पकाउने ईन्धनको स्रोत ........ ३५
तालिका १५ : बत्ती बाल्नको लागि प्रयोग हुने ईन्धनको स्रोत ........ ३५
तालिका १६ : गाउँपालिकामा हाल कार्यरत जनशक्तिको विवरण ........ ४१
तालिका १७ : साँगुरीगढी गाउँपालिका कार्यालयमा रहेका भौतिक सम्पत्ति विवरण ........ ४४
तालिका १८ : साँगुरीगढी गाउँपालिकाको अन्तिम ३ आर्थिक वर्षको आयको अवस्था (हजारमा) ........ ४६
तालिका १९ : साँगुरीगढी गाउँपालिकाको अन्तिम ३ आर्थिक वर्षको व्ययको अवस्था (हजारमा) ........ ४८
तालिका २० : स्थानीय तहको योजना प्राथमिकीकरणका आधार र अङ्कभार ........ ४९
तालिका २१ : साँगुरीगढी गाउँपालिकाको SWOT विश्लेषण ........ ५९
तालिका २२ : दीर्घकालीन सोचले समेटेका क्षेत्रहरु ........ ६२
तालिका २३ : परिणात्मक लक्ष्यहरु ........ ६६
तालिका २४ : साँगुरीगढी गाउँपालिकाको अन्तिम ३ आर्थिक वर्षको आयको अवस्था (हजारमा) ........ ७२
तालिका २५ : साँगुरीगढी गाउँपालिकाको आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण (हजारमा) ........ ७२
तालिका २६ : साँगुरीगढी गाउँपालिकाको आगामी ५ वर्षको व्ययको अनुमानित प्रक्षेपण (हजारमा) ........ ७३
तालिका २७ : गाउँपालिकामा विद्यमान प्राविधिक जनशक्ति तथा थप गरिनुपर्ने जनशक्ति ........ १८३
तालिका २८ : विषय क्षेत्र अनुसार आवश्यक बजेट सारांश ........ १८३
तालिका २९ : क्षेत्रगत विकास योजनाको लागि अनुमानित लागत रकम (लागत रु हजारमा) ........ १८५
तालिका ३० : आवधिक योजनामा समावेश मुख्य आयोजनाहरुको लागत अनुमान ........ १८५
तालिका 31 : अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ........ १९१


# चित्र सूची


चित्र १ : साँगुरीगढी गाउँपालिकाको जनसङ्ख्या पिरामिड ........ १०
चित्र २ : साँगुरीगढी गाउँपालिकाको संगठनात्मक संरचना ........ ४३

## फोटो सूची

फोटो १ : वडा नं. ५ डाँडाबजार क्षेत्रमा पशुपालन ........................................................................१३
फोटो २ : नाम्जे क्षेत्रमा कृषियोग्य जमिन.................................................................................१४
फोटो ३ : थुम्की क्षेत्रमा रहेको बहुसाँस्कृतिक पार्क तथा बौद्ध गुम्बाको दृश्य..........................................१५
फोटो ४ : भेडेटार क्षेत्रमा व्यापारको अवस्था............................................................................१९
फोटो ५ : सनराईज बैंकको एक्सटेन्सन काउन्टर, बुढीमोरङ.............................................................२०
फोटो ६ : बुढीमोरङ स्वास्थ्य चौकी......................................................................................२१
फोटो ७ : वडा नं. १० स्थित श्री बराह लक्ष्मी मा.वि....................................................................२२
फोटो ८ : नाम्जे क्षेत्रमा वस्ती तथा आवासको अवस्था.................................................................२६
फोटो ९ : साविक खुवाफोक (हाल वडा नं. ३) मा अवस्थित सडक..................................................२८
फोटो १० : कोशी राजमार्ग (भेडेटार) क्षेत्रमा नालीको व्यवस्था........................................................३५
फोटो ११ : डाँडाबजार क्षेत्रमा अवस्थित नेपाल टेलिकमको एक्सचेन्ज काउन्टर ....................................३६

## नक्सा सूची

नक्सा १ : साँगरीगढी गाउँपालिकाको अवस्थिति नक्सा.......................................................................७
नक्सा २ : साँगुरीगढी गाउँपालिकाको पर्यटन नक्सा .....................................................................१८
नक्सा ३ : साँगुरीगढी गाउँपालिकाको स्वास्थ्य संस्था अवस्थिति नक्सा ...........................................२१
नक्सा ४ : साँगुरीगढी गाउँपालिकाको शिक्षण संस्था अवस्थिति नक्सा.............................................२३
नक्सा ५ : साँगुरीगढी गाउँपालिकाको विद्यमान भू-उपयोग नक्सा, २०७९........................................२७
नक्सा ६ : साँगुरीगढी गाउँपालिकाको वर्तमान सडक सञ्जाल नक्सा.................................................३४
नक्सा ७ : साँगुरीगढी गाउँपालिकाको वातावरण संवेदनशिल नक्सा ................................................३८

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

कुनै पनि क्षेत्रको व्यवस्थित विकासको लागि आवधिक योजनाहरु महत्वपूर्ण साधन हुन् । नेपालको संविधानले स्थानीय तहलाई प्राप्त संरचना अनुरूप एक बलियो स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन् । जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख प्राप्त लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गर्ने उद्देश्य स्थानीय सरकार ऐन, २०७४ ले राखेको छ । उक्त ऐनको दफा ११ र १२ मा क्रमश: कार्यपालिका र वडा समितिको काम कर्तव्य र अधिकार तोकिएका छन् भने दफा २४ को उपदफा (१) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन र दीर्घकालीन योजना बनाई लागू गर्ने स्पष्ट उल्लेख छ । त्यसैगरी, ऐनको परिच्छेद ९ मा नगरपालिका/गाउँपालिकाको वित्तीय अधिकार क्षेत्र समेत तोकिएको छ । संविधान र कानुन बमोजिम प्राप्त र प्रदेश सरकारले आवधिक योजना र दिगो विकास लक्ष्यहरू प्राप्त गर्ने मार्गचित्र समेत तर्जुमा गरिसकेका छन् । संविधानमा व्यवस्था भए अनुसार सङ्घ, प्रदेश र स्थानीय तह बीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित विकास प्रकृयालाई स्थानीय तहमा संस्थागत गर्न, उपलब्ध सीमित स्रोतहरूको न्यायोचित वितरण गरी स्थानीय जनताको विकासको चाहनालाई पूरा गर्नको लागि स्पष्ट मार्गचित्र आवश्यक भएकोले साँगुरीगढी गाउँपालिकाले आवधिक योजना (आ.व. २०८०/८१-८४/८५) तर्जुमा गर्ने प्रकृयालाई अगाडि बढाएको छ ।

गाउँपालिकामा उपलब्ध स्रोत तथा साधन र विकासको स्थितिलाई ध्यान दिई आगामी वर्षहरुमा विकास कार्यक्रमहरु सञ्चालन गर्नको लागि योजनावद्ध विकासको आवश्यकता हुन्छ । त्यसकारण आवधिक योजनाले गाउँपालिकामा उपलब्ध स्रोत साधनको पहिचान गर्दै भविष्यमा गाउँपालिकालाई कस्तो किसिमको गाउँपालिकाको रुपमा विकास गर्ने हो भन्ने कुराको समेत निक्र्यौल गर्न मद्दत गर्दछ । नेपालको संविधान र कानुनमा व्यवस्था भए बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी आर्थिक, सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । खास गरी स्थानीय तहका आर्थिक सामाजिक नीति, स्थानीय स्तरका आयोजना लगायतका विषय समेटेर स्थानीय सरकारले स्थानीय तहको आवधिक योजना तर्जुमा गर्छन् । यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारले राष्ट्रिय योजना र आ-आफ्नो प्रदेश सरकारको आवधिक योजनासँग तादात्म्यता कायम गर्नुपर्दछ । सङ्घ, प्रदेश र स्थानीय तहको आवधिक योजनाहरु बीच अन्तर सम्बन्ध रहेको हुन्छ ।

आवधिक योजनाले साँगुरीगढी गाउँपालिकाको समृद्धि र विकासको दीर्घकालीन सोच, उद्देश्य, रणनीति, कार्यनीति र प्राथमिकताको मार्गचित्र प्रस्तुत गर्दछ । यस आवधिक योजना पाँच वर्षका लागि निर्माण गरिएको भए पनि दीर्घकालीन सोच निर्धारण गर्दा "समृद्ध नेपाल: सुखी नेपाली" सोचसँग तादात्म्यता कायम हुने गरी गाउँपालिकाको दीर्घकालीन सोच तयार गरिएको छ । योजनाको समष्टिगत सोचको परिकल्पना पाँच वर्षभन्दा बढी अवधिको परिकल्पनाको आधारमा लक्ष्य र उद्देश्य तय गरिएको छ । यस

आवधिक योजनामा उल्लेखित समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य स्थलगत कार्यशाला गोष्ठीहरुमा गरिएको सामूहिक छलफलहरुको निचोड हो । रणनीतिको तर्जुमा ५ वर्ष भन्दा बढीको समयावधिलाई ध्यानमा राखेर गरिएको भए पनि कार्यान्वन गर्ने नीतिहरु भने ५ वर्षको अवधिका लागि मात्र हुन् ।

संविधान बमोजिम कार्यपालिकाले साँगुरीगढी गाउँपालिकाको दीर्घकालीन सोच र योजना तर्जुमा गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नुपर्दछ । यस परिप्रेक्ष्यमा, साँगुरीगढी गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्नको लागि गाउँ कार्यपालिका र सिभिल ओयसिस ईञ्जिनियरिङ प्रा.लि. बीच भएको सम्झौता बमोजिम यो प्रतिवेदनलाई साँगुरीगढी गाउपालिका र प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापाको सुझावहरु समेटी अन्तिम रुप दिई बुझाइएको छ ।

## १.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँपालिकालाई आफुले चाहेको गन्तव्यतर्फ विकासको गतिलाई डोऱ्याउने काम गर्दछ । गाउँपालिकाको नेतृत्वमा योजनावद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । साँगुरीगढी गाउँपालिकाको आवधिक योजना तयारीको मुख्य उद्देश्य नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी निर्देशिका, मापदण्ड र ढाँचाको अनुसार नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, नीति तथा योजना र दीगो विकासका लक्ष्यसँग तादात्म्यता कायम हुने गरी आवधिक योजना निर्माण गर्ने जसका निर्दिष्ट उद्देश्य निम्नानुसार रहेका छन् ।

क) गाउँपालिका स्थित विभिन्न स्रोत साधनको उपलब्धता र वर्तमान स्थिति, समस्याहरु एवम् विषयगत क्षेत्रगत विकासका सम्भावनाहरुको बारेमा विश्लेषण गर्ने ।

ख) गाउँपालिकाका विद्यमान पूर्वाधारहरुको अधिकतम उपयोग गर्दै योजनावद्ध तवरले आर्थिक सामाजिक पूर्वाधारको दीगो विकास योजना तर्जुमा गर्ने ।

ग) पछौटे, विपन्न र सामाजिक हिसाबले वञ्चित रहेका क्षेत्र, वर्ग र लिङ्गका स्थानीय जनताको शिक्षा, स्वास्थ्य, खेलकुद एवम् मनोरञ्जनको आवश्यकतालाई परिपूर्ति गर्ने योजना तर्जुमा गर्ने ।

घ) गाउँपालिका क्षेत्रभित्र उद्योग, व्यापार, कृषि, पशुपालन, पर्यटन, उर्जा र रोजगारी प्रवर्द्धन कार्यक्रमहरु मार्फत आर्थिक गतिविधिमा विस्तार गर्ने आर्थिक विकास योजना तर्जुमा गर्ने ।

ङ) आवधिक योजनाका विभिन्न कार्यक्रमहरुको सञ्चालनका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन र त्यसको क्षेत्रगत लगानी योजना तयार गर्ने ।

च) गाउँपालिकाको सांगठनिक स्वरुप, संस्थागत व्यवस्थापन, जनशक्ति व्यवस्थापन र असल शासनका कार्यक्रमहरु समेटिएको संस्थागत योजना तयार गर्ने ।

छ) गाउँपालिका क्षेत्रको पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण र व्यवस्थापन तथा सम्भावित विपद् व्यवस्थापनको योजना तर्जुमा गर्ने ।

ज) गाउँपालिकाको दीर्घकालीन सोच, स्थानीय आवश्यकता, प्राथमिकता र विकासका सम्भावनाका आधारमा गाउँपालिकाको एकीकृत विकासको लागि आवधिक योजना तयार गर्ने ।

झ) बहु क्षेत्रीय लगानी योजना तयार गर्ने ।

ञ) आवधिक योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्ययोजना निर्माण गर्ने ।

## १.३ आवधिक योजना तर्जुमाका आधारहरु

नेपालको संविधान, विद्यमान ऐन, नियमहरू, विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति, प्राप्त पन्ध्रौं योजनाको आधार पत्रका लक्ष्य तथा उद्देश्यहरू, दिगो विकासका लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशन, साँगुरीगढी गाउँपालिकाका प्रमुख समस्या र सम्भावना, गाउँपालिकामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका घोषणा पत्रहरू, जोखिममा रहेका परिवारको अध्ययन प्रतिवेदनलाई यस आवधिक योजना तर्जुमाको लागि महत्वपूर्ण आधारका रुपमा लिइएको छ । तसर्थ यस आवधिक योजना तर्जुमा गर्दा संविधानमा रहेका विभिन्न प्रावधान एवम् देशको आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न ऐन, नियम र नीतिको कार्यान्वयन तथा उद्देश्य हासिल गर्ने पक्षलाई ध्यान दिदै निम्न लिखित आधारहरु लिईएको छ :

क) स्थानीय तहको संवैधानिक हैसियत (अनुसूचि ८ मा उल्लेखित अधिकारलाई प्रयोग गर्ने) ।

ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६, दफा २४ को व्यवस्था अनुसार स्थानीय तहलाई निक्षेपित अधिकारहरुको कार्यान्वयन ।

ग) साँगुरीगढी गाउँ कार्यपालिकाको निर्णय अनुसार कार्यनिर्देशन ।

घ) स्थलगत सर्वेक्षण, अन्तरक्रिया र विभिन्न विषयगत समितिहरुसँग व्यापक छलफल ।

ङ) राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन ।

च) विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति ।

छ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच ।

ज) राष्ट्रिय/प्रादेशिक आवधिक योजना ।

झ) दिगो विकास लक्ष्य ।

ञ) राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन ।

ट) गाउँपालिकाको प्रमुख समस्या र सम्भावना ।

ठ) स्थानीय राजनैतिक दल तथा सरोकारवालाहरुको विकास दृष्टिकोण ।

## १.४ आवधिक योजना तयारी प्रकृया

साँगुरीगढी गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक विकास योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ ।

### १.४.१ योजना अभिमुखीकरण कार्यशाला गोष्ठी

साँगुरीगढी गाउँपालिकाको आवधिक योजना तर्जुमा कार्यको मिति २०७९ साल चेत्र ८ गते बुधबार आवधिक योजना तर्जुमा सम्बन्धी पूर्व योजना तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न गरी परामर्शदाताको

तर्फबाट आवधिक योजनाको उद्देश्य, प्रकृया, यसको सम्भावित नतिजाको बारेमा प्रकाश पारिने कार्य सम्पन्न गरियो । सरोकारवालाहरुसँग सुझाव सङ्कलन गरी आगामी कार्ययोजना बारे समेत छलफल गरिएको थियो ।

### १.४.२ वडागत छलफल तथा समस्या पहिचान अन्तरक्रिया

निर्वाचित वडा पदाधिकारीहरु, पूर्व निर्वाचित पदाधिकारीहरु, वडा स्थित राजनीतिक दलका प्रतिनिधिहरु, शिक्षक तथा बुद्धिजीवीहरु, संघ संस्था, दलित, महिला, जनजाति तथा अन्य जातिहरु, टोल विकास संस्थाका प्रतिनिधिहरु तथा परामर्शदाताका प्राविधिकहरुको संयुक्त छलफलमा वडाका प्रमुख समस्याहरु, विकासको सम्भावनाहरु, क्षेत्रगत चुनौतीहरु, अपेक्षित आयोजनाहरुको बारेमा आवधिक योजना तयारीको लागि तयार गरिएको चेकलिस्टमा आधारित रही छलफल गरिएको थियो । दुई वटा समूह बनाई २०७९ साल चैत्र १६ गते बाट २० गते सम्म आयोजित वडागत छलफल तथा अन्तर्क्रियामा यसैगरी वडाको वार्षिक योजना तथा कार्यक्रम, वडाको समष्टिगत विकास अवधारणा र प्रगति बारेमा समेत सूचना सङ्कलन गरिएको थियो । यस किसिमका सूचनाहरु वडाको समस्या सम्भावना पहिल्याई वडागत योजना तयारीको लागि उपयोग गर्नुका साथै वडागत समस्या पहिचान गर्ने, वडा स्तरका कार्यक्रम तथा आयोजनाहरुको पहिचान र प्राथमिकीकरण गर्ने, समस्या न्यूनीकरणको लागि सुझावहरु सङ्कलन गर्ने, अन्य आवश्यक सूचनाहरु सङ्कलन गर्ने तथा ती सूचनाहरु विश्लेषणको आधारमा आगामी पाँच वर्षको योजनामा समावेश गरिएको छ ।

### १.४.३ दीर्घकालीन सोच कार्यशाला गोष्ठी तथा विषयगत योजना तयारी कार्यशालाको आयोजना

विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा २०८० साल जेठ ४ गते दीर्घकालीन सोच कार्यशाला गोष्ठी आयोजना गरियो । गाउँपालिकाको नेतृत्व तथा विषयगत समितिहरुका संयोजक, सरोकारवाला, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापा र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न गोष्ठीमा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, तथा रणनीति, सम्भावना तथा समस्या विश्लेषण, विषय क्षेत्रगत रणनीतिक उद्देश्य एवम् भौतिक एवम् वार्षिक कार्यान्वयन तालिका निर्धारण गरिएको थियो । साथै सबै विषय क्षेत्रगत विकास अवधारणा, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य र आवश्यक श्रोतमा सहमति गरिएको थियो । गाउँपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न गाउँपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी साँगुरीगढी गाउँपालिकाको ५ वर्ष अवधिको योजना तयार गरिएको हो । योजनालाई वार्षिक योजना (वार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरिएको थियो ।

### १.४.४ स्थलगत सर्भेक्षण तथा योजना प्रमाणीकरण

परामर्शदाता टोलीले गाउँपालिकाको प्रत्येक वडा र टोल भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकनको माध्यमबाट तथ्याङ्क तथा जानकारी सङ्कलन गरेको छ । सबै वडाहरुमा वडा भेला गरी सङ्कलित तथ्याङ्कहरु सम्बन्धित वडा अध्यक्ष तथा सरोकारवालाहरुसँगको छलफलबाट पुनः अध्यावधिक गरिएको छ । नापी विभाग र फिनिडाबाट तयार गरिएको स्थलरुप नक्सालाई आधार नक्साको रुपमा लिई स्क्यान

गरी हालसम्मको स्थलगत सर्वेक्षण तथा अवलोकन पश्चात स्रोत नक्साहरु तयार गरिएको छ । यस सन्दर्भमा मुख्य रुपमा गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरु जस्तैः सडक, सञ्चार, विद्युत, खानेपानी आदिका सम्वन्धमा सर्वेक्षण, अवलोकन तथा स्थलगत जाँच गरि नक्सामा समेत परिमार्जन गर्ने कार्य गरिएको छ । वडा भेला मार्फत वडागत आवश्यकता तथा समस्याको पहिचान गरी प्रत्येक वडामा प्राथमिकीकरण गरिएको छ । यही प्राथमिकता क्रमका आधारमा वडागत योजना तर्जुमा गरिएको छ भने रणनैतिक योजनाको लागि विषयगत समिति, विज्ञ तथा निर्देशक समितिमा विस्तृत छलफल गरिएको छ ।

### १.४.५ क्षेत्रगत योजना तयारी

आवधिक योजना तयारीका क्रममा विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवम् निष्कर्षका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ । यस आवधिक योजनामा क्षेत्रगत योजनाहरु जस्तैः आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र, संस्थागत विकास तथा सुशासन क्षेत्र रहेका छन् । त्यसैगरी आवधिक योजना कार्यान्वयनको लागि कार्यान्वयन व्यवस्था समेत तयार गरिएको छ । क्षेत्रगत विकास योजना तयार गर्दा सम्बन्धित सरोकारवाला समितिहरुबाट व्यापक छलफल गराई योजनाको प्रारुप तयार गरिएको छ । यसका साथै योजना टोलीमा संलग्न विषय विज्ञ तथा योजनाविद्हरुसँगको सुझाब लिई प्राविधिक सहयोग टोलीद्धारा आवधिक योजना दस्तावेज परिमार्जन गरिनुका साथै स्थानीय तहका अधिकार क्षेत्रका प्राय सबै विषय एवम् प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवम् बस्तुनिष्ठ ढङ्गबाट प्रस्तुत गरी साँगुरीगढी गाउँपालिकाको आवधिक योजनाको दस्तावेज तयार गरिएको छ ।

## १.५ योजना तर्जुमाका सीमाहरु

क) योजना तर्जुमाका क्रममा उपयुक्त कतिपय तथ्याङ्कहरू सर्वेक्षणबाट प्राप्त हुन नसकेकोले गोष्ठीबाट प्राप्त सूचना र प्रमाणीकरण भए बमोजिमका तथ्याङ्कहरूलाई नै आधार मानी प्रयोग गरिएको छ ।

ख) कतिपय अवस्थामा विगत वर्षका तथ्याङ्कहरुलाई प्रवृत्तिका रुपमा विश्लेषण गरी सो को आधारमा आ.व. २०७९/८० लाई नै आधार वर्षको रुपमा तय गरिएको छ ।

ग) साँगुरीगढी गाउँपालिकाको प्रोफाइल तयार हुन बाकी रहेकोले राष्ट्रिय जनगणना, २०७८ तथा गाउँपालिकाबाट प्राप्त तथ्याङ्कहरुलाई आधिकारिक मानी विश्लेषण गरइएको छ । यद्यपि केही तथ्याङ्कहरु अन्य स्रोतजरुबाट पनि प्रयोग गरिएको छ ।

घ) पुर्नगठित गाउँपालिका पूर्वका स्थानीय तहको एकिकृत तथ्याङ्कको अभावमा लामो समयको प्रवृत्तिगत विश्लेषण गर्न नसकिएको ।

ङ) वडा भेलामा सहभागीहरुको विचार प्रतिनिधिमुलक रुपमा आवधिक योजनामा समावेश भएको ।

च) स्रोत साधान र समयको सीमितताको कारणले वडावासीहरुका सम्पूर्ण अपेक्षा र आकांक्षाहरु योजनामा समेट्न नसकिएको ।

छ) विभिन्न कार्यक्रमहरु दीर्घकालीन प्रकृतिका र विस्तृत परियोजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकाले परियोजनागत विस्तृत लगानी योजना गर्न तत्काल सम्भव नभएको ।

# परिच्छेद २: गाउँपालिकाको विद्यमान बस्तुगत स्थिति र उपलब्धीको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

संविधान सभाबाट २०७२ सालमा जारी भएको नेपालको संविधानले नेपालमा रहेको केन्द्रिकृत एकात्मक शासन प्रणालीलाई विकेन्द्रिकृत गरी सङ्घीय ढाँचामा रुपान्तरित गरी सात प्रदेशमा विभाजन गरेको छ । नेपालको संविधानको अनुसुची ४ मा तत्कालिन मेची अञ्चलका ४ जिल्ला (पाँचथर, ताप्लेजुङ, ईलाम र झापा), तत्कालिन कोशी अञ्चलका ६ जिल्ला (संखुवासभा, साँगुरीगढी, धनकुटा, तेह्रथुम, सुनसरी र मोरङ) तथा तत्कालिन सगरमाथा अञ्चलका ६ मध्ये ४ वटा जिल्ला (सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर) गरी १४ जिल्लाहरुलाई समेटी कोशी प्रदेश कायम गरेको छ । धनकुटा जिल्लामा ३ वटा नगरपालिका र ४ वटा गाउँपालिकाहरु गरी ७ वटा स्थानीय तह रहेको छ जस मध्ये साँगुरीगढी गाउँपालिका एक हो ।

साविक ७ वटा गा.वि.स.हरु (बुढीमोरङ, खुवाफोक, फाक्सिब, डाँडाबजार, भेडेटार, महाभारत र आहाले) मिलेर हाल १० वटा वडामा रुपान्तरित भई बनेको साँगुरीगढी गाउँपालिका कोशी प्रदेश अन्तर्गत धनकुटा जिल्लामा अवस्थित पहाडी विशेषता बोकेको गाउँपालिका हो । गाउँ कार्यपालिकाको कार्यालय वडा नं. ६ भेडेटारमा रहेको छ । यस गाउँपालिकाको पूर्वतर्फ चौबिसे गाउँपालिका, पश्चिममा उदयपुर जिल्लाको बेलका नगरपालिका, उत्तरमा सहिदभूमि गाउँपालिका, धनकुटा नगरपालिका र छथर जोरपाटी गाउँपालिका तथा दक्षिणमा धरान उप-महानगरपालिका, बराहक्षेत्र नगरपालिका तथा केराबारी गाउँपालिका पर्दछ ।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

*तालिका १ : वडागत जनसङ्ख्या, क्षेत्रफल तथा जनघनत्व*

| नयाँ वडा | समावेश गाविस/नपा | जनसङ्ख्या | प्रतिशत | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|---|
| १ | बुढीमोरङ गाविस (१, ६-८) | १,८७८ | ९.६१ | १४.०४ |
| २ | बुढीमोरङ गाविस (२-५, ९) | १,५२९ | ७.८३ | ६.८६ |
| ३ | खुवाफोक गाविस (१-९) | २,१७९ | ११.१६ | २१.३९ |
| ४ | फाक्सिब गाविस (१-९) | १,३५४ | ६.९३ | १३.३३ |
| ५ | डाँडाबजार गाविस (१-९) | २,३८९ | १२.२३ | १७.०८ |
| ६ | भेडेटार गाविस (१-९) | २,९३२ | १५.०१ | २०.६० |
| ७ | महाभारत गाविस (१-४) | १,७०१ | ८.७१ | १४.७३ |
| ८ | महाभारत गाविस (५-९) | २,०१७ | १०.२३ | १८.१९ |
| ९ | आहाले गाविस (३, ५-८) | १,८८९ | ९.६७ | २०.४१ |
| १० | आहाले गाविस (१,२,४,९) | १,६८३ | ८.६२ | १९.८२ |
| **जम्मा** | | **१९,५६१** | **१००.००** | **१६६.४५** |

*श्रोत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकाको अवस्थिति सामुन्द्रिक सतहबाट त्रिवेणी १३० मिटर देखि ध्वजे डाँडा २,०४७ मिटर उचाईमा रहेको छ भने भौगोलिक अवस्थितिको हिसाबले २६°५१'३६" उत्तरी अक्षांश र ८७°१९'१९" पूर्वी देशान्तरमा फैलिएको छ । यस क्षेत्र पर्यटन, कृषि, जलस्रोतका लागि प्रशस्त सम्भावना भएको गाउँपालिका हो । प्रसिद्ध ऐतिहासिक तथा धार्मिक स्थल साँगुरीगढीको नामबाट गाउँपालिकाको नामाकरण साँगुरीगढी रहन गएको हो । जम्मा १० वटा वडाहरू मिलेर बनेको साँगुरीगढी गाउँपालिकाको क्षेत्रफल (१६६.४४ वर्ग कि. मि.) कोशी प्रदेश को कुल क्षेत्रफलको (२५,९०५ वर्ग कि.मि.) ०.६४ प्रतिशत हुन आउँछ र नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. को ०.११ प्रतिशत हुन आउँछ ।




*नक्सा १ : साँगरीगढी गाउँपालिकाको अवस्थिति नक्सा*

## २.१.२ प्राकृतिक र साँस्कृतिक सम्पदा

गाउँपालिकाको मुलप्रवाह क्षेत्र बनाएर अविरल वगिरहने तमोर, सिम्सुवा, कोकाहा, रामगुवा, मिदुवा, कमुवा, लुद्रेनी, फेसुवा खोलाहरु यहाँको मुख्य प्राकृतिक जलसम्पदाहरु हुन् । सिंचाईको मुख्य श्रोतको रुपमा रहेको तमोर, रामगुवा, मिदुवा, कमुवा, लुद्रेनी, फेसुवा खोलाहरु लगायत खोलाहरुबाट यस क्षेत्रको जमिनमा सिंचाई सेवा उपलब्ध हुने गरेको छ । यस क्षेत्रमा समग्र जीवजन्तुको र वनस्पतिको कुल अध्ययन गरिएको पाइदैंन । यहाँ पाइने केही जनावर र पन्छी तथा वनस्पतिहरुमा रातो मृग, दुम्सी, बँदेल, चित्तल, चितुवा, बाँदर, लंगुर, मलसांप्रो, आदि जनावरहरु र कालिज, लुइँचे, बकुल्ला, मैना, ढुकुर, नीलकण्ठ, कोइली, कुक्कु, आदि चराहरु तथा साल, खयर, सतिसाल, चिलाउने, सल्ला, उत्तिस, चाँप, कटुस, खस्रु, टाँकी, बडहर, कुट्मिरो, दूधिलो, कोइरालो, चिउरी, चुत्रो, लोक्ता, घगाँरु, गुराँस, पात्ले, कटुस, आदि पर्दछन् । यस क्षेत्रमा रहेका नदी तथा खोला किनारामा वालुवा, ढुङ्गा लगायतका खनिजहरु पाईन्छ ।

साँगुरीगढी गाउँपालिकामा अधिकांश किराँत जातिको बसोबास रहेकोमा किराँत धर्म (६०.८८ प्रतिशत), हिन्दु धर्म (२६.७८ प्रतिशत) तथा बौद्ध धर्म (२३.५४ प्रतिशत), क्रिश्चियन धर्म (९.८७ प्रतिशत) र प्रकृति धर्मावलम्बीहरु (०.३४ प्रतिशत) समेत यस गाउँपालिकामा बसोबास गर्दै आएको र धार्मिक सहिष्णुता कायम रहेको छ । ऐतिहासिक महत्व बोकेको गाउँपालिका क्षेत्रमा साँस्कृतिक विविधता रहेको छ भने राई, याक्थुङ/लिम्बु, मगर, याक्खाका साथै क्षेत्री, तामाङ, विश्वकर्मा, बान्तवा, याम्फु, मिजार, ब्राम्हण (पहाडी), परियार, नेवार, घर्ती/भुजेल आदि जातजातिका मानिसहरुको मिश्रित बसोबास रहेको पाईन्छ । यस क्षेत्रमा मनाईने चाडपर्वहरुमा उधौली, उभौली, दशैं, तिहार, ल्होसार, बिसू, माघे सक्रान्ति, वैशाख पूर्णिमा (बुद्ध जयन्ती), चण्डी पूर्णिमा, चैते दशैं, भुमे, साउने सक्रान्ति, मंसिर पूर्णिमा, ओमाडाक, धुले पूजा, क्रिशमस, माङ्गेना, ताप्फेङ, आदि रहेका छन् । साँस्कृतिक पक्षमा लिम्बुहरुको केलाङ नाच, धान नाच र ढोल नाच, राईहरुको चण्डी नाच र साकेला, मगरहरुको हुर्रा नाच र कौरा नाच, याक्खाहरुको डोकेनी नाच, तामाङहरुको डम्फु नाच, आदि यस क्षेत्रका मूख्य स्थानीय प्रचलन अन्तर्गत पर्दछन् । धार्मिक तथा भाषिक रुपमा रहेको यस क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछ । भेषभुषाको रुपमा पुरुष तथा महिलाहरुले विभिन्न चाडपर्वहरुमा आ-आफ्नो जातजाति झल्काउने मौलिक भेषभुषा लगाउने गर्दछन् । (*स्रोतः राष्ट्रिय जनगणना, २०७८ तथा स्थलगत अवलोकन, २०७९)*

### २.१.३ जनसाङ्ख्यिकीय अवस्था

साँगुरीगढी गाउँपालिकाको कुल जनसङ्ख्या १९,५६१ र जम्मा घरधुरी ५,००५ रहेको छ जसमध्ये पुरुष ९,५९१ (४९.०३ प्रतिशत) र महिला ९,९७० (५०.९७ प्रतिशत) रहेको छ । यस गाउँपालिकाको सरदर घरधुरी आकार ३.९१, लैङ्गिक अनुपात ९६.१९९ र जनघन्तव ५.३८ व्यक्ति प्रति वर्ग कि.मि. छ । जनसङ्ख्याको वडागत वितरण हेर्दा सबैभन्दा बढी जनसङ्ख्या वडा नं ६ मा ३,३५० (१५.०१ प्रतिशत) र सबैभन्दा कम जनसङ्ख्या वडा नं ४ मा १,३५४ (६.९३ प्रतिशत) छ । जनघनत्वको हिसाबले हेर्दा सबैभन्दा बढी जनघनत्व वडा २ को २२२.८९ व्यक्ति प्रति वर्ग कि.मि. तथा सबै भन्दा कम वडा नं. १० मा ८४.९१ व्यक्ति प्रति वर्ग कि.मि. छ ।

*तालिका २ : जनसाङ्ख्यिकीय विवरण*

| | |
|---|---|
| जम्मा घरधुरी | ५,००५ |
| जम्मा जनसङ्ख्या | १९,५६१ |
| पुरुष | ९,५९१ (४९.०३ प्रतिशत) |
| महिला | ९,९७० (५०.९७ प्रतिशत) |
| सरदर घरधुरी आकार | ३.९१ |
| लैगिंक अनुपात | ९६.२० |
| जनघनत्व | ११७.५३ व्यक्ति प्रति वर्ग कि. मि. |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

*तालिका ३ : साँगुरीगढी गाउँपालिकाको वडागत जनसङ्ख्या वितरण*

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मि.) | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | जनघनत्व | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | | कुल | पुरुष | महिला | | |
| १ | १४.०४ | ४५१ | १,८७८ | ९४१ | ९३७ | १३३.७६ | १००.४३ |
| २ | ६.८६ | ३८७ | १,५२९ | ७३५ | ७९४ | २२२.८९ | ९२.५७ |
| ३ | २१.३९ | ५९० | २,१७९ | १,०९० | १,०८९ | १०१.८७ | १००.०९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | १३.३३ | ३६९ | १,३५४ | ६७८ | ६७६ | १०१.५८ | १००.३० |
| ५ | १७.०८ | ६२९ | २,३८९ | १,१३४ | १,२५५ | १३९.८७ | ९०.३६ |
| ६ | २०.६० | ६९७ | २,९३२ | १,१७१ | १,४६१ | १४२.३३ | १००.६८ |
| ७ | १४.७३ | ४५६ | १,७०१ | ८३३ | ८६८ | ११५.४८ | ९५.९७ |
| ८ | १८.१९ | ५१५ | २,०१७ | ९८६ | १,०३१ | १०९.९० | ९५.६४ |
| ९ | २०.४१ | ४९१ | १,८८९ | ९२४ | ९७५ | ९२.५५ | ९४.७७ |
| १० | १९.८२ | ४२० | १,६८३ | ७९९ | ८८४ | ८४.९१ | ९०.३८ |
| **जम्मा** | **१६६.४५** | **५,००५** | **१९,५६१** | **९,५९१** | **९,९७०** | **११७.५३** | **९६.२०** |
| *स्रोत: राष्ट्रिय जनगणना, २०७८* | | | | | | | |

गाउँपालिकाबाट रोजगारी, शिक्षा र अन्य अवसरहरुको लागि अन्यत्र जाने र सकेसम्म उतै बस्ने प्रवृति रहेको छ । यस गाउँपालिकामा घर भई विभिन्न कारणले अन्यत्र बसोबास गर्ने व्यक्तिको सङ्ख्या प्रशस्त देखिन्छ । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार साँगुरीगढी गाउँपालिकामा १,१७० पुरुष तथा १९० महिला गरी कुल १,३६० जना अनुपस्थित रहेको छ भने कम्तीमा १ जना अनुपस्थित १०९४ घरधुरी रहेको छ । जनसङ्ख्या वृद्धिदर २०६८ सालमा ०.२८ प्रतिशत बढेको देखिन्छ भने एक दशकको अन्तरालमा २०७८ सालमा ०.९६ प्रतिशतले घटेको देखिन्छ । जनसङ्ख्या घट्नुमा वैदेशिक रोजगार र आसपासका तराई जिल्लाका पालिकाहरुमा बसाईंसराइको कारण रहेको अनुमान गर्न सकिन्छ ।

*तालिका ४ : साँगुरीगढी गाउँपालिकाको जनसङ्ख्या वृद्धिदर*

| **साँगुरीगढी गाउँपालिका** | **जनसङ्ख्या २०५८** | **जनसङ्ख्या २०६८** | **जनसङ्ख्या २०७८** |
|---|---|---|---|
| जनसङ्ख्या | २०,९३८ | २१,५३६ | १९,५६१ |
| जनसङ्ख्या वृद्धिदर | | ०.२८ प्रतिशत | -०.९६ प्रतिशत |
| *स्रोत: राष्ट्रिय जनगणना २०५८, २०६८ र २०७८* | | | |

जनसङ्ख्याको बनावटलाई हेर्दा सबैभन्दा बढी २०-२४ वर्ष उमेर समुहमा ९.३० प्रतिशत जनसङ्ख्या रहेको छ भने सबैभन्दा कम ९५ माथि वर्ष उमेर समुहमा ०.०४ प्रतिशत जनसङ्ख्या रहेको छ । यस गाउँपालिकामा सक्रिय जनसङ्ख्या अनुपात समग्र देशको भन्दा उच्च रहेको छ । जनसङ्ख्याको सक्रिय उमेर समुह (१५-५९) लाई हेर्दा ६३.३९ प्रतिशत जनसङ्ख्या रहेको छ । आश्रित जनसङ्ख्याको हकमा (० देखि १४ वर्ष सम्म) २२.३० प्रतिशत र ६० वर्ष माथि १३.७७ प्रतिशत रहेका छन् ।

*तालिका ५ : उमेर समुह अनुसार जनसङ्ख्याको बनावट*

| **उमेर समुह** | **पुरुष** | **प्रतिशत** | **महिला** | **प्रतिशत** | **कुल** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| ००-०४ | ६७१ | ३.४३ | ६०६ | ३.१० | १,२७७ | ६.५३ |
| ०५-०९ | ७६३ | ३.९० | ७७७ | ३.९७ | १,५४० | ७.८७ |
| १०-१४ | ७७२ | ३.९५ | ७७४ | ३.९६ | १,५४६ | ७.९० |
| १५-१९ | ८८१ | ४.५० | ८८६ | ४.५३ | १,७६७ | ९.०३ |
| २०-२४ | ८८६ | ४.५३ | ९३४ | ४.७७ | १,८२० | ९.३० |
| २५-२९ | ८४८ | ४.३४ | ८१९ | ४.१९ | १,६६७ | ८.५२ |
| ३०-३४ | ६७३ | ३.४४ | ७४० | ३.७८ | १,४१३ | ७.२२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५-३९ | ६०३ | ३.०८ | ६८६ | ३.५१ | १,२८९ | ६.५९ |
| ४०-४४ | ५८२ | २.९८ | ६५९ | ३.३७ | १,२४१ | ६.३४ |
| ४५-४९ | ४८३ | २.४७ | ५७७ | २.९५ | १,०६० | ५.४२ |
| ५०-५४ | ६०९ | ३.११ | ६३७ | ३.२६ | १,२४६ | ६.३७ |
| ५५-५९ | ५०५ | २.५८ | ४९७ | २.५४ | १,००२ | ५.१२ |
| ६०-६४ | ४६४ | २.३७ | ४७४ | २.४२ | ९३८ | ४.८० |
| ६५-६९ | ३३२ | १.७० | ३३५ | १.७१ | ६६७ | ३.४१ |
| ७०-७४ | २४१ | १.२३ | २७० | १.३८ | ५११ | २.६१ |
| ७५-७९ | १५९ | ०.८१ | १६४ | ०.८४ | ३२३ | १.६५ |
| ८०-८४ | ७४ | ०.३८ | ७६ | ०.३९ | १५० | ०.७७ |
| ८५-८९ | २८ | ०.१४ | ४२ | ०.२१ | ७० | ०.३६ |
| ९०-९४ | १४ | ०.०७ | १२ | ०.०६ | २६ | ०.१३ |
| ९५ माथि | ३ | ०.०२ | ५ | ०.०३ | ८ | ०.०४ |
| **कुल जम्मा** | ९,५९१ | ४९.०३ | ९,९७० | ५०.९७ | १९,५६१ | १००.०० |
| *स्रोतः राष्ट्रिय जनगणना, २०७८* | | | | | | |




*चित्र १ : साँगुरीगढी गाउँपालिकाको जनसङ्ख्या पिरामिड*

## जातजाति र मातृ भाषा

साँगुरीगढी गाउँपालिकामा जातिगत विविधता रहेको देखिन्छ । सम्पूर्ण जातजातिहरुमा पारस्परिक मेलमिलाप, सद्भाव र समझदारी कायम रहेको छ । यस गाउँपालिकामा राई, याक्थुङ/लिम्बु, मगर, याक्खा, आदि जातजातिको बाहुल्यता रहेको छ । गाउँपालिकाको जातजातिहरुको बनावटलाई हेर्दा कुल जनसङ्ख्याको सबैभन्दा बढी राई ३७.३६ प्रतिशत र याक्थुङ/लिम्बु ३०.२६ प्रतिशत, त्यसपछि मगर

८.३९ प्रतिशत र याक्खा ६.५९ प्रतिशत रहेको छ भने अन्य मुख्य जातजातिहरुमा क्षेत्री ३.२० प्रतिशत, तामाङ ३.१५ प्रतिशत, विश्वकर्मा २.२२ प्रतिशत, बान्तवा १.८५ प्रतिशत, याम्फु १.४६ प्रतिशत, मिजार १.०७ प्रतिशत, ब्राम्हण (पहाडी) १.०५ प्रतिशत, परियार ०.८९ प्रतिशत, नेवार ०.६५ प्रतिशत, माझी ०.५८ प्रतिशत, आदि लगायत छन्।

*तालिका ६ : जातजातिको आधारमा जनसङ्ख्या वितरण*

| क्र.सं. | जातजातिहरु | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राई | ७,३१२ | ३७.३६ |
| २ | याक्थुङ/लिम्बु | ५,९१९ | ३०.२६ |
| ३ | मगर | १,६४१ | ८.३९ |
| ४ | याक्खा | १,२८९ | ६.५९ |
| ५ | क्षेत्री | ६२६ | ३.२० |
| ६ | तामाङ | ६१७ | ३.१५ |
| ७ | विश्वकर्मा | ४३५ | २.२२ |
| ८ | बान्तवा | ३६१ | १.८५ |
| ९ | याम्फु | २८६ | १.४६ |
| १० | मिजार | २१० | १.०७ |
| ११ | ब्राम्हण (पहाडी) | २०५ | १.०५ |
| १२ | परियार | १७४ | ०.८९ |
| १३ | नेवार | १२७ | ०.६५ |
| १३ | माझी | ११३ | ०.५८ |
| १४ | घर्ती/भुझेल | ५१ | ०.२६ |
| १५ | गुरुङ | ४२ | ०.२१ |
| १६ | साम्पाङ | २६ | ०.१३ |
| १७ | चाम्लिङ | १५ | ०.०८ |
| १८ | कुलुङ | १४ | ०.०७ |
| १९ | थारु | १२ | ०.०६ |
| २० | यादव | १२ | ०.०६ |
| २१ | तेली | १२ | ०.०६ |
| २२ | सुनुवार | १० | ०.०५ |
| २३ | अन्य | ५२ | ०.२७ |
| **जम्मा** | | **१९,५६१** | **१००.००** |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

यस गाउँपालिकामा बोलिने प्रमुख मातृभाषा बान्तवा, याक्थुङ/लिम्बु र नेपाली भाषा रहेको देखिन्छ। पालिकाका ३२.०१ प्रतिशत परिवारले बान्तवा भाषा, २६.८१ प्रतिशतले याक्थुङ/लिम्बु भाषा तथा नेपाली भाषा १७.४८ प्रतिशतले बोल्ने गर्दछन्। यसका अलावा मगर भाषा ७.७८ प्रतिशत, याक्खा भाषा ५.८० प्रतिशत रहेको छ भने तामाङ भाषा बोल्ने जनसङ्ख्या २.९० प्रतिशत, राई भाषा २.१० प्रतिशत, याम्फु/याम्फे १.५१ प्रतिशत, छिन्ताङ ०.८८ प्रतिशत, नेपाल भाषा (नेवारी) ०.५१ प्रतिशत, चाम्लिङ ०.४२ प्रतिशत, साम्पाङ ०.४० प्रतिशत, आदि लगायत रहेका छन्।

| *तालिका ७ : मातृभाषाको आधारमा जनसङ्ख्या वितरण* | | | |
|---|---|---|---|
| **क्र.सं.** | **मातृभाषा** | **जनसङ्ख्या** | **प्रतिशत** |
| १ | बान्तवा | ६,२६२ | ३२.०१ |
| २ | याक्थुङ/लिम्बु | ५,२४५ | २६.८१ |
| ३ | नेपाली | ३,४१९ | १७.४८ |
| ४ | मगर धुत | १,५२२ | ७.७८ |
| ५ | याक्खा | १,१३४ | ५.८० |
| ६ | तामाङ | ५६७ | २.९० |
| ७ | राई | ४११ | २.१० |
| ८ | याम्फु/याम्फे | २९६ | १.५१ |
| ९ | छिन्ताङ | १७३ | ०.८८ |
| १० | नेपाल भाषा (नेवारी) | १०० | ०.५१ |
| ११ | चाम्लिङ | ८३ | ०.४२ |
| १२ | साम्पाङ | ७९ | ०.४० |
| १३ | वाम्बुले | ३९ | ०.२० |
| १४ | लोहोरुङ | ३७ | ०.१९ |
| १५ | मैथिली | ३० | ०.१५ |
| १६ | माझी | २८ | ०.१४ |
| १७ | दुङमाली | २२ | ०.११ |
| १८ | साङ्केतिक भाषा | २१ | ०.११ |
| १९ | थारु | १२ | ०.०६ |
| २० | कुलुङ | १२ | ०.०६ |
| २१ | छिलिङ | ११ | ०.०६ |
| २२ | गुरुङ | १० | ०.०५ |
| २३ | अन्य | ४८ | ०.२५ |
| **जम्मा** | | **१९,५६१** | **१००.००** |
| *स्रोत: राष्ट्रिय जनगणना, २०७८* | | | |

**अपाङ्गता**

गाउँपालिकामा पूर्ण अपाङ्गता भएका (क वर्ग) ५८ जना र आंसिक अपाङ्ग भएका (ख वर्ग) २३४ जनाले सुरक्षा भत्ता लिईरहेको देखिन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकामा कुल जनसङ्ख्याको १८,९२९ जना (९६.७७ प्रतिशत)को शारीरिक अवस्था सामान्य रहेको छ भने ६३२ जना (३.२३ प्रतिशत) अपाङ्गता भएका व्यक्ति भेटिएका छन् । जसमध्ये भौतिक अपाङ्गता भएका व्यक्ति सबभन्दा बढी कुल जनसङ्ख्याको ०.८४ प्रतिशत छ भने सबभन्दा कम अटिजम ०.०१ प्रतिशत रहेको छ । त्यसै गरी अपाङ्गताको अन्य प्रकारमा बहिरा ०.५१ प्रतिशत, श्रवण सम्बन्धी अपाङ्गता ०.४९ प्रतिशत, स्वर सम्बन्धी अपाङ्गता ०.३७ प्रतिशत, कम दृष्टि सम्बन्धी अपाङ्गता ०.३० प्रतिशत, बहु अपाङ्गता ०.२९ प्रतिशत, अन्धा ०.१६ प्रतिशत, मानसिक अपाङ्ता भएका ०.१५ प्रतिशत, बौद्धिक अपाङ्गता ०.०६ प्रतिशत, कान नसुन्ने तथा अन्धा ०.०४ प्रतिशत, हेमोफिलिया ०.०१ प्रतिशत रहेको छ भने ०.०१ प्रतिशतको अपाङ्गताको किसिम उल्लेख गरिएको छैन ।

*तालिका ८ : साँगुरीगढी गाउँपालिकामा अपाङ्गताको अवस्था*

| **अपाङ्गताको प्रकार** | **जनसङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| कुनै प्रकारको अपाङ्गता नभएको | १८,९२९ | ९६.७७ |
| भौतिक अपाङ्गता | १६५ | ०.८४ |
| बहिरा | ९९ | ०.५१ |
| श्रवण सम्बन्धी अपाङ्गता | ९६ | ०.४९ |
| स्वर सम्बन्धी अपाङ्गता | ७३ | ०.३७ |
| कम दृष्टि सम्बन्धी अपाङ्गता | ५८ | ०.३० |
| बहु अपाङ्गता | ५६ | ०.२९ |
| अन्धा | ३२ | ०.१६ |
| मानसिक सम्बन्धी अपाङ्गता | २९ | ०.१५ |
| बौद्धिक अपाङ्गता | १२ | ०.०६ |
| कान नसुन्ने तथा अन्धा | ७ | ०.०४ |
| हेमोफिलिया | २ | ०.०१ |
| अटिजम | १ | ०.०१ |
| उल्लेख नगरीएको | २ | ०.०१ |
| **जम्मा** | **१९,५६१** | **१००.००** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

साँगुरीगढी गाउँपालिकामा व्यवसायिक तरकारी उत्पादनको लागि उपयुक्त हावापानी रहेको छ । यस क्षेत्रमा धान, गहुँ, मकै, कोदो, जौ, फापर जस्ता खाद्यान्न/अन्नबालीहरु उत्पादन हुने गर्दछ । त्यसै गरी तेलहन/तेलबालीमा तोरी, सर्स्यू, आलस, बदाम, फिलुङ्गे (झुसे तिल) तथा दलहन/दालबालीमा सिमी, मास, मस्याङ, चौमासे सिमी, सिकिमे सिमी, भटमास, रहर, मुसुरो, मुङ र नगदेबालीमा अलैंची, चिया, उखु, कफी, आदि उत्पादन हुने गरेको छ । साथै मसलाबालीमा अदुवा, लसुन, प्याज, बेसार, खुर्सानी, धनिया तथा फलफुलमा सुन्तला जात फलफुल (सुन्तला, कागती, जुनार, अन्य), नास्पाती, एभोकाडो, आँप, लिची, आदि र तरकारीबालीमा काउली, गोलभेडा, आलु, सिमी/बोडी, बन्दा, मूला, रायो, भेडेंखुर्सानी, भन्टा, काँक्रा, फर्सी, आदि उत्पादन हुन्छ । यस गाउँपालिकामा कृषि प्राविधिक जनशक्ति ५ जना (भेडेटार -२, खुवाफोक, डाँडाबजार र आहालेमा १/१ जना) रहेका छन् । त्यसै गरी पशु विकास तर्फ भेडेटार, बुढीमोरङ, खुवाफोक, महाभारत र आहालेमा १/१ जना गरी ५ जना जनशक्ति कार्यरत छन् ।



*फोटो १ : वडा नं. ५ डाँडाबजार क्षेत्रमा पशुपालन*

गाउँपालिकामा कृषि उपजको किनबेचको लागि ११ वटा कृषि उपज बजार पूर्वाधार तथा सङ्कलन केन्द्रहरु स्थापना गरिएको छ । यस गाउँपालिकाबाट बाली तथा वनस्पतिमा फुलकाउली, मुला, धनिया, सिमी, बोडी, काँक्रा, आँप, सुन्तला, कागती, एभोकाडो, अकवरे खुर्सानी, तरकारी बीउ, कफी, आलु, अदुवा, बेसार, उखु, तेजपात, अम्लिसो, वन पैदावार, लौहा, आदि तथा पशुपन्छीमा सुंगुर/बंगुर, कुखुरा, बाख्रा, माछा, मौरी, परेवा, हाँस, आदि निकासी हुने गर्दछ । बजारीकरणको हकमा कृषकहरुको घरबारीमा स्थानीय व्यापारी मार्फत वा स्वयम् व्यापारी आफै पुगि कृषि उत्पादन खरिद गरि लाने गरेको छ । यस गाउँपालिकामा कृषि समूह साविक जिल्ला कृषि कार्यालयमा दर्ता भएका ७४ वटा र कृषि विकास शाखामा दर्ता भएका १८ वटा, फर्म तथा कृषि समूह २५ वटा, व्यवसायिक पशु फर्म तथा समूह ४३ वटा, ४ वटा एग्रोभेट तथा रासायनिक मलखाद बिक्री वितरण गर्ने सहकारीहरु ८ वटा सञ्चालन रहेका छन् ।



*फोटो २ : नाम्जे क्षेत्रमा कृषियोग्य जमिन*

साँगुरीगढी गाउँपालिकामा सिंचाईको मुख्य श्रोतको रुपमा तमोर, रामगुवा, मिदुवा, कमुवा, लुद्रेनी, फेसुवा खोला लगायतका खोलाबाट यस क्षेत्रमा सिंचाई सुविधा उपलब्ध भइरहेको छ । राष्ट्रिय जनगणना, राष्ट्रिय जनगनणा, २०६८ अनुसार गाउँपालिकामा ५६९.६१ हेक्टर खेत, ६,४९९.१० पाखो जमिन गरी खेतीयोग्य जमिन ७,०६८.७१ हेक्टर जमिन रहेको छ भने अन्य जमिन ९,५७५.३ हेक्टर रहेको छ । खेतीयोग्य जमिन मध्ये ५,४१४ हेक्टर जमिन (७६.६० प्रतिशत) उपयोग भईरहेको छ भने बाँकी १,६५४.३६ हेक्टर जमिन बाँझो रहेको छ । जस मध्ये २,८५६ हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको देखिन्छ । पालिकामा वर्षात्को समयमा खेतमा ५७० हेक्टर र बारीमा २,२०० हेक्टर तथा हिउँदको समयमा खेतमा ६१ हेक्टर र बारीमा २५ हेक्टर सिंचित हुने गर्दछ । सीमित कृषियोग्य जमिन, सिंचाई र अन्य कृषि सामाग्री अभाव, तालिम र ऋणमा कमजोर पहुँच आदि जस्ता कारणहरुले गर्दा कृषिको खासै विकास हुन सकेको छैन । भइरहेको कृषि समेत नितान्त परम्परागत र जीवन निर्वाह खालको भएकोले उत्पादकत्व बढ्न सकेको छैन ।

### २.२.२ पर्यटन तथा संस्कृति

साँगुरीगढी गाउँपालिका धार्मिक तथा पर्यटकीय दृष्टिकोणले धनी छ । यहाँको भेडेटार भ्यू प्वाईन्ट (चार्ल्स प्वाईन्ट) बाट भेडेटार बजार, धरान बजार, सप्तकोशीको मनोरम दृश्य, तराईका मनोरम फाँटहरुका साथै मकालु, कञ्चनजङ्घा, कुम्भकर्ण जस्ता हिमश्रृंखलाहरु एकै साथ दृश्यावलोकन गर्न सकिन्छ । यस गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकीय सम्भावना बोकेका स्थलहरुमा भेडेटार, सिम्सुवा झरना (नमस्ते झरना), साँगुरीगढी, नाम्जे होमस्टे, ओख्रे टावर तथा होमस्टे, पाथिभरा मन्दिर, मुलघाट (तमोर पुल), ध्वजे डाँडा (सूर्योदय अवलोकन), आत्मा घर, बौद्ध गुम्बा (त्रिरत्न बोधी चैते), एशिया कै अजङ्गको बरको रुख, कैलाश डाँडा (सूर्यास्त अवलोकन), खिवेक्लुङ (पार्वतीले तान बुनेको), बहुसाँस्कृतिक पार्क लगायत रहेका छन् ।

यी बाहेक अन्य पर्यटकीय क्षेत्रहरुमा जाल्पादेवी मन्दिर, शिव पार्वती मन्दिर, जलकन्या माङथना मन्दिर, छिन्ताङ देवी मन्दिर, छयोर्गेन छोप्प छेरिङ्ग गुम्बा, भगुवा दोभान, त्रिवेणी, मुक्तिनाथ मन्दिर, डाङ्डुङे देवी मन्दिर, माने गुम्बा, विष्णु चतुरबाहु मन्दिर, किराँतेश्वर र भगवती मन्दिर, मुक्तेन चर्च, साइरेनी चर्च, कन्या पोखरी, काली झरना, हात्तिसुँढे, सिद्ध डाँडा, रनफने डाँडा, भालेराजा गुफा, भाँडालुङ, ढोकेश्वर गुफा, रमिते गुफा, अजङ्गको साल र चिउरीको रुख, मादेन डाँडा, पञ्चमे डाँडा, गिद्धे भिर गुफा, हात्ति ढुङ्गा, आहालपोखरी, शिवपार्वती गुफा, दारबुङ झरना, बाघे गुफा, चेग्रा ताल, देउराली/जोगीथुम्का गुफा,



माङजाङ पोखरी, फुसुन्डे झरना, बढुवा डाँडा, ङाछेन/लेमलेम्मा झरना, पाँचकन्या झरना र गुफा, तिम्म दह, गिद्धे डाँडा (झण्डी डाँडा), दाबवुङ राङ भञ्ज्याङ, चमेरे गुफा, डोङडेरा गुफा, इन्द्रेणी झरना, छवाँगे झरना, भेडेटार पार्क, इमानसिंह चेमचोङ सालिक, कुसेटार (याक्चना), हाङ्युग्नादेन (मोरङे राजाको दरवार), लुङकेम्वा, मौलो डाँडा, सुलीकोट, आदि रहेका छन् ।

*फोटो ३ : थुम्की क्षेत्रमा रहेको बहुसाँस्कृतिक पार्क तथा बौद्ध गुम्बाको दृश्य*

*तालिका ९ : साँगुरीगढी गाउँपालिकाका पर्यटकीय क्षेत्रहरु*

| सि.नं. | पर्यटकीय क्षेत्रको नाम | वडा नं. | स्थान | महत्व/विशेषता |
|---|---|---|---|---|
| १ | सुलीकोट | १ | दुर्गाचोक | ऐतिहासिक |
| २ | माङजाङ पोखरी | १ | दुर्गाचोक | प्राकृतिक |
| ३ | फुसुन्डे झरना | १ | फुसुन्डे खोला | धार्मिक तथा साँस्कृतिक |
| ४ | छिन्ताङ देवी | १ | तेम्वाङ | धार्मिक तथा साँस्कृतिक |
| ५ | छयोर्गेन छोप्प छेरिङ गुम्बा | १ | सालबोटे | धार्मिक तथा साँस्कृतिक |
| ६ | विलेनी पहिरो | १ | बुढीमोरङ | शैक्षिक तथा प्राकृतिक |
| ७ | भगुवा दोभान | १ | भगुवा दोभान | धार्मिक तथा साँस्कृतिक |
| ८ | तमोर पुल, मुलघाट | १ | मुलघाट | मानव निर्मित तथा प्राकृतिक |
| ९ | चेग्रा ताल | २ | गैरी गाउँ | प्राकृतिक |
| १० | हाङ्युग्नादेन (मोरङे राजाको दरवार) | २ | गैरी गाउँ | ऐतिहासिक |
| ११ | लुङकेम्वा (ऐतिहासिक ढुङ्गा) | २ | गैरी गाउँ | ऐतिहासिक |
| १२ | मौलो डाँडा | २ | माङदाङवा | ऐतिहासिक |
| १३ | बुढीमोरङ खेलमैदान | २ | गैरी गाउँ | मानव निर्मित |
| १४ | देउराली/जोगी थुम्का डाँडा | २, १ | देउराली | प्राकृतिक |
| १५ | जलकन्या माङथना मन्दिर | २ | माङदाङवा | प्राकृतिक |
| १६ | भाँडालुङ | ३ | भाँडालुङ | प्राकृतिक |
| १७ | हात्तीढुङ्गे | ३ | साप्तेन | प्राकृतिक तथा ऐतिहासिक |
| १८ | ढाकेद्वार गुफा | ३ | श्याम्लाखोप | प्राकृतिक |
| १९ | रमिते गुफा | ३ | लाखध्वज | प्राकृतिक |
| २० | अजङ्गको साल र चिउरीको रुख | ३ | साप्तेन | प्राकृतिक |

| | | | | |
|---|---|---|---|---|
| २१ | मादेन डाँडा | ३ | मादेन | प्राकृतिक |
| २२ | पञ्चमे डाँडा | ३ | मादेन | प्राकृतिक |
| २३ | खुवावुङ मैदान | ३ | खुवावुङ | मानव निर्मित |
| २४ | कुसेटार (याक्थना) | ३ | कुसेटार | ऐतिहासिक तथा साँस्कृतिक |
| २५ | पासाङल्हामु स्मृति पार्क | ३ | खुवाकोड | मानव निर्मित |
| २६ | गिद्धे भिर गुफा | ४ | याक्सेरुङ | प्राकृतिक |
| २७ | हात्ती ढुङ्गा | ४ | झाँक्रीखर्क डाँडा | प्राकृतिक तथा धार्मिक |
| २८ | आहाल पोखरी | ४ | फाक्सिव | प्राकृतिक |
| २९ | जाल्पादेवी मन्दिर | ४ | फाक्सिव | धार्मिक तथा साँस्कृतिक |
| ३० | फाक्सिव खेल मैदान | ४ | फाक्सिव | मानव निर्मित |
| ३१ | शिवपार्वतीको मन्दिर | ४ | तीनतले खोरखोले | धार्मिक तथा साँस्कृतिक |
| ३२ | शिवपार्वती गुफा | ४ | तीनतले खोरखोले | प्राकृतिक |
| ३३ | दारबुङ झरना | ४ | अखेनी | प्राकृतिक |
| ३४ | बाघे गुफा | ४ | होब्रेवा | प्राकृतिक |
| ३५ | वयाम पहिरो | ४ | फाक्सिव | शैक्षिक तथा प्राकृतिक |
| ३६ | ध्वजे डाँडा | ५ | डाँडाबजार | प्राकृतिक तथा मानव निर्मित |
| ३७ | माने गुम्बा | ५ | डाँडाबजार | धार्मिक तथा साँस्कृतिक |
| ३८ | विष्णु मन्दिर | ५ | डाँडाबजार | धार्मिक तथा साँस्कृतिक |
| ३९ | कैलाश डाँडा | ५ | डाँडाबजार | प्राकृतिक |
| ४० | अजङ्गको वरको रुङ | ५ | लाप्चेटार | प्राकृतिक |
| ४१ | छवाँगे झरना | ५ | आरुबोटे | प्राकृतिक |
| ४२ | ओखे भ्यू टावर तथा पर्यटकीय क्षेत्र | ५ | ओखे | प्राकृतिक तथा मानव निर्मित |
| ४३ | डाँडाबजार | ५ | डाँडाबजार | मानव निर्मित |
| ४४ | डाँडाबजार होमस्टे | ५ | डाँडाबजार | मानव निर्मित |
| ४५ | इमानसिंह चेमजोङ सालिक | ६ | भेडेटार | मानव निर्मित |
| ४६ | भेडेटार पार्क | ६ | भेडेटार | मानव निर्मित |
| ४७ | शैलुङ डाँडा चार्ल्स टावर | ६ | भेडेटार | प्राकृतिक तथा मानव निर्मित |
| ४८ | थाकल डाँडा पिकनिक स्पट | ६ | भेडेटार | प्राकृतिक तथा मानव निर्मित |
| ४९ | पाथिभरा मन्दिर | ६ | भेडेटार | धार्मिक तथा साँस्कृतिक |
| ५० | साँगुरीगढी | ६ | साँगुरी | ऐतिहासिक तथा प्राकृतिक |
| ५१ | भेडेटार बजार | ६ | भेडेटार | मानव निर्मित |
| ५२ | सिम्सुवा झरना (नमस्ते झरना) | ६ | आम्बोटे मोड | प्राकृतिक तथा मानव निर्मित |
| ५३ | नाम्जे थुम्की सामुदायिक होम स्टे | ६ | नाम्जे | धार्मिक तथा साँस्कृतिक |
| ५४ | कन्या पोखरी | ६ | नाम्जे | प्राकृतिक |
| ५५ | काली झरना | ६ | नाम्जे | प्राकृतिक |
| ५६ | बहुसाँस्कृतिक पार्क र बौद्ध बिहार | ६ | नाम्जे | धार्मिक तथा साँस्कृतिक |
| ५७ | आत्मा बस्ने घर | ६ | नाम्जे | धार्मिक तथा साँस्कृतिक |
| ५८ | हात्तिसुँडे झरना | ६ | सेउती खोला | प्राकृतिक |
| ५९ | पातल/लोप्पे डाँडा (टावर डाँडा) | ६ | नाम्जे गाउँ | प्राकृतिक तथा मानव निर्मित |
| ६० | चमेरे गुफा | ७ | थलथले | प्राकृतिक |
| ६१ | डोङडेरा गुफा | ७ | डडुवा | प्राकृतिक |

| | | | | |
|---|---|---|---|---|
| ६२ | डाङ्डुङे देवी मन्दिर | ७ | महाभारत | धार्मिक तथा साँस्कृतिक |
| ६३ | इन्द्रेणी झरना | ७ | रामगुवा खोला | प्राकृतिक |
| ६४ | सिद्ध डाँडा | ८ | महाभारत | प्राकृतिक |
| ६५ | रनफने डाँडा/मैदान | ८ | सिमकुना | प्राकृतिक |
| ६६ | भालेराजा गुफा | ८ | भालढुङ्गा | प्राकृतिक |
| ६७ | मरेनिटार मैदान | ८ | मरेनिटार | मानव निर्मित |
| ६८ | ङाछेन/लेमलेम्मा झरना | ९ | रमिते डाँडा | प्राकृतिक |
| ६९ | मुक्तिनाथ मन्दिर | ९ | चाँदीबजार | धार्मिक तथा साँस्कृतिक |
| ७० | पाँचकन्या झरना | ९ | मलेनिबोट | प्राकृतिक |
| ७१ | पाँचकन्या गुफा | ९ | लेखाटोल | प्राकृतिक |
| ७२ | तिम्मा दह | ९ | दोबाले | प्राकृतिक |
| ७३ | झण्डी डाँडा | ९ | झण्डी डाँडा | प्राकृतिक |
| ७४ | दाबवुङ राङ भञ्ज्याङ | ९ | दाबवुङ राङ | प्राकृतिक |
| ७५ | त्रिवेणी | १० | आहाले | धार्मिक तथा साँस्कृतिक |
| ७६ | बढुवा डाँडा | १० | बढुवा डाँडा | प्राकृतिक |

*स्रोतः साँगुरीगढी गाउँपालिकाको पर्यटन विकास गुरुयोजना, २०७५*

### होमस्टे

अहिले नेपालका विभिन्न पर्यटकीय क्षेत्रहरुमा होमस्टे निकै फस्टाउँदै गएको पाईन्छ । पर्यटकहरु स्थानीय समुदायको घरमा बसी स्थानीय स्वाद अनुसारको खानपान गर्नुका साथै स्थानीय संस्कार र सँस्कृतिमा रमाउने गर्दछन् । हाल नाम्जे थुम्की सामुदायिक होमस्टे, वडा नं. ६, नाम्जे र थुम्की क्षेत्र (मगर समुदाय) तथा डाँडाबजार सामुदायिक होमस्टे, वडा नं. ५, डाँडाबजार र ध्वजे क्षेत्र सञ्चालनमा रहेको छ । त्यसै गरी अन्य होमस्टे सम्भावित क्षेत्रहरुमा लेखाटोल, आहाले क्षेत्र (वडा नं. ९)मा राई जातिको होमस्टे, फाक्सिव गाउँ (वडा नं. ४)मा लिम्बु होम स्टे तथा कुसेटार, खुवाफोक (वडा नं. ३)मा माझी जातिको होमस्टेको सम्भावना रहेको छ ।

### साहसिक पर्यटन

गाउँपालिकामा विभिन्न प्रकारका साहसिक पर्यटनका लागि सम्भावना रहेको छ । जसमध्ये पाराग्लाईडिङ, क्यानोइङ, रक क्लाइम्बिङ, जिप फ्लाईङ, बन्जी जम्पिङ, आदिको समेत सम्भावना रहेको छ ।

### जल पर्यटन

यस गाउँपालिकाको उत्तर तर्फबाट बगेको तमोर नदी, पश्चिममा सप्तकोशीको केही भाग र बीचमा लेउती खोला र अन्य खोलाहरुमा जल पर्यटनको सम्भावना रहेको छ । कुसेटारबाट चतारासम्म तमोर नदीमा जलयात्राको प्रचुर सम्भावना रहेको छ । नदीमा साना तथा मझौला डुंगाहरुका साथै र्‍याफ्टिङ सञ्चालन गर्न सकिन्छ । हालसम्म मुलघाट देखि चतारासम्म र्‍याफ्टिङ सञ्चालन हुने गरेको छ । तमोर नदीमा मोटर बोटिङ तथा डुंगा सञ्चालन गरी आय आर्जन तथा मनोरञ्जन प्रदान गर्न सकिने सम्भावना रहेकोले सो को लागि पहल गर्न सकिने देखिन्छ ।

### कृषि पर्यटन

यस गाउँपालिकाको कृषि गतिविधिलाई पर्यटनसँग जोड्न सकेमा आर्थिक तथा सामाजिक रुपमा पिछडिएको समुदायको जीवन उकास्न कृषि पर्यटनको भुमिका रहन सक्छ। नास्पातीको पकेट क्षेत्र बनाउन सकिने यस गाउँपालिकामा रुद्राक्ष, कागती, सुन्तला, अलैंची, पलम, काफल, तरकारी उत्पादनको हिसाबले सम्भावना रहेको छ । कृषि उत्पादनको परिमाण तथा भौगोलिक र माटो उपयुक्तताको आधारमा गाउँपालिकामा साँगुरीगढी सबै वडामा नास्पाती र तरकारी, बुढीमोरङ र आहालेमा रुद्राक्ष, बुढीमोरङमा सुन्तला र अकबरे खुर्सानी, आहालेमा अम्लिसो पकेट क्षेत्र, बुढीमोरङ र आहालेमा आँप, लिचि र धान, आहाले र महाभारतमा काफल र अलैंची, डाँडाबजार र भेडेटारमा काउली, साग, आलु, किवी र चिया, डाँडाबजार र फाक्सिवमा पलम, कागती, रातो सिमी र अकबरे खुर्सानीको लागि उपयुक्त रहेको छ।




*नक्सा २ : साँगुरीगढी गाउँपालिकाको पर्यटन नक्सा*

## २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

साँगुरीगढी गाउँपालिकामा लघु, घरेलु तथा साना उद्योगहरु सञ्चालनमा छन् । होटल व्यवसाय, बहुउद्देशीय फर्म, एग्रीकल्चर फर्म, कृषि तथा पशुपालन फर्म, फ्रेस हाउस, वर्कशप, कन्सट्रक्सन तथा निर्माण सेवा, राईस मिल, क्याफे, फुड प्रडक्ट, एग्रो फर्म, टुर्स एण्ड ट्राभल्स, बुटिक, आदि दर्ता भएका छन् । यस गाउँपालिकामा रहेका व्यापार र व्यवसाय दर्ता ज्यादै न्यून रहेको छ । किराना पसल, सप्लायर्स, कम्यूनिकेशन, रेमिट्यान्स, कोल्ड स्टोर, भाडा पसल, फेन्सी, हार्डवेयर, मदिरा पसल, मिष्ठान भण्डार, एग्रो सेन्टर, काष्ठ सप्लायर्स, कपडा पसल, आदि वाणिज्य कार्यलयमा दर्ता गरी सञ्चालनमा छन् भने केही व्यापार व्यवसाय दर्ता नगरी सञ्चालनमा रहेका छन् ।

उद्योग तथा वाणिज्य कार्यालय अनुसार साँगुरीगढी गाउँपालिकामा कुल ८१ वटा उद्योग दर्ता भएको देखिन्छ । जस मध्ये होटल तथा लज १८, टुर तथा ट्राभल १ वटा, बहुउद्देशिय कृषि तथा पशुपालन ९ वटा, कृषि तथा पशुपालन फर्म २६ वटा, कृषि/एग्रो फर्म ६ वटा, निर्माण तथा कन्स्ट्रक्सन २ वटा, राईस मिल १ वटा, बाख्रा फार्म १० वटा, कुखुरा फार्म १ वटा, मोटरसाईकल वर्कशप १ वटा, बंगुर फार्म १ वटा, चाउचाउ फ्याक्ट्री १ वटा, मिट हाउस १ वटा, क्याफे १ वटा, बंगुर तथा बाख्रा फार्म १ वटा, ह्याचरि तथा एग्रो १ वटा र पशुपालन तथा फलफुल १ वटा रहेका छन् । दर्ता भएका व्यवसायहरु अनुसार गाउँपालिकामा ६२ वटा व्यवसायहरु सञ्चालनमा रहेका छन् । ती मध्ये सप्लायर्स ७ वटा, किराना पसल ३३ वटा, कम्युनिकेशन २ वटा, भाँडा पसल १ वटा, फेन्सी तथा कपडा पसल ५ वटा, एग्रो सेन्टर १ वटा, काठ बिक्री सप्लायर्स ३ वटा, कोल्ड स्टोर ५ वटा, हार्डवेयर पसल १ वटा, कोसेली घर १ वटा, मदिरा पसल १ वटा, मिष्ठान भण्डार १ वटा र बालुवा गिटी पसल १ वटा रहेका छन् ।



*फोटो ४ : भेडेटार क्षेत्रमा व्यापारको अवस्था*

यस गाउँपालिका क्षेत्रमा विशेष गरी खाद्यान्न, तरकारी, फलफुल, दलहन, तेलहन, नगदेबाली, पशुजन्य उत्पादन, जडिबुटी तथा खनिजजन्य बस्तु आयात तथा निर्यात हुने गरेको छ । त्यसै गरी यस क्षेत्रमा आयात हुने प्रमुख बस्तुहरुमा खाद्यान्न सामाग्री, निर्माण सामाग्री र औषधी रहेका छन् । निर्यात हुने कृषिजन्य बस्तुहरुमा फूलकाउली, मुला, धनिया, सिमी, बोडी, काँक्रा, आँप, सुन्तला, कागती, एभोकाडो, अकबरे खुर्सानी, तरकारी बीउ, कफी, आलु, अदुवा, बेसार, उखु, तेजपात, अम्लिसो, वन पैदावार, लौहा, आदि पर्दछन् भने पशुपन्छीमा सुंगुर/बंगुर, कुखुरा, बाख्रा, माछा, हाँस, परेवा, आदि निकासी हुने गरेको छ ।

## २.२.४ श्रम तथा रोजगारी

साँगुरीगढी गाउँपालिकामा कृषि बाहेकका घरपरिवारद्वारा सञ्चालित लघु उद्यमहरुको किसिम अन्तर्गत घरेलु उद्योगमा १७ पुरुष र ७ महिला, व्यापार व्यवसायमा २१ पुरुष तथा ५५ महिलाद्वारा सञ्चालित छन् । त्यसै गरी यातायात व्यवसाय ५ पुरुष र २ महिला, सेवा ५ पुरुष र ५ महिलाद्वारा सञ्चालित छन् भने अन्य पेशा ५ पुरुष र ३ महिलाबाट सञ्चालन गरिएको छ । सोही गरी ६ वटा उद्यमहरु बारे उल्लेख गरिएको छैन । गाउँपालिकामा आर्थिक रुपले सक्रिय जनसङ्ख्या ७,०६९ पुरुष र ७२५८ महिला गरी कुल १४,३२७ जना रहेको छ । जसमध्ये ७ जना पुरुष सशस्त्र बलमा, २४१ पुरुष र १९३ महिला गरी ४३४ जना म्यानेजर पदमा, ११७ पुरुष र १२३ महिला गरी २४० जना व्यवसायिक, ३८ पुरुष र २८ महिला गरी ६६ जना प्राविधिक र सहयोगी पेशामा कार्यरत छन् । त्यसै गरी कार्यालय सहयोगी ४४ जना (२६ पुरुष र १८ महिला), सेवा र बिक्री कामदार २०४ जना (१०४ पुरुष र १०० महिला) तथा दक्ष कृषि, वन जङ्गल र मत्स्यपालन सम्बन्धी संस्थामा १२,२५० जना (५,८८३ पुरुष र ६,३६७ महिला), शिल्प र सम्बन्धित व्यापार कामदारहरु १५१ जना (१२० पुरुष र ३१ महिला), प्लान्ट र मेशन अपरेटर तथा एसेम्बलरहरु १६३ जना (१६० पुरुष र ३ महिला) तथा प्राथमिक कामदारहरु ७६६ जना (३७१ पुरुष र ३९५ महिला) रहेका छन् भने २ जनाको पेशा बारे उल्लेख गरिएको छैन ।

कृषि, जङ्गल र मत्यपालन सम्बन्धी कार्यमा १२,४९५ जना (७,०६९ पुरुष र ७,२५८ महिला), खानी तथा उत्खनन कार्यमा ४९ जना (३८ पुरुष र ११ महिला), उत्पादनमूलक कार्यमा १०२ जना (५८ पुरुष र ४४ महिला), विद्युत, ग्यास, वाफ र वातानुकूलित आपूर्ति कार्यमा ९ जना (८ पुरुष र १ महिला), पानी आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापन र सुधार गतिविधिहरूमा १२ जना (८ पुरुष र ४ महिला), निर्माणसँग सम्बन्धित कार्यमा २८३ जना (१८६ पुरुष र ९७ महिला), होलसेल तथा रिटेल व्यापार तथा मोटर वाहन र मोटरसाइकल मर्मत कार्यमा ४७० जना (२१० पुरुष र २६० महिला), यातायात र भण्डारणमा १५२ जना (१५० पुरुष र २ महिला), आवास र खाना सेवा गतिविधिहरुमा २४९ जना (१२० पुरुष र १२९ महिला), सूचना तथा सञ्चारमा १० जना (८ पुरुष र २ महिला) तथा वित्तीय तथा ईन्स्यूरेन्स कम्पनीमा १८ जना (१४ पुरुष र ४ महिला)ले श्रम तथा रोजगार पाईरहेको छ ।

त्यसै गरी घर जग्गा व्यापार गतिविधिहरुमा ४ पुरुष, व्यावसायिक, वैज्ञानिक र प्राविधिक गतिविधिहरूमा ७ जना (४ पुरुष र ३ महिला), प्रशासनिक र सहायक सेवा गतिविधिहरूमा ४ जना (३ पुरुष र १ महिला), सार्वजनिक प्रशासन र रक्षामा ६८ जना (५६ पुरुष र १२ महिला), शिक्षण संस्थामा २२३ जना (११० पुरुष र ११३ महिला), मानव स्वास्थ्य र सामाजिक कार्य गतिविधिहरूमा ३६ जना (१२ पुरुष र २४ महिला), कला तथा मनोरञ्जनमा ३ जना पुरुष, अन्य सेवा गतिविधिमा ९४ जना (३९ पुरुष र ५५ महिला), रोजगारदाताको रूपमा घरपरिवारका गतिविधिहरूमा ३५ जना (१८ पुरुष र १७ महिला), अतिरिक्त-क्षेत्रीय संगठन र निकायहरूको गतिविधिहरूमा ३ जना पुरुषले रोजगार प्राप्त गरेका छन् भने १ जनाले रोजगार गरिरहेको उद्योग उल्लेख गरिएको छैन । साँगुरीगढी गाउँपालिकामा रोजगारीको संस्थागत क्षेत्र सवालमा सरकारीतर्फ १६५ पुरुष र १२४ महिला गरी २८९ जनाले, वित्तीय संस्थामा १४ पुरुष र ४ महिला गरी १८ जना र गैर वित्तीय संस्थामा ८३९ पुरुष र ६८३ महिला गरी १,५२२ जना कार्यरत छन् । त्यसैगरी ६,०३७ पुरुष र ६,४४० महिला घरपरिवारमा आवद्ध छन् भने १ जना पुरुषको रोजगारी बारे उल्लेख गरिएको छैन । *(स्रोत: राष्ट्रिय जनगणना, २०७८)*

### २.२.५ बैंक, सहकारी तथा वित्तीय क्षेत्र

साँगुरीगढी गाउँपालिकामा २ वटा बैंक, ४ वटा लघु वित्तिय संस्था, १ वटा फाईनान्स, आहाले क्षेत्र वडा नं. ९ र १० मा १/१ वटा गरीबसँग विशेश्वर कार्यक्रम, भेडेटार क्षेत्रमा १ वटा जीवन विकास कार्यक्रम र कम्युनिकेशन एण्ड रेमिट्यान्स सञ्चालनमा रहेको छ । यो बाहेक ४ वटा वहुउद्देशिय सहकारी, ४ वटा कृषि सहकारी, २ वटा उपभोक्ता सहकारी र ३ वटा महिला बचत तथा ऋण सहकारी संस्था तथा ३ वटा बचत तथा ऋण सहकारी संस्था गरी १६ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् जसले गर्दा गाउँपालिकाको वडा र टोलहरुसम्म वित्तिय पहुँच पुगेको छ । यसले गर्दा गाँउमै सरल र सुलभ दरमा ऋण प्रवाहको वातावरण बनेको छ ।




*फोटो ५ : सनराईज बैंकको एक्सटेन्सन काउन्टर, बुढीमोरङ*

## २.३ सामाजिक विकास अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

गाउँपालिकामा ७ वटा स्वास्थ्य चौकी (भेडेटार, गोलखाडी, खुबी, आले, बुढी मोरङ, खुवाफोक र फाक्सिब), १ वटा प्राथमिक स्वास्थ्य केन्द्र (डाँडाबजार) र २ वटा आधारभूत स्वास्थ्य केन्द्र (भार्ताङ र लापु भञ्याङ) सञ्चालनमा रहेका छन् भने ४ वर्थिङ सेन्टर मार्फत प्रसुति सेवा प्रदान भइरहेको छ । यसका अलावा २३ वटा गाउँघर क्लिनिक र २८ वटा खोप क्लिनिक लगायत स्वास्थ्य संस्थाहरु रहेको यस गाउँपालिकामा निशुल्क अल्ट्रासाउण्ड सुविधा, ल्याव सुविधा, सुरक्षित पोषण सेवा, रक्त सञ्चार, फार्मेसी, परामर्श सेवा लगायतका सेवाहरु सञ्चालनमा छन् । प्राथमिक स्वास्थ्य केन्द्र डाँडाबजारमा साँगुरीगढी वडा नं. १, २, ३, ४ र ५, चौबिसे गाउँपालिकाको ६, ५ र ४, केराबारी गाउँपालिका वडा नं. १ र ४ समेतका स्थानबाट सेवा सुविधा लिन आउने गरेको छ ।



*फोटो ६ : बुढीमोरङ स्वास्थ्य चौकी*




*नक्सा ३ : साँगुरीगढी गाउँपालिकाको स्वास्थ्य संस्था अवस्थिति नक्सा*

यस क्षेत्रमा रहेको मुख्य रोगहरु टनसिल, दम (स्वास प्रश्वास), घाँटी सम्बन्धी रोग, ग्यास्टीक/अल्सर लगायत नसर्ने रोगहरु रहेका छन् । यसका अलावा रक्तचाप, मुटु रोग, पक्षघात, निमोनिया, झाडा पखाला,

क्षय रोग (टिवि), एच.आइ.भि. एड्स, क्यान्सर, स्तन क्यान्सर, प्रसुती जन्य रोग, छाला सम्बन्धी रोग लगायत छन् । ती स्वास्थ्य केन्द्रहरुमा दक्ष जनशक्ति सहितको पर्याप्त दरबन्दी, बुढी मोरङ र खुबी स्वास्थ्य चौकीमा भवनको समस्या, खोप केन्द्रहरुको भवनको कमि, स्वास्थ्य केन्द्रहरुमा जनसङ्ख्याको आधारमा बजेट विनियोजन, वर्थिङ सेन्टरहरुमा ल्याव, स्वास्थ्य उपकरण र पूर्वाधारहरुको स्तरोन्नति, मासिक घुम्ती शिविर, व्याकअप सोलार वत्ति सुविधा तथा स्वास्थ्य संस्थाहरुमा अपर्याप्त डेस्कटप कम्प्यूटरको अभाव लगायतका सवालहरु विद्यमान छ । (*स्रोतः साँगुरीगढी गाउँ कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखा)*

### २.३.२ शैक्षिक विकास

हाल साँगुरीगढी गाउँपालिकामा शैक्षिक पूर्वाधारतर्फ ४ वटा आधारभूत विद्यालय, ३५ वटा प्रा.वि. र १० वटा माध्यमिक विद्यालय गरी जम्मा ४९ वटा सामुदायिक विद्यालय र ४ वटा बोर्डिङ स्कुल रहेका छन् । पूर्व प्राथमिक तर्फ ५४२ बालक र ६१२ बालिका गरी १,१५४ सहित यी शैक्षिक संस्थाहरुमा ४,११० छात्र र ४,११० छात्रा गरी कुल ८,२२० विद्यार्थीहरुले पठनपाठन गरिरहेका छन् । यस गाउँपालिकामा ५ वर्षभन्दा बढी उमेर समूहको जनसङ्ख्याको साक्षरता दर ८०.८० प्रतिशत (पुरुष ८६.५६ साक्षारता प्रतिशत र महिला साक्षारता ७५.३२ प्रतिशत) रहेको छ जुन राष्ट्रिय साक्षरता दर (७६.२५ प्रतिशत) भन्दा बढी रहेको छ ।

गाउँपालिकाको शैक्षिक अवस्थामा शुरुआती बाल अध्ययन ०.०९ प्रतिशत, प्राथमिक तह २६.८९ प्रतिशत, निम्न माध्यमिक तह २४.६७ प्रतिशत र उच्च माध्यमिक तह २०.९० प्रतिशत रहेको छ । गाउँपालिकामा एस.एल.सी. वा सो सरह ९.४३ प्रतिशत, प्रविणता प्रमाणपत्र तह वा सो सरह ९.४५ प्रतिशत, स्नातक तह वा सो सरह १.७८ प्रतिशत, स्नातकोत्तर तह वा सो सरह ०.७६ प्रतिशत, अन्य ०.१० प्रतिशत, स्तर नभएको २.८८ प्रतिशत जनसङ्ख्या रहेका छन् भने ०.५३ प्रतिशत जनसङ्ख्याको शैक्षिक स्तर उल्लेख गरिएको छैन  र कहिले पठनपाठन नगर्ने सङ्ख्या २.५१ प्रतिशत छन् । (*स्रोतः साँगुरीगढी गाउँ कार्यपालिका र राष्ट्रिय जनगणना, २०७८ र एकीकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली, २०७९)*



*फोटो ७ : वडा नं. १० स्थित श्री बराह लक्ष्मी मा.वि.*




*नक्सा ४ : साँगुरीगढी गाउँपालिकाको शिक्षण संस्था अवस्थिति नक्सा*

## २.३.३ खानेपानी तथा सरसफाइ

### २.३.३.१ खानेपानी

साँगुरीगढी गाउँपालिकामा ९५.६८ प्रतिशत परिवारले पाईप धाराबाट खानेपानी प्राप्त गर्दछन् । जसमध्ये ६४.८९ प्रतिशत घरधुरीको आफ्नै घरभित्र धारा जडान गरिएको छ भने ३०.७९ प्रतिशतले सार्वजनिक धाराबाट खानेपानी उपभोग गरिराखेको छ । त्यसै गरी अन्य खानेपानीको श्रोतहरुमा ढुङ्गे धारा २.२२ प्रतिशत, ईनार/कुवा (नढाकिएको) १.४४ प्रतिशत, ईनार/कुवा (ढाकिएको) ०.३८ प्रतिशत, खोला वा नदि ०.२६ प्रतिशत, र अन्य श्रोत ०.०२ प्रतिशत रहेको छ । (*राष्ट्रिय जनगणना, २०७८)*

*तालिका १० : घरधुरी अनुसार खानेपानी स्रोतको अवस्था*

| **खानेपानीको स्रोत** | **घरधुरी** | **प्रतिशत** |
|---|---|---|
| पाईप धारा (घर भित्रै) | ३,२४८ | ६४.८९ |
| पाईप धारा (घर बाहिर) | १,५४१ | ३०.७९ |
| ढुङ्गे धारा | १११ | २.२२ |
| ईनार/कुवा (नढाकिएको) | ७२ | १.४४ |
| ईनार/कुवा (ढाकिएको) | १९ | ०.३८ |
| खोला वा नदी | १३ | ०.२६ |
| अन्य | १ | ०.०२ |
| **जम्मा** | **५,००५** | **१००.००** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

#### २.३.३.२ सरसफाइ

शौचालय प्रयोगको अवस्थाले उक्त स्थानको सरसफाइको अवस्थालाई जनाउने गर्दछ । यस गाउँपालिकामा सरसफाइको अवस्था सन्तोषजनक रहेको छ । यसमा केही सुधारको आवश्यकता पनि छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार सेप्टिक ट्याङ्क सहितको शौचालय (५८.९० प्रतिशत) रहेको छ भने सार्वजनिक निकास भएको फ्लस शौचालय भएका घरधुरी २.५२ प्रतिशत रहेको छ । साँगुरीगढी गाउँपालिकाका ३६.५८ प्रतिशत घरमा खाडल शौचालय रहेको छ भने शौचालय नभएका घरधुरीहरु १.८० प्रतिशत रहेको देखिन्छ । गाउँपालिकामा कोशी राजमार्ग, तमोर कोरिडोर र रबि राँके सडक बाहेकका क्षेत्र बाहेकका क्षेत्रमा ढल र नालीहरुको व्यवस्था छैन भने गाउँपालिकाबाट नियमित फोहोर सङ्कलनको समेत व्यवस्था हुन सकेको छैन । गाउँपालिका घरहरुबाट निस्कने फोहोरमैलाहरु गाड्ने र जलाउने गरेका छन् ।

*तालिका ११ : घरधुरी अनुसार शौचालय प्रयोगको स्थिति*

| **शौचालय प्रयोगको अवस्था** | **घरधुरी** | **प्रतिशत** |
|---|---|---|
| शौचालय नभएका घरधुरी | ९० | १.८० |
| सार्वजनिक शौचालय | १० | ०.२० |
| फ्लस शौचालय (सेप्टिक ट्याङ्क) | २,९४८ | ५८.९० |
| फ्लस शौचालय (सार्वजनिक निकास) | १२६ | २.५२ |
| खाडल शौचालय | १,८३१ | ३६.५८ |
| **कुल घरधुरी** | **५,००५** | **१००.००** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### २.३.४ लैङ्गिक समानता र सामाजिक समानीकरण

गाउँपालिकाको कुल जनसङ्ख्यामा पुरुषको सङ्ख्या ४९.०३ प्रतिशत र महिलाको सङ्ख्या ५०.९७ प्रतिशत रहेको छ जस अनुसार लैङ्गिक अनुपात ९६.१९९ पुरुष प्रति १०० जना महिला हुन आउँछ । यस गाउँपालिकामा ५ वर्ष मुनिका बालबालिकामा ३.४३ प्रतिशत पुरुष र ३.१० प्रतिशत महिला गरि कुल ६.५३ प्रतिशत रहेको छ भने १४-४५ वर्ष उमेर समूहका युवाहरुको सङ्ख्या कुल जनसङ्ख्याको ४७.०२ प्रतिशत रहेको छ । त्यसै गरी ६०-७० वर्ष उमेर समूहका मानिसहरुको सङ्ख्या कुल जनसङ्ख्याको ८.२१ प्रतिशत तथा ७० वर्ष भन्दा माथिका मानिसहरुको सङ्ख्या ५.५६ प्रतिशत रहेको छ । आदिवासी तथा जनजातिहरुमा कुल जनसङ्ख्याको राई ३७.३८ प्रतिशत, याक्थुङ/लिम्बु ३०.२६ प्रतिशत, मगर ८.३९ प्रतिशत, याक्खा ६.५९ प्रतिशत, तामाङ ३.१५ प्रतिशत, बान्तवा १.८५ प्रतिशत, याम्फु १.४६ प्रतिशत, आदि छन् । त्यसै गरी सिमान्तकृत र पिछडिएका जातिहरुमा विश्वकर्मा २.२२ प्रतिशत, मिजार १.०७ प्रतिशत, परियार ०.८९ प्रतिशत, माझी ०.५८ प्रतिशत, घर्ती/भुजेल ०.२६ प्रतिशत आदि रहेका छन् । गाउँपालिकामा बोलिने भाषाहरुमा बान्तवा, याक्थुङ/लिम्बु, नेपाली, मगर धुत, याक्खा, तामाङ, राई, याम्फु/याम्फे, छिन्ताङ, नेपाल भाषा (नेवारी), चाम्लिङ, साम्पाङ, लगायत रहेका छन् । गाउँपालिकाको जनसङ्ख्यालाई अपाङ्गताका दृष्टिकोणले हेर्दा ९६.७७ प्रतिशत जनसङ्ख्या सपाङ्ग रहेका छन् । सपाङ्ग

बाहेक भौतिक अपाङ्गता भएका ०.८४ प्रतिशत तथा सबभन्दा कम अटिजम ०.०१ प्रतिशत रहेका छन् । *(स्रोतः राष्ट्रिय जनगणना, २०७८)*

गाउँपालिकामा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक भत्ता (अन्य), ज्येष्ठ नागरिक दलित भत्ता, ज्येष्ठ नागरिक एकल महिला भत्ता, विधवा आर्थिक सहायता, क बर्ग तथा ख बर्ग आर्थिक सहायता र दलित बालबालिका भत्ता पाइरहेका छन् । गाउँपालिकामा अन्य ज्येष्ठ नागरिक भत्ता १,५२६ जनाले रु १,८१,८०,०१६, ज्येष्ठ नागरिक दलित भत्ता ६२ जनाले रु ४,९४,७६०, ज्येष्ठ नागरिक एकल महिला भत्ता २३५ जनाले रु १८,६७,३२०, विधवा आर्थिक सहायता ३२५ जनाले रु २५,६३,२६५, क बर्ग आर्थिक सहायता ५८ जनाले रु ६८१३५९, ख बर्ग आर्थिक सहायता २३४ जनाले रु १४९१७२८ तथा दलित बालबालिका भत्ता ७४ जनाले रु १,१४,२९२ गरि कुल २,५१४ जनाले रु २,५३,९२,७४० त्रैमासिक रुपमा लिंदै आएका छन् । *(स्रोतः साँगुरीगढी गाउँ कार्यपालिकाको कार्यालय, २०७९)*

### २.३.५ युवा, खेलकुद तथा कला

साँगुरीगढी गाउँपालिकामा कुल जनसङ्ख्याको १५-३० वर्ष उमेर समूहका युवाहरुको सङ्ख्या २६.८६ प्रतिशत र ३०-४५ वर्ष उमेर समूहका युवाहरुको सङ्ख्या २०.१६ प्रतिशत तथा गरी १५-४५ वर्ष उमेर समूहका युवाहरुको सङ्ख्या ४७.०२ प्रतिशत छ । यी युवाहरु वैदेशिक रोजगार, ज्याला मजदुरी, खेती किसानी, नोकरी, व्यापार, आदिमा संलग्न रहेका छन् । यसरी जनसङ्ख्याको उमेरगत समूहलाई हेर्दा युवा र आर्थिक रुपले सक्रिय जनसङ्ख्याको हिस्सा निकै रहेकोले जनसाङ्ख्यिकीय लाभको अवसरलाई पुँजीकृत गरी आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित गर्न सकिन्छ ।

स्थानीय विद्यालयमा भएका खेल मैदान र गाउँपालिकामा रहेका खुल्ला चौरहरु नै खेलकुदका मुख्य पूर्वाधारहरु हुन् । ती खेलमैदानहरुको स्तरोन्नति गर्न आवश्यक छ भने पालिका स्तरीय खेलमैदान निर्माण गर्नुपर्ने देखिन्छ । गाउँपालिकाभित्र रहेका समावेशी बालक्लबका सदस्यहरुको उपस्थितिमा १५ सदस्यीय पालिकास्तरीय बालक्लब गठन गरिएको छ । यस्ता क्लबहरुहरु खेलकुद तथा सामाजिक गतिविधिहरुमा संलग्न रहेका छन् । विविध जातजातिका मानिसहरु बसोबास गर्ने यस साँगुरीगढी गाउँपालिकामा साँस्कृतिक कलामा समेत धनी रहेको छ । यस क्षेत्रमा स्थानीय चाडपर्वको रुपमा उधौली, उभौली, दशैं, तिहार, ल्होसार, बिसू, माघे सक्रान्ति, वैशाख पूर्णिमा (बुद्ध जयन्ती), चण्डी पूर्णिमा, चैते दशैं, भुमे, साउने सक्रान्ति, मंसिर पूर्णिमा, ओमाडाक, धुले पूजा, क्रिशमस, माङ्गेना, ताप्फेङ, आदि मनाइने गरिन्छ । गाउँपालिका क्षेत्रभित्र मनाइने चाडपर्वहरु विशेष गरी धार्मिक रुपमा मनाउने गरिन्छ ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

साँगुरीगढी गाउँपालिकाको घरहरुको स्वामित्वमा आफ्नै स्वामित्व भएको ९५.८८ प्रतिशत रहेको छ । त्यसै गरी भाडाका घर ३.२४ प्रतिशत, संस्थागत भवनहरु ०.५२ प्रतिशत, अन्य स्वामित्व ०.३६ प्रतिशत रहेको छ । पालिकामा ८८.६९ प्रतिशत घरधुरीहरुमा जग्गा तथा घर दुबैमा पुरुषहरुको स्वामित्व रहेको छ भने

महिलाहरुको स्वामित्व घर तथा जग्गा दुबैमा ३.६ प्रतिशत, जग्गा मात्रमा ७.२७ प्रतिशत र घर मात्रमा ०.३८ प्रतिशत रहेको छ।

गाउँपालिकामा जगको प्रकार अनुसार ७३.५५ प्रतिशत घरहरु ढुङ्गा/ईट्टामा माटो जोडाई रहेको छ भने काठको पिलर १२.६९ प्रतिशत, ढुङ्गा/ईट्टामा सिमेन्ट जोडाई ११.४१ प्रतिशत, आर.सि.सि. पिलर ०.०२ प्रतिशत रहेको छ भने अन्य जगको किसिममा ०.७८ प्रतिशत रहेको छ। घरको बाहिरी गारोको किसिम अनुसार यस गाउँपालिकामा घरहरुका प्रमुख प्रकारमा ढुङ्गा र माटोको गारो माटो जोडाईमा ६५.४९ प्रतिशत, ढुङ्गा र माटोको गारो सिमेन्ट जोडाई १२.८१ प्रतिशत, बाँसको संरचना ८.४९ प्रतिशत, काठको संरचना ४.७९ प्रतिशत, जस्तापाताले घेरिएको ८.०७ प्रतिशत, काँचो ईट्टाको गारो ०.१४ प्रतिशत, प्रिफ्याब सिटले निर्मित ०.०२ प्रतिशत र अन्य ०.१८ प्रतिशत रहेको छ। छानाको किसिम अनुसार कर्कट पाटा ८८.६५ प्रतिशत, खर/परालको छाना ५.५५ प्रतिशत, आर.सि.सि. ढलान ५.२३ प्रतिशत, काठको फलेक ०.१८ प्रतिशत, ढुङ्गा/स्लेट ०.१८ प्रतिशत, टाईल ०.१६ प्रतिशत, र अन्य ०.०४ प्रतिशत रहेको छ । त्यसै गरी भूईंको किसिम अनुसार माटोले लिपेको ७१.४७ प्रतिशत, ढलान २५.५७ प्रतिशत, काठ तथा बाँसको १.७८ प्रतिशत, ईट्टा वा ढुङ्गाको ०.४६ प्रतिशत, सेरामिक टाईल ०.३ प्रतिशत र अन्य ०.४२ प्रतिशत रहेको छ। (*स्रोतः राष्ट्रिय जनगणना, २०७८)*



*फोटो ८ : नाम्जे क्षेत्रमा वस्ती तथा आवासको अवस्था*

साँगुरीगढी गाउँपालिकामा भू-उपयोग क्षेत्रहरु कृषि क्षेत्र (५३.५३ प्रतिशत) र वन तथा वनस्पति क्षेत्र (३४.२४४ प्रतिशत) रहेका छन् भने नदी तथा ताल तलैया क्षेत्र (३.१०६ प्रतिशत), आवास क्षेत्र (२.१४५ प्रतिशत), अन्य क्षेत्र (२.०५९ प्रतिशत), सार्वजनिक क्षेत्र (१.५७३ प्रतिशत), उत्खनन क्षेत्र (०.२२ प्रतिशत), व्यवसायिक क्षेत्र (०.१११ प्रतिशत), धार्मिक तथा साँस्कृतिक क्षेत्र (०.०१२ प्रतिशत) र औद्योगिक क्षेत्र (०.००१ प्रतिशत) १० प्रकारमा विभाजन गर्न सकिन्छ । पालिकाको विद्यामन भू-उपयोगलाई तलको तालिका तथा नक्सामा प्रस्तुत गरिएको छ।

*तालिका १२ : साँगुरीगढी गाउँपालिकाको भू-उपयोग अवस्था*

| क्र. सं. | जमिनको प्रकार | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | ९५०७.१९१ | ५६.५३० |
| २. | वन तथा वनस्पति क्षेत्र | ५७५९.१३१ | ३४.२४४ |
| ३. | आवास क्षेत्र | ३६०.६९० | २.१४५ |
| ४. | व्यवसायिक क्षेत्र | १८.७३६ | ०.१११ |
| ५. | औद्योगिक क्षेत्र | ०.१०३ | ०.००१ |
| ६. | सार्वजनिक क्षेत्र | २६४.५५८ | १.५७३ |
| ७. | अन्य क्षेत्र | ३४६.२३३ | २.०५९ |
| ८. | उत्खनन क्षेत्र | ३७.०१० | ०.२२० |

| | | | |
|---|---|---|---|
| ९. | धार्मिक तथा साँस्कृतिक क्षेत्र | २.०५७ | ०.०१२ |
| १०. | नदी तथा ताल तलैया क्षेत्र | ५२२.३७४ | ३.१०६ |
| **जम्मा** | | **१६८१८.०८४** | **१००.००** |
| *श्रोत: स्थलगत सर्भेक्षण २०७९, गुगल फोटो र जि.आई.एस. नक्साङ्कन* | | | |




*नक्सा ५ : साँगुरीगढी गाउँपालिकाको विद्यमान भू-उपयोग नक्सा, २०७९*

गाउँपालिकाको मुख्य वस्तीहरुमा भेडेटार, आहाले, महाभारत, नाम्जे, डाँडाबजार, फाक्सिव, खुवाफोक, मूलघाट, लाबरबोटे, आदि हुन् । जसमध्ये मुख्य बजारहरु भेडेटार, डाँडाबजार, आहाले, फाक्सिव, महाभारत, खुवाफोक, आदि हुन् । बेसी खण्डमा रहेका टारहरुमा आहाले क्षेत्रका भुल्के धारापानी, सानो सफाई र दिलुङ्टार, खुवाफोक क्षेत्रको कुसेटार, महाभारत क्षेत्रको तातोपानी टार, फाक्सिव क्षेत्रको लेउतीटार र भेडेटार क्षेत्रको सिम्सुवा बेसी र बताहा रहेका छन् ।

यस गाउँपालिकामा रहेका संस्थागत कार्यालयहरुमा गाउँपालिका कार्यालय, १० वटा वडा कार्यालय, सब-डिभिजन वन कार्यालय, इलाका हुलाक, जिविस भवन अतिथि गृह (भाँडामा), इलाका प्रहरी, अतिरिक्त प्रहरी चौकी (ओख्रे, डाँडाबजार), सशस्त्र प्रहरी बुढीमोरङ, भीम दल गण, प्राथमिक स्वास्थ्य केन्द्र (डाँडाबजार), स्वास्थ्य चौकी (भेडेटार, गोलखाडी, खुवी, आले, बुढी मोरङ, खुवाफोक र फाक्सिव), आधारभूत स्वास्थ्य केन्द्र (भार्ताङ र लापु भञ्याङ), आदि रहेका छन् । त्यसै गरी यस गाउँपालिका क्षेत्रमा नबिल बैंक, सनराईज बैंकको एक्सटेन्सन काउण्टर, गोर्खा फाइनान्स, आरम्भ चौतारी लघुवित्त पनि रहेका छन् ।

### २.४.२ सडक, पुल तथा यातायात

धरान-भेडेटार-धनकुटा सडक (कोशी राजमार्ग)ले साँगुरीगढी गाउँपालिकालाई धरान उपमहानगर तथा धनकुटासँग जोडिएको छ । पालिकाको मुख्य सडकहरुमा धरान धनकुटा सडक (कोशी लोकमार्ग) १८.५० कि.मि., तमोर कोरिडोर ५८.३६ कि.मि. र भेडेटार-राजारानी-रबि-राँके सडक १८ कि.मि. रहेको छ । सडक तथा यातायात पूर्वाधार अन्तर्गत गाउँपालिकाको रणनीतिक सडकहरुमा भेडेटार-महाभारत-आहाले-बराहक्षेत्र सडक (३३ कि.मि.), डाँडाबजार-खुवाफोक-याक्चना-धनकुटा सडक (२७.५ कि.मि.), मोहनचोक-फाक्सिव-बुढी मोरङ-लाबरबोटे सडक (१८ कि.मि.), विष्णुपादुका-आहाले-छिम्राहा सडक (२८ कि.मि.) र बुढीमोरङ-खुवाफोक-मौनाबधुक-कुरुले मध्य चौबिसे सडक (३० कि.मि.) लगायत रहेका छन् । साँगुरीगढी गाउँपालिकाको यातायात गुरुयोजना अनुसार गाउँपालिकामा "क" वर्गको १३४.४१ कि.मि., "ख" वर्गको ३२.३५४ कि.मि. र "ग" वर्गको ९.२०७ कि.मि. सडक तथा ११.४१६ कि.मि. पैदलमार्ग रहेको छ । यद्यपि गाउँपालिकाका अधिकांश सडकहरु कच्ची रहेका छन् । गाउँपालिका अन्तर्गतका सडकबाट बस, जीप, अटो र मोटरसाईकल सञ्चालन हुने गरेको छ । यस गाउँपालिका क्षेत्रमा रहेको कोशी लोकमार्ग भएर लामो तथा छोटो दुरीका सार्वजनिक यातायात धरान हुँदै ईटहरी, विराटनगर, काठमाडौं तथा धरानबाट धनकुटा हुँदै तेह्रथुम, संखुवासभा, भोजपुर, आदि क्षेत्रमा यातायातको सुविधा रहेको छ ।



*फोटो ९ : साविक खुवाफोक (हाल वडा नं. ३) मा अवस्थित सडक*

साँगुरीगढी गाउँपालिकामा रहेका रणनीतिक सडकहरुको मापदण्ड १५ मि. र अन्य शाखा सडकहरुको मापदण्ड ६ मि. तय गरिएको छ । तथापि स्थलगत अवलोकनको क्रममा सडकको मापदण्डमा केही परिमार्जन भएको देखिन्छ । सेटब्याकको हकमा व्यवसायिक प्रयोजनको लागि २ मि. र आवासीय प्रयोजनको लागि १.५ मि. निर्धारण गरिएको छ । गाउँपालिकाको सडकको वडागत विवरण सहितको सूची तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका १३ : साँगुरीगढी गाउँपालिकाका सडकहरु (वडागत)*

| सि. नं. | सडकको नाम | सडकको चौडाई (मि.) | कैफियत |
|---|---|---|---|
| **वडा नं. १** | | | |
| १ | धरान धनकुटा मेनरोड (कोशी राजमार्ग) | ५० | |
| २ | तमोर करिडोर | ३० | |
| ३ | लाबरबोटे-तेम्बाङ सडक | ७ | |
| ४ | मध्य चौबिसे सडक | १० | |
| ५ | दुर्गाचोक-सालबोटे करिडोर सडक | ६ | |
| ६ | फलामेटार शाखा सडक | ६ | |
| ७ | सिम्ले तम्फुवा सडक | ६ | |

| | | | |
|---|---|---|---|
| ८ | रातमाते सडक | ६ | |
| ९ | सालबोटे कृषि टहरा दानाबारी सडक | ६ | |
| १० | दुर्गाचोक क्षेत्र शाखा सडक | ६ | |
| ११ | कालापानी सडक | ६ | |
| १२ | पुड्के शाखा सडक | ६ | |
| १३ | खैरेनी भगुवा शाखा सडक | ६ | |
| १४ | दुर्गाचोक दानाबारी सडक | ६ | |
| १५ | बिलेनी शाखा सडक | ६ | |
| **वडा नं. २** | | | |
| १ | काबेली सडक (तमोर करिडोर) | ३० | |
| २ | मध्य चौबिसे सडक | १० | |
| ३ | डाँडाबजार-फाक्सिव-बुढीमोरङ-दानाबारी-तोरीबारी-लोङ्लाबारी हुँदै तमोर कोरिडोर सडक | १० | |
| ४ | मानेडाँडा कोरिडोर सडक | ६ | |
| ५ | पजेरे टोल सडक | ६ | |
| ६ | दानाबारी लिम्बू टोल सडक | ६ | |
| ७ | डाँडा टोल सडक | ६ | |
| ८ | गाउँ घर क्लिनिक शाखा सडक | ६ | |
| ९ | कर्कले चोक-दुर्गा चोक सडक | ६ | |
| १० | गैरीगाउँ लिङ्करोड सडक | ६ | |
| ११ | चेग्रा सडक | ६ | |
| १२ | चुन्द्रबुङ शाखा सडक | ६ | |
| १३ | माङ्दवा-डाँडा टोल-फालेछुवा टोल-फाक्सिव सडक | १० | |
| १४ | सिंसोरो-फाक्सिव शाखा सडक | ६ | |
| १५ | लिङ्क रोड | ६ | |
| १६ | चुम्लुङ चोकदेखि लुङ्माहिम सडक | ६ | |
| १७ | सालघारी देवीथान शाखा सडक | ६ | |
| **वडा नं. ३** | | | |
| १ | डाँडाबजार-याक्चना सडक | १० | |
| २ | तमोर करिडोर सडक | ३० | |
| ३ | मध्य चौबिसे सडक | १० | |
| ४ | मादेन-साप्तेन-डुम्रे सडक | ६ | |
| ५ | मादेन-फोक्तेन-रामगुवा सडक | ६ | |
| ६ | सल्लेनी-रामगुवा सडक | ६ | |
| ७ | साप्तेन-तोरी खेत सडक | ६ | |
| ८ | डुम्रे-फुस्रे डाँडा सडक | ६ | |
| ९ | बेसीटोल-पङ्खेला सडक | ६ | |
| १० | बेसीटोल-रामगुवा सडक | ६ | |
| ११ | पिङ्डाँडा सार्की चौतारा सडक | ६ | |
| १२ | खुवाबुङ बेसीटोल सडक | ६ | |
| १३ | खुवाफोक-इनामे सडक | ६ | |

| | | | |
|---|---|---|---|
| १४ | कुसेटार-माझीगाउँ झो.पु. सडक | ६ | |
| १५ | वेगना-इनामे सडक | ६ | |
| **वडा नं. ४** | | | |
| १ | लाबरबोटे-बुढीमोरङ-फाक्सिव-डाँडाबजार सडक | १० | |
| २ | सिम्सुवा-रातमाते-४ नं. वडा कार्यालय-फाक्सिव चोक | ८ | |
| ३ | ४ नं. वडा कार्यालय-कुवापानी-बुढीमोरङ सडक | ८ | |
| ४ | ४ नं. वडा कार्यालय-याक्सेरुङ-डाँडाबजार सडक | ८ | |
| ५ | डाँडागाउँ-वनपाला-सम्मेवा-धर्नासे-वेगना सडक | ८ | |
| ६ | तगारे-सम्मेवा-धर्नासे-वेगना सडक | ८ | |
| ७ | सिम्सुवा-लेउतीटार-ज्यामिरे सडक | ६ | |
| ८ | सिम्सुवा-लेउतीटार-हाब्रेबा-ओयाम सडक | ८ | |
| ९ | देउराली-कुवापानी-डाँडागाउँ सडक | ६ | |
| १० | सिम्सुवा-तिनतले-खोरखोले (चौबिसे लोकमार्ग) | ११ | |
| ११ | ४ नं. वडा कार्यालय-चुकथला-हात्तिढुङ्गे-हात्तिखावा सडक | ६ | |
| १२ | सिदिबुङ-लेउतीटार सडक | ६ | |
| १३ | खरवानी-सिदिबुङ-होब्रे खोला सडक | ६ | |
| १४ | वसाप्ला-सिम्सोरो सडक | ६ | |
| १५ | जाल्पादेवी-कुवापानी-तम्फुवा सडक | ६ | |
| १६ | रातमाते-तम्फुवा सडक | ६ | |
| १७ | वडा कार्यालय-आहाल डाँडा लिङ्क रोड | ६ | |
| १८ | होब्रेबा-ज्यामिरे सडक | ६ | |
| १९ | चिलाउने बोटे-ओयाम-रातमाते सडक | ६ | |
| २० | तीनतले-खोरखोले झरना सडक | ६ | |
| २१ | देवीथान-बस्नेत गाउँ-देउराली सडक | ६ | |
| **वडा नं. ५** | | | |
| १ | भेडेटार-रबि-राँके सडक (ओखे टुक्रे सडक) | ३० | |
| २ | डाँडाबजार-बस स्टेसन-प्रा.स्वा. केन्द्र सडक | ८ | |
| ३ | डाँडाबजार-याक्सेरुङ सडक | १० | |
| ४ | माने डाँडा-बेगना सडक | ८ | |
| ५ | लामी डाँडा सडक | ८ | |
| ६ | डाँडाबजार-तुङ्खा सडक (खण्ड क) | ८ | |
| ७ | डाँडाबजार-तुङ्खा सडक (खण्ड ख) | ८ | |
| ८ | माझ गाउँ-भदौरे-कफी बगान सडक | ८ | |
| ९ | माझ गाउँ-लाले टोल-खोला पैदलमार्ग | ८ | |
| १० | राम प्रा.वि.-तल्लो तुङ्खा खेलमैदान-लाले टोल-जमुने बतासे-कटहरे-रामगुवा खोला | ८ | |
| ११ | लुम्फाजुङ-आरुबोटे सडक | ८ | |
| १२ | ओडारे-पहिरे सडक | ६ | |
| १३ | आरावाल-ओडारे सडक | ८ | |
| १४ | भद्राक्षे-ध्वजे सडक | ८ | |
| १५ | लुम्फाजुङ-ध्वजे सडक | ८ | |

| | | | |
|---|---|---|---|
| १६ | माने डाँडा-निगाले-मोहनचोक सडक | ८ | |
| १७ | ओख्रे-पुलामी टोल-गैरीबारी सडक | ६ | |
| १८ | डाँडाबजार-लाप्चेटार-टुक्रे सडक | ८ | |
| १९ | लाप्चेटार-विजयपुरटार सडक | ६ | |
| २० | साउने खोल्सी-खेलमैदान सडक | ६ | |
| २१ | लाप्चेटार-डाँडाघर-वालुवाटार सडक | ७ | |
| २२ | डाँडाबजार-भानु मा.वि.-तामाङ टोल सडक | ६ | |
| २३ | डाँडाबजार-माने डाँडा खेलमैदान सडक | ६ | |
| २४ | भानु मा.वि.-प्रहरी चौकी सडक | ६ | |
| २५ | महाराङ-हल्दारचोक लिङ्क रोड | ७ | |
| २६ | बेगना-ईनामे सडक | ७ | |
| २७ | बेगना-श्रीमाने हिटी सडक | ७ | |
| २८ | कैलाश डाँडा सडक | ७ | |
| २९ | पैरे-गैरीबारी शाखा सडक | ७ | |
| ३० | ओख्रे खेलमैदान सडक | ७ | |
| ३१ | ओख्रे भ्यू टावर सडक | ८ | |
| ३२ | ओख्रे बजार सायरेनी चर्च सडक | १० | |
| ३३ | जनजाति पार्क-माने डाँडा-डाँडाबजार बस स्टप सडक | ६ | |
| **वडा नं. ६** | | | |
| १ | भेडेटार-राँके सडक | ३० | |
| २ | कम्पनी डाँडा-मुक्तेन-सिम्सुवा सडक | ६ | |
| ३ | कन्यापोखरी-सिम्सुवा सडक | ६ | |
| ४ | नाम्जे-भ्यू टावर सडक | ६ | |
| ५ | हेलिप्याड सडक | ६ | |
| ६ | भेडेटार भित्री सडक | ६ | |
| ७ | जीपलाइन सडक | ६ | |
| ८ | एक्लेटार सडक | ६ | |
| ९ | गुर्दुम-डोडने सडक | ६ | |
| १० | पञ्चकन्या सडक | ६ | |
| ११ | नाम्जे-जनजाति सडक | ६ | |
| १२ | पटपटे सडक | ६ | |
| १३ | कोल्बोटे-गौरीटोल सडक | ६ | |
| १४ | लभ डाँडा-थुम्की सडक | ६ | |
| १५ | थुम्की-जिमी गाउँ-सिम्सुवा सडक (खण्ड ख) | ६ | |
| १६ | मालबासे सडक | ६ | |
| १७ | कार्कीछाप-शुभप्रभात स्कुल सडक | ६ | |
| १८ | साँगुरीगढी सडक | ६ | |
| १९ | ग्याग्मी सडक | ६ | |
| २० | कोल्बोटे-धारापानी रिङरोड | ६ | |
| २१ | आम्चोक सडक | ६ | |
| २२ | राना सडक | ६ | |

| | | | |
|---|---|---|---|
| २३ | नमस्ते झरना सडक | ६ | |
| २४ | थुम्की-जिमी गाउँ सडक | ६ | |
| २५ | धरान-धनकुटा सडक | ५० | |
| २६ | धारापानी-गैरेटोल सडक | ६ | |
| २७ | कार्कीछाप सडक | ६ | |
| २८ | धारापानी-घण्टे सडक | ६ | |
| २९ | घण्टे ग्रामीण सडक | ६ | |
| ३० | कोल्बोटे-जिमी गाउँ सडक | ६ | |
| ३१ | भेडेटार-साँगुरीगढी-महाभारत हुँदै आहाले सडक | १५ | |
| ३२ | ओलाङ्टार-डोडेनी सडक | ६ | |
| ३३ | थुम्की भित्री सडक | ६ | |
| ३४ | मुखिया सडक | ६ | |
| ३५ | भेडेटार-रबि-राँके सडक | ११ | |
| ३६ | नाम्जे-गैरीगाउँ सडक | ६ | |
| ३७ | कार्कीछाप-पाथिभरा सडक | ६ | |
| **वडा नं. ७** | | | |
| १ | महाभारत-भेडेटार सडक | १५ | |
| २ | जनजाति सडक | ६ | |
| ३ | धरान-धनकुटा सडक | ५० | |
| ४ | कोशी कोरिडोर सडक | ३० | |
| ५ | देउराली-खाङ्गाली सडक | ६ | |
| ६ | रामगुवा टोल सडक | ६ | |
| ७ | लेक्सीराङ-धुलाराङ सडक | ६ | |
| ८ | डाँडाटोल-लेवाला सडक | ६ | |
| ९ | निर्मल चोक-दहटोल-रनभने सडक | ६ | |
| १० | वडा कार्यालय-डडुवा सडक | ६ | |
| ११ | वैका भञ्ज्याङ-आसकोट भञ्ज्याङ सडक | ६ | |
| १२ | वैका भञ्ज्याङ-खाक्सिराङ सडक | ६ | |
| १३ | सिस्ने फेदी-केराबारी सडक | ६ | |
| १४ | काबेली-खाम्चे सडक | ६ | |
| १५ | दोभान सडक | ६ | |
| १६ | चेकपोष्ट-वैदैद- टेकुटार सडक | ६ | |
| १७ | साँगुरीगढी-भञ्ज्याङ-रनफने डाँडा जाने सडक | ६ | |
| १८ | गर्जुवा-आस्कोट-हाङसिङ चोक-वडा कार्यालय हुँदै गोलखाडी जाने सडक | ६ | |
| १९ | धारापानी-घण्टे सडक | ६ | |
| २० | धारापानी-गैरीटोल सडक | ६ | |
| **वडा नं. ८** | | | |
| १ | कोशी तमोर कोरिडोर सडक | ३० | |
| २ | भेडेटार-महाभारत-आहाले सडक | १५ | |
| ३ | कोलबोटे-महाभारत सडक | ६ | |

| | | | |
|---|---|---|---|
| ४ | संगीता चोक-तुङ्खा सडक | ६ | |
| ५ | तुङ्खा-विष्णुपादुका सडक | ६ | |
| ६ | ढुङ्गे-वडा कार्यालय सडक | ६ | |
| ७ | वडा कार्यालय-पुछार टोल सडक | ६ | |
| ८ | डुम्रे- सिस्ने फेदी सडक | ६ | |
| ९ | भञ्ज्याङ-सेम्बोपा सडक | ६ | |
| १० | भञ्ज्याङ-पोकला-खुँडी सडक | ६ | |
| ११ | झलहारा-खुँडी सडक | ६ | |
| १२ | पोकला-बरबोटे-स्वास्थ्य चौकी सडक | ६ | |
| १३ | पोकला-हर्दिया-सिरवानी सडक | ६ | |
| १४ | खुँडी-डाँडाटोल सडक | ६ | |
| १५ | बेसराङ-खुँडी सडक | ६ | |
| १६ | तातोपानी रिङरोड सकड | ६ | |
| १७ | ढुङ्गे-माथिल्लो टोल सडक | ६ | |
| १८ | तातोपानी-थापाटोल सडक | ६ | |
| १९ | चाँदी बजार-खुँडी-तातोपानी सडक | १५ | |
| **वडा नं. ९** | | | |
| १ | भेडेटार-आहाले-महाभारत सडक | १५ | |
| २ | चाँदीबजार-खुँडी-तातोपानी सडक | १५ | |
| ३ | चाँदिबजार-हर्दिया-दिलुङटार सडक | १५ | |
| ४ | आहाले-मेलाचौरी-बेसराङ-रिङबुङ टोल सडक | ७ | |
| ५ | मेलाचौरी-बान्थे सडक | ६ | |
| ६ | बिसौने-बेलबोटे सडक | ६ | |
| ७ | हर्दिया-सालुम-तामराङ सडक (सिमल) | ६ | |
| ८ | आहाल डाँडा-सालुम सडक खण्ड | ६ | |
| ९ | चाँदीबजार-खिम्दाङ सडक | ६ | |
| १० | हर्दिया-तेन्चपा टोल सडक | ६ | |
| ११ | सोयोङ टोल सडक | ६ | |
| १२ | दिलुङ्टार-सानो सफाइ-काबेली सडक | ६ | |
| १३ | रिङबुङ-तित्रीबोटे सडक | ६ | |
| १४ | बेसराङ-मलेनीबोटे सडक | ६ | |
| १५ | पिपलबोट-बान्थे-काबेली सडक | ६ | |
| १६ | बेसराङ-खुँडी सडक | ६ | |
| १७ | राई टोल शाखा सडक | ६ | |
| १८ | बाछानाटोल सडक | ६ | |
| १९ | आहाले शाखा सडक | ६ | |
| २० | डाँडा-चाक्चा-लेखा टोल सडक | ६ | |
| २१ | आहाल डाँडा-बडुवा डाँडा सडक | ६ | |
| **वडा नं. १०** | | | |
| १३९ | तमोर करिडोर सडक | ३० | |
| १४० | भेडेटार-महाभारत-आहाले सडक | १५ | |

| | | | |
|---|---|---|---|
| १४१ | सहदेव-धारापानी-खलला-भारताङ सडक | ६ | |
| १४२ | चोक्चिराङ-ताम्राङ-वालिङखोक-ताङ्केरा सडक | ६ | |
| १४३ | ताङ्केरा-घंघरी सडक | ६ | |
| १४४ | ताङ्केरा-साङ्कामा सडक | ६ | |
| १४५ | सुभारा टोल-त्रिवेणी सडक | ६ | |
| १४६ | खलेला-भारताङ-तोरिखा-बेलाराङ सडक | ६ | |
| १४७ | भारताङ-बेलराङ सडक | ६ | |
| १४८ | वर भञ्ज्याङ -वालिङ्खोक सडक | ६ | |
| १४९ | वर भञ्ज्याङ -अलैंचीबारी-तमोर सडक | ६ | |
| १५० | धारापानी शाखा सडक | ६ | |

गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न खोला नालाहरुमा पक्की, झोलुङ्गे तथा काठेपुलहरु निर्माण गरिएको छ जसले गाउँपालिकाका विभिन्न स्थानहरुलाई जोडेका छन् । पूर्वाधारको हकमा यस क्षेत्र भित्र सडक सञ्जालको परिमाण राम्रै भएपनि तिनको गुणस्तर वृद्धि गर्नुपर्ने देखिन्छ । कोशी राजमार्ग पक्की रहेको छ भने अन्य मुख्य सडकहरु ग्राभेल तथा प्राय सडकहरु ग्रामीण धुले रहेका छन् । वस्ती बीचको यातायात अटो तथा निजी मोटरसाइकलमा निर्भर छन् भने काठमाडौं लगायत अन्य अन्य ठाउँहरु तथा शहरहरु सम्मको सम्पर्क बस, जीप तथा फोर्स गाडी सञ्चालनमा रहेको छ । तथापि यस गाउँपालिका क्षेत्रभित्र व्यवस्थित बस बिसौनी तथा अटो स्टेण्डको व्यवस्था भएको देखिंदैन ।




*नक्सा ६ : साँगुरीगढी गाउँपालिकाको वर्तमान सडक सञ्जाल नक्सा*

### ढल सञ्जाल तथा नाली

साँगुरीगढी गाउँपालिकामा ढल सञ्जालको अवस्था सन्तोषजनक रहेको देखिंदैन। कोशी लोकमार्गमा सतह ढल तथा फोहरपानी बग्ने ढल निर्माण गरिएको छ । त्यसै गरी तमोर कोरिडोर र भेडेटार-रबि-राँके सडकका बजार क्षेत्रमा वर्षातको पानी बग्ने नालीको व्यवस्था छ भने फोहरपानी प्रशोधन केन्द्र सहितको फोहरपानी बग्ने ढल सञ्जाल निर्माण गर्न बाँकी रहेको छ । अन्य सडकहरुमा ढल खोल्सीमा मिसाउने वा प्राकृतिक रुपले बगाउने गरिएको छ। गाउँपालिकाको रणनीतिक सडक तथा भेडेटार, नाम्जे, डाँडाबजार, आहाले, फाक्सिव, महाभारत, खुवाफोक लगायतका वस्तीहरुमा वर्षे पानी तथा फोहरपानी बग्ने ढल निकासको लागि विष्तृत ढल सञ्जाल निर्माण गर्न आवश्यक रहेको छ।



*फोटो १० : कोशी राजमार्ग (भेडेटार) क्षेत्रमा नालीको व्यवस्था*

## २.४.३ विद्युत तथा वैकल्पिक उर्जा

### २.४.३.१ विद्युत

साँगुरीगढी गाउँपालिकामा खाना पकाउनको लागि ८०.४६ प्रतिशत घरधुरीले परम्परागत काठ/दाउरा, १८.८४ प्रतिशत घरले पेट्रोलियम ग्यास र ०.५४ प्रतिशतले वायो ग्यास प्रयोग गरेको देखिन्छ । गाउँपालिकामा केवल ०.१६ प्रतिशत घरपरिवारले मात्र खाना पकाउन विजुलीको प्रयोग गरिएको छ।

*तालिका १४: घरधुरी अनुसार खाना पकाउने ईन्धनको स्रोत*

| **खाना पकाउन ईन्धनको स्रोत** | **घरधुरी** | **प्रतिशत** |
|---|---|---|
| काठ/दाउरा | ४,०२७ | ८०.४६ |
| पेट्रोलियम ग्यास | ९४३ | १८.८४ |
| वायो ग्यास | २७ | ०.५४ |
| विजुली | ८ | ०.१६ |
| **जम्मा** | **५,००५** | **१००.००** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

साँगुरीगढी गाउँपालिकाका ९६.७४ प्रतिशत घरमा बत्ती बाल्न विजुलीको प्रयोग भएको देखिन्छ भने २.०० प्रतिशत घरधुरीले सोलार, १.०८ प्रतिशत घरधुरीले मट्टितेल र ०.१८ प्रतिशत घरधुरीले बत्ती बाल्नको लागि अन्य श्रोत प्रयोग गर्ने गरेको छ। यस गाउँपालिकामा केन्द्रिय प्रसारण लाईनबाट सुनसरीको दुहबी सव-स्टेशनबाट विद्युत लाईन विस्तार गरिएको छ।

*तालिका १५ : बत्ती बाल्नको लागि प्रयोग हुने ईन्धनको स्रोत*

| **बत्ती बाल्न ईन्धनको स्रोत** | **घरधुरी** | **प्रतिशत** |
|---|---|---|
| विजुली | ४,८४२ | ९६.७४ |

| | | |
|---|---|---|
| सोलार | १०० | २.०० |
| मट्टितेल | ५४ | १.०८ |
| अन्य | ९ | ०.१८ |
| **जम्मा** | **५,००५** | **१००.००** |
| *स्रोतः राष्ट्रिय जनगणना, २०७८* | | |

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

साँगुरीगढी गाउँपालिकामा सञ्चार माध्यमको लागि रेडियो प्रयोग गर्ने परिवार ७५.६० प्रतिशत रहेको छ भने मोबाईल फोन (साधारण) र मोबाईल फोन (स्मार्ट) प्रयोग गर्ने क्रमश: ८१.०० प्रतिशत र ७८.२२ प्रतिशत रहेको छ । त्यसै गरी ईन्टरनेटको पहुँच ६४.४० प्रतिशत र ४९.२९ प्रतिशत घरधुरीहरुमा टेलिभिजन सुविधा रहेको छ । यसका साथै गाउँपालिका क्षेत्रमा अन्य सञ्चार सुविधाहरु जस्तै कम्प्युटर/ल्यापटप (४.६६ प्रतिशत), टेलिफोन (१.५४ प्रतिशत), मोटरसाईकल/स्कुटर (११.४३ प्रतिशत), साईकल (२.९६ प्रतिशत), कार/जीप/भ्यान (१.६२ प्रतिशत), ईलेक्ट्रिक फ्यान (६.८७ प्रतिशत), रेफ्रिजेरेटर (५.०५ प्रतिशत), वासिङ मेसिन (०.१८ प्रतिशत) र एयर कन्डिसनर (०.२६ प्रतिशत) आदि प्रयोग गर्ने गरेका छन् । त्यसैगरी साँगुरीगढी गाउँपालिकामा १ वटा ईलाका हुलाक र ७ वटा अतिरिक्त हुलाक रहेको छ।




*फोटो ११ : डाँडाबजार क्षेत्रमा अवस्थित नेपाल टेलिकमको एक्सचेन्ज काउन्टर*

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

साँगुरीगढी गाउँपालिकाको भू-उपयोग अनुसार वन तथा वनस्पति क्षेत्रले ५,७५९.१३१ हेक्टर क्षेत्रफल ओगटेको छ जुन गाउँपालिकाको कुल क्षेत्रफलको ३४.२४४ प्रतिशत हुन आउँछ। गाउँपालिकामा भेडेटार रेन्जपोष्ट अन्तरगत साविक आहाले, भेडेटार, बुढीमोरङ, महाभारत र फाक्सिव गा.वि.स. गरी ५५ वटा सामुदायिक वन रहेको छ भने राजारानी रेन्जपोष्टमा ५० वटा सामुदायिक वन मध्ये डाँडाबजार र खुवाफोक क्षेत्रका सामुदायिक वन समावेश गरिएको छ। यी सामुदायिक र कवुलियती वनहरुमा विभिन्न प्रकारका जडिबुटीहरु उत्पादन भई सङ्कलन र निकासी भईरहेको छ।

साँगुरीगढी गाउँपालिकामा समग्र जीवजन्तुको र वनस्पतिको कुल अध्ययन गरिएको पाइदैंन । यस गाउँपालिकामा पाइने केही जनावर र पन्छी तथा वनस्पतिहरु मध्य पहाडी क्षेत्रमा पाईने वन तथा जैविक विविधता यस क्षेत्रमा विद्यमान रहेको देखिन्छ। रातो मृग, दुम्सी, बँदेल, चित्तल, चितुवा, बाँदर, लंगुर, मलसांप्रो आदि जनावरहरु, कालिज, लुइँचे, बकुल्ला, मैना, ढुकुर, नीलकण्ठ, कोइली, कुक्कु, आदि चराहरु पाईन्छ। त्यसै गरी साल, खयर, सतिसाल, चिलाउने, सल्ला, उत्तिस, चाँप, कटुस, खस्रु, टाँकी, बडहर,

कुट्मिरो, दूधिलो, कोइरालो, चिउरी, चुत्रो, लोक्ता, घगाँरु, गुराँस, पात्ले, कटुस, आदि लगायतका वनस्पति पाईन्छ । वन क्षेत्रको व्यवस्थापन वैज्ञानिक ढंगले गर्न सकेमा यस क्षेत्रको दीगो विकास हुने विश्वास गर्न सकिन्छ ।

### २.५.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

साँगुरीगढी गाउँपालिका क्षेत्रभित्र भू-संरक्षण, जलाधार व्यवस्थापन, पहिरो तथा भू-क्षय नियन्त्रणलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद् व्यवस्थापन कोषको गठन गर्ने नीति लिएको छ । यस गाउँपालिका क्षेत्रभित्र बाह्रै महिना बहने तमोर, रामगुवा, मिदुवा, कमुवा, लुद्रेनी, फेसुवा खोला लगायत रहेका छन् । यी खोलाहरु सिंचाई, खानेपानी र जलविद्युत लगायतका प्रयोजनका लागि जलश्रोतको उपयोग हुने गरेको देखिन्छ । सिम्ले जलाधार क्षेत्र, तम्फुवा जलाधार क्षेत्र, तीनघारे जलाधार क्षेत्र तथा फेसुवा, सिदुवा र लेमलेम्मा खोला अन्तर्गतको जलाधार क्षेत्र संरक्षण गर्न सकिन्छ ।

पहिरो र भू-क्षय पहिरो यहाँका प्रमुख विपद्हरु भएतापनि यस्ता विपद्हरुबाट विगतका वर्षहरुमा गाउँपालिकामा ठूलो क्षति भएको छैन । गाउँपालिकाले पहिरो तथा भू-क्षय नियन्त्रणको लागि सडक लगायत विकास निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गर्न आवश्यक छ । साथै पहिरो तथा भू-क्षय नियन्त्रणको लागि स्थानीय परम्परागत प्रविधिको प्रयोगलाई समेत जोड दिन जरुरी देखिन्छ । भू-संरक्षणको लागि वृक्षारोपण, ग्याबियन वाल निर्माण तथा वायो ईन्जिनियरिङ गर्न सकिन्छ । मौजुदा सामुदायिक वनहरुमा अलैंची, अम्लिसो, चिउरी लगायत खेती गर्नुका साथै व्यवसायिक खेती र जडिबुटी खेती गर्न सकिन्छ । भौतिक निर्माण कार्य गर्दा जलाधार क्षेत्रलाई ध्यान राखी विज्ञको सल्लाह अनुसार कार्य गर्नुपर्ने देखिन्छ ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन

स्थानीयवासीको दैनिक जनजीवन र वातावरणलाई व्यवस्थित, स्वच्छ र सुन्दर बनाउन फोहोरमैला व्यवस्थापन तथा ढल निकासको मुख्य भूमिका रहने गर्दछ । फोहोरलाई स्रोतमा नै न्यूनीकरण, पुनःप्रयोग, प्रशोधन वा विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापनतर्फ पहल गर्न जरुरी छ । हाल गाउँपालिकाबाट साँगुरीगढी बजार क्षेत्रको फोहोरमैला वडा नं. ६ पाथिभरा मन्दिरको तल्लो बेल्टमा डम्पिङ गर्ने गरिएको छ । स्थानीय घरधुरी र सानातिना बजारहरुबाट उत्सर्गन हुने फोहोरहरु जलाउने र गाड्ने गरिएको छ ।

वातावरण व्यसव्थापन तथा जलवायु परिवर्तन अनुकुलनको सन्दर्भमा गाउँपालिकामा उल्लेख्य काम हुन बाँकी रहेको छ । वन जङ्गल संरक्षणको लागि सामुदायिक वनको अवधारणामा स्थानीय समूहहरु सक्रिय रहेको देखिएतापनि जलवायु परिवर्तन र यसले पारेको असरको बारेमा स्थानीयहरु जागरुक देखिंदैन । अनौपचारिक कुराकानीको आधारमा जलवायु परिवर्तनको असर देखिन थालेको कुरा उनीहरु बताउँदछन् । जलवायु परिवर्तनले कृषि, पर्यटन, मौसम आदिमा असर परिरहेको भएतापनि त्यसको खासै लेखाजोखा भएको पाइदैन । तर गाउँपालिकाले आगामी दिनमा जलवायु परिवर्तन र यसले पारेको असर सम्बन्धमा अध्ययन गरी कृषि तथा पर्टयकीय दिगोपनाको कार्ययोजना बनाउनु पर्ने देखिन्छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

गाउँपालिकाको विपद्हरुमा पहिरो, भू-क्षय, नदी कटान, बाढी, हावाहुरी, चट्याङ, आगलागी, आदि रहेका छन् । तयसैगरी जलवायु परिवर्तनको जल्दोबल्दो समस्या र यसले पार्ने असर पनि गाउँपालिका भित्र विद्यमान छन् । गाउँपालिकाले विपद् व्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद् व्यवस्थापन कोषको गठन गर्ने नीति लिएको छ । त्यसैगरी विपद् व्यवस्थापन योजनाले जलवायू अनुकूलन र प्रकोप जोखिम न्यूनीकरण, जोखिम सम्वेदनशील भूमि उपयोग योजना तयार गर्ने र कार्यान्वयन गर्ने, एकीकृत जलाधार व्यवस्थापन र कार्यान्वयन र जलस्रोत संरक्षण गर्न जरुरी छ । गाउँपालिकाले विपद् न्यूनीकरणको लागि सडक लगायत विकास निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरेको छ । वन जङ्गलको संरक्षणको लागि सामुदायिक वन उपभोक्ता मार्फत सचेनतामुलक कार्यक्रम गर्ने, सबै वडामा प्राकृतिक प्रकोप जनचेतना कार्यक्रम सञ्चालन गर्ने तथा विपद् न्यूनीकरण र व्यवस्थापनक लागि नेपाल रेडक्रस लगायत अन्य सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गर्ने नीति आवश्यक छ । साँगुरीगढी गाउँपालिकाको गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ समेत निर्माण गरिएको छ ।




*नक्सा ७ : साँगुरीगढी गाउँपालिकाको वातावरण संवेदनशिल नक्सा*

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रदेश कानुनले स्थानीय तहको कानुन निर्माण प्रक्रियालाई व्यवस्थित गरेको छ । यस गाउँपालिकामा कानुन निर्माणका लागि गाउँ सभा तथा कार्यपालिका ज्यादै सक्रिय देखिएको हुँदा कानुन निर्माण उच्च प्राथमिकतामा परेको छ । साँगुरीगढी गाउँपालिकाले सुशासन तथा संस्थागत व्यवस्थापनको लागि आवश्यक नीति, ऐन, कार्यविधि, निर्देशिकाहरु तर्जुमा गर्दै कार्यान्वयन गरिरहेको छ । गाउँपालिकाको वेभसाईटमा गाउँपालिकामार्फत तर्जुमा गरिएका तपशिल नीति, ऐन, कार्यविधि, निर्देशिकाहरु अपलोड गरिएको छ ।

- आर्थिक ऐन, २०७९
- साँगुरीगढी गाउँपालिकाबाट आ.व. २०७९-८० को  वार्षिक योजना तर्जुमाका लागि विषयगत शाखा तथा वडा कार्यालयहरुलाई उपलब्ध गराईएको मार्गदर्शन, २०७९
- साँगुरीगढी गाउँपालिकाको विनियोजन विधेयक, २०७८
- साँगुरीगढी गाउँपालिकाको आ.व. २०७८-७९ को नीति तथा कार्यक्रम
- साँगुरीगढी गाउँपालिकाको स्थानीय संघ संस्था दर्ता तथा नवीकरण ऐन, २०७६
- साँगुरीगढी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६
- साँगुरीगढी गाउँपालिकाको शिक्षा ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन, २०७६
- साँगुरीगढी गाउँपालिकाको जलश्रोत ऐन, २०७६
- साँगुरीगढी गाउँपालिकाको गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६
- साँगुरीगढी गाउँपालिकाको खेलकुद विकास ऐन, २०७६
- साँगुरीगढी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७६
- साँगुरीगढी गाउँपालिकाको विनियोजन ऐन, २०७७
- साँगुरीगढी गाउँपालिकाको आर्थिक ऐन, २०७७
- शिक्षा ऐन, २०७६
- अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७६
- विनियोजन ऐन, २०७६
- आर्थिक ऐन, २०७६
- विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५
- स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी नमूना कार्यविधि, २०७५
- स्थानीय तह सहकारी ऐन, २०७५
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५
- साँगुरीगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमन गर्ने ऐन, २०७५
- साँगुरीगढी गाउँपालिका कार्यालयमा कार्यालय सहयोगी करार सेवामा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७५
- न्यायिक समितिले उजुरीको कारवाही किनार गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

- साँगुरीगढी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५
- आर्थिक ऐन, २०७५
- विनियोजन ऐन, २०७५
- वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२
- पदाधिकारी आचार संहिता, २०७४
- गाउँ कार्यपालिका निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण नियमावली, २०७४
- गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४
- गाउँ कार्यपालिका कार्य सम्पादन नियमावली, २०७४
- गाउँ कार्यपालिका बैठक सञ्चालन कार्यविधि, २०७४

साँगुरीगढी गाउँपालिकाले हालसम्म निर्माण गरेका नियमाबाली, ऐन तथा नियमहरु गाउँपालिकाले अभ्यास गरिरहेको भएतापनि आवश्यक थप अन्य नियम, नियमावली र ऐनहरु समेत बनाई गाउँपालिकाले सुसासनको लागि थप कार्य गर्दै जानुपर्दछ ।

### २.६.२ संगठनात्मक विकास

नेपालको संविधान बमोजिम स्थानीय तहहरु निर्माण भएपछि उक्त निकायहरुबाट सेवा प्रवाह जनस्तरसम्म चुस्त, सहजता र प्रभावकारी रुपमा पुऱ्याउन जनशक्ति व्यवस्थापनका लागि कर्मचारी समायोजन ऐन २०७४ बमोजिम राज्यबाट जारी विभिन्न ऐन कानुनको परिधि भित्र रही स्थायी रुपमा सेवा प्रवेश गरेका निजामती सेवा र स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन गर्ने प्रयोजनार्थ प्राप्त मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त संगठन संरचनाका आधारमा समायोजन भएका कर्मचारीहरु र विभिन्न सेवाहरु सञ्चालनार्थ गाउँपालिका आफैले करार सेवामा व्यवस्थापन गरेका कर्मचारीहरु यस गाउँपालिकाको जनशक्तिको रुपमा रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ११ दफा ८३ मा कर्मचारीहरु समायोजन पश्चात स्थानीय तहहरुले आफ्नो कार्यवोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको प्रशासकीय प्रमुखको रुपमा प्रमुख प्रशासकीय अधिकृत रहने, प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति कानूनले तोके बमोजिम हुने र कानुनले नियुक्ति नभएसम्मका लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा व्यवस्था गरिएको छ । यसको अतिरिक्त अन्य कर्मचारीहरु तहगत प्रणालीमा रहने व्यवस्था गरिएको छ । गाउँपालिकामा पर्याप्त मात्रामा प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको अभाव नै रहेको छ । गाउँपालिकामा विभिन्न शाखा तथा विभिन्न पदमा कार्यरत कुल १३५ जना कर्मचारीहरु छन्, जस मध्ये ३१ जना (२१ जना पालिका र १० जना स्वास्थ्य) करारमा कार्यरत छन् । गाउँपालिकाको स्रोत अनुसार हाल कार्यरत जनशक्तिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| *तालिका १६ : गाउँपालिकामा हाल कार्यरत जनशक्तिको विवरण* | | | |
|---|---|---|---|
| **सि.नं.** | **पद** | **सङ्ख्या** | **कैफियत** |
| **कार्यपालिकामा कार्यरत जनशक्ति** | | | |
| **सङ्घीय निजामति कर्मचारी (७ जना)** | | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | |
| २ | लेखा अधिकृत | १ | |
| ३ | अधिकृत छैठौं | १ | |
| ४ | सहायक पाँचौ | १ | |
| ५ | ना.प्र.स. | १ | |
| ६ | खा.पा.स.टे. | १ | |
| ७ | सहायक चौथो | १ | |
| **लोक सेवा आयोगबाट सिफारिस भएका स्थानीय सेवा कर्मचारी (१४ जना)** | | | |
| ८ | अधिकृत सातौं | २ | |
| ९ | लेखापाल | १ | |
| १० | आ.ले.प. पाँचौ | १ | |
| ११ | प्रा.स. पाँचौ | १ | |
| १२ | कम्प्यूटर अपरेटर पाँचौ | १ | |
| १३ | सहायक चौथो | ६ | |
| १४ | ईन्जिनियर चौथो | २ | |
| **जि.वि.स.बाट समायोजन भएका कर्मचारी (४ जना)** | | | |
| १५ | अधिकृत छैठौं | १ | |
| १६ | स.ई. पाँचौ | १ | |
| १७ | का.स. प्रथम | १ | |
| १८ | का.स. तृतिय | १ | |
| **घरेलु विकास समितिबाट समायोजन भएका कर्मचारी (२ जना)** | | | |
| १९ | अधिकृत सातौ | १ | |
| २० | का.स. | १ | |
| **अस्थायी कर्मचारी (३ जना)** | | | |
| २१ | का.स. | १ | |
| २२ | कार्यालय सहायक | २ | |
| **स्वास्थ्य तर्फ कार्यरत कर्मचारी (४४ जना)** | | | |
| २३ | अहेव छैठौं | २ | |
| २४ | अनमि पाँचौ | ८ | |
| २५ | अहेव पाँचौ | ३ | |
| २६ | अनमि चौथो | १ | |
| २७ | अहेव चौथो | ११ | |
| २८ | मेडिकल अधिकृत | १ | |
| २९ | सिनियर अनमि छैठौं | २ | |
| ३० | स्टाफ नर्स छैठौं | १ | |
| ३१ | अधिकृत छैठौं | २ | |
| ३२ | अनमि छैठौं | २ | |

| | | | |
|---|---|---|---|
| ३३ | का.स. | ११ | |
| **प्रधानमन्त्री रोजगार कार्यक्रम (३ जना)** | | | |
| ३३ | प्र.रो.का. संयोजक | १ | |
| ३४ | प्र.रो.का. प्रा.स. | १ | |
| ३५ | रोजगार सहायक | १ | |
| **राष्ट्रिय परिचल कार्यक्रम (३ जना)** | | | |
| ३६ | एम.आई.एस. अपरेटर | १ | |
| ३७ | फिल्ड सहायक | २ | |
| **करार सेवा स्वास्थ्य (१० जना)** | | | |
| ३८ | स्टाफ नर्स | १ | |
| ३९ | अहेव | ४ | |
| ४० | अनमि | ५ | |
| **मेड्पा कार्यक्रम (२ जना)** | | | |
| ४१ | इडिएफ | २ | |
| **कृषि तर्फ कार्यरत कर्मचारी (८ जना)** | | | |
| ४२ | अधिकृत छैठौं | १ | |
| ४३ | ना.प्रा.स. | ७ | |
| **पालिका थप कर्मचारी (९ जना)** | | | |
| ४४ | सामाजिक परिचालक | ८ | |
| ४५ | सूचना प्रविधि अधिकृत | १ | |
| **ल्याब तर्फ कार्यरत कर्मचारी (२ जना)** | | | |
| ४६ | ल्याब टेक्निसियन | २ | |
| **नगर प्रहरी (३ जना)** | | | |
| ४७ | प्रहरी हवल्दार | १ | |
| ४८ | प्रहरी जवान | २ | |
| **गाउँपालिका करार कर्मचारी (२१ जना)** | | | |
| ४८ | ईन्जिनियर | १ | |
| ४९ | सब-ईन्जिनियर | १ | |
| ५० | असिस्टेन्ट सब-ईन्जिनियर | १ | |
| ५१ | अमिन | १ | |
| ५२ | ट्याक्टर चालक | १ | |
| ५३ | हल्का सवारी चालक | २ | |
| ५४ | का.स. | १३ | |
| ५५ | कुचिकार | १ | |
| **कुल जम्मा** | | **१३५** | |
| *स्रोत: साँगुरीगढी गाउँ कार्यपालिका, २०७९* | | | |

साँगुरीगढी गाउँपालिकाको विद्यमान संगठनात्मक संरचना चार्ट तलको चित्रमा प्रस्तुत गरिएको छ ।




*चित्र २ : साँगुरीगढी गाउँपालिकाको संगठनात्मक संरचना*

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरी सिफारिस गरेको साँगुरीगढी गाउँपालिकाको कर्मचारी दरबन्दी तेरिज अनुसार कार्यपालिकामा ६ प्राविधिक तथा १३ अप्राविधिक र प्रत्येक वडा कार्यालयमा १ प्राविधिक तथा २ अप्राविधिक गरी कुल ३९ जना मात्र (नगर प्रहरी, वारुणयन्त्र, सवारी चालक, कार्यालय सहयोगी, चौकीदार, माली, कूचिकार, आदि बाहेक) बाट मात्र पालिकाको कार्यालय तथा मानव स्रोत सञ्चालन हुँदा गाउँपालिका आफैले पनि कार्यालय तथा कर्मचारी व्यवस्थापन गरी कुल १३५ जना कर्मचारी कार्यरत छन् । यो सङ्ख्या नेपाल सरकारले सिफारिस गरेको कर्मचारीको तुलनामा ९६ जना बढी हुन आउँछ । यसबाट पनि पालिकाको सम्पूर्ण कार्य व्यवस्थपन गर्न कठिनाई भएता पनि दैनिक तथा नियमित कार्य निरन्तर रुपमा सूचारु रहेको छ । जसले पालिकाको दीर्घकालीन सोचलाई पछयाउन सहयोगी भूमिका खेलेको छ ।

साँगुरीगढी गाउँपालिकाको केन्द्र वडा नं. ६, भेडेटार बजारमा रहेको छ । गाउँपालिकाको भवन तथा सम्पूर्ण वडा कार्यालयको आफ्नै कार्यालय भवन रहेको छ । पालिकाको सवारी साधनतर्फ २४ वटा मोटर साईकल, २ वटा स्कुटर, १ वटा जीप, १ वटा एम्बुलेन्स, १ वटा ट्रयाक्टर, आदि छन् । गाउँपालिकाको अन्य सम्पत्तिहरुमा ३२ वटा डेस्कटप कम्प्युटर, १७ वटा ल्यापटप, ६२ वटा प्रिन्टर, १ वटा स्क्यानर, १ वटा प्रोजेक्टर, २ वटा आईप्याड, ३८ वटा टेबल, १०५ वटा कुर्सी, १७ थान सोफा सेट, ४ वटा स्टील दराज, ४७ वटा रिभल्भिङ कुर्सी, ३१ वटा टि टेबल, २ वटा कम्प्यूटर टेबल र २३ वटा ऱ्याक लगायत सर्भे ईक्युपमेन्टहरु, पावर व्याकअप, साउण्ड सिस्टम, स्टेशनरी सामाग्रीहरु, विपद् व्यवस्थापन सामाग्रीहरु, स्वास्थ्य सामाग्री, आदि रहेका छन् । पालिकाले सूचनाको लागि सबै वडा कार्यालयहरुमा ईन्टरनेटको व्यवस्था गरेको छ । साँगुरीगढी गाउँपालिकामा भएका सम्पत्तिहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| *तालिका १७ : साँगुरीगढी गाउँपालिका कार्यालयमा रहेका भौतिक सम्पत्ति विवरण* | | | |
|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **सङ्ख्या** | **कैफियत** |
| १ | ट्याक्टर | १ | |
| २ | एम्बुलेन्स | १ | |
| ३ | मोटर साईकल | २४ | |
| ४ | स्कुटर | २ | |
| ५ | जीप | १ | |
| ६ | टेलिभिजन | ४ | |
| ७ | टेलिफोन | १० | |
| ८ | सिसिटिभि क्यामेरा | १४ | |
| ९ | सञ्चार मोबाईल बेस सेट | २ | |
| १० | एल.ई.डि. डिस्प्ले | १ | |
| ११ | एल्ट्राभोइलेट लाईट (ब्याट्री चार्जर सहित) | १ | |
| १२ | ह्वाईट बोर्ड | १ | |
| १३ | पञ्चिङ मेसिन | २ | |
| १४ | उजुरी पेटिका | १ | |
| १५ | सूचना पाटी | २ | |
| १६ | डेस्कटप कम्प्यूटर | ३२ | |
| १७ | ल्यापटप | १७ | |
| १८ | प्रिन्टर | ६२ | |
| १९ | स्क्यानर | १ | |
| २० | प्रोजेक्टर | १ | |
| २१ | आई प्याड | २ | |
| २२ | हिटर | २३ | |
| २३ | फ्रिज | १ | |
| २४ | इलेक्ट्रिक किटली | १ | |
| २५ | स्टेबिलाइजर | ४ | |
| २६ | सोलार सेट | १ | |
| २७ | मोबाईल | ११५ | |
| २८ | डाटा रेकर्डर | १९ | |
| २९ | माईक | १ | |
| ३० | माईक स्ट्याण्ड | १ | |
| ३१ | साउण्ड सिस्टम बक्स | १ | |
| ३२ | भ्याकुम ओभेन | १ | |
| ३३ | खानेपानी पाईप | ४११९५ | |
| ३४ | लेभलिङ स्टाफ | २ | |
| ३५ | क्यूब मोल्ड | ६ | |
| ३६ | फिल्ड डेन्सिटी टेस्ट | २ | |
| ३७ | डिजिटल डिस्ट्यान्स मिटर | १ | |
| ३८ | प्रेसर टेस्टिङ मेशिन | २ | |
| ३९ | येविनी लेभल | २ | |

| | | | |
|---|---|---|---|
| ४० | डिजिपिएस | २ | |
| ४१ | ट्रिपड | १ | |
| ४२ | सिभ एनालाइसिस | १ | |
| ४३ | प्न्युमाटिक इम्प्याक्ट रेन्च | १ | |
| ४४ | प्रोभ रड | ६ | |
| ४५ | टेबल | ३८ | |
| ४६ | कुर्सी | १०५ | |
| ४७ | सोफा सेट | १७ | |
| ४८ | स्टिल दराज | ४ | |
| ४९ | रिभल्भिङ कुर्सी | ४७ | |
| ५० | टि टेबल | ३१ | |
| ५१ | कम्प्यूटर टेबल | २ | |
| ५२ | र्‍याक | २३ | |
| ५३ | डाइनिङ टेबुल | १ | |
| ५४ | अध्ययन प्रतिवेदन | १ | |
| ५५ | डिपिआर प्रतिवेदन | २ | |
| ५६ | पूर्व सम्भाव्यता अध्ययन | १ | |
| ५७ | आई. ई.ई. रिपोर्ट | १ | |
| ५८ | टेलिफोन सेट | २ | |
| ५९ | सिंडी | १ | |
| ६० | कम्प्यूटर उपकरणहरुको केवल | ११ | |
| ६१ | टेलिफोन टार | १ | |
| ६२ | एन्टिभाइरस | १ | |
| ६३ | मल्टिप्लग | १५ | |
| ६४ | ल्यापटप ब्याट्री | १ | |
| ६५ | नेटवर्क एडाप्टर | १ | |
| ६६ | अफिस प्याकेज सफ्टवेयर | २२१ | |
| ६७ | हिटिङ सेक्सन | १३३ | |
| ६८ | रोलर सेट | १ | |
| ६९ | कुलिङ प्याड | २ | |
| ७० | कम्प्यूटर टुल ब्याग | ५ | |
| ७१ | ल्यापटप | २ | |
| ७२ | पञ्चिङ मेसिन | २३ | |
| ७३ | स्ट्याप्लर | १२६ | |
| ७४ | मेजरिङ टेप | १२ | |
| ७५ | पेनड्राइभ | २५ | |
| ७६ | फायर एस्टेङ्ग्युसर | ३० | |
| *स्रोत: साँगुरीगढी गाउँ कार्यपालिका, २०७९* | | | |

### २.६.३ स्रोत परिचालन

साँगुरीगढी गाउँपालिकाको आम्दानीको आन्तरिक स्रोतहरुमा कर राजस्व अन्तर्गत एकीकृत सम्पत्ति कर, भूमि कर/मालपोत, घरजग्गा रजिष्ट्रेशन दस्तुर, घर बहाल कर, बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर, बाँडफाँट भई प्राप्त हुने अन्त: शुल्क, बाँडफाँट भई प्राप्त हुने सवारी साधन कर, बाँडफाँट भई प्राप्त हुने विज्ञापन कर, व्यवसायले भुक्तानी गर्ने कर तथा गैर कर राजस्व अन्तर्गत बाँडफाँट भई प्राप्त हुने खानी तथा खनिज सम्बन्धी रोयल्टी, बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय, अन्य सेवा शुल्क तथा बिक्रीबाट प्राप्त रकम, पार्किङ शुल्क, नक्सा पास दस्तुर, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर, अन्य दस्तुर, प्रशासनिक दण्ड जरिवाना र जफत, अन्य राजस्व, आदि रहेका छन् । यसै गरी वाह्य स्रोतमा प्राप्त सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, समपुरक अनुदान, शसर्त अनुदान, विशेष अनुदान तथा तीन तहका सरकारबीच बाँडफाँट हुने राजस्व रहेका छन् ।

गाउँपालिकामा बाहृय अनुदान अन्तर्गत सरकारबाट प्राप्त हुने अनुदान आ.व. २०७७/७८ बाट २०७८/७९ मा थोरै बढेको छ भने चालु आ.व.मा निकै घटेको छ । त्यसै गरी प्रदेश सरकारबाट प्राप्त हुने अनुदान आ.व. २०७७/७८ बाट २०७८/७९ मा उत्साहजनक रुपमा बढे पनि चालु आ.व.मा निकै घटेको देखिन्छ । समग्र राष्ट्रको खस्कँदो अर्थतन्त्रको कारण बाहृय अनुदान घटेको छ । साँगुरीगढी गाउँपालिकालाई राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम बढ्दो क्रममा नै रहेको छ । विभिन्न कर तथा गैर करहरुबाट सङ्कलन हुने आन्तरिक आय पनि प्रत्येक आ.व.मा बढिरहेको देखिन्छ भने वित्तीय सम्पत्ति दायित्व भने चालु आ.व.मा करिब ३ गुणाले वृद्धि भएको छ । त्यसै गरी व्यय तर्फ खर्च वार्षिक रुपमा वृद्धि भईरहेको छ । यो राम्रो सङ्केत भएपनि पुँजिगत खर्च भन्दा चालु खर्च करीब ३ गुणा बढी भएको हुनाले कार्यालय खर्च केही घटाएर विकास निर्माणको लागि पुँजिगत खर्चमा वृद्धि गर्न सकिन्छ ।

गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सरकारबाट वित्तीय समानीकरण अनुदान, शसर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान गरेर कुल रु ३०,१६,३७,१७७.१७ प्राप्त गरेको देखिन्छ भने सोहि आर्थिक वर्षमा प्रदेश सरकारबाट वित्तीय समानीकरण, शसर्त, विशेष र समपुरक अनुदान वापत रु. १,९५,१२,०००.०० प्राप्त गरेको देखिन्छ । साँगुरीगढी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को यथार्थ वार्षिक आय रु. ३६,८३,१८,१४७.७८ आर्थिक वर्ष २०७८/७९ को यथार्थ वार्षिक आय रु. ३८,३१,९७,५७४.५४ र आर्थिक वर्ष २०७९/८० को वार्षिक आय रु. ५५,०१,५२,८९०.०० प्रस्तावित गरिएको छ । आर्थिक वर्ष २०७७/७८ बाट आर्थिक वर्ष २०७८/७९ मा कुल आय ६.६५ प्रतिशतले बढेको देखिन्छ भने आर्थिक वर्ष २०७८/७९ बाट आर्थिक वर्ष २०७९/८० मा कुल आय १२.४४ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । साँगुरीगढी गाउँपालिकाबाट प्राप्त तथ्याङ्कको आधारमा गाउँपालिकाको अन्तिम ३ आ.व. (२०७७/७८-२०७९/८०)का आयको अवस्था बारे तलको तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

*तालिका १८ : साँगुरीगढी गाउँपालिकाको अन्तिम ३ आर्थिक वर्षको आयको अवस्था (हजारमा)*

| सि.नं. | शिर्षक | आ.व. २०७७/७८ यथार्थ आय | आ.व. २०७८/७९ यथार्थ आय | आ.व. २०७९/८० अनुमानित आय |
|---|---|---|---|---|
| १ | **बाहृय अनुदान** | ३२११४९.१८ | ३४३५६९.७३ | २५५२९०.२० |
| १.१ | **सङ्घीय सरकार** | ३०१६३७.१८ | ३१०३१४.७५ | २४२०६४.९५ |
| १.१.१ | समानीकरण अनुदान | ९३१०० | ९६३०० | ७८४५० |

| | | | | |
|---|---|---|---|---|
| १.१.२ | शसर्त अनुदान चालु | २०८५३७.१८ | १९८९५४.०८ | १५१८५६.६३ |
| १.१.३ | शसर्त अनुदान पुँजिगत | - | - | ११७५८.३३ |
| १.१.४ | विशेष अनुदान चालु | - | ७५९८.६९ | - |
| १.१.५ | समपुरक अनुदान चालु | - | ७४६१.९८ | - |
| **१.२** | **प्रदेश सरकार** | **१९५१२** | **३३२५४.९८** | **१३२२५.२५** |
| १.२.१ | समानीकरण अनुदान | ६९८६ | १००९६ | २७८३.५० |
| १.२.२ | शसर्त अनुदान चालु | २५२६ | १२४५३.२३ | १५५०.०० |
| १.२.३ | विशेष अनुदान चालु | - | ४१५७.१० | - |
| १.२.४ | समपुरक अनुदान चालु | १०००० | ६५४८.६४ | ८८९१.७५ |
| **२.** | **राजस्व बाँडफाँड** | **८८७९.१३** | **-** | **५४३६.९८** |
| २.१ | विज्ञापन कर | - | - | ६०.०० |
| २.२ | बाँडफाँड भई प्राप्त हुने दहत्तर बहत्तर शुल्क | ८८७९.१३ | - | ५३७६.९८ |
| **३.** | **आन्तरिक  राजस्व** | **७१०८७.७९** | **८८९७४.६५** | **१०४५६२.८९** |
| | **कर राजस्व** | **६६४०५.८२** | **७७१८३.३२** | **९३६५६.९९** |
| ३.१ | एकीकृत सम्पत्ति कर | ३६३.५८ | ३८१.५५ | ४८४.०० |
| ३.२ | भूमि कर/मालपोत | ३३७.८९ | ५३७.२० | १२१.०० |
| ३.३ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६७४.१५ | १९९५.७१ | १०७८.८४ |
| ३.४ | घरबहाल कर | ४३५.९४ | ३२४.७६ | ३६३.०० |
| ३.५ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ६०३९६.०० | ५२७२९.६९ | ८६३४६.०० |
| ३.६ | बाँडफाँड भई प्राप्त हुने अन्त: शुल्क कर | - | १७०७७.५१ | - |
| ३.७ | बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर | ३९८९.५२ | ३९२०.०८ | ४९९४.१५ |
| ३.८ | बाँडफाँड भई प्राप्त हुने सवारी विज्ञापन कर | - | - | ६०.०० |
| ३.९ | व्यवसायले भुक्तानी गर्ने | २०८.०२ | २१६.८० | २१०.०० |
| ३.१० | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | - | - | ९३६५६.९९ |
| ३.११ | अन्य कर | ०.७४ | - | - |
| | **गैर कर राजस्व** | **४६८१.९४** | **११७९१.३३** | **१०९०५.९०** |
| ३.१२ | बाँडफाँड भई प्राप्त हुने खानी तथा खनिज सम्बन्धी रोयल्टी | १०७.०२ | - | - |
| ३.१३ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय | | ६९३०.७३ | ५०००.०० |
| ३.१४ | अन्य सेवा शुल्क तथा बिक्री | १६६९.६५ | २१८९.३५ | २२३५.०० |
| ३.१५ | पार्किङ शुल्क | - | ३८०.७० | ६६५.५० |
| ३.१६ | नक्सा पास दस्तुर | १७३.९८ | १०५.९२ | १२१.०० |
| ३.१७ | सिफारिस दस्तुर | ६२०.७८ | ८६९.९१ | ६०५.०० |
| ३.१८ | नाता प्रमाणित दस्तुर | ३८.८५ | ८०.०३ | ४८.४० |
| ३.१९ | अन्य दस्तुर | १५६.६६ | ३९९.८५ | २००.०० |
| ३.२० | अन्य क्षेत्रको आय | - | - | ५००.०० |
| ३.२१ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २६१.५० | ५८०.४४ | २००.०० |
| ३.२२ | चालु हस्तान्तरण | - | - | - |
| ३.२३ | अन्य राजस्व | १६५३.५३ | २५४.४० | १३३१.०० |
| **४.** | **वित्तीय सम्पत्ति तथा दायित्व** | **७६३१७.९४** | **७८९२२.१५** | **२१८८२३.०२** |
| ४.१ | नगद | - | - | - |
| ४.२ | बैंक मौज्दात | ७६३१७.९४ | ७८९२२.१५ | २१८८२३.०२ |
| | **जम्मा** | **४७७४३४.०४** | **५११४६६.५३** | **५८४११३.०९** |
| | **वृद्धि दर** | | **६.६५%** | **१२.४४ %** |

*स्रोत: साँगुरीगढी गाउँ कार्यपालिका, २०७९*

साँगुरीगढी गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ मा कुल आयको रु. ३६,८३,१८,१४७.७८ (८२.१५ प्रतिशत) खर्च गरेको देखिन्छ । त्यसैगरी आर्थिक वर्ष २०७८/७९ मा रु. ३८,३१,९७,५७४.५४ (७७.०९ प्रतिशत) खर्च भएको छ भने आर्थिक वर्ष २०७८/७९ मा रु. ५५,०१,५२,८९०.०० खर्च हुने अनुमान गरिएको छ । उपलब्ध आ.व. २०७७/७८ को व्ययलाई हेर्दा कुल व्ययको रु. २१,१०,३३,१७७.१७ (५७.३० प्रतिशत) शसर्त अनुदान रहेको देखिन्छ । रु. ७,६३,१७,९३८.१५ (१७.४४ प्रतिशत) भने खर्च गर्न नसकेर बैंक मौज्दातको रुपमा रहेको छ । सोही गरि गत आ.व. २०७८/७९ मा कुल व्ययको शसर्त अनुदान ४९.५० प्रतिशत भएको छ भने बाँकी बैंक मौज्दात १९.२४ प्रतिशत रहेको छ । यसरी गाउँपालिकाको ठूलो रकम खर्च हुन नसक्नु र शसर्त बाहेको को व्यय न्यून देखिनाले गाउँपालिका बजेट खर्च गर्ने क्षमता न्यून रहेको पुष्टि गर्दछ । त्यसैले वित्तीय प्रगति हासिल गर्न गाउँपालिकाले संस्थागत क्षमता अभिवृद्धि गर्ने, गाउँपालिकाका जनप्रतिनिधिका साथै कर्मचारीहरुलाई आवश्यक तालिम दिने र यस आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरुलाई क्रमैसँग कार्यान्वयन गर्दै लानुपर्ने छ ।

*तालिका १९ : साँगुरीगढी गाउँपालिकाको अन्तिम ३ आर्थिक वर्षको व्ययको अवस्था (हजारमा)*

| सि. नं. | शिर्षक | आ.व. २०७७/७८ यथार्थ व्यय | आ.व. २०७८/७९ यथार्थ व्यय | आ.व. २०७९/८० अनुमानित व्यय |
|---|---|---|---|---|
| **१** | **सञ्चित कोषबाट भएका खर्च भुक्तानी (शसर्त अनुदान समेत)** | | | |
| १.१ | पारिश्रमिक/सुविधा | १६९१०२.५७ | १२२४७२.३३ | ३४४३२.६२ |
| १.२ | कर्मचारीको सामाजिक सुरक्षा खर्च | १०००.०० | ७००.०० | २४७०.७५ |
| १.३ | सेवा महशुल | ९२५.९१ | १३०४.४६ | ५२०.८७ |
| १.४ | पूँजीगत सम्पत्तिको सञ्चालन र सम्भार खर्च | २७७१.७३ | २९५७.१४ | ३०७२.८१ |
| १.५ | कार्यालय सामान तथा सेवाहरु | ६९२३.६५ | ९६९८.८४ | ३५८९.३५ |
| १.६ | सेवा तथा परामर्श खर्च | १२६६२.२२ | ४५६६.६५ | १६८८८.३२ |
| १.७ | कार्यक्रम सम्बन्धी खर्चहरु | ३८६७१.७१ | ६२७९०.९४ | २३२०८.१२ |
| १.८ | अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | १७६६.४५ | ३०१८.५६ | १५३२.७५ |
| १.९ | विविध खर्च | ३५८६.१० | १३३८३.७७ | १७७४.२५ |
| १.१० | अन्य सहायता | ५४७.७७ | ११०९२.२२ | १७०.३६ |
| १.११ | अन्य तहका सरकारहरुलाई अनुदान | १००.०० | ०.०० | ८८३४९.५३ |
| १.१२ | सामाजिक सेवा अनुदान | ३०६१८.५८ | ०.०० | ०.०० |
| १.१३ | सामाजिक सुरक्षा | १७८९.५७ | ६६६१.५४ | ०.०० |
| १.१४ | सामाजिक सहायता | ३१९३.७० | ५६९२.९९ | १४२९.६० |
| १.१५ | सम्पत्ति सम्बन्धी खर्च | २०२.५० | ६९५.४० | १२६.७५ |
| १.१६ | स्थिर सम्पत्ति प्राप्ति खर्च | ९४४५५.६९ | १३१४९६.५२ | २९७३२.७५ |
| १.१७ | फिर्ता खर्च | - | १७२५९.४३ | २.५ |
| १.१८ | भैपरी आउने चालु खर्च | - | ०.०० | - |
| १.१९ | मौज्दात सामानहरु | ०.०० | - | - |
| | **जम्मा** | **३६८३११८.१५** | **३९३७९०.७६** | **२०७३०१.३४** |

*स्रोत: साँगुरीगढी गाउँ कार्यपालिका, २०७९*

### २.६.४ योजना व्यवस्थापन

साँगुरीगढी गाउँपालिकाको आवधिक विकास योजना तर्जुमाका क्रममा पहिचान भएका समस्या तथा सम्भावना र उपलब्ध अवसरहरुका आधारमा सहभागितामूलक छलफलबाट तल उल्लेख गरिए अनुसारका योजनाको व्यवस्थापन र विषय क्षेत्रहरुको प्राथमिकताक्रम निर्धारण गरिएको छ । यी प्राथमिकताका आधारमा गाउँपालिकाले आयोजना छनौट, लगानी वृद्धि तथा उचित कार्यान्वयन गर्दा सन्तुलित, समावेशी तथा दिगो विकास हुने देखिन्छ ।

१. सडक तथा यातायात पूर्वाधार ।
२. कृषि तथा पशुपन्छी विकास ।
३. पर्यटन पूर्वाधार विकास ।
४. शिक्षा पूर्वाधार विकास ।
५. खानेपानी तथा सरसफाइ ।
६. स्वास्थ्य पूर्वाधार विकास ।
७. विद्युत तथा सञ्चार सेवा विस्तार ।
८. स्थानीय सीप र साधन प्रयोग गरी उद्योग स्थापना ।
९. हाटबजार व्यवस्थापन ।
१०. कला, संस्कृति संरक्षण ।
११. खेलकुद पूर्वाधार विकास ।
१२. फोहरमैला व्यवस्थापन ।
१३. विपद् व्यवस्थापन ।
१४. व्यवस्थित वस्ती विकास ।
१५. लैङ्गिक समानता तथा समावेशीकरण ।
१६. संस्थागत विकास तथा सुशासन ।

*तालिका २० : स्थानीय तहको योजना प्राथमिकीकरणका आधार र अङ्कभार*

| क्र.स. | प्राथमिकताका आधारहरु | अधिकतम प्राप्ताङ्क | न्यूनतम प्राप्ताङ्क |
|---|---|---|---|
| १ | राष्ट्रिय लक्ष्य प्राप्त गर्न प्रत्यक्ष योगदान गर्ने भए १ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए ० अङ्क | १ | ० |
| २ | प्रदेश विकासको प्रमुख चालकसँग सम्बन्धित भए १ अङ्क र नभए १ अङ्क | १ | ० |
| ३ | दिगो विकास लक्ष्य प्राप्त गर्न योगदान गर्ने भए १ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए ० अङ्क | १ | ० |
| ४ | स्थानीय तहको दीर्घकालीन सोच प्राप्त गर्न योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए १ अङ्क | ३ | १ |
| ५ | स्थानीय तहको क्षेत्रगत उद्देश्य प्राप्त गर्न प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष नगर्ने भए १ अङ्क | ३ | १ |
| ६ | रोजगार, आय वा उत्पादन वृद्धिमा प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र | ३ | १ |

| क्र.स. | प्राथमिकताका आधारहरु | अधिकतम प्राप्ताङ्क | न्यूनतम प्राप्ताङ्क |
|---|---|---|---|
| | प्रत्यक्ष नगर्ने भए १ अङ्क | | |
| ७ | ५० प्रतिशत वा सोभन्दा बढी लाभग्राही समूदाय अपाङ्गता भएका व्यक्ति, दलित, महिला र सिमान्तकृत समुदाय भए ३ अङ्क र अन्य भए १ अङ्क | ३ | १ |
| ८ | कार्यपालिकाको बैठकले वडाहरूको समग्र विकासको दृष्टिले पदानुक्रम गरे अनुसार सबभन्दा कम विकसित वडा भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| ९ | वडा समितिले निर्धारत गरेको योजनाहरूको प्राथमिकता अनुसार वडाको लागि अति आवश्यक योजना भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| | वा | | |
| १० | निर्देशक समितिले निर्धारत गरेको पालिका स्तरीय योजनाहरूको पदानुक्रम अनुसार अति आवश्यक योजना भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| | **जम्मा** | **२१** | **४.२** |

*नोटः यो मापदण्डलाई गाउँ कार्यपालिकाको वैठकले वा कार्यपालिकाको वैठक तत्काल वस्न नसक्ने भएमा पछि अनुमोदन हुनेगरी गाउँपालिकाको अध्यक्षबाट स्वीकृत गरेर लागू गर्न सकिने छ ।*

# परिच्छेद ३: सोच तथा विकास अवधारणा

## ३.१ पृष्ठभूमि

यस आवधिक योजनाले प्राप्त योजनाको दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" र "समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवाद उन्मुख राज्यको रुपमा रुपान्तरण गर्दै उच्च आय स्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने" भन्ने लक्ष्य एवम् निर्धारित उद्देश्य एवम् प्राथमिक्ताहरू र आ.व. २०७९/८० को कोशी प्रदेशको वार्षिक नीति र कार्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू तथा तत्कालिन प्रदेश नं. १ को पहिलो आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) को दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरुसँग तादात्यता हुने गरी यस यस गाउँपालिकाको आवश्यक्ता र प्राथमिकता अनुसार यो आवधिक योजना तर्जुमा गरिएको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

यस गाउँपालिकाको विगतका प्रयास र उपलब्धीहरु एवम् वस्तुस्थिति स्थिति तथा सहभागितात्मक छलफलबाट पहिचान गरिएका समस्या तथा चुनौतीहरुलाई बुँदागत रुपमा संक्षिप्तमा तल प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

### क) समग्र विकासलाई सम्बोधन गर्ने अनुकुल नीति नियमको अभाव तथा कार्यान्वयनमा कमजोरी

विकासको लागि अति आवश्यक भू-उपयोग लगायत दीर्घकालीन तथा रणनीतिक योजनाहरुलाई सफल कार्यान्वयन हुनुपर्दछ । गाउँपालिकाको भौतिक, भौगोलिक, सामाजिक, आर्थिक र साँस्कृतिक विशेषता अनुकुल नीति, नियम र योजनाको अभाव हुनुका साथै भएका नीति, नियम, व्यवस्था र योजनाहरु पनि कम व्यवहारिक र समय सापेक्ष नभएको कारण सफल कार्यान्वयनमा समस्या रहेको छ ।

### ख) विकासको प्राथमिकता निर्धारण गर्न नसक्नु र श्रोत साधन उपलब्ध गराउन नसक्नु

यस क्षेत्रको विकासमा प्राथमिकता अनुसार श्रोत साधनहरुको व्यवस्था गर्न नसक्नु राज्य तथा स्थानीय सरकारको कमजोरीको रुपमा रहेको छ । साथै गाउँपालिकाको प्राथमिकता तथा समस्यालाई हेरी विकासका कार्यक्रमहरु लैजान नसक्नुले समग्र गाउँपालिकाको विकासमा समस्याहरु देखिएका छन् र यहाको चुनौती पनि यही नै रहेको छ ।

### ग) बाह्य स्रोतमा अत्यधिक निर्भरता

गाउँपालिकाको आन्तिरक आयमा स्रोतहरु न्यून रहेको र संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, शसर्त अनुदान, विशेष अनुदान, अन्य अनुदान र बजेटबाट स्थानीय विकास निर्माणमा कार्यहरु गर्नुपर्ने अवस्था रहेकोले यस गाउँपालिका बाह्य स्रोतमा निर्भर रहेको छ । राजस्वको आन्तरिक श्रोतहरुको पहिचान गर्नको लागि गाउँपालिकाले राजस्व अभिवृद्धि गरी स्व-निर्भरतातिर उन्मुख हुन सकेको छैन । राजस्व सुधार कार्ययोजना अनुसार पालिकाको राजस्व सङ्कलनमा वृद्धि गर्न सकिन्छ ।

### घ) अपर्याप्त सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास

यस गाउँपालिकामा विद्यमान सडकहरुको स्तरोन्नति कार्य सीमित आयको कारण अपेक्षाकृत रुपमा अगाडी बढिरहेको अवस्था हुन नसक्छ । स्वास्थ्य चौकीहरु व्यवस्थित गर्नुका साथै १५ शैयाको हस्पिटलको तीव्र रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक देखिन्छ भने शिक्षण संस्थाहरुमा थप कक्षा कोठा, ल्याब र छात्रावास निर्माण, घेराबार, खेलमैदानहरु व्यवस्थित गर्न जरुरी देखिन्छ । गाउँपालिकामा उपलब्ध सेवा पनि नियमित, गुणस्तरीय र भरपर्दो हुन जरुरी छ । शिक्षामा गुणस्तरीयता, व्यवहारिक तथा रोजगार उन्मुख बनाउने नीति तथा रणनीति आवश्यक छ । खानेपानी, सरसफाइ, सिंचाई तथा अन्य पूर्वाधार अपर्याप्त रहेको छ । आर्थिक विकासतर्फ हाटबजार व्यवस्थापन, कृषि उपज सङ्कलन केन्द्र, शित भण्डार निर्माण, पर्यटकीय पूर्वाधारहरुको विकास अपेक्षिकृत हुन सकेको छैन ।

### ङ) आन्तरिक रोजगारी सिर्जना गर्न नसक्नु तथा युवा शक्ति पलायन हुनु

गाउँपालिकामा सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास कार्यक्रमहरुको अपर्याप्तता, परिणाममुखी तथा प्रभावकारिताको कमीको कारण गाउँपालिकामा आर्थिक तथा सामाजिक विकासको गति अपेक्षाकृत हुन सकेको देखिंदैन । गाउँपालिकाको सम्भावनालाई रोजगारी सिर्जना गर्ने कुनै पनि नीति नियम बन्न सकेको छैन । फलस्वरुप उत्पादनशिल श्रमशक्ति विशेष गरी युवाशक्ति विदेश तथा शहर पलायन भइरहेका छन् । साथै वैदेशिक रोजगारमा जाँदा भएका घाइते र मृतकको सङ्ख्या पनि दिनहुँ बढ्दो क्रममा छ । यसैगरी लैङ्गिक, वर्गीय, जातीय तथा क्षेत्रीय असमानता पनि विद्यमान छ । आम नागरिक विशेष गरी लक्षित वर्गको पहुँच र अवसरमा कमी र शक्तिकेन्द्र केन्द्रित शासनको परिणाम स्वरुप असमानतामा कमी आउन सकेको छैन । गाउँपालिकाको रणनीतिक योजना र कार्यक्रमको कमीका कारण रोजगारीको अवसरमा पनि स्थानीयवासीको पहुँचमा सन्तोषजनक रहेको देखिंदैन । जस अनुसार गाउँपालिकाको समग्र विकासमा समय सापेक्ष रुपमा सुधार तीब्र नभएको देखिन्छ ।

### च) पुरातनवादी संस्कृति/संस्कार कायम रहनु

समय र विकासको सोचमा तुलानात्मक रुपमा परिवर्तन आएको भएता पनि विकासका प्रमुख साझेदारहरु कमैमा यस प्रति सचेत रहेको नागरिकले महशुस गर्न पाएका छैनन् । अधिकांश सरोकारवाला संस्था र व्यक्तिमा पुरातनवादी सोच र संस्कार कायम रहेको देखिन्छ । यसबाट विकास कार्य नतिजामुखी र प्रभावकारी हुन सकेको छैन । विकासलाई अझैपनि भागवन्डामा सीमित राखिएको छ । प्राथमिकताको नीतिलाई अझै पनि अवलम्बन गर्न सकेको अवस्था छैन ।

### छ) सेवा सुविधामा अपर्याप्त पहुँच र उपलब्धता

साँगुरीगढी गाउँपालिकाको भौगोलिक अवस्थिति, सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारहरुको अपर्याप्त उपलब्धता, संस्थागत विकास, श्रोत परिचालन र सुशासन अभिवृद्धिमा कमीका कारण विकास कार्यहरु परिणाममुखी र प्रभावकारी हुन सकेका छैनन् । फलस्वरुप आधारभूत सेवा तथा सुविधाहरुमा लक्षित वर्ग, क्षेत्र र समुदायका मानिसहरुको पहुँच पुग्न सकेको छैन ।

## ज) भू-बनोट तथा छरिएर रहेका वस्तीहरु

गाउँपालिकाको भौगोलिक अवस्थिति तथा बनावटका कारण बजार क्षेत्रमा बाहेक गाउँपालिकाका धेरैजसो वस्तीहरु छरिएर रहेका छन् । परिणामस्वरुप उक्त वस्तीहरुका सेवा तथा सुविधाको प्रवाह कठिन रहेको छ र सेवा विस्तारका कार्यहरुमा लागत मूल्य अत्याधिक रहेको छ । तसर्थ छरिएर रहेका वस्तीहरुलाई एकत्रित गरी एकीकृत वस्ती विकासको योजना सहित विकास तथा सेवा प्रवाहका कार्यका लागि व्यवहारिक नीति, योजना, कार्यक्रमको अभाव रहेको छ । सहभागितात्मक रुपमा पालिकाको सम्पूर्ण सरोकार वर्ग, निकाय तथा संघ संस्थाको सहभागितामा भएको छलफल, विगतका प्रयास र उपलब्धीहरुको समीक्षा तथा वस्तुस्थिति विवरणबाट पहिचान भएका विकासका अवसरहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ । यी अवसरहरु गाउँपालिकाको सामान्य रुपमा प्रस्तुत गरिएको अवधारणा मात्र हुन् । यसको अलावा थप नयाँ अवसर पनि हुन सक्दछन् त्यसलाई पनि यस आवधिक विकास योजनाले अवसरको रुपमा लिन कुनै वाधा पार्ने छैन ।

## क) कृषिमा उन्नत प्रविधिको प्रयोग

साँगुरीगढी गाउँपालिकामा धान, गहुँ, मकै, कोदो, जौ, फापर, सिमी, अलैंची, उखु, अदुवा, बेसार, सुन्तला, एभोकाडो, आदि बालीहरुको उत्पादन भईरहेको छ । यस क्षेत्रमा व्यवसायिक तरकारी खेतीका लागि उपयुक्त हावापनी पाईने भएकोले यस गाउँपालिकामा कृषिका अन्य उत्पादनको व्यवसायीकरण तथा बजारीकरणबाट गाउँपालिकाको विकासमा फड्को मार्न सम्भव छ । सूचना तथा सञ्चार प्रविधिमा आएको आमूल परिवर्तनसँग कृषि प्रविधि उपयोग गरी गाउँपालिकाको आर्थिक विकासको गतिलाई तिब्रता दिन सकिन्छ । खास गरी गाउँपालिकामा बढी सम्भावनाको रुपमा देखिएको जडिबुटी, तरकारी, अलैंची, चिया, उखु, कफी, चिउरी, आलु लगायतको उत्पादनलाई जोड्न सकिन्छ ।

## ख) पर्यटन विकासको सम्भावना

साँगुरीगढी गाउँपालिकामा पर्यटन विकासको सम्भावना प्रचुर मात्रामा रहेको छ । यहाँ रहेका भेडेटार, नमस्ते झरना, साँगुरीगढी, नाम्जे होमस्टे, ओख्रे टावर तथा होमस्टे, पाथिभरा मन्दिर, मुलघाट (तमोर पुल), ध्वजे डाँडा (सूर्योदय अवलोकन), आत्मा घर, बौद्ध गुम्बा, एशिया कै अजङ्गको बरको रुख, कैलाश डाँडा, खिवेक्लुङ, बहुसाँस्कृतिक पार्क लगायत धार्मिक, साँस्कृतिक, प्राकृतिक स्थलहरु पर्यटन विकासको प्रमुख सम्भावना भएका क्षेत्रहरु हुन् । यस क्षेत्रमा रहेका पर्यटकीय सम्भावना बोकेका स्थलहरुको डिपिआर तयार गरी पर्यटकीय पूर्वाधारहरु निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्न सकिन्छ । यसबाट स्थानीय स्तरमा नै रोजगारी वृद्धि हुने प्रबल सम्भावना, पर्यटकीय क्षेत्रको विकास तथा विस्तार गर्नुका साथै स्थानीयहरुलाई पर्यटन तालिम, पर्यटन सूचना केन्द्र स्थापना तथा विविध जनजातिहरुको साँस्कृतिक कार्यक्रमहरुको प्रदर्शनी सहित होमस्टेको व्यवस्था गर्न सकिन्छ ।

## ग) प्राकृतिक श्रोत तथा साधन

साँगुरीगढी गाउँपालिकामा पाईने मध्यम हावापानी र पहाडी क्षेत्रीय जैविक विविधता यस क्षेत्रलाई सम्भावनाको रुपमा लिन सकिन्छ । प्राकृतिक श्रोतको रुपमा तमोर, रामगुवा, मिदुवा, कमुवा, लुद्रेनी, फेसुवा लगायत बाह्रै महिना बहने नदी तथा खोला खोल्सीहरु सिंचाई, खानेपानी तथा विद्युत उत्पादनको

लागि सदुपयोग गर्न सकिन्छ । यस गाउँपालिकामा उद्योगको लागि चाहिने कच्चा पदार्थहरुमा मुख्यतया बाँस, लोक्ता, अल्लो, खोटो, वालुवा, आदि उत्पादन हुने गरेका छन् । त्यसै गरी अलैंची, अम्लिसो र जडिबुटीको निर्यात गरि आर्थिक आम्दानी गर्न सकिने देखिन्छ ।

### घ) स्थानीय उद्योग स्थापना

स्थानीय सीपको प्रवर्द्धन गर्न गाउँपालिकामा विभिन्न क्षेत्रमा मुडा, नाङ्लो, डोको, कुर्सी, झाडु लगायत बाँसबाट बन्ने सामानहरुको घरेलु उद्योग स्थापना गर्न सकिन्छ । त्यस्तै गरी ढाका तथा अन्य स्थानीय सामाग्रीहरुको सदुपयोग गरि घरेलु तथा साना उद्योग स्थापना समेत गर्न सकिन्छ । यस गाउँपालिकामा अचार उद्योग, सस उद्योग, बेकरी उद्योग, लाहा उत्पादन र प्रशोधन, टपरी बनाउने उद्योग, नास्पाती प्रशोधनबाट जाम बनाउने उद्योग, तेजपातको तेल उत्पादन उद्योग, पशुपन्छीको दाना उत्पादन गर्ने उद्योग, दुग्धजन्य उद्योग, आदि स्थापनाको सम्भावना रहेको छ । डाँडाबजार ओखे क्षेत्रमा औद्योगिक क्षेत्र निर्माण तथा विस्तार गर्न सम्भाव्यता अध्ययन गर्न जरुरी छ ।

### ङ) दक्ष जनशक्ति उत्पादन र परिचालन

अल्पकालीन तथा मध्यकालीन तालिमका माध्यमबाट गाउँपालिकाका युवा जनशक्तिलाई थप ज्ञान र सीप दिलाउन सकिएमा यस गाउँपालिकामा आवश्यक पर्ने दक्ष जनशक्तिको परिपूर्ति भई आर्थिक विकासमा थप योगदान पुग्ने देखिन्छ, जसबाट गाउँपालिकामा हुने आर्थिक कारोबारमा वृद्धि भई विभिन्न क्षेत्रसँग सम्बन्धित आर्थिक गतिविधिहरु बढ्ने सम्भावना देखिन्छ । गाउँपालिकामा प्राविधिक र व्यवहारिक शिक्षा, परामर्श र अवसरको अभावका कारण उत्पादनशिल जनशक्ति विशेष गरी ठूलो सङ्ख्यामा युवाहरु विदेश तथा शहर पलायन हुने गरेका छन् । यसका साथै देश तथा वाह्य बजारमा प्राविधिक सीपयुक्त मानव संसाधनको अत्यधिक माग रहेको छ । फलस्वरुव यस गाउँपालिकामा कार्यरत सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी तथा साझेदारीमा स्थानीय मानवीय शक्तिलाई दक्ष र सीपयुक्त बनाउन सकिने अवसर गाउँपालिकाको लागि रहेको छ ।

### च) संस्थागत क्षमता तथा सुशासन अभिवृद्धि

प्रभावकारी विकास प्रक्रियामा संस्थागत विकास, श्रोत परिचालन तथा सुशासन प्रमुख माध्यमको रुपमा रहेको हुन्छ । नेपालको समग्र विकास प्रक्रियामा जस्तै यस गाउँपालिकाको विकास प्रक्रियामा संस्थागत विकास श्रोत परिचालन र सुशासन सम्बन्धी समस्याहरु विद्यमान रहेका छन् । फलस्वरुप विकास कार्यहरु परिणाममुखी र प्रभावकारी हुन सकेका छैनन् । यस सम्बन्धी उपलब्ध संवैधानिक तथा कानूनी व्यवस्था, औजार तथा रणनीतिहरुको राजनीतिक, प्रशासनिक र नागरिकस्तरबाट समेत परिपालना गर्न सके विकासको अवधारणा अनुसार विकास कार्यलाई दिशानिर्देश गरी अपेक्षित परिणाम तथा प्रभावकारिता हासिल गर्न सम्भव हुने छ ।

### छ) परम्परागत सीप र प्रविधिको विकास तथा विस्तार

मध्य पहाडी भू-भेगमा अवस्थित गाउँपालिका भएकोले स्थानीय सीप र प्रविधिको विकास तथा विस्तार गर्न सकेमा गाउँपालिकाको विकासमा योगदान हुने देखिन्छ । गाउँपालिका क्षेत्रको जातजाति, भाषा, धर्म,

संस्कृति र भौगोलिक क्षेत्र अनुसार स्थानीयवासीहरुमा स्थानीय तथा परम्परागत ज्ञान, सीप, र प्रविधिहरु प्रचलनमा रहेको पाइन्छ । उक्त ज्ञान, सीप र प्रविधिहरु समयानुसार परिमार्जन हुँदै समेत आएका छन् । त्यसैगरी कृषि, व्यवसाय, वन, शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रमा विभिन्न निकायहरुबाट नागरिकहरुमा ज्ञान तथा सीपको हस्तान्तरण हुँदै आएको छ । उक्त सीप तथा प्रविधि हस्तान्तरण कार्यक्रमबाट बस्तु तथा सेवा उत्पादन गर्ने वातावरण निर्माण भएको छ । हाल गाउँपालिका क्षेत्रमा सडक पूर्वाधार, यातायात, सञ्चार सेवा र सुविधा तथा सूचना प्रविधि विकासको शुरुवात भएकोले स्थानीय तथा परम्परागत ज्ञान, सीप र प्रविधि परिचालन र वृद्धि समेतमा सहयोग पुग्ने देखिन्छ ।

### ज) पशुपालन

गाई, भैंसी, बाख्रा, बंगुरपालन आदिको लागि उपयुक्त हावापानी भएकोले साँगुरीगढी गाउँपालिकामा विविध पशुपालनको सम्भावना रहेको देखिन्छ । पशुपालनको लागि सम्भाव्य देखिएता पनि यस क्षेत्रका किसानहरु अझै त्यसतर्फ व्यवसायिक रुपमा भने परिचालित हुन सकेको अवस्था भने देखिदैन । गाउँपालिकामा पशुपालनको विकासको लागि पकेट क्षेत्र बनाई सोही बमोजिम कार्यक्रम सञ्चालन गर्न सकेमा थप आर्थिक अभिवृद्धि हुने देखिन्छ ।

### झ) जडिबुटी सङ्कलन

यस गाउँपालिकामा जडिबुटीलाई व्यवसायीकरण गर्न सकिएमा स्थानीयवासीको आर्थिक विकासमा मनग्य फाइदा लिन सकिने अवस्था छ । जडिबुटी उत्पादनको लागि हावापानी अनुकुल भएकोले गाउँपालिकाका विभिन्न स्थानमा जडिबुटी उत्पादनलाई अभियानको रुपमा लैजान सकेमा यसले स्थानीयवासीको आयआर्जनमा उल्लेखनीय रुपमा टेवा पुग्ने देखिन्छ ।

### ञ) सहकारी र वित्तीय क्षेत्र विकास

गाउँपालिकामा सहकारी क्षेत्रको विकास र विस्तार गरी गाउँपालिकावासीलाई स्थानीय स्तरमा नै यस्ता सेवा दिनुपर्ने आवश्यकता रहेको छ । साँगुरीगढी गाउँपालिकामा २ वटा बैंक, ४ वटा लघु वित्तिय संस्था, १ वटा फाईनान्स एवम् ४ वटा वहुउद्देशिय सहकारी, ४ वटा कृषि सहकारी, २ वटा उपभोक्ता सहकारी र ३ वटा महिला बचत तथा ऋण सहकारी संस्था तथा ३ वटा बचत तथा ऋण सहकारी संस्था गरी १६ वटा सहकारी संस्थाहरु स्थापित भईसकेको अवस्थामा छरिएर रहेको पूँजीलाई सहकारी र बैंकिङ्को माध्यमबाट एकीकृत गरी लघु तथा घरेलु उद्योगहरुमा परिचालन गर्न सकिने प्रशस्त सम्भावना छ । विभिन्न किसिमका आर्थिक तथा सामाजिक र पूर्वाधार विकास सम्बन्धी कार्यहरुको वृद्धि र विकासले बैंकिङ तथा सहकारी विकासको सम्भावनामा वृद्धि गरेको छ । गाउँपालिकामा बढ्दै गएको यस्ता विकासको गतिविधिले बैंकिङ तथा सहकारी विकासमा अभिवृद्धि हुने आशा लिन सकिन्छ ।

### ट) वन व्यवस्थापन मार्फत वातावरण सेवा भुक्तानी

उल्लेखनीय भू-भाग वन जङ्गलले ढाकेको यस गाउँपालिकामा वनको वैज्ञानिक तथा दिगो वन व्यवस्थापन गरी वनमा आश्रित उपभोक्ता तथा समुदायलाई यसको उपयोग गर्ने तथा राज्यले कार्वन सञ्चितिकरण गरी श्रोत तथा वातावरण संरक्षणमा योगदान गरे वापत वातावरणीय सेवा भुक्तानीको प्रशस्त सम्भावना

देखिन्छ । यसको अलावा गाउँपालिकामा प्रशस्त मात्रामा जडिबुटीको सम्भावना रहेको हुँदा त्यसको विकास र विस्तार  गरी गाउँपालिकावासीको आर्थिक उपार्जन गर्न सञ्चालन सम्भावना देखिन्छ ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

सहभागितात्मक रुपमा गाउँपालिकाको सम्पूर्ण सरोकार वर्ग, निकाय तथा संघ संस्थाको सहभागितामा भएको छलफल, विगतका प्रयास र उपलब्धीहरुको समीक्षा तथा वस्तुस्थिति विवरणबाट पहिचान भएका विकासका अवसरहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ । यी अवसरहरु सामान्य रुपमा प्रस्तुत गरिएको अवधारणा मात्र हुन् । यसको अलावा थप नयाँ अवसर पनि हुन सक्दछन् त्यसलाई पनि यस आवधिक विकास योजनाले अवसरको रुपमा लिन कुनै वाधा पार्ने छैन ।

### क) कृषिमा उन्नत प्रविधिको प्रयोग

साँगुरीगढी गाउँपालिकामा धान, गहुँ, मकै, सिमी, बेसार, अदुवा, अलैंची, आलु, जस्ता बालीहरुको उत्पादन भईरहेको छ । यस क्षेत्रमा व्यवसायिक तरकारी खेतीका लागि उपयुक्त हावापनी पाईने भएकोले यस गाउँपालिकामा कृषिका अन्य उत्पादनको व्यवसायिकरण तथा बजारीकरणबाट गाउँपालिकाको विकासमा फड्को मार्न सम्भव छ । सूचना तथा सञ्चार प्रविधिमा आएको आमूल परिवर्तनसँग कृषि प्रविधि उपयोग गरी पालिकाको आर्थिक विकासको गतिलाई तिब्रता दिन सकिन्छ । खास गरी यस क्षेत्रमा बढी सम्भावनाको रुपमा देखिएको जडिबुटी, तरकारी, कफी, चिया, अलैंची, उखु, चिउरी, आलु लगायतको उत्पादनलाई जोड्न सकिन्छ ।

### ख) पर्यटन विकासको सम्भावना

साँगुरीगढी गाउँपालिकामा पर्यटन विकासको सम्भावना प्रचुर मात्रामा रहेको छ । भेडेटार, नमस्ते झरना, साँगुरीगढी, नाम्जे होमस्टे, ओख्रे टावर तथा होमस्टे, पाथिभरा मन्दिर, मुलघाट (तमोर पुल), ध्वजे डाँडा (सूर्योदय अवलोकन), आत्मा घर, बौद्ध गुम्बा (त्रिरत्न बोधी चैते), एशिया कै अजङ्गको बरको रुख, कैलाश डाँडा (सूर्यास्त अवलोकन), खिवेक्लुङ (पार्वतीले तान बुनेको), बहुसाँस्कृतिक पार्क लगायत धार्मिक, ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक स्थलहरु पर्यटन विकासको प्रमुख सम्भावना भएका क्षेत्रहरु हुन् । यस क्षेत्रमा रहेका पर्यटकीय सम्भावना बोकेका स्थलहरुको एकीकृत पर्यटन गुरुयोजना तयार गरि सो अनुसार क्रमागत रुपमा पर्यटकीय पूर्वाधारहरु निर्माण गरि पर्यटकहरुलाई आकर्षण गर्न सकिन्छ । यसबाट स्थानीय स्तरमा नै रोजगारी वृद्धि हुने प्रबल सम्भावना, पर्यटकीय क्षेत्रको विकास तथा विस्तार गर्नुका साथै स्थानीयहरुलाई पर्यटन तालिम, पर्यटन सूचना केन्द्र स्थापना तथा विविध जनजातिहरुको साँस्कृतिक कार्यक्रमहरुको प्रदर्शनी सहित होमस्टेको व्यवस्थापन गर्न सकिन्छ ।

### ग) प्राकृतिक श्रोत तथा साधन

साँगुरीगढी गाउँपालिकामा पाईने मध्यम हावापानी र पहाडी क्षेत्रीय जैविक विविधता यस क्षेत्रलाई सम्भावनाको रुपमा लिन सकिन्छ । प्राकृतिक श्रोतको रुपमा तमोर, रामगुवा, मिदुवा, कमुवा, लुद्रेनी, फेसुवा लगायतका बाह्रै महिना बहने नदी तथा खोला, खोल्सीहरु विद्युत उत्पादन, सिंचाई तथा खानेपानीको लागि सदुयोग गर्न सकिन्छ । यस गाउँपालिकामा उद्योगको लागि चाहिने कच्चा पदार्थहरुमा

मुख्यतया लोक्ता, अल्लो, खोटो, वालुवा, बाँस, आदि उत्पादन हुने गरेका छन् । त्यसै गरी अलैंची, अम्लिसो र जडिबुटीको निर्यात गरि आर्थिक आम्दानी गर्न सकिने देखिन्छ । यस गाउँपालिका भएर बग्ने खोला तथा नदीहरुमा वैज्ञानिक रुपले कुटो, कोदालोको प्रयोग गरी सम्भाव्यता अध्ययन सहित नदी उत्खनन गरी गिटी, वालुवा, आदि निर्यात मार्फत आम्दानी गर्न सकिन्छ ।

### घ) स्थानीय उद्योग स्थापना

साँगुरीगढी गाउँपालिकामा ढाका उद्योग, बाँस तथा काठको फर्निचर, टपरी बनाउने उद्योग, लाहा उत्पादन र प्रशोधन केन्द्र, दुधजन्य डेरी उद्योग, जिमीगाउँ, भोलम्टार र डोर्डनी क्षेत्रमा तेजपातको तेल उत्पादन उद्योग, सिम्सुवा क्षेत्रमा बंगुर, गाई, कुखुराको दाना उत्पादन गर्ने उद्योग, कार्कीछाप क्षेत्रमा फलफुल उत्पादन प्रशोधन केन्द्र, मसला बाली प्रशोधन केन्द्र, बेसार र अदुवा प्रशोधन केन्द्र, अचार उद्योग, सस उद्योग स्थापना गर्न सकिन्छ । साथै डाँडाबजार ओख्रे क्षेत्रमा औद्योगिक क्षेत्र निर्माणको लागि सम्भाव्यता अध्ययन तथा डि.पि.आर. तयार गर्न सकिन्छ । त्यसै गरी स्थानीय कृषिजन्य उत्पादकहरु (उद्यमीहरु)लाई प्रोत्साहन र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी उत्पादित बस्तुहरु जस्तै अर्गानिक कृषिजन्य उत्पादन, बेसार, कुचो, सुठो, अदुवा, अकबरे खुर्सानी लगायतका बस्तुहरुलाई ब्राण्डिङ गर्न सकिन्छ ।

### ङ) दक्ष जनशक्ति उत्पादन र परिचालन

अल्पकालीन तथा मध्यकालीन तालिमका माध्यमबाट गाउँपालिकाका युवा जनशक्तिलाई थप ज्ञान र सीप दिलाउन सकिएमा यस गाउँपालिकामा आवश्यक पर्ने दक्ष जनशक्तिको परिपूर्ति भई सो क्षेत्रको आर्थिक विकासमा थप योगदान पुग्ने देखिन्छ, जसबाट गाउँपालिका क्षेत्रमा हुने आर्थिक कारोबारमा वृद्धि भई विभिन्न क्षेत्रसँग सम्बन्धित आर्थिक गतिविधिहरु बढ्ने सम्भावना देखिन्छ । गाउँपालिकामा प्राविधिक र व्यवहारिक शिक्षा, परामर्श र अवसरको अभावका कारण गाउँपालिकाका उत्पादनशिल जनशक्ति विशेष गरी ठूलो सङ्ख्यामा युवाहरु विदेश तथा शहर पलायन हुने गरेका छन् । यसका साथै देश तथा वाह्य बजारमा प्राविधिक सीपयुक्त मानव संसाधनको अत्यधिक माग रहेको छ । फलस्वरुव यस गाउँपालिकामा कार्यरत सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी तथा साझेदारीमा पालिकाका मानवीय शक्तिलाई दक्ष र सीपयुक्त बनाउन सकिने अवसर गाउँपालिकाको लागि रहेको छ ।

### च) संस्थागत क्षमता तथा सुशासन अभिवृद्धि

प्रभावकारी विकास प्रक्रियामा संस्थागत विकास, श्रोत परिचालन तथा सुशासन प्रमुख माध्यमको रुपमा रहेको हुन्छ । यस साँगुरीगढी गाउँपालिकाको विकास प्रक्रियामा संस्थागत विकास श्रोत परिचालन र सुशासन सम्बन्धी समस्याहरु विद्यमान रहेका छन् । फलस्वरुप विकास कार्यहरु परिमाणमुखी र प्रभावकारी हुन सकेका छैनन् । यस सम्बन्धी उपलब्ध संवैधानिक तथा कानूनी व्यवस्था, औजार तथा रणनीतिहरुको राजनीतिक, प्रशासनिक र नागरिकस्तरबाट समेत परिपालना गर्न सके विकासको अवधारणा अनुसार विकास कार्यलाई दिशानिर्देश गरी अपेक्षित परिणाम तथा प्रभावकारिता हासिल गर्न सम्भव हुने छ ।

### छ) परम्परागत सीप र प्रविधिको विकास तथा विस्तार

मध्य पहाडी भू-भेगमा अवस्थित गाउँपालिका भएकोले स्थानीय सीप र प्रविधिको विकास तथा विस्तार गर्न सकेमा विकासमा योगदान हुने देखिन्छ । गाउँपालिका क्षेत्रको जातजाति, भाषा, धर्म, संस्कृति र भौगोलिक क्षेत्र अनुसार स्थानीयवासीहरुमा स्थानीय तथा परम्परागत ज्ञान, सीप, र प्रविधिहरु प्रचलनमा रहेको पाइन्छ । उक्त ज्ञान, सीप र प्रविधिहरु समयानुसार परिमार्जन हुँदै समेत आएका छन् । त्यसैगरी कृषि, व्यवसाय, वन, शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रमा विभिन्न निकायहरुबाट नागरिकहरुमा ज्ञान तथा सीपको हस्तान्तरण हुँदै आएको छ । उक्त सीप तथा प्रविधि हस्तान्तरण कार्यक्रमबाट बस्तु तथा सेवा उत्पादन गर्ने वातावरण निर्माण भएको छ । हाल गाउँपालिका क्षेत्रमा सडक पूर्वाधार, यातायात, सञ्चार सेवा र सुविधा तथा सूचना प्रविधि विकासको शुरुवात भएकोले स्थानीय तथा परम्परागत ज्ञान, सीप र प्रविधि परिचालन र वृद्धि समेतमा सहयोग पुग्ने देखिन्छ ।

### ज) पशुपालन

गाई, भैंसी, बाख्रा र बंगुरपालनको लागि उपयुक्त हावापानी भएकोले साँगुरीगढी गाउँपालिकामा विविध पशुपालनको सम्भावना रहेको देखिन्छ । पशुपालनको लागि सम्भाव्य देखिएता पनि गाउँपालिकाका किसानहरु अझै त्यसतर्फ व्यवसायिक रुपमा भने परिचालित हुन सकेको अवस्था भने देखिदैन । गाउँपालिकामा पशुपालन विकासको लागि पकेट क्षेत्र बनाई सोही बमोजिम कार्यक्रम सञ्चालन गर्न सकेमा थप आर्थिक अभिवृद्धि हुने देखिन्छ ।

### झ) जडिबुटी सङ्कलन

यस गाउँपालिकामा जडिबुटीलाई व्यवसायिकरण गर्न सकिएमा स्थानीयवासीको आर्थिक विकासमा मनग्य फाइदा लिन सकिने अवस्था छ । जडिबुटी उत्पादनको लागि हावापानी अनुकुल भएकोले गाउँपालिकाका विभिन्न स्थानमा जडिबुटी उत्पादनलाई अभियानको रुपमा लैजान सकेमा यसले स्थानीयवासीको आयआर्जनमा उल्लेखनीय रुपमा टेवा दिन सकिन्छ ।

### ञ) सहकारी विकास

गाउँपालिकामा सहकारी क्षेत्रको विकास र विस्तार गरी गाउँपालिकावासीलाई स्थानीय स्तरमा नै यस्ता सेवा दिनुपर्ने आवश्यकता रहेको छ । साँगुरीगढी गाउँपालिकामा २ वटा बैंकहरु स्थापित भईसकेको अवस्थामा छरिएर रहेको पूँजिलाई सहकारी र वैकिङ्को माध्यमबाट एकीकृत गरी लघु तथा घरेलु उद्योगहरुमा परिचालन गर्न सकिने प्रशस्त सम्भावना छ । विभिन्न किसिमका आर्थिक तथा सामाजिक र पूर्वाधार विकास सम्बन्धी कार्यहरुको वृद्धि र विकासले बैंकिङ तथा सहकारी विकासको सम्भावनामा वृद्धि गरेको छ । गाउँपालिकामा बढ्दै गएको यस्ता विकासको गतिविधिले बैंकिङ तथा सहकारी विकासमा अभिवृद्धि हुने आशा लिन सकिन्छ ।

### ट) वन व्यवस्थापन मार्फत वातावरण सेवा भुक्तानी

साँगुरीगढी गाउँपालिकाको उल्लेखनीय भू-भाग वन जङ्गलले ढाकेको हुनाले यस गाउँपालिकामा वनको वैज्ञानिक तथा दिगो वन व्यवस्थापन गरी वनमा आश्रित उपभोक्ता तथा समुदायलाई यसको उपयोग गर्ने तथा राज्यले कार्वन सञ्चितिकरण गरी श्रोत तथा वातावरण संरक्षणमा योगदान गरे वापत वातावरणीय सेवा भुक्तानीको प्रशस्त सम्भावना देखिन्छ । यसको अलावा गाउँपालिकामा जडिबुटीको सम्भावना रहेको हुँदा त्यसको विकास र विस्तार  गरी स्थानीयवासीको आर्थिक उपार्जन गर्न  सम्भावना देखिन्छ ।

## ३.४ समस्या सम्भावना (SWOT) विश्लेषण

योजना तर्जुमाको क्रममा कुनै पनि स्थान र संघ/संगठनको सवल पक्ष (Strength), कमजोर पक्ष (Weakness), अवसर (Opportunity) र चुनौतीहरुको (Threat) विश्लेषण गर्नको लागि SWOT विश्लेषण एक महत्वपूर्ण विधि/प्रविधि हो । सामान्यतया सवल र कमजोर पक्षहरु आन्तरिक कारणहरुसँग सम्बन्धित हुन्छन् भने अवसर र चुनौतीहरु बाह्य कारणहरुसँग सम्बन्धित हुने गर्दछन् । गाउँपालिकाको विद्यमान वस्तुस्थितिको विश्लेषण, स्थलगत सर्वेक्षण, विभिन्न सूचना सम्बाहकहरुसँगको अन्तरक्रिया र सरोकारवालहरुसँगको छलफलहरुबाट यस गाउँपालिकाको चुनौती र अवसरहरुलाई तलको SWOT तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका २१: साँगुरीगढी गाउँपालिकाको SWOT विश्लेषण*

| | **सवल पक्ष (Strength)** | **कमजोर पक्ष (Weakness)** |
|---|---|---|
| आन्तरिक कारणहरु | ▪ कोशी राजमार्गले चिरिएको<br>▪ तमोर कोरिडोर, मध्य चौबिसे राजमार्ग, रवि-राँके सडक निर्माणाधिन हुनु<br>▪ पर्यटन विकासको प्रचुर सम्भावना<br>▪ प्राकृतिक स्रोत साधन<br>▪ व्यवसायिक खेतीको लागि उपयुक्त हावापानी<br>▪ पशुपालनको सम्भावना<br>▪ प्रशस्त जलस्रोत<br>▪ धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा दृष्यावलोकनका लागि महत्वपूर्ण स्थल तथा पर्यटकका लागि रमणीय मार्गहरु<br>▪ अलैंची, कफी, फलफुल, पशुपालन र तरकारी खेतीको पकेट क्षेत्र विकास गर्न सकिने<br>▪ गाउँपालिकाको विद्यमान सडक सञ्जाल<br>▪ सहज वित्तीय सुविधा<br>▪ विविध नीति, ऐन, कार्यविधि, निर्देशिकाहरु निर्माण भएको | ▪ कृषिको राम्रो सम्भावनाका वावजुद अपेक्षाकृत लाभ लिन नसक्नु<br>▪ स्तरीय सडकको अभाव<br>▪ परम्परागत र निर्वाहमुखी कृषि प्रणाली<br>▪ अपेक्षित पर्यटन पूर्वाधार निर्माण नहुनु<br>▪ पर्यटकीय स्थलहरुको प्रचार प्रसार तथा प्रवर्द्धन अपुग हुनु<br>▪ योजनावद्ध विकासको लागि आवश्यक अध्ययन प्रतिवेदनहरुको अभाव<br>▪ विभिन्न क्षेत्रमा लगानी आकर्षित गर्न नसक्नु<br>▪ आन्तरिक रोजगारी सिर्जना गर्न नसक्नु<br>▪ ग्रामीण वस्तीहरुमा पूर्वाधारको पहुँचको कमी<br>▪ शिक्षा र स्वास्थ्य क्षेत्रमा अपेक्षित विकास नहुनु<br>▪ सीपयुक्त जनशक्तिको कमी<br>▪ आन्तरीक र बाह्य श्रोत र साधनको उचित व्यवस्थापन र परिचालनमा कमी |

| बाह्य कारणहरु | अवसरहरु (Opportunities) | चुनौतीहरु (Threats) |
|---|---|---|
| | ▪ कोशी राजमार्ग, रबि-राँके सडक, तमोर कोरिडोर, मध्य चौबिसे राजमार्गबाट कृषि तथा पर्यटन क्षेत्रमा अवसर लिन सकिने<br>▪ कृषिमा उन्नत प्रविधिको प्रयोग गरी व्यवसायिक कृषि गर्न सकिने<br>▪ पर्यटन क्षेत्रबाट रोजगार तथा आय गर्न सकिने<br>▪ पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्ने<br>▪ स्थानीय प्राकृतिक श्रोतहरुको समुचित प्रयोग गरी पालिकाको आन्तरिक आम्दानी बढाउन सकिने<br>▪ स्थानीय घरेलु तथा साना उद्योग स्थापना मार्फत रोजगारी<br>▪ प्राविधिक शिक्षालय स्थापना गरि शैक्षिक स्तरवृद्धि<br>▪ १५ शैयाको सुविधा सम्पन्न अस्पताल शिल्यान्यास भएको<br>▪ सूचना प्रविधिको प्रयोग द्वारा पारदर्शी, उत्तरदायी र प्रभावकारी सेवा प्रवाह गर्न सकिने | ▪ बाह्य स्रोतमा अत्यधिक निर्भरता<br>▪ कृषि क्षेत्रमा घट्दो संलग्नता<br>▪ आन्तरीक बसाईँसराइ तथा युवाहरु विदेश पलायन<br>▪ भौगोलिक अवस्थिति र छरिएर रहेका वस्तीहरु<br>▪ योजनावद्ध विकास<br>▪ बाह्य तथा आन्तरीक लगानीको वातावरण व्यवस्थित नहुनु<br>▪ सम्बन्धित निकाय, संस्था तथा नेपाल सरकारबाट अपेक्षाकृत पर्याप्त आर्थिक तथा प्राविधिक सहयोग नहुनु<br>▪ सम्बन्धित संस्थाहरु एकीकृत र समन्वयात्मक रुपले सञ्चालन नहुनु<br>▪ भवन संहिता र विकास तथा निर्माण मापदण्डहरुको पूर्ण कार्यान्वयन<br>▪ पहिरो, भू-क्षय र प्राकृतिक प्रकोपको न्यूनिकरण र रोकथाम<br>▪ सुशासन व्यवस्थापन<br>▪ पर्याप्त लगानिका लागि पूँजीको अभाव |

## ३.५ निर्देशक सिद्धान्त

साँगुरीगढी गाउँपालिकाको दीर्घकालीन सोचको आधारमा गाउँपालिकाको विकासको प्रतिवद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी र दीर्घकालीन सोच प्राप्ति तर्फ विकास प्रयासलाई डोऱ्याउने गरी विकासका सिद्वान्तहरु तय गरिएको छ । यस आवधिक योजनाले परिलक्षित गरेका लक्ष्य, उद्देश्यहरु प्राप्ति गर्नको लागि साँगुरीगढी गाउँपालिका विकासको निर्देशक सिद्धान्त निम्नानुसार रहने छन् ।

- जन-सहभागितात्मक विकास अभियान
- उपभोक्ता समूहहरुको सुदृढीकरण र विकास
- स्थानीय समुदायमा आधारित संगठनहरुको विकास तथा परिचालन
- स्थानीय गैरसरकारी संस्थाहरुको परिचालन र सुदृढीकरण
- निजी-सार्वजनिक साझेदारिमा आधारित विकास अभियान
- सरकारी तथा निजी साझेदारीमा विशेष जोड
- जनसवलीकरण, समावेशी विकास र लक्षित समूहलाई विशेष जोड
- सेवा र सुविधामा सबै वर्ग समुदायको समान पहुँच

- दलित, उपेक्षित तथा जनजाति उत्थान र विकास
- महिला सशक्तिकरण, सहभागिता र परिचालन
- मानवीय विकास
- प्राकृतिक श्रोतसाधन-को दिगो उपयोग
- वातावरण मैत्री विकास
- आर्थिक गतिविधिमा अभिवृद्धि
- समानुपातिक बजेट बाँडफाँड
- स्थानीय श्रोत, साधन र सीपको समुचित उपयोग
- रोजगारीको अवसरमा अभिवृद्धि तथा लक्षित वर्गलाई रोजगारीमा पहुँच
- गरिबी न्यूनीकरण

## ३.६ सोच, लक्ष्य र उद्देश्य

### ३.६.१ सोच

दीर्घकालीन सोचलाई गाउँपालिकाको दीर्घकालको आदर्शको रुपमा लिन सकिन्छ । दीर्घकालीन सोच भन्नाले वर्तमानको अवस्थाबाट निश्चित भविष्यमा पुग्न सकिने एक ईच्छित अवस्था हो । यसको लागि गाउँपालिकामा उपलब्ध स्रोत, साधन, सम्भाव्यतालाई सदुपयोग गर्दै गाउँपालिकाको मुख्य समस्या र चुनौतीलाई सामना गर्न तयार बनाउन सक्नु पर्दछ । दीर्घकालीन सोच एक आवधिक योजनामा मात्र प्राप्त गर्न सकिने सोच नभएतापनि आवधिक योजनाले यसलाई अगाडी बढाउन मद्दत गर्दछ ।

समग्र राष्ट्र र सम्बन्धित प्रदेशको दीर्घकालीन सोच तब मात्र पूरा हुन सक्दछ जब स्थानीय तहले त्यसका योजनाका उद्देश्य र लक्ष्यमा सहयोग पुऱ्याउँदछ । त्यसैले साँगुरीगढी गाउँपालिकाको योजना तर्जुमा गर्दा केन्द्रिय सरकारले तर्जुमा गरेको राष्ट्रिय दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीति आदिलाई पनि ध्यान दिईएको छ । त्यस्तै गरी कोशी प्रदेशको दीर्घकालीन सोच, अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीतिलाई पनि आधार मानिएको छ । त्यसैले गाउँ कार्यपालिकको सम्भावना तथा अग्रणी क्षेत्रको आधारमा दीर्घकालीन सोच तय गरिएको छ । आगामी १५-२० वर्षको अवधिको लागि साँगुरीगढी गाउँपालिकाको समग्र दिगो आर्थिक विकास र समृद्ध गाउँपालिका विकासको लागि दीर्घकालीन सोच निर्धारण गर्न गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, प्रमुख प्रशासकिय अधिकृत, विषयगत उप-समितिका सदस्यहरु लगायत सरोकारवालाहरु र परामर्शदाताका विज्ञ टोलीको उपस्थितिमा मिति २०७९ साल जेठ ४ मा छलफल कार्यक्रमको आयोजना गरी गाउँपालिकाको निम्न दीर्घकालीन सोच निर्धारण गरिएको थियो ।

**"कृषि, पर्यटन र पूर्वाधार, साँगुरीगढीको समृद्धिको आधार"**

साँगुरीगढी गाउँपालिकाको अधिकांश लगानी भौतिक र सामाजिक पूर्वाधार विकास तथा कृषिको विकास र रोजगार प्रवर्द्धनमा नै केन्द्रित भईरहेको छ । सडक तथा पुल निर्माण, विद्यालय तथा स्वास्थ्य चौकीहरुको भौतिक संरचना निर्माण र मर्मत सम्भार, गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षामा जोड दिई स्थानीयवासीको रोजगारी बढाउने लक्ष्य गाउँपालिकाले लिएको छ । त्यस्तै यो गाउँपालिका कृषि

उत्पादनमा अत्यन्तै सम्भावना रहेको छ । यहाँको अर्गानिक उत्पादनलाई धनकुटा, धरान, ईटहरी, विराटनगर जस्ता शहरहरुमा निकासी गरी ठूलै आर्थिक उपार्जन गर्न सकिन्छ । यहाँको हावापानी कृषिमा उद्यमशिलता र व्यवसायिकरण प्रमुख सम्भावना रहेको हुँदा कृषि क्षेत्रको विकासबाट गाउँपालिकाको पहिचान र सम्वृद्धिको आधार बन्न सक्दछ । यसको लागि व्यवसायिक कृषिलाई प्रवर्द्धन गरी उन्नत बीउ बिजन, मल, औजार तथा सामाग्रीहरुको व्यवस्था गर्न सकिन्छ । त्यस्तै गरी यस गाउँपालिका भित्र विभिन्न स्थानमा भएका पर्यटकीय क्षेत्रहरुको विकास गर्न सकिएमा पर्यटनबाट पनि रोजगारी वृद्धि गर्न सकिन्छ । गाउँपालिकामा पर्यापर्यटन, कृषि पर्यटन, होमस्टे, साहसिक पर्यटन आदिको प्रशस्त सम्भावना रहेको छ । सम्वृद्धिलाई डोऱ्याउने सबैभन्दा महत्वपूर्ण विषय भनेको पूर्वाधार नै हो । गाउँपालिकाका सबै वडा र टोलहरुसम्म बाह्रै महिना आवागमन हुन सञ्चालन सडक यातायातले गाउँपालिकाको विकासमा महत्वपूर्ण भूमिका खेल्ने हुँदा गाउँपालिकाको दीर्घकालीन सोचमा पूर्वाधार विकासलाई जोड दिएको छ ।

विपद् जोखिम नक्साङ्कन कार्य, विपद् व्यवस्थापन कार्ययोजना, सिंचाई पूर्वाधार, खानेपानी तथा सरसफाइ अन्तर्गत १ घर १ धारा तथा १ घर १ शौचालयको व्यवस्था गराउनु जरुरी छ । गाउँपालिकामा सुरक्षित भवन तथा आवास (एकीकृत वस्ती विकास योजना), पुल पुलेसा, आधुनिक सञ्चार (कम्प्युटर, इन्टरनेट, टेलिफोन, मोबाईल) सुविधा उपलब्ध गर्नुपर्ने छ । यी सबै कार्य गाउँपालिकामा उपलब्ध स्रोत साधनबाट मात्र सम्भव नहुने हुँदा गाउँपालिकाको विकासमा कसरी सार्वजनिक तथा निजी लगानीलाई आकर्षण गर्ने सोको लागि ठोस पहल गरी पूर्वाधार निर्माण गर्नुपर्ने अर्को चुनौतीको रुपमा रहेको छ । गाउँपालिकामा बसोवास गर्ने सामाजिक तथा आर्थिक रुपमा तुलनात्मक रुपमा पछि परेका जनजाति तथा अल्पसङ्ख्यक समुदायको समग्र विकासमा कसरी प्रभावकारी कार्यक्रम तथा योजनाहरु ल्याउन तथा गाउँपालिकाका महिला तथा आश्रित समूहलाई विकासको मूलप्रवाहमा राखी समग्र सामाजिक, साँस्कृतिक र आर्थिक विकास प्राप्तिमा केन्द्रित गर्न प्रतिवद्ध हुनु गाउँपालिकाको दीर्घकालीन सोच रहेको छ ।

#### ३.६.१.१ दीर्घकालीन सोचले समेटेका क्षेत्रहरु

दीर्घकालीन सोचले समेटेका क्षेत्रहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

*तालिका २२ : दीर्घकालीन सोचले समेटेका क्षेत्रहरु*

| **कृषि** | **पर्यटन** | **पूर्वाधार विकास** |
|---|---|---|
| ▪ व्यवसायिक कृषि तथा पशुपालन<br>▪ पकेट क्षेत्र विकास<br>▪ कृषि उपज सङ्कलन केन्द्र तथा शित भण्डार<br>▪ उच्च उत्पादकत्व<br>▪ सहज बजार पहुँच र उचित मूल्य<br>▪ कृषि सामाग्री, मल, बीउ बिजन, प्रविधि, तालिम र सहज ऋणको व्यवस्था | ▪ पर्यटन गुरुयोजना कार्यान्वयन<br>▪ पर्यापर्यटन<br>▪ पर्यटन पूर्वाधार विकास<br>▪ होमस्टे प्रवर्द्धन<br>▪ पर्यटकीय क्षेत्रको डिपिआर<br>▪ साहसिक पर्यटन सम्भाव्यता<br>▪ नीजि क्षेत्रलाई लगानीको लागि आकर्षित गर्ने<br>▪ तालिम र क्षमता अभिवृद्धि | ▪ सडक तथा यातायात<br>▪ शिक्षा तथा स्वास्थ्य पूर्वाधार विकास र स्तरोन्नति<br>▪ खानेपानी र सिंचाई पूर्वाधार विकास<br>▪ बसपार्क तथा हाटबजार पूर्वाधार निर्माण<br>▪ उर्जा तथा सञ्चार |

### ३.६.२ लक्ष्य

साँगुरीगढी गाउँपालिकाको समग्र विकासका लागि कृषिको आधुनिकरण गर्दै आर्थिक एवम् सामाजिक स्तरमा वृद्धि, वन, वातावरण एवम् दिगो पूर्वाधारहरुको विकास, स्वाबलम्बी एवम् आत्मनिर्भर नागरिक तयार गरी सभ्य, सुसंस्कृत, सुशासनयुक्त समाजको निर्माण गर्ने मुख्य लक्ष्य निर्धारण गरिएको छ। साथै यस योजनाका निम्न लक्ष्य रहेका छन् :

१. गाउँपालिकालाई कृषि र प्राकृतिक स्रोत साधन युक्त क्षेत्रको रुपमा विकास गर्ने।
२. गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुको विकास तथा प्रवर्द्धन गर्ने।
३. गाउँपालिकामा सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको विकास गर्ने।
४. गाउँपालिकाको विद्यमान स्रोत, साधन र सम्पदाको प्रयोग गरी समृद्ध बनाउने।

### ३.६.३ उद्देश्य

गाउँपालिकाको सबै क्षेत्र र पक्षको यथार्थ वस्तुस्थिति विश्लेषण गरी दीर्घकालीन रुपमा गाउँपालिकालाई कस्तो स्थानीय तहको रुपमा विकास गर्ने र आगामी पाँच वर्षको गाउँपालिकाको विकास योजना तर्जुमा गर्ने मूल उद्देश्य रहेको यस आवधिक योजनाको अन्य विशिष्ट उद्देश्यहरु निम्न प्रकार रहेका छन्:

१. व्यवसायिक कृषि, पशुपालन र स्थानीय उद्योग व्यवसायद्वारा रोजगारी र आयमा वृद्धि गर्ने।
२. पर्यटकीय क्षेत्र प्रवर्द्धन तथा गुरुयोजना वा डिपिआर तयार गरी पर्यटन पूर्वाधार निर्माण गर्ने।
३. आधारभूत स्वास्थ्य र सरसफाइ तथा गुणस्तरीय शिक्षाका माध्यमबाट समावेशी विकास गर्ने।
४. गाउँपालिकालाई आर्थिक तथा सामाजिक विकास तर्फ अग्रसर गराउने।
५. वातावरण मैत्री दिगो भौतिक पूर्वाधारहरुको विकास गर्ने।
६. प्राकृतिक स्रोत र साधनहरुको दिगो उपयोग गर्ने।
७. संस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह गर्ने।
८. समावेशीकरण तथा लैङ्गिक समानता सुनिश्चित गर्ने।
९. दीर्घकालीन सोच निर्धारण गरी योजना तथा कार्यक्रमहरुको खाका तयार तयार गर्ने तथा प्राथमिकताको आधारमा लागत योजना तयार पार्ने। कार्यक्रम कार्यान्वयन योजना तर्जुमा गरी गाउँपालिकाको विकास प्रयासलाई आगामी ५ वर्षमा कुन दिशातर्फ डोऱ्याउने भन्ने निर्धारण गर्ने।
१०.गाउँपालिकाको आवधिक योजना, क्षेत्रगत, रणनीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि मार्गनिर्देशक सिद्धान्तहरु निर्धारण गर्ने।
११. प्राप्त तथा प्रादेशिक योजना तर्जुमाको लागि सहयोग पुऱ्याउने।

## ३.७ परिणात्मक लक्ष्य

गाउँपालिकाको पञ्चवर्षीय आवधिक विकास योजनाका मुख्य आर्थिक, सामाजिक र भौतिक परिमाणात्मक लक्ष्यहरु निम्न बमोजिम रहेका छन्।

## क) पूर्वाधारको विकास तथा विस्तार

साँगुरीगढी गाउँपालिकाको समग्र विकास गर्न आवश्यक पूर्वाधारहरुको योजनावद्ध विकास र विस्तार गर्नुपर्ने देखिन्छ । पूर्वाधारको विकास गर्दा उपलब्ध स्रोत र साधनलाई उच्चतम प्रयोग गर्नुपर्ने र स्थानीय स्रोत साधनको प्रभावकारी रुपमा परिचालन गर्नुपर्ने देखिन्छ । उपलब्ध स्रोत साधनको समुचित प्रयोग गर्दै भू-उपयोगको अवधारणालाई सफलतापूर्वक कार्यान्वयन गरी आवधिक योजनाले पहिचान गरेका पूर्वाधारहरुको क्रमश विकास गर्न सकेको खण्डमा भविष्यमा यस गाउँपालिकाको व्यवस्थित र योजनावद्ध विकासको सपनालाई साकार पार्न सकिन्छ ।

## ख) सहभागितात्मक कार्य पद्धति

दिगो विकास गर्नको लागि जनसहभागिता अपरिहार्य विषय हो । यसले जनतालाई विकास प्रति उत्तरदायी बनाउँदै विकासमा सबैको पहुँच र प्रतिफलमा सबैलाई समान अवसर दिने गर्दछ । यसले एकातिर विकास योजनाहरु दिगो र टिकाउ रुपमा सञ्चालन हुन सहयोग पुर्‍याउँछ भने अर्कोतिर मानिसहरुलाई कार्यक्रम दिगो पार्न समेत हौसला प्रदान गर्दछ । त्यसकारण “विकास जनताका लागी” भन्ने राष्ट्रिय सन्देशलाई मुर्तरुप दिन तथा सु-शासनको प्रत्याभूति आम नागरिकमा गराउने अभिप्रायले सुशासनको एक प्रमुख खम्बाको रुपमा रहेको जनताको अपनत्व (Ownership) विकास गर्न हरेक विकास निर्माण कार्यका अवधारणा तयारी तथा कार्यान्वयन समेतमा जनताको सक्रिय तथा सार्थक किसिमले सहभागिता हुनुपर्ने यथार्थलाई मनन गरी सहभागितात्मक कार्य पद्धतिको पालना गर्नुपर्ने देखिन्छ । यसबाट लागत योजनामा समेत जनसहभागिता जुट्ने हुँदा कार्यक्रम कार्यान्वयनमा समेत सहज हुन सक्छ ।

## ग) सु-शासनद्वारा सेवा प्रवाहमा सुधार

विकासको प्रतिफल प्रत्येक जनतालाई समानुपातिक तथा प्रजातान्त्रिक हिसाबले प्राप्त गर्ने वातावरण तयारीको लागि जनतालाई गरिने सेवा प्रवाहमा सु-शासन कार्य गर्नु गराउनु राज्यको दायित्व हो । राज्यको स्थानीय नेतृत्व समेतको भूमिका निर्वाह गरेको गाउँपालिकाले सेवा प्रवाहमा सुधार गरी जनतालाई सु-शासनको प्रत्याभूति गराउनु परेको छ । यसको लागि गाउँपालिकाले आफ्नो प्रशासनलाई सवलीकरण गरी सबै जनतालाई सेवा प्रवाह गर्नमा समेत ध्यान दिनुपर्दछ । सेवा सुविधा चुस्त र दुरुस्त बनाउनको लागि यस योजनाले प्रस्ताव गरेको संस्थागत विकास योजनालाई समेत ध्यान दिनुपर्ने देखिन्छ ।

## घ) महिला सशक्तिकरण र लैंङ्गिक समानता

एक्काईसौ शताब्दीमा महिलाहरुलाई विकासको मुल प्रवाहमा ल्याउनुपर्छ भन्ने विश्वव्यापी अवधारणा तथा महिला प्रतिको विभेद अन्त्य गर्ने लक्ष्य सहित पूर्वाधार विकास निर्माणमा योजना तथा कार्यान्वयनमा समेत महिला सशक्तिकरण र लैंङ्गिक समानताको पक्षलाई प्रयोग गर्नुपर्दछ । यस किसिमको अवधारणालाई व्यवहारमा ल्याई मूर्तरुप समेत दिनुपर्ने देखिन्छ । यसको लागि महिला वर्गको लक्षित कार्यक्रमहरुलाई गाउँपालिकाले प्राथमिकताका साथ अवलम्बन गर्नुपर्ने देखिन्छ । योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा महिलाहरुलाई सक्रिय सहभागिता गराउन सकेमा महिला सशक्तिकरण हुने छ ।

### ङ) दलित र जनजातिको हित प्रवर्द्धन

समाजबाट बञ्चित भएको कारणले समाजमा अझै पनि उत्पीडित, दलित, आदिवासी र जनजातिहरुले जीवन यापनमा कठिनाई भोग्नुपर्ने बाध्यतात्मक परिस्थिति बनेको छ । पन्ध्रौं योजनाको भावना र मर्म अनुरुप अब हुने हरेक विकास निर्माणका कार्यक्रममा दलित र जनजातिको हित र प्रवर्द्धनमा प्रत्यक्ष सहयोग पुऱ्याउन जोड दिइएको छ । गाउँपालिका विकासका हरेक क्रियाकलापहरु यो उद्देश्य प्राप्ति प्रति लक्षित हुनुपर्दछ । आवधिक योजनाले अघि सारेको लक्ष्य तथा उद्देश्य परिपूर्ति हुनको लागि लक्षित वर्ग, दलित समुदाय, उत्पीडित समूहलाई केन्द्रित गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस आवधिक योजनाले पनि सोही सिद्वान्तलाई आत्मसाथ गर्दै उत्पीडित, दलित, जनजातिको उत्थानको लागि विभिन्न कार्यक्रमहरु समावेश गरेको छ ।

### च) सामाजिक परिचालन र सहकारीताको विकास

समाजको सर्वपक्षीय विकासको लागि नागरिकको आर्थिक तथा सामाजिक क्षेत्रको समेत विकास हुनुपर्ने र यसका लागि सामाजिक परिचालन र विकास कार्यमा सहकारीताको स्पष्ट अवधारणा अपनाई कार्य गर्नुपर्ने देखिन्छ । यसको लागि समाजका हरेक वर्ग र समुदायलाई परिचालन गरी विकास कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउन सकिन्छ । त्यसकारण सामाजिक परिचालन र सहकारीताको योजना निर्माणमा महत्वपूर्ण स्थान रहेको हुन्छ । योजना तर्जुमा देखि कार्यान्वयनको तहसम्म सामाजिक परिचालनको अवस्था उल्लेखनीय रुपमा हुनेछ भन्ने अनुमान यस योजनाले गरेको छ ।

### छ) स्थानीय निकायको क्षमता अभिवृद्धि

संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय निकायलाई बढी सक्षम बनाउने र विकासको प्रतिफल आम जनतालाई प्रदान गर्ने हिसाबले विभिन्न विषयगत तालिमहरु प्रदान गर्ने, अनलाईन सफ्टवेयर तालिम, आन्तरिक आय वृद्धि गरी विकास कार्यक्रममा खर्च गर्न सकिएमा स्थानीय निकायको क्षमता अभिवृद्धि हुने निश्चित छ ।

### ज) प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीको संस्थागत विकास

योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन सहभागितामूलक अनुगमन र मूल्याङ्कन प्रणालीको विशिष्ट योगदान रहन्छ । विकास निर्माण जस्ता कार्यको कार्यान्वयनमा गाउँपालिकाको मात्र अनुगमन पर्याप्त नहुने भएकोले सरोकारवालाहरु समेतको सहभागितामा अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गर्नुपर्दछ । यसको लागि समुदायका हरेक वर्गबाट र संस्थाहरुबाट प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसो हुन सकेमा कार्य योजनाहरुले स्थायित्व पाउनुका साथै प्रभावकारी रुपमा यसको प्रभाव समुदायमा पर्ने गर्दछ । आवधिक योजना कार्यान्वयनमा मूल्याङ्कनको लागि गाउँपालिका, जिसस, सरकारी कार्यालय लगायत अन्य सम्बन्धित लाइन एजेन्सीहरुको भूमिका महत्वपूर्ण हुने छ ।

## झ) धार्मिक, ऐतिहासिक र विविध साँस्कृतिक सम्पदाहरुको संरक्षण र विकास

साँगुरीगढी गाउँपालिकामा अधिकांश किराँत जातिको बसोबास रहेको छ । राई, लिम्बु, मगर, याक्खाका साथै क्षेत्री, तामाङ, कामी, याम्फु, ब्राम्हण (पहाडी), सार्की, दमाई/ढोली, नेवार, तथा घर्ती/भुजेल, कथवनियान, गुरुङ, थारु, आदि जस्ता आदिवासी, जनजाति र पिछडिएका वर्गहरुको बसोबास रहेकोले उनीहरुको कला, संस्कृति, धर्म लगायत गाउँपालिकामा भएका धार्मिक, पुरातात्विक, ऐतिहासिक तथा विविध साँस्कृतिक सम्पदाहरुको संरक्षण र विकास गर्नु जरुरी छ । कुनै पनि योजनाले त्यस क्षेत्रको धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण गर्नुमा जोड दिनुपर्ने हुन्छ । यस आवधिक योजनाको माध्यमबाट साँगुरीगढी गाउँपालिका क्षेत्रभित्र रहेका धार्मिक, पुरातात्विक, ऐतिहासिक तथा विविध साँस्कृतिक सम्पदाहरुको संरक्षण र सम्बर्द्धनमा जोड दिइएको छ । समग्र दीर्घकालीन सोचको आधारमा गाउँपालिकाको विकासको प्रतिवद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी र दीर्घकालीन सोच प्राप्ति तर्फ विकास प्रयासलाई डोर्‍याउने गरी विकासका सिद्वान्तहरु तय भएका छन् । ती हुन् :

- जन सहभागितात्मक विकास अभियान
- उपभोक्ता समूहहरुको सुदृढीकरण
- स्थानीय समुदायमा आधारित संगठनहरुको विकास तथा परिचालन
- स्थानीय गैरसरकारी संस्थाहरुको परिचालन
- निजी क्षेत्रको परिचालन
- सरकारी तथा निजी साझेदारीमा विशेष जोड
- जनसवलीकरण एवम् समावेशी विकास
- सेवा र सुविधा माथि सबैको समान पहुँच
- दलित, उपेक्षित तथा जनजाति उत्थान
- मानवीय विकास
- प्राकृतिक श्रोतको दिगो उपयोग
- वातावरण मैत्री विकास
- आर्थिक गतिविधिमा अभिवृद्धि
- समानुपातिक बजेट बाँडफाँड
- स्थानीय श्रोत, साधन र सीपको उपयोग
- रोजगारीको अवसरमा अभिवृद्धि
- गरिबी न्यूनीकरण

यस आवधिक योजनाले निर्दिष्ट गरेका परिणात्मक लक्ष्यहरु तलको तालिकामा प्रस्तुत गरिएको छः

*तालिका २३ : परिणात्मक लक्ष्यहरु*

| क्र. स. | सूचकहरु | इकाई | हालको अवस्था | पाँच वर्षे लक्ष्य |
|---|---|---|---|---|
| **सडक तथा यातायात पूर्वाधार** | | | | |
| १ | कच्ची, ग्राभेल र पक्की सडक पहुँच भएका परिवार | प्रतिशत | | १०० |
| २ | पक्की सडक (कालोपत्रे) | कि.मि. | | २२५ |

| *तालिका २३ : परिणात्मक लक्ष्यहरु* | | | | |
|---|---|---|---|---|
| **क्र. स.** | **सूचकहरु** | **इकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य** |
| ३ | ग्राभेल सडक | कि.मि. | | १०० |
| ४ | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | | ९० |
| ५ | नयाँ पक्की पुल निर्माण | सङ्ख्या | | ७ |
| ६ | नयाँ झोलुङ्गे पुल निर्माण | सङ्ख्या | | १० |
| ७ | बहुउद्देशिय पार्किङ स्थल | सङ्ख्या | | १ |
| ८ | सडक यातायात गुरुयोजना अद्यावधिक | सङ्ख्या | | १ |
| ९ | बस स्ट्याण्ड | सङ्ख्या | | ५ |
| **विद्युत, सञ्चार, सिंचाई, खानेपानी तथा सरसफाइ** | | | | |
| १ | केन्द्रिय विद्युत प्रशारण लाईनमा पहुँच भएका परिवार | प्रतिशत | ९६.७४ | १०० |
| २ | सोलार लाईटमा पहुँच भएका परिवार | प्रतिशत | २ | २५ |
| ३ | सिंचित कृषि भुमि | हेक्टर | २,८५६ | ६,५०० |
| ४ | सिंचाई, खानेपानी तथा सरसफाइ गुरुयोजना | सङ्ख्या | | १ |
| ५ | आधारभुत खानेपानी पहुँच भएका परिवार | प्रतिशत | ९५.६८ | १०० |
| ६ | पाईप मार्फत घर भित्रै खानेपानी पुगेको घरपरिवार | प्रतिशत | ६४.८९ | ९५ |
| ७ | शौचालय प्रयोग गर्ने परिवार | प्रतिशत | ९८ | १०० |
| ८ | फ्लस शौचालय भएको घर परिवार | प्रतिशत | ६१.४२ | ८१ |
| ९ | ढल सञ्जालमा जोडिएको घरधुरी | प्रतिशत | | बजार क्षेत्रको २५ प्रतिशत |
| **भवन, सार्वजनिक सेवामा पहुँच तथा पूर्वाधार** | | | | |
| १ | सामुदायिक भवनहरुको सङ्ख्या | सङ्ख्या | | २५ |
| २ | आफ्नै स्वामित्वको आवास भएका घरधुरीहरु | प्रतिशत | ९५.८८ | ९८ |
| ३ | महिला स्वामित्वमा घर तथा जग्गा दुबैमा | प्रतिशत | ३.६ | १० |
| ४ | सुरक्षित (भवन संहिताको मापदण्ड बमोजिम निर्मित) आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | | ९० |
| ५ | स्मार्ट मोबाईल प्रयोगकर्ता | प्रतिशत | ७८.२२ | ९० |
| ६ | साधारण मोबाईल प्रयोगकर्ता | प्रतिशत | ८१ | ८८.५ |
| ७ | ईन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ६४.४० | ९० |
| ८ | बैंक तथा बजार केन्द्रमा पुग्न लाग्ने औसत समय | मिनेट | | ३० |
| ९ | बैंकिङ तथा वित्तीय सेवामा खाता हुने परिवार | प्रतिशत | | ७५ |
| **आर्थिक विकास तथा पर्यटन** | | | | |
| १ | बेरोजगारी दर | प्रतिशत | | १४ |
| २ | प्रतिदिन १.२५ अमेरिकी डलर भन्दा कम आम्दानी हुने परिवार | प्रतिशत | | १० |
| ३ | आर्थिक रुपले सक्रिय जनशक्ति | प्रतिशत | ६४.४१ | ६७.५ |
| ४ | व्यवसायिक कृषक | सङ्ख्या | | २५० |
| ५ | साना उद्योग, मिलहरु | सङ्ख्या | | ७८ |
| ६ | कृषिमा आधारित उद्योगहरु | सङ्ख्या | | ५५ |
| ७ | कोल्ड स्टोर तथा चिस्यान केन्द्र | सङ्ख्या | | ५ |

| *तालिका २३ : परिणात्मक लक्ष्यहरु* | | | | |
|---|---|---|---|---|
| **क्र. स.** | **सूचकहरु** | **इकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य** |
| ८ | व्यवसायिक तथा शीपमुलक तालिम लिने जनसङ्ख्या | सङ्ख्या | | ३०० |
| ९ | उद्योगग्राम | सङ्ख्या | ० | १ |
| १० | वार्षिक पर्यटक आवागमन | सङ्ख्या | | ९००००० |
| ११ | आवासीय सुविधा रहेका होटलहरु | सङ्ख्या | | १५० |
| १२ | व्यवस्थित होमस्टे सञ्चालन | सङ्ख्या | | १८ |
| **शिक्षा तथा साक्षरता** | | | | |
| १ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ८०.८० | ८७ |
| २ | महिला साक्षारता दर | प्रतिशत | ७५.३२ | ८० |
| ३ | आधारभूत तहमा खुद भर्ना दर | प्रतिशत | | ८४ |
| ४ | माध्यमिक (९-१२) तह खुद भर्ना दर | प्रतिशत | | ५४ |
| ५ | आधारभूत तहमा सिकाई उपलब्धी | प्रतिशत | | ९० |
| ६ | आधरभूत तहको उत्तीर्ण दर | प्रतिशत | | ९५ |
| ७ | आधारभूत विद्यालयको पहुँच (३० मिनेट भित्र) | प्रतिशत | | ९० |
| ८ | माध्यामिक शिक्षालयको पहुँच (१ घण्टा भित्र) | प्रतिशत | | ८५ |
| **स्वास्थ्य सेवा तथा सुविधा** | | | | |
| १ | १५ शैयाको अस्पताल | सङ्ख्या | उद्घाटन भएको | सञ्चालन तथा व्यवस्थापन |
| २ | पूर्ण खोप लिने बालबालिका | प्रतिशत | ७९.१ | ९६.५ |
| ३ | कम तौल भएका नवजात शिशु | प्रतिशत | २.५ | १.५ |
| ४ | १ घण्टा भित्र स्वास्थ्य सेवाको पहुँच पुग्ने परिवार | प्रतिशत | | ९० |
| ५ | स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | | ९० |
| **विपद् व्यवस्थापन** | | | | |
| १ | प्रकोपबाट सुरक्षित भएका घरपरिवार | प्रतिशत | | ५० |
| २ | विपद् व्यवस्थापन कार्ययोजना निर्माण | अवस्था | नभएको | निर्माण भएको |
| ३ | विपद् जोखिम नक्साङ्कन कार्य | अवस्था | नभएको | तयार भएको |
| ४ | विपद् व्यवस्थापन सामग्री | अवस्था | सबै वडामा नपुगेको | सबै वडामा पुगेको |
| ५ | एकीकृत वस्ती विकास योजना (वस्ती स्थानान्तरण) | अवस्था | नभएको | निर्माण भएको |
| ६ | जनचेतना कार्यक्रम | सङ्ख्या | | १२ |
| ७ | विपद् व्यवस्थापन कोष | अवस्था | | स्थापना |
| ८ | प्रकोप जोखिम व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | १०० |
| **सुशासन तथा सेवा पहुँच** | | | | |
| १ | गाउँपालिकामा जनशक्ति व्यवस्थापन | अवस्था | कमी | पूर्ण भएको |
| २ | तालिम प्राप्त जनशक्ति | सङ्ख्या | - | ५० |
| ३ | वडामा विद्युतीय कारोबार | अवस्था | सहज नभएको | सहज भएको |
| ४ | वेरुजु नियन्त्रण | अवस्था | - | नियन्त्रण हुने |
| ५ | गाउँपालिकाको सेवा प्रवाहको एप निर्माण | अवस्था | नभएको | एपको प्रयोग |

| तालिका २३ : परिणात्मक लक्ष्यहरु | | | | |
|---|---|---|---|---|
| **क्र. स.** | **सूचकहरु** | **इकाई** | **हालको अवस्था** | **पाँच वर्षे लक्ष्य** |
| ६ | टोल फ्रि नम्बरको व्यवस्था | अवस्था | नभएको | व्यवस्था भएको |
| ७ | सूचना पाटीको व्यवस्था | अवस्था | नभएको | व्यवस्था भएको |
| ८ | भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलता | अवस्था | नभएको | भएको |
| ९ | ठूला आयोजनाहरुको सार्वजनिक सुनुवाई र सामाजिक लेखा परीक्षण | अवस्था | नभएको | वार्षिक रुपमा |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८, साँगुरीगढी गाउँ कार्यपालिका, पन्धौं योजनाको आधार पत्र (राष्ट्रिय योजना आयोग), नेपाल जनसाङ्खिकीय तथा स्वास्थ्य सर्भेक्षण २०७८, आर्थिक सर्वेक्षण २०७९-८०, दिगो विकासका लक्ष्यहरुः प्रदेशको अवस्था तथा मार्गचित्र २०१९-२०३० (प्रदेश नीति तथा योजना आयोग)*

## ३.८ रणनीति तथा प्राथमिकता

यस आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्नेको लागि निम्न बमोजिमका रणनीति र कार्यनीतिहरु प्रस्ताव गरिएको छः

### विकास रणनीतिहरु

- प्राकृतिक श्रोतमा आधारित आर्थिक उत्पादनका अवसरहरुको अत्यधिक उपयोग गर्ने ।
- आकर्षक पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धनका साथै उद्यम, व्यापार तथा व्यवसायको विकास गर्ने ।
- सामाजिक विकासका सूचकहरुमा सुधार गर्ने ।
- सामाजिक सुरक्षा तथा समावेशीतालाई सुनिश्चित गर्ने ।
- यातायात, जलश्रोत, सञ्चार तथा वस्ती विकास लगायत पूर्वाधार विकास गर्ने ।
- वन, वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद् जोखिम न्यूनिकरणबाट विकास र वातावरण बीच सन्तुलन कायम गर्ने ।
- विकास कार्यको प्रभावकारिता र सेवा प्रवाह सदृढ गरी सुशासन अभिवृद्धि गर्ने ।
- मानवपूँजी निर्माण र सशक्तिकरण गर्न गाउँपालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने ।
- गरिबी न्यूनीकरण कार्यक्रममा लगानी वृद्धि गरी नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।
- गरीब, द्वन्दबाट प्रभावित र सिमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन निजी, संस्थागत र सामुदायिक विद्यालयहरुसँग सहकार्य गर्ने ।
- लक्षित समूहलाई लक्षित गरेका कार्यक्रमहरुमा गाउँपालिकाले अनुदान बढाउँदै जाने ।
- गाउँपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै जाने ।
- विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै गाउँपालिकाको दीर्घकालीन योजनामा समावेश गर्ने ।
- निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारीको सिद्धान्त अनुरुप विकास कार्य सञ्चालन गर्ने ।
- वातावरण संरक्षण सम्बन्धी प्रष्ट नीति ल्याउने ।

## प्राथमिकताका क्षेत्रहरु

गाउँपालिकाको विकासको लागि देहाय बमोजिमका प्राथमिकताका क्षेत्रहरु निर्धारण गरिएको छ;

### क) पूर्वाधारको विकास तथा विस्तार

गाउँ कार्यपाललिकाको समग्र विकास गर्न आवश्यक पूर्वाधारहरुको योजनावद्ध विकास र विस्तार गर्नुपर्ने देखिन्छ। पूर्वाधारको विकास गर्दा उपलब्ध सीमित स्रोत र साधनलाई उच्चतम प्रयोग गर्नुपर्ने र स्थानीय स्रोत साधनको प्रभावकारी रुपमा परिचालन गर्नुपर्ने देखिन्छ। उपलब्ध स्रोत साधनको समुचित प्रयोग गर्दै भू-उपयोगको अवधारणालाई सफलतापूर्वक कार्यान्वयन गरी आवधिक योजनाले पहिचान गरेका पूर्वाधारहरुको क्रमश बिकास गर्न सकेको खण्डमा भविष्यमा यस गाउँपालिकाको व्यवस्थित र योजनावद्ध विकासको सपनालाई साकार पार्न सकिन्छ।

### ख) सु-शासनद्वारा सेवा प्रवाहमा सुधार

विकासको प्रतिफल प्रत्येक जनतालाई समानुपातिक तथा प्रजातान्त्रिक हिसाबले प्राप्त गर्ने वातावरण तयारीको लागि जनतालाई गरिने सेवा प्रवाहमा सु-शासन कार्य गर्नु गराउनु राज्यको दायित्व हो। राज्यको स्थानीय नेतृत्व समेतको भूमिका निर्वाह गरेको गाउँपालिकाले सेवा प्रवाहमा सुधार गरी जनतालाई सु-शासनको प्रत्याभूति गराउनु परेको छ। यसको लागि गाउँपालिकाले आफ्नो प्रशासनलाई सवलीकरण गरी सबै जनतालाई सेवा प्रवाह गर्नमा समेत ध्यान दिनु पर्दछ। सेवा सुविधा चुस्त र दुरुस्त बनाउनको लागि यस योजनाले प्रस्ताव गरेको संस्थागत विकास योजनालाई समेत ध्यान दिनुपर्ने देखिन्छ।

### ग) समावेशी तथ लक्षित समूहको विकास

एक्काईसौ शताब्दीमा महिलाहरुलाई विकासको मुल प्रवाहमा ल्याउनुपर्छ भन्ने विश्वव्यापी अवधारणा तथा महिला प्रतिको विभेद् अन्त्य गर्न समेत गाउँपालिकाको लक्ष्यलाई शिरमा राखी पूर्वाधार विकास निर्माणमा योजना तथा कार्यान्वयनमा समेत महिला सशक्तिकरण र लैङ्गिक समानताको पक्षलाई बढी भन्दा बढी प्रयोग गर्नु पर्दछ। यस किसिमको अवधारणालाई व्यवहारमा ल्याई मूर्त रुप समेत दिनुपर्ने देखिन्छ। यसको लागि महिला वर्गको लक्षित कार्यक्रमहरुलाई गाउँपालिकाले प्राथमिकताका साथ अवलम्बन गर्नुपर्ने देखिन्छ। योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा महिलाहरुलाई सक्रिय सहभागिता गराउन सकेमा महिला सशक्तिकरण हुन पुग्दछ। सामाजबाट बञ्चित भएको कारणले समाजमा अझै पनि उत्पीडित, दलित, आदिवासी र जनजातिहरुले जीवन यापनमा कठिनाई भोग्नुपर्ने बाध्यतात्मक परिस्थिति बनेको छ। यस आवधिक योजनाले पनि सोही सिद्वान्तलाई आत्मसाथ गर्दै उत्पीडित, दलित, जनजातिको उत्थानको लागि विभिन्न कार्यक्रमहरु समावेश गरेको छ।

### घ) सामाजिक परिचालन र सहकारिताको विकास

समाजको सर्वपक्षीय विकासको लागि नागरिकको आर्थिक तथा सामाजिक क्षेत्रको समेत विकास हुनुपर्ने र यसका लागि सामाजिक परिचालन र विकास कार्यमा सहकारिताको स्पष्ट अवधारणा अपनाई कार्य गर्नुपर्ने देखिन्छ। यसको लागि समाजका हरेक वर्ग र समुदायलाई परिचालन गरी विकास कार्यलाई प्रभावकारी

रुपमा अगाडी बढाउन सकिन्छ । त्यसकारण सामाजिक परिचालन र सहकारिताको योजना निर्माणमा महत्वपूर्ण स्थान रहेको हुन्छ । योजना तर्जुमा देखि कार्यान्वयनको तहसम्म सामाजिक परिचालनको अवस्था उल्लेखनीय रुपमा वृद्धि हुनेछ ।

#### ङ) पर्यटन प्रवर्द्धन तथा धार्मिक, ऐतिहासिक र विविध साँस्कृतिक सम्पदाहरुको संरक्षण र विकास

गाउँपालिकामा पर्यटन विकासका साथै स्थानीय जातजाति र पिछडिएका वर्गहरुको बसोबास रहेकोले उनिहरुको कला, संस्कृति, धर्म लगायत गाउँपालिकामा भएका धार्मिक, पुरातात्विक, ऐतिहासिक तथा विविध साँस्कृतिक सम्पदाहरुको संरक्षण र विकास गर्नु जरुरी छ । कुनै पनि योजनाले त्यस क्षेत्रको धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण गर्नुमा जोड दिनुपर्ने हुन्छ । यस आवधिक योजनाले पर्यटन प्रवर्द्धन, ऐतिहासिक र साँस्कृतिक सम्पदाहरुको संरक्षण र विकासलाई समेत प्राथमिकतामा राखेको छ ।

#### च) कर्मचारी तथा पदाधिकारीको क्षमता अभिवृद्धि

संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय निकायलाई बढी सक्षम बनाउने र विकासको प्रतिफल आम जनतालाई प्रदान गर्ने हिसाबले विभिन्न विषयगत तालिमहरु प्रदान गर्ने, अनलाईन सफ्टवेयर तालिम, आन्तरिक आय वृद्धि गरी विकास कार्यक्रममा खर्च गर्न सकिएमा स्थानीय निकायको क्षमता अभिवृद्धि हुने निश्चित छ ।

#### ज) प्रभावकारी अनुगमन र मूल्याङ्कन

योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन सहभागितामूलक अनुगमन र मूल्याङ्कन प्रणालीको विशिष्ट योगदान रहन्छ । जनताको लागि गरिने विकास निर्माण जस्ता कार्यको कार्यान्वयनमा गाउँपालिकाको मात्र अनुगमन पर्याप्त नहुने भएकोले सरोकारवालाहरु समेतको सहभागितामा अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गर्नु पर्दछ । यसको लागि समुदायका हरेक वर्गबाट र संस्थाहरुबाट प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसो हुन सकेमा कार्य योजनाहरुले स्थायित्व पाउनुका साथै प्रभावकारी रुपमा यसको प्रभाव समुदायमा पर्ने गर्दछ । नियमित अनुगमन, योजनाहरुको कार्यान्वयन मूल्याङ्कनको लागि गाउँपालिका स्थित सरोकारवाला निकायहरुलाई परिचालन गरिनु पर्दछ ।

## ३.९ लगानी, स्रोत अनुमान र बाँडफाँड

### ३.९.१ आयको विश्लेषण र प्रक्षेपण

आन्तरिक आयको तुलनामा बाह्य आयको हिस्सा निकै बढी देखिन्छ । आर्थिक वर्ष २०७७/७८ मा आन्तरिक आयको हिस्सा १.३८ प्रतिशत रहेको छ भने बाह्य आयको हिस्सा ६७.२७ प्रतिशत रहेको छ भने राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम १५.३७ प्रतिशत रहेको देखिन्छ । आर्थिक वर्ष २०७९/८० मा भने आन्तरिक आयको हिस्सा २.२६ प्रतिशत, बाह्य आय ४३.७१ प्रतिशत र राजस्व बाँडफाँडबात प्राप्त हुने रकम १६.५७ प्रतिशत आँकलन गरिएको छ । तसर्थ साँगुरीगढी गाउँपालिकाले विशेष ध्यान दिएर आन्तरिक  आय बढाउने नयाँ नीति तथा कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

| तालिका २४ : साँगुरीगढी गाउँपालिकाको अन्तिम ३ आर्थिक वर्षको आयको अवस्था (हजारमा) | | | | |
|---|---|---|---|---|
| **सि. नं.** | **विवरण** | **आ.व. २०७७/७८ को यथार्थ (%)** | **आ.व. २०७८/७९ को यथार्थ (%)** | **आ.व. २०७९/८० को अनुमानित (%)** |
| १ | आन्तरिक श्रोत | १.३८ | १.६३ | २.२६ |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम | १५.३७ | १५.७७ | १६.५७ |
| ३ | बाह्य अनुदान | ६७.२७ | ६७.१७ | ४३.७१ |
| ४ | वित्तीय सम्पत्ति तथा दायित्व | १५.९९ | १५.४३ | ३७.४६ |
| | **जम्मा** | **१००.००** | **१००.००** | **१००.००** |
| स्रोत: साँगुरीगढी गाउँ कार्यपालिका, २०७९ | | | | |

गाउँपालिकाको राजस्वका सीमित स्रोतहरु भएकोले आफ्नो आन्तरिक आय बढाई संघ र प्रदेशको निर्भरता कम गर्न निकै चुनौतीपूर्ण छ । तर गाउँपालिकाले राजस्व अभिवृद्धि कार्ययोजना (Revenue ImProvement Action Plan) तर्जुमा, लगानी मैत्री वातावरण मार्फत बाहिरी लगानी आकर्षण, स्थानीय लघु तथा घरेलु उद्योग र व्यापार व्यवसायहरुको प्रवर्द्धन मार्फत आफ्नो राजस्व बढाउन सकिने सम्भावनाहरु देखिन्छ । नक्सा पास दस्तुर बजार क्षेत्र बाहेक अन्य क्षेत्रमा पनि अनिवार्य लागु गर्ने, व्यवसाय दर्ता लगायत अन्य सम्भावनाहरुको खोजी गरेर राजस्वको दायरा बढाउन सकिन्छ । गाउँपालिकामा लघु जलविद्युत, फलफुल, तरकारी, आलु, कफी, पशुपालनको प्रशस्त सम्भावना रहेकोले यी उत्पादनहरुको निर्यात र लघु तथा घरेलु उद्योगहरुको प्रवर्द्धन मार्फत आफ्नो आन्तरिक आय बढाउन सक्छ । वित्तीय सम्पत्ति तथा दायित्व अत्यन्तै बढी भएको कारण सो घटाउनु पर्ने देखिन्छ भने अन्य आयहरु सोही अनुसार बढ्ने देखिन्छ । गाउँपालिकाको बिगत ३ वर्षको आयको प्रवृतिलाई आधार मानी आगामी वर्षहरुमा न्यूनतम १० प्रतिशतको दरले वार्षिक आय वृद्धि हुने अनुमान गरिएको छ र सोही वृद्धिदरको आधारमा आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण गरिएको छ । तर आवधिक योजनाको कार्यान्वयनसँगै गाउँपालिकाको आयको वार्षिक वृद्धिदर बढ्न सक्छ । यस आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| तालिका २५ : साँगुरीगढी गाउँपालिकाको आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण (हजारमा) | | | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **आर्थिक वर्ष** | | | | |
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| आन्तरिक आय | १४५४५.०१ | १५९९९.५२ | १७५९९.४७ | १९३५९.४१ | २१२९५.३५ |
| बाह्य आय | १०६४५४.८४ | ११७१००.३३ | १२८८१०.३६ | १४१६९१.४ | १५५८६०.५४ |
| राजस्व बाँडफाँड | २८०८१९.२२ | ३०८९०१.१४ | ३३९७९१.२६ | ३७३७७०.३८ | ४१११४७.४२ |
| वित्तीय सम्पत्ति तथा दायित्व | २४०७०५.३२ | २६४७७५.८५ | २९१२५३.४४ | ३२०३७८.७८ | ३५२४१६.६६ |
| **कुल आय** | **६४२५२४.४** | **७०६७७६.८४** | **७७७४५४.५२** | **८५५१९९.९८** | **९४०७१९.९७** |

## ३.९.२ व्ययको विश्लेषण र प्रक्षेपण

गाउँपालिकाको वार्षिक व्यय करिब १० प्रतिशतको वृद्धिदर अनुसार आगामी ५ वर्षको व्ययको प्रक्षेपण गरिएको छ । तर आवधिक योजनाको कार्यान्वयन पश्चात वार्षिक व्यय क्षमता र दर बढ्न सक्ने छ । गाउँपालिकाको आगामी ५ आर्थिक वर्षको अनुमानित व्यय प्रक्षेपण तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका २६ : साँगुरीगढी गाउँपालिकाको आगामी ५ वर्षको व्ययको अनुमानित प्रक्षेपण (हजारमा)*

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| शसर्त खर्च | ५२३६४५.१ | ५७६००९.६१ | ६३३६१०.५७ | ६९६९७१.६३ | ७६६६६८.७९ |
| निशर्त खर्च | ११८८७९.३ | १३०७६७.२३ | १४३८४३.९५ | १५८२२८.३५ | १७४०५१.१८ |
| जम्मा खर्च | **६४२५२४.४** | **७०६७७६.८४** | **७७७४५४.५२** | **८५५१९९.९८** | **९४०७१९.९७** |

### ३.१.३ लगानी र स्रोत व्यवस्था

साँगुरीगढी गाउँपालिकाको आवधिक योजना कार्यान्वयन गर्नका लागि बहुपक्षीय स्रोतहरू परिचालन गरिने छ। यसका लागि विद्यमान स्रोतहरूको आङ्कलन र सम्भाव्य नयाँ स्रोतहरूको समेत पहिचान तथा उपयोग गरिने छ। आवधिक योजनामा यस गाउँपालिकाद्वारा निम्न बमोजिम विभिन्न वित्तीय स्रोतहरू परिचालन गरिने छ।

#### (क) वित्तीय हस्तान्तरण

१. प्रत्येक आर्थिक वर्ष यस गाउँपालिकाले नेपाल सरकारबाट समानीकरण अनुदान, सर्शत अनुदान, समपुरक अनुदान, विशेष अनुदान, अन्य अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्ने छ। संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानको रकम औषतमा वार्षिक १० प्रतिशतको दरले वृद्धि हुने प्रक्षेपण गरिएको छ।

२. नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान र समपूरक अनुदान आर्थिक वर्ष शुरु भए पछि परियोजना प्रस्तावको आधारमा प्राप्त अर्थ मन्त्रालयद्वारा निर्णय गरिने हुँदा प्रारम्भिक अनुमान सम्म मात्र गरिएको छ। साथै समपूरक अनुदान परियोजना लागतको अधिकतम ४० प्रतिशतसम्म प्राप्त गर्न सञ्चालन हुँदा गाउँपालिकाले परियोजना लागतको ६० प्रतिशत रकम स्वःलगानी गर्नुपर्ने हुन्छ।

३. प्रदेश सरकारबाट समेत गाउँपालिकाले समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान र समपूरक अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्दछ। प्रदेश सरकारको आ.व. २०७९/०८० का लागि उपलब्ध सीमालाई आधार मानी समानीकरण अनुदान तर्फ औषतमा १० प्रतिशत वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ।

४. वैदेशिक अनुदान तर्फ नेपाल सरकारले सम्झौता गरेर मात्र गाउँपालिकाले वैदेशिक सहायता प्राप्त गर्न सञ्चालन हुँदा गाउँपालिकाले प्राप्त अर्थ मन्त्रालयको संयोजनमा क्षेत्रगत आधारमा केही वैदेशिक अनुदान प्राप्त हुने अनुमान गरिएको छ।

५. वैदेशिक ऋणको हकमा अन्तर्राष्ट्रिय विकास सहायता नीति बमोजिम ऋण सहायताको रकम, व्याजदर, भुक्तानी सम्बन्धी शर्तहरू सहित स्थानीय तहसँगै सहायक ऋण सम्झौता गरेर मात्र गाउँपालिकालाई वैदेशिक ऋण उपलब्ध हुन सकिने प्रावधान रहेको छ। यस प्रावधान बमोजिमको वैदेशिक ऋण गाउँपालिकाको आवधिक योजनामा प्राप्त गर्ने अनुमान गरिएको छैन।

### (ख) गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुने अन्य रकमहरू

१. आन्तरिक राजस्व तर्फ हालको प्राप्तिलाई क्रमिक रुपमा वृद्धि गर्ने प्रक्षेपण गरिएको छ । यसका लागि सम्भाव्यताको आधारमा नयाँ स्रोत तथा दायरामा विस्तार गरिने छ । गाउँपालिकाको आन्तरिक राजस्व अन्तर्गत औषतमा १० प्रतिशतको वार्षिक वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

२. आवधिक योजना अवधिमा स्थानीय सञ्चित कोष अन्तर्गत विशेष आयोजना सञ्चालनका लागि प्राप्त हुन सञ्चालन अन्य रकमहरू अनुमानित रुपमा प्रक्षेपण गरिएको छ ।

३. आर्थिक वर्षको अन्तमा उपलब्ध रकम खर्च हुन नसकी बाँकी रहि नयाँ आर्थिक वर्षमा जिम्मेवारी सर्ने नगद मौज्दात रकम पनि उपयोग गर्न सकिने हुँदा नगद मौज्दात वार्षिक बजेटमा हुने वृद्धिको आधारमा प्रक्षेपण गरिएको छ ।

### (ग) गाउँपालिकाको सञ्चित कोष बाहिर संघ र प्रदेशबाट प्रत्यायोजन हुने रकमहरू

१. संघको वार्षिक कार्यक्रम तथा बजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, प्राप्त निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरूलाई आवधिक योजनाको परिधि भित्र समावेश गरिएको छ ।

२. प्रदेशको वार्षिक कार्यक्रम तथा बजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम लगायत प्रदेश निकायहरूबाट प्रत्यायोजन भई आउने क्षेत्रगत कार्यक्रमहरूलाई पनि आवधिक योजनाको परिधिभित्र समावेश गरिएको छ ।

## लगानीको आवश्यक्ता र स्रोत

साँगुरीगढी गाउँपालिकाको आवधिक योजना कार्यान्वयनका लागि आवश्यक खर्च जुटाउन संघ र प्रदेशको अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गरिने छ । यस गाउँपालिकाको आन्तरिक स्रोतहरू कम भएकोले संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण माथि बढी भन्दा बढी निर्भर रहनु पर्ने बाध्यता छ । यसै परिप्रेक्ष्यमा आ.व २०७७/७८ को तुलनामा आ.व २०७८/७९ संघबाट हस्तान्तरण हुने रकमहरूमा भएको वृद्धि लाई उत्साहवर्द्धक मान्न सकिन्छ । यद्यपि हाल सो रकम घटे पनि आगामी वर्ष देखि उत्साहजनक रुपमा वृद्धि हुने आशा गरिएको छ । यसै गरी आवधिक योजनाको आगामी वर्षहरूमा पनि संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा क्रमिक वृद्धि हुँदै जाने अनुमान गरिएको छ ।

## आन्तरिक स्रोत परिचालन

साँगुरीगढी गाउँपालिकाको आन्तरिक स्रोत परिचालन गर्न टोल सुधार समिति गठन गरी त्यस्ता संस्थाहरुको क्षमता विकास र तिनीहरुलाई विकासका कार्यक्रमहरुमा परिचालन गर्ने नीति लिईएको छ । सामाजिक परिचालनका लागि काम गर्ने सम्पूर्ण निकायहरुको सामाजिक परिचालनको बजेट एकै बास्केटमा राखी एक रुपता कायम गर्न पहल गरिने नीति लिइएको छ । गाउँपालिका क्षेत्रमा भएका सार्वजनिक सम्पत्ति र स्रोत पहिचान गरी उपयुक्त तवरले पहिचान, परिचालन र सदुपयोग गर्ने नीति लिइएको छ । गैर

सरकारी संस्थाहरुसँग समन्वय र सहकार्यलाई अघि बढाउन सामाजिक विकास शाखालाई प्रभावकारी एवम् व्यवस्थित बनाइने योजना रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त हुने कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको वातावरण बनाई स्थानीय बेरोजगारलाई लाभान्वित हुने वातावरण निर्माण गर्ने लक्ष्य समेत लिइएको छ ।

### अन्तर सरकारी स्रोत परिचालन

संविधान र कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहहरुले कार्य जिम्मेवारी पूरा गर्न आवश्यक स्रोत परिचालन सहितको अधिकारको प्रयोगका लागि वित्तीय प्राप्तता आवश्यक हुन्छ । नेपालको संविधानको धारा ५७ बमोजिम राज्यशक्तिको प्रयोग र अनुसूची ५, ६, ७, ८ र ९ बमोजिमका एकल र साझा अधिकार प्रदान गरी तीन तहलाई कार्य जिम्मेवारी तोकेको छ । घाटा बजेट प्रस्तुत गर्न पाउने भएकोले वित्त व्यवस्थापनका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था रहेको छ । पारदर्शी र न्यायपूर्ण वित्तीय हस्तान्तरण गर्दै वित्तीय प्राप्ततालाई संस्थागत गर्ने, सन्तुलित र समन्यायिक ढङ्गमा प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास गर्दै विकास र समृद्धिको आधार सिर्जना गर्ने गरी अन्तर सरकारी वित्त व्यवस्थापन गर्नमा योजना केन्द्रित छ ।

### जनहसभागिता परिचालन

बजेट तर्जुमा गर्दा योजना तथा कार्यक्रमको प्रकृति अनुसार एकल रुपमा गाउँपालिकाको तर्फबाट हुने आयोजनाहरुमा न्यूनतम २० प्रतिशत देखि अधिकतम ४० प्रतिशतसम्म रकम जनसहभागिताबाट उठ्ने र बाँकी गाउँपालिकाले व्यहोर्नु पर्ने गरी तर्जुमा गरिएको छ । विकास कार्यलाई समानुपातिक रुपमा वितरण गरी आम मानिसमा विकास प्रति अपनत्व प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यहरुमा जनताको लागत सहभागिता अपरिहार्य र अनिवार्य विषय भएको छ । विकास कार्यमा जनसहभागिताले विकासको प्रतिफलमा जनताहरुलाई उत्तरदायी बहन गर्न सिकाउँछ । यसले गर्दा जनताहरुलाई विकास योजनाहरु हाम्रो हो भन्ने भावनाको विकास भई विकास आयोजनाहरु दिगो र टिकाउ हुन सक्दछ । विशेषगरी सडक निर्माण तथा सुधार, ढल प्रणालीको निर्माण तथा मर्मत सुधार, खानेपानी प्रणालीको निर्माण र सुधार जस्ता विषयहरुमा जनताको तर्फबाट उपभोक्ता समिति गठन गरी लागत सहभागितालाई आत्मसाथ गर्ने वर्तमान पद्धतिलाई समेत दृष्टिगत गरी भविष्यमा निर्माण/सञ्चालन गर्न यी आयोजनाहरुमा जतनाको आर्थिक स्थिति र आय आर्यज क्षमतालाई विचार गरी लागत सहभागितालाई कार्यान्वयन गर्न सकिने देखिन्छ ।

यसका साथै आर्थिक विकासमा स्थानीय जनसमुदायको लागत सहभागितालाई बढावा दिने, स्वरोजगारका कार्यक्रमहरुलाई विस्तार र विकास गरी रोजगारीको अवसर सिर्जना गर्ने, पर्यटकीय क्षेत्रहरुलाई समुदायमा हस्तान्तरण गरी व्यवस्थापन समिति मार्फत सञ्चालन गर्ने, लघु उद्योग तथा बचत कार्यक्रमहरुमा जनताको रुचिलाई ध्यान दिई कार्यक्रमहरु सञ्चालन गर्ने, व्यवसायिक तरकारी खेती तथा नगदेबालीको लागि कृषकहरुलाई प्रोत्साहित गर्दै उनीहरुको आम्दानीको अवसर वृद्धि गर्ने जस्ता सहभागितामूलक कार्यक्रमहरु सञ्चालन गरी स्थानीयवासीहरुको सहभागितालाई बढाउन सकिने देखिन्छ । यस्तो किसिमको लागत सहभागिता कार्यक्रमहरुमा निजी क्षेत्र तथा अन्य संस्थाहरुलाई समेत सहभागी गराउँदै जानुपर्ने देखिन्छ ।

## नीजि क्षेत्रको स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने उल्लेख गरिएको छ । साँगुरीगढी गाउँपालिकाको सन्दर्भमा माथि उल्लेख भए अनुसार गाउँपालिकाको सडक निर्माण, केन्द्रिय प्रसारण लाइनको जडान कार्य, गाउँपालिकामा पाइने कृषि तथा वन जन्य उपजहरू, उपलब्ध विभिन्न प्रकारका जडिबुटी, पर्यटन व्यवसायका अवसरहरूलाई उपयोग गर्दै स्थानीय स्रोतको सदुपयोग गर्दै सम्भाव्य कृषि र पर्यटनमा आधारित घरेलु तथा साना उद्योग व्यवसायको विकास तथा विस्तार गरिने छ । लघु तथा घरेलु उद्योगहरूको स्थितिमा सुधार गरी निजी क्षेत्रबाट गाउँपालिकाको आर्थिक विकासमा सघाउन स्थानीय कच्चा पदार्थहरूमा आधारित बढी मूल्य अभिवृद्धि हुने उत्पादनशील उद्योगहरूको सम्भाव्यता अध्ययन गरी विस्तार गरिने छ । औद्योगिक प्रवर्द्धनका लागि आवश्यक सीप, पूँजी तथा उद्यमशीलताको विकास गरिने छ । स्थानीय कृषि तथा वन जन्य उपजहरूको संरक्षण गर्न शीत गृहको निर्माण गरिने छ । यसैगरी गाउँपालिकाद्वारा निजी क्षेत्र मैत्री कर नीति अनुसरण गरी विभिन्न सुविधाहरू प्रदान गरिने छ । पर्यटनलाई उद्योग व्यवसायको रुपमा निजी क्षेत्रको लगानी तथा अगुवाईमा विस्तार तथा विकास गरिने छ । यस गाउँपालिका क्षेत्रमा निजी क्षेत्रबाट लघु जलविद्युत आयोजनाहरू निर्माण तथा सञ्चालन गर्ने सम्भावनाहरू पनि रहेका छन् । गाउँपालिकामा उपभोग्य बस्तुहरूको आपूर्तिलाई सहज तुल्याउन एवम् स्थानीय उत्पादनको बजारीकरणमा सघाउन निजी क्षेत्रको लगानीमा वृद्धि गर्नमा सघाउ पुऱ्याइने छ ।

## सहकारी क्षेत्रको स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने भन्ने स्पष्ट उल्लेख गरिएको छ । साँगुरीगढी गाउँपालिकाको आर्थिक, सामाजिक विकासमा सहकारी क्षेत्रबाट उल्लेख्य योगदान पुग्न सञ्चालन सम्भावना देखिन्छ । यस गाउँपालिकामा दर्ता भएका सहकारी संस्थाहरू न्यून रहेका छन् र सञ्चालनमा रहेका सहकारी संस्थाहरूबाट आर्थिक विकासमा सहकारी क्षेत्रबाट खासै योगदान रहेको छैन । गाउँपालिकामा तत्कालिन जिल्ला कृषि विकास कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका कृषक सहकारी संस्थाहरुबाट समेत गाउँपालिकाको आर्थिक विकास खासै योगदान हुन सेकेको छैन । गाउँपालिकामा निर्माणाधिन सडक, केन्द्रिय प्रसारण लाइनको जडान कार्य, कृषि तथा वन जन्य उपजहरू, उपलब्ध विभिन्न प्रकारका जडिबुटी, पर्यटन व्यवसायका अवसरहरू र उपभोक्ता सहकारी पसलका सम्भावनाहरूलाई विचार गर्दा आगामी दिनहरूमा यस गाउँपालिकामा सहकारी क्षेत्रमा उद्यमशीलताको विकास भई आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## संघ संस्थाको स्रोत परिचालन

साँगुरीगढी गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा हाल विभिन्न गैर सरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू क्रियाशील छन् । स्थानीय तहमा कार्य गर्ने स्थानीय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको कार्यक्रम गाउँपालिकाको वार्षिक कार्यक्रममा उल्लेख हुनुपर्ने हुन्छ । यस अनुसार साँगुरीगढी

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि विभिन्न गैर सरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूबाट उल्लेख्य खर्च हुने अनुमान सहित कार्यक्रमहरू समाविष्ट गरिएको छ ।

## सार्वजनिक क्षेत्रबाट स्रोत परिचालन

साँगुरीगढी गाउँपालिकाको विद्यमान स्थितिमा निजी तथा सहकारी क्षेत्र कमजोर रहेकोले गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि पालिकाले प्राप्त गर्ने सार्वजनिक स्रोतहरूलाई बढी भन्दा बढी परिचालन गर्दै गाउँपालिकाको अगुवाईमा निजी र सहकारी क्षेत्रसँगको प्रवर्द्धनात्मक सहकार्यलाई प्रोत्साहित गरिनु पर्ने छ । गाउँपालिकाको वर्तमान सबै प्रकारका आन्तरिक आय न्यून रहेकोले संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण माथि बढी निर्भर रहनु पर्ने अवश्यक छ । तथापि आगामी दिनहरूमा अन्तर सरकारी वित्तीय हस्तान्तरण माथिको बढी निर्भरतालाई कम गर्न आन्तरिक राजस्वको अनुपातलाई क्रमिक रुपमा विस्तार गर्दे लाने तर्फ विशेष रुपमा पहल गरिनु पर्ने छ । सार्वजनिक स्रोत अन्तर्गत गाउँपालिकाको बजेट संरचना बाहिर संघ र प्रदेश तहबाट प्रत्यायोजित क्षेत्रगत कार्यक्रमको आधारमा उपलब्ध गराइने रकमहरूलाई पनि आवधिक योजनामा समेटिएको छ । तर, यस प्रकार संघ र प्रदेशद्वारा प्रत्यायोजित कार्यक्रमहरूको प्राथमिकीकरण र बजेट विनियोजनमा पालिकाको कुनै भूमिका नरहने हुँदा गाउँपालिकाको कार्यक्रमहरूसँग दोहोरोपन हुने र गाउँपालिकाको प्राथमिकीकरणमा नपरेका कार्यक्रमहरू प्रत्यायोजित हुन सञ्चालन सम्भावना रहन्छ ।

## स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु

गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धिको लागि प्राप्त तथा प्रादेशिक सरकार एवम् विकास साझेदारहरुबाट यस गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत गाउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थायीन स्रोत साधनलाई एकीकृत र समन्वित गरी स्थानीय स्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन नेपालको संविधान २०७२ को भाग १७ को धारा २१८ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले "स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि" तर्जुमा गरी आवधिक योजनाको लागि परिचालन हुने स्रोतहरुको बाँडफाँड र व्यवस्थापन गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

गाउँपालिकामा समृद्धि र सुखको आधार निर्माण गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको सहकार्य तथा परिपूरक भूमिका एवम् संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्यबाट अर्थतन्त्रमा उल्लेखनीय परिपूरकता ल्याउने गरी स्रोत अनुमान गरिएको छ । आवधिक योजनाले निर्धारण गरेका रुपान्तरणका सम्बाहकका क्षेत्रमा आवश्यक स्रोत-साधनको बाँडफाँट गरिएको छ । राष्ट्रिय रणनीति बमोजिम पहिचान गरिएका विषय क्षेत्रमा रणनीतिक हस्तक्षेप गरी लगानीको उच्चतम प्रतिफल हासिल हुने अपेक्षा गरिएको छ । निर्माणाधीन राष्ट्रिय स्तरका कार्यक्रम/आयोजना संघबाट, प्रदेश र स्थानीय स्तरका कार्यक्रम/आयोजना क्रमश: प्रदेश र स्थानीय तहबाट नै सम्पन्न गर्ने गरी स्रोत आँकलन तथा बाँडफाँड गरिएको छ ।

आवधिक योजनाले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि तथा वन, औद्योगिक पूर्वाधार निर्माण, प्रोत्साहन र सहजीकरण सहित औद्योगिक उत्पादन, विद्युत उत्पादन, प्रसारण

तथा वितरण, पूर्वाधार निर्माण जस्ता लगानीमा केन्द्रित गरिएको छ । निजी क्षेत्रको लगानी, रोजगारी सिर्जना, अर्थतन्त्रको औद्योगीकरण र आधुनिकीकरण, उर्जा उत्पादन, पर्यटन, व्यापार, यातायात र सञ्चार क्षेत्रमा लक्षित हुने अनुमान गरिएको छ । कृषि, उत्पादनमूलक क्षेत्र, साना तथा मझौला उद्योग र ग्रामीण तथा सामाजिक विकासमा निजी, सहकारी तथा सामुदायिक क्षेत्र परिचालित हुने विश्वास लिईएको छ । मानवपूँजी निर्माण र सोको उच्चतम उपयोगले उत्पादकत्व अभिवृद्धि, उच्च आयको आधार निर्माण र सुखको अनुभूति हुने अपेक्षा गरिएको छ । साथै, पर्यावरण संरक्षण, सभ्य र न्यायपूर्ण समाज निर्माण तथा सुशासन, लोकतन्त्र र राष्ट्रिय एकतालाई थप सुदृढ बनाउने गरी सार्वजनिक, निजी तथा सहकारी र सामुदायिक क्षेत्रको स्रोत परिचालनको अनुमान र सो को बाँडफाँट गरिएको छ ।

### ३.९.४ सार्वजनिक खर्च र राजस्व परिचालन नीति

सार्वजनिक खर्च र राजस्व परिचालन नीति बारे अलग अलग उप-शिर्षकमा निम्न बमोजिम व्याख्या गरिएको छ ।

#### सार्वजनिक खर्च नीति

उपलब्ध स्रोत र साधनको कुशल तथा प्रभावकारी उपयोग गरी समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्न सार्वजनिक खर्चको प्रभावकारी परिचालन आवश्यक हुन्छ । नागरिकका बढ्दो आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोत र साधनको सीमाभित्र रही सम्बोधन गर्नुपर्ने अवस्था छ । साथै संविधानले प्रत्याभूत गरेका मौलिक हक कार्यान्वयन गर्न बनेका कानुनले सिर्जना गरेका आर्थिक दायित्वहरुको व्यवस्थापन गर्नुपर्ने छ । प्राप्त प्रणाली अनुरुप सार्वजनिक खर्चको संरचना र खर्च गर्ने भूमिका एवम् जिम्मेवारीमा परिवर्तन भएकोले संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो खर्च जिम्मेवारी बमोजिम सार्वजनिक स्रोतको सन्तुलित र न्यायोचित विनियोजन गरी कार्यान्वयन गर्नुपर्ने छ । समग्र सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउन तीन तहमा सार्वजनिक खर्चको उपयोग गर्ने क्षमता अभिवृद्धि गर्नु अपरिहार्य हुन्छ ।

#### राजस्व नीति

नेपालको संविधानमा उल्लेख भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयन गर्न, मुलुकको विकास र समृद्धिको लागि सार्वजनिक खर्चको बढ्दो आवश्यकता पूरा गर्न र वैदेशिक सहायता माथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालनमा वृद्धि गर्न आवश्यक छ । विगतका वर्षहरुमा राजस्वको औसत वृद्धिदर कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वृद्धि भइरहेको छ । प्राप्त प्रणाली अनुरुप सार्वजनिक वित्त संरचना सुदृढ गरी लगानी, व्यवसाय र करदातामैत्री कर प्रशासन मार्फत उत्पादन वृद्धिलाई सहयोग पुऱ्याउँदै अधिकतम राजस्व परिचालनतर्फ यो योजना निर्देशित छ ।

#### नीजि क्षेत्रको स्रोत परिचालन नीति

निजी क्षेत्रले गाउँपालिकाको समग्र विकास प्रकृयामा अहम् भूमिका निर्वाह गर्दछन् । नेपालको संविधानले अङ्गिकार गरेका नीति तथा कानुनी व्यवस्थाले निर्दिष्ट गरे बमोजिम निजी क्षेत्रले गाउँपालिकामा आफ्नो भूमिका निर्वाह गर्ने छ । गाउँपालिकाको विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा

उद्देश्य हासिल गर्न गाउँपालिकामा लगानीमैत्री वातावरण अभिवृद्धि गरी स्थानीय तहको आर्थिक-सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने निजी क्षेत्रको भूमिका हुने छ । निजी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप जोखिमको न्यायोचित बाँडफाँट गरी विकास निर्माण कार्य सञ्चालन गर्ने छ । कृषि, उद्योग, निर्माण र सेवा क्षेत्रमा निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गरी दिगो विकासका लक्ष्य हासिल गरिने छ ।

निजी क्षेत्रले गाउँपालिकामा गुणस्तरीय बस्तु तथा सेवा उत्पादन, सहज र सुलभ आपूर्ति व्यवस्थापन, गुणस्तरीय पूर्वाधार निर्माण, आयात व्यवस्थापन, निर्यात प्रवर्द्धन तथा उत्पादनशिल र मर्यादित रोजगारी सिर्जना गर्नमा सहयोग गर्नेछ । यस क्षेत्रले संस्थागत सुशासन, सुमधुर औधोगिक सम्बन्ध, बालश्रम निवारण, सामाजिक सुरक्षा तथा संरक्षणमा सहभागिता एवम् संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्दै यस क्षेत्रको प्रतिष्ठा अभिवृद्धि गर्ने छ । यस क्षेत्रले वित्तीय क्षेत्रमा स्थायित्व र सुशासन कायम गर्न सहयोग पुऱ्याउने छ । स्वदेशी तथा वैदेशिक लगानी अभिवृद्धि गर्दै द्विपक्षीय तथा बहुपक्षीय प्रतिवद्धता तथा सम्झौता बमोजिम अवसरको प्राप्ति तथा चुनौती सामना गर्न सहयोग गर्ने छ ।

### सहकारी क्षेत्रको स्रोत परिचालन नीति

नेपालको संविधानले अङ्गिकार गरेका नीति तथा कानूनी व्यवस्थाले निर्दष्ट गरे बमोजिम सहकारी क्षेत्रले सहकारी मूल्य-मान्यता र सिद्धान्तको अनुसरण तथा पारस्परिकता र स्वावलम्बनको संस्कार विकास गर्दै गाउँपालिकाको समग्र विकास प्रकृयामा सहयोगी भूमिका निर्वाह गर्नेछ । विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँपालिकाको आर्थिक-सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने यस क्षेत्रको महत्वपूर्ण भूमिका हुने छ । यस क्षेत्रले सहकारी संस्थामा सुशासन कायम गर्दै स्थानीय स्रोत-साधन, श्रम, सीप र पूँजीलाई व्यापक रुपमा परिचालन गरि स्थानीय स्तरमा रोजगारी तथा आय वृद्धि र गरिबी निवारण गर्न सहयोग पुऱ्याउने छ । साथै यस क्षेत्रले गाउँपालिकामा मानवीय आवश्यकताका बस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरण गर्दै सामाजिक-आर्थिक र साँस्कृतिक रुपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्ने छ ।

### जनसहभागिता परिचालन नीति

विकास कार्यलाई समानुपातिक रुपमा वितरण गरी आम मानिसमा विकास प्रति अपनत्व प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यहरुमा जनताको लागत सहभागिता अपरिहार्य र अनिवार्य विषय भएको छ । विकास कार्यमा जनसहभागिताले विकासको प्रतिफलमा जनताहरुलाई उत्तरदायी बहन गर्न सिकाउँछ । यसले गर्दा जनताहरुलाई विकास योजनाहरु हाम्रो हो भन्ने भावनाको विकास भइ विकास आयोजनाहरु दिगो र टिकाउ हुन सक्दछ । गाउँपालिकामा विशेष गरी सडक निर्माण तथा सुधार, ढल प्रणालीको निर्माण तथा मर्मत सुधार, खानेपानी प्रणालीको निर्माण र सुधार जस्ता विषयहरुमा जनताको तर्फबाट उपभोक्ता समिति गठन गरी लागत सहभागितालाई आत्मसाथ गर्ने वर्तमान पद्धतिलाई समेत दृष्टिगत गरी भविष्यमा निर्माण/ सञ्चालन गर्न यी आयोजनाहरुमा जतनाको आर्थिक स्थिति र आय आर्यज क्षमतालाई विचार गरी लागत सहभागितालाई कार्यान्वयन गर्न सकिने देखिन्छ ।

यसका साथै आर्थिक विकासमा स्थानीय जनसमुदायको लागत सहभागितालाई बढावा दिने, स्वरोजगारका कार्यक्रमहरुलाई विस्तार र विकास गरी रोजगारीको अवसर सिर्जना गर्ने, पर्यटकीय क्षेत्रहरुलाई समुदायमा हस्तान्तरण गरी व्यवस्थापन समिति मार्फत सञ्चालन गर्ने, लघु उद्योग तथा बचत कार्यक्रमहरुमा जनताको रुचिलाई ध्यान दिई कार्यक्रमहरु सञ्चालन गर्ने, तरकारी खेती तथा नगदेबालीको लागि कृषकहरुलाई प्रोत्साहित गर्दै उनिहरुको आम्दानीको अवसर वृद्धि गर्ने जस्ता सहभागितामूलक कार्यक्रमहरु सञ्चालन गरी स्थानीयवासीको सहभागितालाई बढाउन सकिने देखिन्छ । यस्तो किसिमको लागत सहभागिता कार्यक्रमहरुमा निजी क्षेत्र तथा अन्य संस्थाहरुलाई समेत सहभागि गराउँदै जानु पर्ने देखिन्छ ।

### संघ संस्थाको स्रोत परिचालन नीति

गाउँपालिकामा रहेका विभिन्न संघ संस्था, गैरसरकारी संस्था, नागरिक समाज र सामुदायिक संस्थाले पालिकाको समग्र विकास प्रयासमा सहयोगी भूमिका निर्वाह गर्ने छ । यस क्षेत्रले सामाजिक शक्ति परिचालन गरी गाउँपालिकाको विकास लक्ष्य तथा प्राथमिकता अनुरुपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिवृद्धि, नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तिकरण जस्ता कार्यहरुमा सहयोग पुर्‍याउने छ । साथै, गाउँपालिकाको पछाडी परेको क्षेत्रको विकास, उत्पादन वृद्धि र सेवा प्रवाहमा सहयोग गर्ने छ । यस क्षेत्रले पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन कायम गरी आफ्नो भूमिका निर्वाह गर्ने छ ।

### अतिरिक्त स्रोत परिचालन नीति

साँगुरीगढी गाउँपालिकाको संस्थागत आर्थिक विकासलाई समेत ध्यान दिनु आवश्यक छ । खासगरी गाउँपालिकाको आम्दानी वृद्धि गरी सो आम्दानीलाई विकासमा लगानी गर्न सकेमा विकासले गति लिने निश्चित छ । यसको लागि गाउँपालिकाले राजस्व सुधारका कार्यक्रमहरु सञ्चालन गर्दै जानुपर्ने देखिन्छ । राजस्व सुधारको लागि गाउँपालिकाले गर्न सञ्चालन कार्यहरु निम्न बमोजिम रहेका छन् :

- राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने ।
- व्यवसाय करलाई व्यवस्थित गरी लागु गर्ने ।
- नक्सापासलाई व्यवस्थित गरी लागु गर्ने ।
- स्थानीय पार्क, बगैंचा, पर्यटकीय क्षेत्र, पोखरी, खुल्ला क्षेत्र तथा मठमन्दिरको आवश्यक सुधार गरी व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता गराउने ।
- जनसहभागितामा आधारित योजनाहरु सञ्चालन गर्ने ।
- सरसफाइको कार्यलाई व्यवस्थित गर्ने ।
- कार्यालयका प्रशासनिक कामहरुलाई कम्प्युटरकृत गरी थप दरबन्दी सिर्जना गर्न नपर्ने अवस्थामा लैजाने ।
- जगेडा कोषबाट अधिकतम परिचालन हुन सञ्चालन योजनाहरु सञ्चालन गर्ने ।
- सडक बोर्ड लगायत लाईन एजेन्सीहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने ।
- दातृ निकाय तथा संस्थाहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने ।

# परिच्छेद ४: आर्थिक क्षेत्र

आर्थिक विकास विना मानव विकास र समृद्धि हासिल हुन सक्दैन । यस क्षेत्र अन्तर्गत कृषि तथा पशुपन्छी विकास, सिंचाई, पर्यटन, प्राकृतिक स्रोत व्यवस्थापन, उद्योग, व्यापार र व्यवसाय, आपूर्ति, बैंक, वित्तीय संस्था र सहकारी क्षेत्र आदि उपक्षेत्रहरू पर्दछन् जसको व्याख्या तलको उपखण्डहरुमा गरिएको छः

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानका अधिकार सूची, कृषि क्षेत्रको समग्र विकासका लक्ष्यलाई मार्गदर्शनको रुपमा लिइएको छ । उक्त रणनीतिले कृषि विकास रणनीति (सन् २०१५-२०३५) र दिगो विकास लक्ष्यलाई मार्गदर्शनको रुपमा लिइएको छ । उक्त रणनीतिले कृषि तथा पशुपन्छीजन्य उत्पादनको व्यावसायिकरण, यान्त्रिकरण र विविधिकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ । विशेषत: कृषि क्षेत्रको औद्योगीकरणका माध्यमबाट थप रोजगारी सिर्जना गरी आय-आर्जन, गरिबी निवारण तथा आयात व्यवस्थापनलाई समेत सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कृषि क्षेत्रको समग्र विकासमा परिचालन गर्न आवश्यक छ । कृषि भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण गरी भू-उपयोग योजना तर्जुमा गर्न अपिहार्य देखिन्छ ।

साँगुरीगढी गाउँपालिकाका नागरिकको जीवन यापनको प्रमुख आधार कृषि तथा पशुपालन हो । यस गाउँपालिकामा धान, गहुँ, मकै, कोदो, जौ, फापर जस्ता खाद्यान्न/अन्नबालीहरु उत्पादन हुने गर्दछ । त्यसै गरी तेलहन/ तेलबालीमा तोरी, सर्स्यू, आलस, बदाम, फिलुङ्गे (झुसे तिल) तथा दलहन/दालबालीमा सिमी, मास, मस्याङ, चौमासे सिमी, सिकिमे सिमी, भटमास, रहर, मुसुरो, मुङ र नगदेबालीमा अलैंची, चिया, उखु, कफी, आदि उत्पादन हुने गरेको छ । साथै मसलाबालीमा अदुवा, लसुन, प्याज, बेसार, खुर्सानी, धनिया तथा फलफुलमा सुन्तला जात फलफुल (सुन्तला, कागती, जुनार, अन्य), नास्पाती, एभोकाडो, आँप, लिची, आदि र तरकारीबालीमा काउली, गोलभेडा, आलु, सिमी/बोडी, बन्दा, मूला, रायो, भेडेंखुर्सानी, भन्टा, काँक्रा, फर्सी, आदि उत्पादन हुन्छ । यस गाउँपालिकामा कृषि प्राविधिक जनशक्ति ५ जना (भेडेटार -२, खुवाफोक, डाँडाबजार र आहालेमा १/१ जना) तथा पशु विकास तर्फ भेडेटार, बुढीमोरङ, खुवाफोक, महाभारत र आहालेमा १/१ जना गरी ५ जना जनशक्ति कार्यरत छन् ।

गाउँपालिकामा कृषि उपजको किनबेचको लागि ११ वटा कृषि उपज बजार पूर्वाधार तथा सङ्कलन केन्द्रहरु स्थापना गरिएको छ । बजारीकरणको हकमा कृषकहरुको घरबारीमा स्थानीय व्यापारी मार्फत वा स्वयम् व्यापारी आफै पुगि कृषि उत्पादन खरिद गरि लाने गरेको छ । यस गाउँपालिकामा कृषि समूह साविक जिल्ला कृषि कार्यालयमा दर्ता भएका ७४ वटा र कृषि विकास शाखामा दर्ता भएका १८ वटा, फर्म तथा कृषि समूह २५ वटा, व्यवसायिक पशु फर्म तथा समूह ४३ वटा, ४ वटा एग्रोभेट तथा रासायनिक मलखाद बिक्री वितरण गर्ने सहकारीहरु ८ वटा सञ्चालन रहेका छन् ।

कृषि पकेट क्षेत्रहरुमा गोलभेडा (बुढीमोरङ), सुन्तला जातका फलफुल (खुवाफोक र बुढीमोरङ), बन्दा काउली (डाँडाबजार), मूला (भेडेटार, डाँडाबजार, आहाले), खुर्सानी (बुढीमोरङ, आहाले, महाभारत),

केराउ (डाँडाबजार), अदुवा तथा बेसार (आहाले, महाभारत, भेडेटार), अलैंची (आहाले, महाभारत, डाँडाबजार, भेडेटार), उखु (बुढीमोरङ, खुवाफोक, महाभारत) र आँप (तमोर नदी किनारका क्षेत्रहरु) लगायतका पकेट क्षेत्रहरु रहेका छन् । कृषि उपज बजारको रुपमा डाँडाबजार र भेडेटार बजार मुख्य कृषि बजारहरु हुन् भने डाँडाबजार क्षेत्रमा शनिबार तथा बुढीमोरङ लाबरबोटे क्षेत्रमा बुधबार कृषि हाटबजार लाग्ने गर्दछ । भेडेटारमा अवस्थित कृषि सेवा केन्द्रको सेवा क्षेत्र समग्र साँगुरीगढी गाउँपालिका रहेको छ ।

साँगुरीगढी गाउँपालिकामा १३ वटा बाख्रा फार्म, २ वटा बंगुर फार्म, १ वटा पोल्ट्री फार्म, ८ वटा माछा पोखरी रहेको छ । पशुपालनमा भैंसी, राँगा, बंगुर, कुखुरा, खसी, बोका, माछा, हाँस, आदि पाल्ने गरिएको छ । गाई/भैंसी दुधको लागि तथा खसी, बोका, राँगा, बंगुर, माछा मासुको लागि तथा कुखुरा र हाँस मासु तथा फुलको लागि पाल्ने गरेको छ । गाउँपालिकामा पशुपन्छीको छुट्टै विशेष बजारको व्यवस्था रहेको छैन । पालिकाका विभिन्न स्थानमा लाग्ने हाटबजारहरूमा पशुपन्छीको समेत कारोबार हुने गरेको पाइन्छ । यसका अतिरिक्त गाउँपालिकाका विभिन्न व्यापारिक स्थल तथा बजारहरूमा पशुजन्य उत्पादनको राम्रो खपत भईरहेको छ । गाउँपालिका क्षेत्रमा पशुपन्छी पकेट क्षेत्र अन्तर्गत कुसेटार, डुम्रे, खलेखा, भारताङ, वेलाराङ, तोरिखा, गर्नेपा, नाकटी, खलाला, वागहुर र धारापानी क्षेत्रमा बाख्रा पकेट क्षेत्र, कुसेटार, मादेन, साप्तेन र सिम्सुवा क्षेत्रमा गाई/भैंसी, ताम्राङ र सिम्सुवा क्षेत्रमा बंगुर तथा जिमिगाउँ र सिम्सुवा क्षेत्रमा कुखुरा पकेट क्षेत्रको सम्भावना रहेको छ । साँगुरीगढी गाउँपालिकामा डाँडाबजार (डाँडाबजार, फाक्सिव, खुवाफोक र बुढीमोरङ) र भेडेटार (भेडेटार, महाभारत र आहाले) गरी २ वटा पशु सेवा उपकेन्द्रहरु स्थापना गरिएको छ । आ.व. २०७८/७९ मा साँगुरीगढी गाउँपालिकामा उन्नत गाई ५१ वटा, स्थानीय गाई ९,१८० वटा, उन्नत भैंसी २९ वटा, स्थानीय भैंसी ५५५ वटा, उन्नत बाख्रा २०,१०० वटा, स्थानीय बाख्रा २०,०००, उन्नत बंगुर/सुंगुर ५,०००, स्थानीय बंगुर/सुंगुर६,५००, उन्नत कुखुरा ५,००० र स्थानीय कुखुरा ८,१०० वटा पालन गरिएको छ ।

### ४.१.२ समस्या तथा चुनौती

#### समस्याहरु

- कृषि प्रणाली परम्परागत र निर्वाहमूखी रहेको ।
- सिंचाई सुविधा पर्याप्त नभएको ।
- स्थानीय स्तरमा कृषि मल, उपकरण र अन्य सामग्रीहरु उपलब्ध समयमा नहुनु ।
- खाद्य सुरक्षाको कमी ।
- न्यून उत्पादकत्व, उच्च उत्पादकत्व भएका पशुपालन नहुनु ।
- बढ्दो आयातमुखि संस्कृति ।
- जैविक मल, उन्नत बीउ र आधुनिक प्रविधिको अभाव ।
- कृषि उपज सामाग्रीहरुको उचित बजारीकरण नहुनु ।
- उच्च नश्लका पशुहरुको अभाव ।
- कृषि तथा पशु बीमा सम्बन्धी जनचेतनाको अभाव हुनु ।
- कृषि तथा पशु प्राविधिक अपुग हुनु ।
- युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम सञ्चालन नहुनु ।

- रैथाने बाली उत्पादनमा प्राथमिकता प्रदान नगरीनु ।
- परम्परागत पशुपालन तथा स्थानीय स्तरमा पुश पालनको लागि सामाग्रीहरु उपलब्ध नहुनु ।

### चुनौतीहरु

- उन्नत मल बीउ र प्रविधि कृषक सम्म सहज रुपमा पुऱ्याई व्यावसायिक तथा जैविक कृषि विकास गर्नु ।
- कृषि तथा पशुपालनलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु ।
- बाली विविधिकरण र सङ्घीकरण गर्नु ।
- पकेट क्षेत्र विकास गरी कृषि विकास गर्नु ।
- कृषियोग्य जमिनमा सिंचाईको व्यवस्था गर्नु ।
- बढ्दो आयातमुखी संस्कृतिको न्यूनीकरण ।
- पशु खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति बढाउनु ।
- भू-उपयोग योजना अनुसार कृषि भूमिको संरक्षण गर्नु ।
- कृषि व्यवसायिकरण र औद्योगिकरण गर्नु ।
- गरीब परिवारलाई खाद्यको व्यवस्था गर्नु ।
- कृषि बालीमा बाँदर र खरायो नियन्त्रण  गर्नु ।

## ४.१.३ सम्भावना र अवसर

### सम्भावनाहरु

- गाउँपालिकाको अधिकांश भू-भाग कृषि उत्पादनको हिसाबले उपयुक्त हुनाले कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन सकिने ।
- यस क्षेत्रमा कृषि प्रणाली परम्परागत र निर्वाहमूखी रहेको भएतापनि कृषिलाई आधुनिकीकरण गरी वैज्ञानिक खेती प्रणालीको विकास गर्न सकिने ।
- कृषि पकेट क्षेत्रको विकास गरी आर्थिक अवस्थामा सुधार ल्याउन सकिने ।
- मौसमी तथा बेमौसमी तरकारी खेती, अलैंची, अम्लिसो, कफी, उखु, चिया, आलु, चिउरी, जडिबुटी तथा नगदेबाली खेती विस्तार गरी कृषकहरुको जीवनस्तरमा सुधार गर्न सकिने ।
- कृषि तथा वन पैदावारमा आधारित कच्चा पदार्थबाट सञ्चालन हुन सक्ने लघु तथा घरेलु उद्योगहरुको स्थापना गर्न सकिने ।
- स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यान्न आत्मनिर्भर हुन सकिने ।

### अवसरहरु

- कृषि तथा पशुपन्छीको विकास र विस्तार गरी अन्य स्थानहरुमा बिक्री गर्न सकिने ।
- कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरु सञ्चालन मार्फत रोजगारीको अवसर सिर्जना गर्न सकिने ।
- कृषिको लागि सिंचाईका श्रोतहरू उपलब्ध भएको ।
- उन्नत जातका पशुपालन गरी वरिपरिका वस्तीहरुमा समेत विस्तार गर्न सकिने ।

- फलफूल, तरकारी खेतीको विकास र विस्तार गरी कृषिकको आय-आर्जन बढाउन सकिने ।
- व्यवसायिक पशुपालन, कुखुरा पालन, मौरी पालन मार्फत आय-आर्जन बढाउन सकिने ।
- बेमौसमी तरकारी खेती गरी कृषकहरु लाभान्वित हुन सक्ने ।
- पशुपालनको लागि उपयुक्त हावापानी रहेको ।
- युवाहरुलाई व्यवसायिक खेती, उच्च मूल्य उत्पादन तथा उन्नत जातका पशुपालनमा आकर्षित गरी स्वरोजगार प्रदान गर्न सकिने ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

- साँगुरीगढी गाउँपालिकालाई कृषि र पशुपालनमा आत्मनिर्भर बनाउने ।
- व्यवसायिक कृषि, पशुपन्छीपालन मार्फत रोजगारी सिर्जना गरी समृद्ध गाउँपालिका बनाउने ।

#### उद्देश्य

- कृषि क्षेत्रको विविधिकरण र आधुनिकीकरण गरी खाद्य निर्भरता बढाउने ।
- उन्नतजातका पशुपालन तर्फ आकर्षित गरी स्थानीयवासीहरुको जीवनस्तरमा सुधार गर्ने ।

#### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवसायिक कृषि र पशुपालनको प्रवर्द्धन गर्ने । | ▪ स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार कृषि विकास तथा कृषि उत्पादन व्यवस्थापनको लागि व्यवसायिक खेतीमा सहभागिता बढाउन कार्यक्रम सञ्चालन गरिने छ ।<br>▪ परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिकरण एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरिने छ ।<br>▪ कृषकहरुलाई कृषि उत्पादनको समुचित मूल्य प्राप्त गराउनका लागि कृषि उत्पादन सङ्कलन केन्द्र स्थापना गरिने छ ।<br>▪ माटोको उर्वराशक्तिलाई जोगाई राख्न माटो परीक्षण कार्यलाई प्राथमिकता दिइने छ ।<br>▪ नेपाल सरकारको नीति बमोजिम बाली बीमा कार्यक्रमलाई प्रचार प्रसार गरी र प्रभावकारी उपयोग गर्ने वातावरण बनाइने छ ।<br>▪ पानीको स्रोत सञ्चितिका लागि रिचार्ज पोखरी निर्माण तथा परम्परागत कुलो संरक्षणका योजनालाई प्राथमिकता दिइने छ ।<br>▪ आधुनिक कृषि औजार उपकरण प्रयोगलाई प्रोत्साहन गरिने छ ।<br>▪ कृषि तथ्याङ्क अध्यावधिक गर्ने कार्यक्रम ल्याइने छ ।<br>▪ कृषि तथा वन पैदावारमा आधारित कच्चा पदार्थबाट सञ्चालन हुन सक्ने लघु तथा घरेलु उद्योगहरुको स्थापना गरी थप रोजगारी सिर्जना गर्दै उत्पादन वृद्धि गरी स्थानीय निर्यात बढाउन उद्यमशिल विकास कोष स्थापना गरिने छ ।<br>▪ स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यान्न आत्म निर्भरताका लागि गाउँपालिका |

| | |
|---|---|
| | किसान कोष कार्यक्रम सञ्चालन गरिने छ।<br>▪ कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन कृषि नीति, दीर्घकालीन, मध्यकालीन, अल्पकालीन कृषि विकास योजना तयार गरी कार्यान्वयनको व्यवस्था मिलाउदै लगिने छ।<br>▪ कृषि उत्पादनमा आत्मनिर्भर बनाई खाद्य सुरक्षाको प्रत्याभूत गराउन तथा खाद्यान्न आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउन पूँजी, प्रविधि, बीउ बिजन, नश्ल सुधार कार्यमा ८० देखि १०० प्रतिशत सम्म अनुदान दिइने छ।<br>▪ अर्गानिक उत्पादन तथा बजारीकरणलाई व्यवस्थापन गर्न "अर्गानिक भिलेज" कार्यक्रमलाई निरन्तरता दिइने छ।<br>▪ कृषिमा आत्मनिर्भर हुनको लागि प्लाष्टिक घर निर्माण, प्लाष्टिक मल्चिङ, कृषि सामाग्री वितरण, बाली उपचार शिविर कार्यक्रम, माटो परीक्षण कार्यक्रम, च्याउ खेती प्रवर्द्धन कार्यक्रम, मौरीघार कार्यक्रम सञ्चालन गर्न अनुदान प्रदान गरिने छ।<br>▪ जैविक मल उत्पादन सम्बन्धी ज्ञान र प्रविधि हस्तान्तरण गरी उत्पादनलाई प्रोत्साहन गरिने छ।<br>▪ कृषकहरुलाई व्यवसाय प्रवर्द्धनमा सहयोग पुऱ्याउन व्यवसायिक अध्ययन अवलोकनको व्यवस्था मिलाईने छ।<br>▪ दुग्ध व्यवसायलाई प्रवर्द्धन गर्न दुग्ध पकेट क्षेत्रमा स्थापना हुने दुग्ध सङ्कलन केन्द्रलाई आवश्यक पर्ने उपकरण तथा सामाग्री खरिदमा अनुदानको व्यवस्था मिलाईने छ।<br>▪ पशु किसानहरुलाई पोषणयुक्त विकासे घाँस वितरण गरी उत्पादन वृद्धि गर्न पशु आहारा कार्यक्रमलाई निरन्तरण दिइने छ।<br>▪ किसानहरुलाई प्राविधिक सेवा स्थानीय स्तर मै उपलब्ध गराउन १० वटै वडाहरुमा पशु तथा कृषि प्राविधिक तालिम सञ्चालन गरिने छ।<br>▪ पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइने छ।<br>▪ बाझो जमिनमा खेती गर्न किसानलाई कृषि चुन र प्राङ्गारिक मलका लागि अनुदान सहित सिंचाईको व्यवस्था मिलाउँदै लगिने छ।<br>▪ कृषि तथा पशु व्यवसायी वर्ष व्यक्ति घोषणा गरी प्रोत्साहनको व्यवस्था गरिने छ।<br>▪ पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तरगत पशुजन्य उत्पादन बिक्री वितरण तथा भण्डारणमा संलग्न कृषक समूह, कृषि समिति तथा पशु व्यवसायीसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ।<br>▪ स्थानीय जातको कुखुरालाई संरक्षण तथा प्रवर्द्धन गर्नको लागि कुखुरा संरक्षण तथा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने छ।<br>▪ पशुहरुमा लाग्ने रोगहरुको निराकरण तथा न्यूनीकरणका लागि निशुल्क उपचार सेवा पुऱ्याउन १० वटै वडाहरुमा पशु स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइने छ।<br>▪ व्यावसायिक रुपमा कृषि तथा पशुपालन गर्ने कृषकहरूलाई सहकारीसँग आवद्ध गरी वित्तीय पहुँच पुऱ्याइने छ।<br>▪ कृषि सामाग्रीको सङ्कलन र भण्डारणमा सहयोग पुऱ्याइने छ।<br>▪ कृषि प्रसार सेवालाई कृषकहरूको घर आँगनसम्म पुऱ्याइने छ। |
| कृषि तथा | ▪ उच्च मूल्यका कृषि तथा पशुजन्य उत्पादन गर्नलाई प्रोत्साहित गरिने छ। |

| | |
|---|---|
| पशुजन्य उत्पादनलाई मुल्य श्रृंखलामा आवद्ध गर्ने । | ▪ कृषि तथा पशुपन्छीजन्य मूल्य श्रृङ्खला सम्बन्धी कृषकहरूलाई तालिम दिइने छ ।<br>▪ व्यावसायिक रूपमा खेतीको सम्भावना रहेका जडिबुटीहरूको व्यवसायिक उत्पादन, सङ्कलन र प्रारम्भिक प्रशोधनमा प्रोत्साहन गरिने छ ।<br>▪ उच्च मूल्य बाली उत्पादन गरी मूल्य श्रृङ्खलामा आवद्ध गर्न कृषकहरूलाई अनुसन्धान केन्द्र र शिक्षण संस्थाहरूसँग आवद्ध गराइने छ ।<br>▪ उत्पादित बेमौसमी तरकारी, फलफूल तथा अन्य उत्पादनहरू आसपास क्षेत्रका होटल तथा होमस्टेहरूमा बिक्री गर्ने व्यवस्था मिलाई कृषकहरुलाई प्रोत्साहित गरिने छ ।<br>▪ प्राकृतिक र कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित गराइने छ ।<br>▪ पशुपालनलाई बढी उत्पादनमुखी र व्यवसायिक बनाउन गोठ सुधार कार्यक्रम लागु गरिने छ ।<br>▪ पशु बीमा कार्यक्रम र पशुखोप कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।<br>▪ कुखुरापालन, बाख्रापालन, बंगुरपालन तथा मासुजन्य उत्पादनमा आत्म निर्भर बन्नका लागि आवश्यक मापदण्ड तयार गरी सो अनुसारको कार्ययोजना लागु गरिने छ ।<br>▪ स्वच्छ, स्वस्थ मासु वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन एक व्यवस्थित पशुपन्छी बधशाला बनाउन जोड सहित निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।<br>▪ उपयुक्त स्थानमा दुग्ध चिस्यान केन्द्रहरु स्थापना गर्न सार्वजनिक-निजी साझेदारी कार्यक्रमलाई प्रोत्साहन गरिने छ । |
| कृषि भूमिको दिगो व्यवस्थापन गर्ने । | ▪ डिजिटल नापी प्रणालीलाई क्रमश: लागु गरिने छ ।<br>▪ भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गरिने छ ।<br>▪ सार्वजनिक भूमिको पहिचान र अभिलेखन गरी अतिक्रमणलाई नियन्त्रण गरिने छ ।<br>▪ सरकारी, पर्ति जग्गाको संरक्षणका लागि उपयुक्त कार्यदल गठन गरिने छ ।<br>▪ वस्ती विकासका लागि प्लटिङ गर्दा अनिवार्य रुपमा गाउँपालिकासँग अनुमति लिने व्यवस्था गरिने छ ।<br>▪ अनुमति बिना प्लटिङ गरिएका जग्गाहरुमा घर नक्सा पास नगरिने नीति लिइने छ ।<br>▪ प्लटिङ गरिएका जग्गामा विकास शुल्क लिइने छ । |
| स्थानीय विशिष्टिकृत उत्पादनको ब्राण्डिङ र बजारीकरण गर्ने । | ▪ हावापानी र माटोको विविधता अनुकुलका स्थानीय उच्च मूल्यका प्रतिस्पर्धी उत्पादनहरूको विकास गरी बजारीकरण गरिने छ ।<br>▪ स्थानीय उत्पादनको प्रदर्शन र बजारीकरणको लागि हाट बजार प्रणालीलाई प्रोत्साहन गरिने छ ।<br>▪ स्थानीयता दर्शाउने विशिष्टिकृत उत्पादनको ब्राण्डिङ गरी बजारिकरण गरिने छ ।<br>▪ उत्पादनको लेवलिङ, ब्राण्डिङ र बजारीकरणमा कृषक समूह र सहकारी संस्थाहरूलाई सहयोग पुऱ्याइने छ ।<br>▪ एक गाउँ एक विशिष्टिकृत कृषि उत्पादनमा प्राथमिकता दिइने छ ।<br>▪ दुग्ध तथा मासुजन्य उत्पादन बढाई बजारीकरण गर्न प्रोत्साहित गरिने छ । |

### मुख्य कार्यक्रम

| क्र. स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | व्यवसायिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| २ | नमूना कृषि तथा पशु पकेट क्षेत्र विकास गर्ने । | | ✓ | ✓ | ✓ | |
| ३ | उन्नत नश्ल पशु विकास कार्यक्रम सञ्चालन गर्ने । | | | ✓ | ✓ | |
| ४ | जैविक खेती र जैविक मल उत्पादन कार्यक्रम सञ्चालन गर्ने । | | | ✓ | ✓ | |
| ५ | कृषि प्रसार सेवा कार्यक्रम सञ्चालन गर्ने । | | | ✓ | ✓ | ✓ |
| ६ | कृषि उपज सङ्कलन केन्द्र निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | |
| ७ | कृषकहरुलाई बेमौसमी खेती गर्न प्रोत्साहन गर्ने । | | | ✓ | ✓ | ✓ |
| ८ | कृषक तालिम र भ्रमण कार्यक्रमहरु सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| ९ | उच्च मूल्य श्रृङ्खला अभिमुखीकरण कार्यक्रम गर्ने । | | ✓ | ✓ | | |
| १० | व्यावसायिक पशुपालनको लागि पूर्वाधार तयार गरी कार्यक्रम सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ११ | भू-उपयोग नीति तर्जुमा गरी कृषि भूमिको संरक्षण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १२ | प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम गर्ने । | | ✓ | ✓ | ✓ | |
| १३ | कृषि तथा पशु बीमा कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | |
| १३ | कृषि उपज भण्डारण गर्न शितभण्डार निर्माण गर्ने । | | | ✓ | ✓ | |
| १४ | एक टोल एक उत्पादन नीति कार्यान्वयन गरी प्रत्येक परिवारमा स्वरोजगारको सिर्जना गर्ने । | | ✓ | ✓ | | ✓ |
| १५ | अर्गानिक खेतीको विकास, प्राङ्गारिक मल र जैविक विषादीको उत्पादन, जलवायु परिवर्तनमैत्री कृषि प्रणालीको विकास गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १६ | नमुना सामूहिक खेती प्रवर्द्धन गर्न जनचेतना वृद्धि गर्ने । | | ✓ | ✓ | | ✓ |
| १७ | अनुसन्धान केन्द्र तथा शैक्षिक संस्थाहरुसँगको आवद्वता विकास गर्ने । | | ✓ | ✓ | ✓ | |
| १८ | दुग्ध चिस्यान केन्द्र निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | |
| १९ | सार्वजनिक भूमिको पहिचान र अभिलेखन गरी अतिक्रमणलाई नियन्त्रण गर्ने । | | | ✓ | | |
| २० | नेपाल सरकार, विभिन्न दातृ निकाय र स्थानीयहरूको सहयोगमा प्रत्येक वडामा सामुदायिक खाद्यान्न बैंक स्थापना गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २१ | सार्वजनिक वितरण प्रणाली अन्तर्गत गरीब तथा अति गरीब परिवारहरूलाई सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गराउने । | | ✓ | ✓ | ✓ | ✓ |

### ४.१.५ अपेक्षित उपलब्धी

- व्यवसायिक कृषि प्रवर्द्धन भएको हुने छ ।
- कृषि पकेट क्षेत्रको विकास भएको हुने छ ।
- स्थानीय कृषि जन्य उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुने छ ।

- नमुना सामूहिक खेती प्रवर्द्धन भएको हुने छ ।
- स्थानीय उत्पादनहरुको ब्राण्डिङ भएको हुने छ ।
- कृषि उत्पादन सङ्कलन केन्द्रहरुको निर्माण भएको हुने छ ।
- कृषि उपज शितभण्डार निर्माण भएको हुने छ ।
- कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा वृद्धि भएको हुने छ ।
- कृषकहरुको वित्तिय र कृषि सामाग्रीमा सहज पहुँच स्थापित भएको हुने छ ।
- कृषि भूमिको संरक्षण भएको हुने छ ।
- पशु पकेट क्षेत्रको विकास भएको हुने छ ।
- स्थानीय पशु जन्य र दुग्ध उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुने छ ।
- दुग्ध चिस्यान केन्द्रको निर्माण भएको हुने छ ।
- डिजिटल नापी प्रणाली क्रमश: लागु भएको हुने छ ।
- भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन भएको हुने छ ।
- एक टोल एक उत्पादन नीति अवलम्बन भई प्रत्येक परिवारमा स्वरोजगारको सिर्जना हुने छ ।
- सार्वजनिक भूमिको पहिचान र अभिलेखन गरी अतिक्रमणलाई नियन्त्रण भएको हुने छ ।
- अर्गानिक खेतीको विकास, प्राङ्गारिक मल र जैविक विषादीको उत्पादन, जलवायु परिवर्तनमैत्री कृषि प्रणालीको विकास भएको हुने छ ।
- गरीब तथा अति गरीब परिवारहरूलाई सुपथ मूल्यमा खाद्यान्न भएको हुने छ ।

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

- आयोजनाहरुको कार्यान्वयनमा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको समन्वयात्म र सक्रिय सहभागिता हुने छ ।
- ठूला आयोजनाहरुको कार्यान्वयनमा दातृ निकायबाट सहयोग प्राप्त हुने छ ।
- सार्वजनिक, निजी साझेदारीमा योजनाहरुको कार्यान्वयन हुने छ ।
- गाउँपालिकाको आन्तरिक स्रोत परिचालन हुने छ ।

## ४.२ सिंचाई

### ४.२.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन गर्न सकिन्छ । तसर्थ भूमिमा बाह्रै महिना सिंचाई सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिंचाईको दिगो व्यवस्था गर्न आवश्यक छ ।

यस गाउँपालिकामा रहेका जग्गामा वर्षै भरी तथा मौसमी सिंचाई सुविधा उपलब्ध हुने कुलो, नहर, पोखरी लगायतका सिंचाईका पूर्वाधारको तथ्याङ्क उपलब्ध नभए पनि गाउँपालिकामा ५६९.६१ हेक्टर खेत, ६,४९९.१० पाखो जमिन गरी खेतीयोग्य जमिन ७,०६८.७१ हेक्टर जमिन रहेको छ भने अन्य जमिन ९,५७५.३ हेक्टर रहेको छ । खेतीयोग्य जमिन मध्ये ५,४१४ हेक्टर जमिन (७६.६० प्रतिशत) उपयोग

भईरहेको छ भने बाँकी १,६५४.३६ हेक्टर जमिन बाँझो रहेको छ । जस मध्ये २,८५६ हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको देखिन्छ । पालिकामा वर्षातको समयमा खेतमा ५७० हेक्टर र बारीमा २,२०० हेक्टर तथा हिउँदको समयमा खेतमा ६१ हेक्टर र बारीमा २५ हेक्टर सिंचित हुने गर्दछ ।

लेउती खोला सिंचाई योजना, फाक्सिव (२० हेक्टर), भेडेटार सिंचाई योजना, महाभारत (८५ हेक्टर), कुसेटार सिंचाई योजना, खुवाफोक (३२ हेक्टर) र लेमलेमा सिंचाई योजना, आहाले (२५ हेक्टर) लगायत जिल्ला सिंचाई कार्यालय धनकुटा अन्तर्गत सम्पन्न भएका छन् । पूर्व सिंचाई विभाग डिभिजन नं. ३, धनकुटा मार्फत मझौला सिंचाई सेक्टर आयोजना अन्तर्गत महाभारत-९ मा तातोपानीटार सिंचाई योजना निर्माण भई ११५ हेक्टर क्षेत्र सिंचित भएको छ भने भेडेटार क्षेत्रमा नयाँ प्रविधिमा आधारित सिंचाई अन्तर्गत मुक्तेन खोला थोपा सिंचाई योजना (१४ हेक्टर) र ओलानटार थोपा सिंचाई योजना (७ हेक्टर) निर्माण गरिएको छ । यी लगायत अन्य विभिन्न सिंचाई योजनाहरु निर्माण गरिएको छ ।

गाउँपालिकामा कृषि उत्पादन र उत्पादकत्व बढाउन परम्परागत सिंचाई प्रणालीको मर्मत-सम्भार र नयाँ प्रविधिमा आधारित सिंचाई प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ । सिंचाई पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिंचाई संघबाट, मझौला सिंचाई प्रदेशबाट र साना सिंचाई स्थानीय तहबाट लगानी परिचालन गर्ने व्यवस्था मिलाउन आवश्यक छ । सिंचाई प्रणालीको निर्माण पछिको मर्मत-सम्भार, व्यवस्थापन एवम् सञ्चालनमा उपभोक्ता समुदायको सक्रिय सहभागिता थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ । सिंचाईको थप पूर्वाधार विकास र सम्पन्न सिंचाई प्रणालीको सुदृढीकरण गरी व्यवस्थित बनाउन लगानी वृद्धि गर्न आवश्यक छ ।

### ४.२.२ समस्या र चुनौती

#### समस्या

- परम्परागत सिंचाई कुलोहरुको आवश्यक मर्मत सम्भार हुन नसक्नु ।
- सिंचाई क्षेत्रमा न्यून बजेट बिनियोजन हुनु ।
- नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना विस्तार हुन नसक्नु ।
- पहाडी भू-भाग भएकोले सिंचाई आयोजना महंगो पर्ने ।

#### चुनौती

- नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना विस्तार गर्नु ।
- परम्परागत कुलोहरुको नियमित मर्मत सम्भार गर्नु ।
- सिंचाई आयोजना तोकिएको समय र लागतमा सम्पन्न नहुनु ।
- सिंचाई पूर्वाधार विकासका लागि लगानीको प्राथमिकता निर्धारण गर्नु ।
- पानीजन्य प्रकोप नियन्त्रण गर्नु ।

### ४.२.३ सम्भावना र अवसर

#### सम्भावना

- उपलब्ध नदी, खोला बाट सिंचाई सुविधा उपलब्ध गर्न सकिने ।

- सिंचाई मार्फत स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने ।
- यातायातको विस्तारसँगै सिंचाई पूर्वाधार विकास गर्न सहज हुनु ।
- परम्परागत कुलोहरुको आवश्यक मर्मत सम्भार गरि सिंचाई सुविधा बढाउन सकिने ।
- कृषि उत्पादन र उत्पादकत्व बढाई व्यवसायिकरणका लागि पर्याप्त सिंचाई सुविधा उपलब्ध गराउन सकिने ।

### अवसर

- सिंचाईको लागि पर्याप्त खोलानाला उपलब्ध हुनु ।
- सिंचाई सम्बन्धी नयाँ प्रविधिको आविष्कार तथा विस्तार हुनु ।
- सिंचाई विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच र सहभागिता बढ्दै जानु ।
- स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने ।
- कुलोहरुको आवश्यक मर्मत सम्भार गरी सिंचाई सुविधा बढाउन सकिने ।
- कृषिमा बाह्य ज्ञान सीपको उपयोग तथा बाह्य लगानी भित्र्याउन सकिने ।
- कृषि विधिधिकरणद्वारा रोजगारी सिर्जना गर्न सकिने ।
- युवा पुस्तालाई कृषिमा आकर्षित गर्न सकिने ।

## ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

- कृषियोग्य भूमिमा दिगो, भरपर्दो सिंचाई व्यवस्था गरी कृषि उत्पादन र उत्पादकत्व बढाउनु ।

### उद्देश्य

- कृषियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउनु ।
- उपयुक्त प्रविधि मार्फत थप कृषियोग्य भूमिमा सिंचाई सेवा विस्तार गर्ने ।
- बहुउद्देश्यीय आयोजनाको विकास गरी कृषियोग्य भूमिमा वर्षैभरि भरपर्दो रुपमा सिंचाई सुविधा उपलब्ध गराउनु ।
- सम्पन्न सिंचाई प्रणालीको मर्मत सम्भार एवम् व्यवस्थापनलाई सुदृढ तुल्याई दिगो बनाउनु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| परम्परागत तथा नयाँ सिंचाई प्रणालीको विकास गरी कृषियोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्ने । | ▪ सिंचाईको दीर्घकालीन गुरुयोजना/रणनीतिक योजना निर्माण गरिने छ ।<br>▪ ठूला सिंचाई, साना सिंचाई, थोपा सिंचाई र प्लाष्टिक पोखरी निर्माण तथा सुधारका योजनालाई प्राथमिकता दिइने छ ।<br>▪ स्थानीय नदी तथा खोलाहरूबाट सम्भाव्यताका आधारमा सतह सिंचाई संरचनाहरु क्रमश: निर्माण गर्दै सिंचाई सुविधा बढाउँदै लगिने छ ।<br>▪ उत्पादन र उत्पादकत्व बढाई व्यवसायिकरण र विविधिकरणका लागि पर्याप्त सिंचाई सुविधा उपलब्ध गराउन सिंचाई कुलो निर्माण कार्यलाई थप विस्तार र सुधार गर्दै लगिने छ । |

| | |
|---|---|
| | ▪ सिंचाईको सम्भाव्यता हेरी प्लाष्टिक पोखरी, थोपा सिंचाई, स्प्रिङ्कल जस्ता नयाँ प्रविधिमा आधारित सिंचाई सुविधाको विस्तार गरिने छ।<br>▪ सिंचाई आयोजना निर्माणमा स्थानीय श्रोत, साधन र सीप प्रयोगलाई प्राथमिकता दिइने छ।<br>▪ सिंचाई आयोजना निर्माण र व्यवस्थापनमा स्थानीय उपभोक्ता समितिको क्षमता विकास गरी सक्रिय बनाइने छ।<br>▪ सिंचाई प्रणालीलाई एजेन्सी म्यानेज्ड इरिगेशन सिस्टमबाट किसानद्वारा व्यवस्थापन गर्ने प्रणाली (फारमर्श म्यानेज्ड इरिगेशन सिस्टम) मा क्रमिक रुपमा हस्तान्तरण गर्ने। |

### मुख्य कार्यक्रम

| क्र. स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | सिंचाई गुरुयोजना निर्माण गर्ने। | | ✓ | ✓ | | |
| २ | सिंचाई सम्बन्धी नीति र ऐनहरु तर्जुमा गर्ने। | ✓ | ✓ | ✓ | | |
| ३ | उपयुक्तताको आधारमा सतह सिंचाई, स्यालो र डिप ट्युबवेल सिंचाई तथा नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना सञ्चालन गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | नदी नियन्त्रणको लागि गुरुयोजना तर्जुमा गर्ने। | | ✓ | ✓ | | |
| ५ | सिंचाई व्यवस्थापन सूचना प्रणाली अन्तर्गत डाटाबेस तयार गर्ने। | | ✓ | ✓ | | |
| ६ | सतह सिंचाईको पूर्वाधार निर्माण गर्ने। | | | ✓ | ✓ | |
| ७ | स्थानीय कृषकहरुको क्षमता विकास गर्ने। | | | ✓ | ✓ | |
| ८ | निर्माणाधीन तथा सम्पन्न भइसकेका भूमिगत स्यालो तथा डिप ट्युबवेल र लिफ्ट सिंचाई आयोजनाहरुमा सोलार प्रणाली जडान गर्ने। | ✓ | ✓ | ✓ | | |
| ९ | नदी नियन्त्रण गर्ने। | | | ✓ | ✓ | |
| १० | वायो ईञ्जिनियरिङ तथा नदी किनारमा वृक्षारोपण गर्ने। | | | ✓ | ✓ | ✓ |

### ४.२.५ अपेक्षित उपलब्धी

- सिंचाई गुरुयोजना निर्माण हुने छ।
- सिंचाई प्रणालीलाई किसानद्वारा व्यवस्थापन गर्ने प्रणालीमा क्रमिक रुपमा हस्तान्तरण हुने छ।
- सिंचाई व्यवस्थापन सूचना प्रणाली अन्तर्गत डाटाबेस तयार हुने छ।
- उप-जलाधार क्षेत्र संरक्षण भएको हुने छ।
- नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना निर्माण भएको हुने छ।

- नदी नियन्त्रण गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको हुने छ ।
- नदी जन्य प्रकोप नक्साङ्कन भएको हुने छ ।
- सिंचाई प्रणालीमा संलग्न जनशक्ति तथा किसानहरुको क्षमता अभिवृद्धि हुने छ ।

### ४.२.६ अनुमान तथा जोखिम पक्ष

- आयोजनाहरुको कार्यान्वयनमा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको समन्वयात्म र सकृय सहभागिता हुने छ ।
- ठूला आयोजनाहरुको कार्यान्वयनमा दातृ निकायबाट सहयोग प्राप्त हुने छ ।
- सार्वजनिक, निजी साझेदारीमा योजनाहरुको कार्यान्वयन हुने छ ।
- गाउँपालिकाको आन्तरिक स्रोत परिचालन हुने छ ।

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

पर्यटन क्षेत्र अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । अद्धितीय प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र विविधताको कारण यस क्षेत्रमा तुलनात्मक लाभ रहेको छ । खासगरी, हिमाली प्राकृतिक सुन्दरता, महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक साँस्कृतिक तथा पुरातात्त्विक सम्पदा पर्यटन क्षेत्रमा प्रचुर सम्भावना बोकेका क्षेत्रहरु हुन् । यी स्थल र सम्पदाको संरक्षण, प्रवर्द्धन र विविधिकरण गर्दै पर्यटकीयस्थलको रुपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा यस क्षेत्रलाई विकसित गर्ने नीति नेपालको संविधानले अङ्गिकार गरेको छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसर वृद्धि, गरिबी निवारण र जनताको जीवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न यस क्षेत्रको महत्वपूर्ण योगदान रहने भएकोले पर्यटन अर्थतन्त्रको प्रमुख सम्बाहक पनि हो ।

साँगुरीगढी गाउँपालिका धार्मिक तथा पर्यटकीय दृष्टिकोणबाट धनी छ । पूर्वी पहाडी ईलाकाको मुख्य प्रवेश नाकाको रुपमा रहेको क्षेत्र यस साँगुरीगढी गाउँपालिका प्रदेश कै उत्कृष्ट पर्यटकीय क्षेत्र मध्ये विश्वलाई लोभ्याउने पर्यटकीय क्षेत्रहरु अवस्थित छ । भेडेटार भ्यू प्वाईन्ट (चार्ल्स प्वाईन्ट) बाट भेडेटार बजार, धरान बजार, सप्तकोशीको मनोरम दृश्य, तराईका मनोरम फाँटहरुका साथै मकालु, कञ्चनजङ्घा, कुम्भकर्ण जस्ता हिमश्रृंखलाहरु एकै साथ दृश्यावलोकन गर्न सकिन्छ । अक्षांश देशान्तर टुङ्गो लगाउन देशको दक्षिणी सिमाना निर्कौल गर्न प्रयोग हुने ध्वजे डाँडाबाट १६ वटा जिल्लाको अवलोकन गर्न सकिन्छ भने यस क्षेत्रमा भूकम्प मापन यन्त्र जडान गरिएको छ । समुन्द्री सतहबाट ६,००० फिटको उचाईमा रहेको यस ध्वजे डाँडाबाट मकालु, कुम्भकर्ण, सगरमाथा लगायत हिमश्रृंखला दृश्यावलोकन गर्न सकिन्छ भने टि.एम.जे. मिल्के क्षेत्रको लालिगुराँसको समेत दृश्यावलोकन गर्न सकिन्छ ।

यस गाउँपालिकामा आन्तरिक तथा वाह्य पर्यटकीय सम्भावना बोकेका स्थलहरुमा भेडेटार, नमस्ते झरना, साँगुरीगढी, नाम्जे होमस्टे, ओख्रे टावर तथा होमस्टे, पाथिभरा मन्दिर, मुलघाट (तमोर नदी), ध्वजे डाँडा (सूर्योदय अवलोकन), आत्मा घर, बौद्ध गुम्बा (त्रिरत्न बोधी चैते), एशिया कै अजङ्गको बरको रुख, कैलाश डाँडा (सूर्यास्त अवलोकन), खिवेक्लुङ (पार्वतीले तान बुनेको), बहुसाँस्कृतिक पार्क आदि रहेका छन्

। यी पर्यटकीय स्थलहरुमा प्राय स्थानमा सडकको पहुँच पुगेको छ भने केहीमा होटल, लज, रेष्टुरेन्टको व्यवस्था रहेको छ । सामुदायिक स्वामित्व भएका यी स्थलहरुमा विशेष गरी नेपालका विविध स्थान तथा भारतीय पर्यटकहरु आउने गरेका छन् ।

गाउँपालिकामा पर्यटनको प्रचुर सम्भावना भएतापनि पर्यटन विकास लक्षित पर्याप्त कार्य हुन सकेको छैन । गाउँपालिकामा अझ बढी पर्यटक भित्र्याई बढीभन्दा बढी मानिसहरुलाई पर्यटन व्यवसायमा संलग्न गराई गाउँपालिकाको आर्थिक उन्नति गर्न सकिने देखिन्छ । यसको लागि गाउँपालिका क्षेत्र भित्रका अन्य पर्यटकीय सम्भावनाका क्षेत्रहरुको पहिचान गर्ने, पर्यटकीय स्थलहरुसम्म पुग्नको लागि पहुँच मार्गको विस्तार गर्ने र त्यस्ता पर्यटकीय क्षेत्रहरुमा होमस्टे सञ्चालनको लागि आवश्यक पूर्वाधार विकास गर्दै जानुपर्ने देखिन्छ । गाउँपालिकाको समृद्धिको लागि पर्यटन एक प्रमुख माध्यम हुन सक्दछ ।

### ४.३.२ समस्या र चुनौती

#### समस्या

- पर्यटकीय पूर्वाधार निर्माणमा पर्याप्त लगानी  हुनु नसक्नु ।
- पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसारको कमी ।
- पर्यटकीय क्षेत्रहरुको विष्तृत गुरुयोजना तथा डिपिआर तयार नहुनु ।
- पर्यटन क्षेत्रको विकासमा उद्यमशिलतालाई जोड्न नसकिनु ।
- पर्यटकीय स्थलहरुमा यातायात सुविधाको अभाव ।
- पर्यटन पूर्वाधारको कमी ।
- पर्यटकीय उपजको विविधिकरण, पर्यटन क्षेत्रको अपेक्षित रुपमा विकास र विस्तार  हुनु नसक्नु ।
- पर्यटकीय पूर्वाधारका कार्यक्रमलाई विशेष प्राथमिकता नदिनु ।
- पर्यटन सम्बन्धी स्थानीय नीतिगत तथा कानूनी व्यवस्थाको कमी ।
- पर्यटन सूचना केन्द्रको अभाव ।

#### चुनौती

- स्थानीय संस्कृतिलाई पर्यटन विकाससँग आवद्ध गर्नु ।
- पर्यटकीय उपजहरूको विविधिकरण गर्नु र गन्तव्यहरूको विकास गर्नु ।
- पर्यटनमा नीजि क्षेत्रको लगानी आकर्षित गर्नु ।
- पर्यटकीय पूर्वाधरको विकास गर्न ।
- पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु ।
- पर्यटकीय सेवा सुविधाको गुणस्तर वृद्धि गर्नु ।

### ४.३.३ सम्भावना र अवसर

#### सम्भावना

- होम स्टे, ग्रामीण पर्यटन, भिलेज वाक, ट्रेकिङको सम्भावना ।
- पर्यटन बजारको सम्भावना रहेको ।

- स्काई वाक, क्यानोयिङ, रक क्लाइविङ, प्याराग्लाडिङ, बन्जीजम्पिङ लगायतका साहसिक पर्यटनको विकास गर्न सकिने ।
- पर्यटन सर्किट, पदमार्ग निर्माण लगायत पर्यटन पूर्वाधारहरु विकास गर्न सकिने ।
- पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्न सकिने ।
- नाम्जेमा निर्माणाधिन बहुसाँस्कृतिक पार्कलाई थप व्यवस्थित गरी फन पार्कको रुपमा विकसित गर्न सकिने ।
- पर्यटकीय तथा धार्मिक स्थलहरुको फोहरमैला व्यवस्थापनको लागि सरकारी, गैरसरकारी संघ संस्थाहरुसँगको सहकार्य गर्न सकिने ।

### अवसर

- स्थानीय कला संस्कृति, रीतिरिवाजको प्रचार प्रसार गरी पर्यटक आवागमन बढाउन सकिने ।
- धार्मिक, साँस्कृतिक, प्राकृतिक सम्पदाहरुको उपयोग गरी पर्यटकीय गतिविधि बढाउन सकिने ।
- सुन्दर, शान्त प्राकृतिक वातावरण ।
- कृषि पर्यटनको सम्भाव्यता अध्ययन गर्न सकिने ।
- पर्यटन विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सकिने ।
- पर्यटन गुरुयोजनाले निर्दिष्ट गरे बमोजिम पर्यटन पूर्वाधारहरु विकास गर्न सकिने ।
- पर्यटन क्षेत्रमा सहयोग आदान प्रदान गर्न आन्तरिक तथा बाह्य देशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गर्न सकिने ।
- पर्यटकको लागि सम्वद्ध संघ सस्थाहरूसँग समन्वय गरी आवश्यक सुरक्षाको व्यवस्था गर्न सकिने ।

## ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

- पर्यटकीय क्षेत्रहरुको व्यवस्थित गरी महत्वपूर्ण पर्यटकीय स्थानको रुपमा परिचित गराउने ।
- पर्यटन सेवा र पूर्वाधारहरुको विकास विकास गरी पर्यटन प्रवर्द्धनद्वारा आर्थिक गतिविधि बढाउने ।

### उद्देश्य

- पर्यटकीय आय र रोजगारीमा वृद्धि गर्ने ।
- स्थानीय कला, संस्कृति र प्राकृतिक विविधताको संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने ।
- पर्यटकीय क्षेत्रहरुलाई पर्यटकीय सर्किटद्वारा जोडेर पर्यटन गतिविधि बढाउने ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पर्यटक सङ्ख्या, बसाई अवधि र खर्च गराईमा वृद्धि गर्ने । | ▪ गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रहरूमा पूर्वाधारहरूको विकास र विस्तार गरिने छ ।<br>▪ पर्यटक सङ्ख्या, बसाई अवधि र खर्च गराईमा आय-आर्जनमा वृद्धि गराइने छ ।<br>▪ पर्यटकीय स्तरका होटल र होमस्टेको विकास र विस्तार गरिने छ । |

| | |
|---|---|
| | ▪ पर्यटक गाईड, भरिया, कुक, वेटर, आदिलाई कामको प्रकृति अनुसार तालिम दिइने छ।<br>▪ पर्यटकको लागि सम्वद्ध संघ सस्थाहरूसँग समन्वय गरी आवश्यक सुरक्षाको व्यवस्था गरिने छ।<br>▪ भेडेटार क्षेत्रमा पर्यटकीय सूचना केन्द्र स्थापना गरिने छ।<br>▪ गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रहरुलाई पर्यटकीय सर्किटबाट जोडिने छ।<br>▪ पर्यापर्यटन, साहसिक पर्यटन, प्याराग्लाइडिङ तथा साँस्कृतिक, धार्मिक पर्यटनको विकास गरिने छ।<br>▪ पर्यटन विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गरिने छ।<br>▪ पर्यटकहरुका लागि आकर्षक  गन्तव्यको रुपमा विकास गर्न पर्यटकीय तथा धार्मिक स्थलहरुको फोहरमैला व्यवस्थापन गर्न सम्बन्धित संघ संस्थाहरुसँग सहकार्य गरिने छ।<br>▪ पर्यटन क्षेत्रमा सहयोग आदान प्रदान गर्न आन्तरिक तथा बाह्य देशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिने छ।<br>▪ नाम्जे र भेडेटारलाई बुटिक बजारको अवधारणा लागु गरिने छ । |
| मौलिक कला तथा साँस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने। | ▪ मौलिक कला तथा साँस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गरिने छ।<br>▪ स्थानीय विशिष्ट पहिचान झल्किने खालका उत्पादनहरूको प्रवद्वन गर्दै आय आर्जनका लागि उपयुक्त स्थानहरूमा कोशेली घरको स्थापना गरिने छ।<br>▪ लोक भाषा, संस्कृति, कला, धार्मिक साँस्कृतिक स्थल आदिको संरक्षण र प्रवर्द्धन गरिने छ।<br>▪ स्थानीय बाटो एवम् पर्यटकीय पदमार्ग, विश्राम स्थल, होटल तथा होमस्टे, साँस्कृतिक, धार्मिक स्थल आदिको पूर्ण सरसफाइ गरिने छ। |

## मुख्य कार्यक्रम

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | पर्यटन गुरुयोजना कार्यान्वयन गरी पर्यटकीय पूर्वाधार निर्माणमा जोड दिने। | ✓ | ✓ | ✓ | ✓ | |
| २ | भेडेटार क्षेत्रमा पर्यटन सूचना केन्द्र स्थापना गरी पर्यटन सूचना बोर्ड सञ्चालन गर्ने। | | | ✓ | ✓ | |
| ३ | सञ्चालनमा रहेका होम स्टेको प्रवर्द्धन गरी अन्य क्षेत्रहरुमा होम स्टे सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्ने। | | ✓ | ✓ | | |
| ४ | पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गर्ने। | | | ✓ | ✓ | |
| ५ | ऐतिहासिक तथा पुरतात्विक महत्वका क्षेत्रको संरक्षण गर्ने। | | ✓ | ✓ | ✓ | |
| ६ | हिल स्टेशन सम्भाव्यता अध्ययन गर्ने। | | ✓ | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | गाउँपालिकाका पर्यटकीय क्षेत्रहरुलाई एकीकृत पर्यटकीय सर्किटद्वारा जोड्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ८ | आवश्यक गाइड, कुक, वेटरलाई तालिम दिने । | | | ✓ | ✓ | ✓ |
| ९ | स्काई वाक, क्यानोयिङ, रक क्लाइविङ, प्याराग्लाडिङ, बन्जीजम्पिङ लगायतका साहसिक पर्यटनको विकास गर्ने । | | ✓ | ✓ | ✓ | |
| १० | नाम्जे क्षेत्रमा निर्माणाधिन बहुसाँस्कृतिक पार्कलाई फन पार्कको रुपमा रुपान्तरण गर्न पूर्वाधारहरु निर्माण गर्ने । | | ✓ | ✓ | | |
| ११ | पर्यटन क्षेत्रमा सहयोग आदान प्रदान गर्ने आन्तरिक तथा बाह्य देशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गर्ने । | | | ✓ | | |
| १२ | पर्यटकहरुको होल्डेज बढाउन स्थानीय धार्मिक, साँस्कृतिक, जातीय, ऐतिहासिक, मेला, उत्सव र पर्व मनाउन प्याकेज कार्यक्रम सञ्चालन गर्ने । | | | ✓ | ✓ | |
| १३ | नाम्जे र भेडेटार क्षेत्रलाई बुटिक बजारको रुपमा विकास गर्न अध्ययन गर्ने । | | ✓ | ✓ | | |
| १४ | प्रत्येक वडामा पर्यटन होर्डिङ वोर्डको व्यवस्था गर्ने । | | | ✓ | | |
| १५ | किराँत धर्मावलम्बीहरुको धर्म, संस्कृति, परम्परा र रहनसहनलाई पर्यटन प्रवर्द्धनसँग आवद्ध गर्ने । | | ✓ | ✓ | | |
| १६ | निजी क्षेत्र लगानी मैत्री नीति निर्माण गर्ने । | | | ✓ | | |
| १७ | त्रिवेणी धामलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्ने । | | ✓ | ✓ | | |
| १८ | कन्या, आहालपोखरी, चेग्रा ताल, माङजाङ पोखरी लगायत ताल तथा पोखरीहरुको संरक्षण गरी पार्क निर्माण गर्ने । | | ✓ | ✓ | | |
| १९ | रनफने डाँडा-थाकल डाँडा-लोप्पे डाँडा-ओख्रे डाँडा-ध्वजे डाँडा जोड्ने केवलकार सम्भाव्यता अध्ययन गर्ने । | ✓ | ✓ | ✓ | | |
| २० | नाम्जे क्षेत्रमा मगर समुदायको संस्कृति झल्कने रिसोर्ट निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | |
| २१ | पर्यटन आगमनको तथ्याङ्क अद्यावधिक राख्ने । | | | ✓ | | |
| २२ | पर्यटकीय तथा धार्मिक क्षेत्रहरुमा फोहरमैला व्यवस्थापनका लागि सरकारी, गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गर्ने । | | | ✓ | ✓ | |
| २३ | वडा स्तरमा पर्यटन विकास समितिहरु गठन गर्ने । | | | ✓ | | |
| २४ | पर्यटनका संस्थागत एवम् भौतिक पूर्वाधार विकास गर्ने । | | | ✓ | ✓ | ✓ |
| २५ | होमस्टे व्यवस्थापन तालिम प्रदान गर्ने । | | | ✓ | ✓ | |
| २६ | सम्भाव्य स्थानहरुमा मनोरञ्जन पार्क, पिक्निक स्पट, विभिन्न धार्मिक तथा ऐतिहासिक प्रतिमाहरु निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | |
| २७ | नयाँ गन्तव्यहरूको खोजी र विकास गरी पर्यटकीय प्रवेश अनुमतिको व्यवस्था गर्ने । | | ✓ | ✓ | ✓ | |
| २८ | पर्यटकीय उपज विविधिकरण गर्ने । | | | ✓ | ✓ | |
| २९ | पर्यटकीय सुरक्षाको व्यवस्था गर्ने । | | | ✓ | ✓ | ✓ |
| ३० | पर्यटकीय स्थलहरुमा सरसफाइका कार्यक्रमहरु गर्ने । | | | ✓ | ✓ | |

### ४.३.५ अपेक्षित उपलब्धी

- पर्यटन गुरुयोजनाको कार्यान्वयन हुने छ।
- स्थानीय स्तरको पर्यटन सूचना केन्द्रको स्थापन गरी पर्यटन सूचना बोर्ड सञ्चालन हुने छ।
- सञ्चालनमा रहेका होम स्टेको प्रवर्द्धन भएको हुने छ।
- पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार भएको हुने छ।
- पर्यटन आवगमनमा वृद्धि भएको हुने छ।
- गाउँपालिकाका पर्यटकीय क्षेत्रहरुलाई एकीकृत पर्यटकीय सर्किटद्वारा जोडिएको हुने छ।
- पर्यटन क्षेत्रमा सहयोग आदान प्रदान गर्न आन्तरिक तथा बाह्य देशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध  स्थापना हुने छ।
- किराँत धर्मावलम्बीहरुको धर्म, संस्कृति, परम्परा र रहनसहन पर्यटन प्रवर्द्धनसँग आवद्ध हुने छ।
- स्काई वाक, क्यानोयिङ, रक क्लाइविङ, प्याराग्लाडिङ, बन्जीजम्पिङ लगायतका साहसिक पर्यटनको विकास भएको हुने छ।
- पर्यटकहरुको होल्डेज बढाउन स्थानीय धार्मिक, साँस्कृतिक, जातीय, ऐतिहासिक, मेला, उत्सव र पर्व मनाउन प्याकेज कार्यक्रम सञ्चालन हुने छ।
- पर्यटकीय तथा धार्मिक क्षेत्रहरुमा फोहरमैला व्यवस्थापनका लागि सरकारी, गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य भएको हुने छ।
- नाम्जे क्षेत्रमा निर्माणाधिन बहुसाँस्कृतिक पार्कलाई फन पार्कको रुपमा रुपान्तरण गर्न पूर्वाधारहरु निर्माण भएको हुने छ।
- पर्यटकीय होटल र होमस्टेहरुको पूर्वाधार निर्माण भएको हुने छ।
- स्थानीय युवा युवतीहरुले आतिथ्य व्यवस्थापन, होटल व्यवस्थापन, सुरक्षा जस्ता विषयमा तालिम प्राप्त गरेका हुने छन्।
- स्थानीय कला, संस्कृति र मठमन्दिरहरुको संरक्षण र सम्वर्द्धन भएको हुने छ।
- पर्यटन क्षेत्रमा लगानीहरु आकर्षित भएको हुने छ।
- नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र पूर्वाधार विकास भएको हुने छ।
- नयाँ पदमार्गको पहिचान भई पूर्वाधार निर्माण भएको हुने छ।

### ४.३.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने।
- स्थानीय संघ संस्था र दातृ निकायहरुको पर्यटन पूर्वाधारमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच पर्यटन विकास र पर्यटन पूर्वाधार निर्माणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने।

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

उद्योग क्षेत्र आर्थिक विकासको प्रमुख आधार स्तम्भको रुपमा रहेको छ । तीव्र औद्योगीकरणले आर्थिक समुन्नतिमा सहयोग पुऱ्याउँदछ । नेपालको संविधानले अर्थतन्त्रको विकासका लागि उद्योगधन्दा र स्रोत-साधनको संरक्षण र प्रवर्द्धन गरी श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकुल आयात व्यवस्थापन र निर्यात प्रवर्द्धक क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने नीति लिइएको छ । उद्योग, व्यापार र व्यवसाय विकासका लागि स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित साना उद्योगको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने हुन्छ । गाउँपालिकाको समग्र उद्योग, व्यापार र व्यवसाय क्षेत्रको विकासमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका रहने र गाउँपालिकाले समेत प्रभावकारी उत्प्रेरक, नियामक र सहजकर्ताको भूमिका निर्वाह गरिरहेको अवस्था छ । यसैगरी, उद्योगमा नयाँ प्रविधि प्रयोग गरी उत्पादन लागत कम गर्दै उत्पादन र उत्पादकत्व वृद्धि र रोजगारिका अबसर सिर्जना गर्नुपर्ने छ । उद्योग क्षेत्र रोजगारी र आर्थिक विकासको प्रमुख आधार हो । कृषिबाट उद्योग र सेवा क्षेत्रमा बेरोजगार वा अर्ध वेरोजगार श्रमिकको स्थानान्तरणले मात्र बस्तु र सेवाको उत्पादन, मूल्य अभिवृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनका साथै गाउँपालिकाको गरिबी न्यूनीकरणमा टेवा पुग्दछ ।

साँगुरीगढी गाउँपालिकामा लघु, घरेलु तथा साना उद्योगहरु सञ्चालनमा छन् । होटल व्यवसाय, बहुउद्देशीय फर्म, एग्रीकल्चर फर्म, कृषि तथा पशुपालन फर्म, फ्रेस हाउस, वर्कशप, कन्सट्रक्सन तथा निर्माण सेवा, राईस मिल, क्याफे, फुड प्रडक्ट, एग्रो फर्म, टुर्स एण्ड ट्राभल्स, बुटिक, आदि दर्ता भएका छन् । यस गाउँपालिकामा रहेका व्यापार र व्यवसाय दर्ता ज्यादै न्यून रहेको छ । किराना पसल, सप्लायर्स, कम्यूनिकेशन, रेमिट्यान्स, कोल्ड स्टोर, भाडा पसल, फेन्सी, हार्डवेयर, मदिरा पसल, मिष्ठान भण्डार, एग्रो सेन्टर, काष्ठ सप्लायर्स, कपडा पसल, आदि वाणिज्य कार्यलयमा दर्ता गरी सञ्चालनमा छन् भने केही व्यापार व्यवसाय दर्ता नगरी सञ्चालनमा रहेका छन् । उद्योग, व्यापार र व्यवसायहरु न्यून मात्रमा दर्ता भएको हुनाले गाउँपालिकाको राजस्व कम मात्रामा सङ्कलन भईरहेको छ । तसर्थ पालिकाको आन्तरिक राजस्व सङ्कलनमा वृद्धिको लागि उद्योग, व्यापार र व्यवसाय दर्ता अभियान आयोजना गरी व्यवसायीहरुलाई राजस्वको दायरामा ल्याउन पहल गर्न अत्यन्त जरुरी देखिन्छ ।

### ४.४.२ समस्या र चुनौती

#### समस्या

- धेरै उद्योगहरु दर्ता/नीतिगत दायरामा नआउनु ।
- गाउँपालिकामा उद्योग र उद्यमशिलताको कमी ।
- औद्योगिक पूर्वाधारको कमी ।
- औद्योगिक ग्राम स्थापना नहुनु ।
- व्यावसायिक दक्षताको अभाव ।
- सडक सञ्जालको अवस्था कमजोर हुनु ।

- बाह्य बजारसँग पहुँचको अभाव ।
- स्तरीय सडक यातायात, पूर्वाधार तथा बजारको व्यवस्था नहुनु ।
- साना उद्यमी र व्यवसायीहरुको संरक्षण नहुनु ।
- ठूला उद्योगहरु स्थापनाका लागि बाहिरी लगानी आउन नसक्नु ।
- अधिकांश सरसामानहरु बाहिरबाट आपूर्ति हुनु ।
- वित्तीय पहुँचको कमी ।

### चुनौती

- उद्यमशिलता विकास गर्नु ।
- स्थानीय उत्पादनको बजारीकरण गर्नु ।
- औद्योगिक कच्चा पदार्थ तथा कृषि, पशु विकास र जडीवुट्टीको व्यावसायिक उत्पादन गर्नु ।
- यथोचित तथ्याङ्कको अभाव ।
- कृषि, पशु विकास र जडिबुटीको व्यावसायिक उत्पादन गर्नु ।
- सडक, विद्युत आदि भौतिक पूर्वाधारको पहुँच वृद्धि गर्नु ।
- बाह्य लगानी वातावरणको निर्माण गर्नु ।
- प्रतिस्पर्धात्मक क्षमताको पहिचान र विकास गर्नु ।
- युवा जनशक्तिलाई उद्यमशिलता तर्फ आकर्षित गराउनु ।
- व्यापार व्यवसायको आकार सानो हुनु ।
- साना उद्यमी र व्यवसायीहरुको संरक्षण गर्नु ।
- दुर्लभ र महत्वपूर्ण जडिबुटीहरूको अव्यवस्थित सङ्कलन र प्रशोधन बिना निकासी हुनु ।

## ४.४.३ सम्भावना र अवसर

### सम्भावना

- कृषि, वन र जडिबुटी जन्य उद्योगको सम्भावना रहनु ।
- उद्योग, उर्जा, पर्यटन आदि क्षेत्रमा बाह्य लगानीको सम्भावना रहनु ।
- उद्यमशिलतालाई प्रोत्साहन वा बढावा दिन सकिने ।
- उद्योग ग्राम स्थापना गर्न सकिने ।
- स्थानीय स्तरबाट हुने निर्यातमा आधारित लघु घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन गर्न सकिने ।
- सानो स्केलमा हुने उत्पादनको एकीकृत बजार प्रवर्द्धन गर्न सकिने ।
- एक स्थानीय तह एक वाणिज्य बैंकको नीति रहनु ।
- वैदेशिक रोजगारबाट फर्किएका सीपयुक्त युवाको विप्रेषण आय, सीप र उद्यमशिलताको प्रयोग गर्न सकिने सम्भावना रहनु ।

### अवसर

- स्थानीय कला संस्कृति, रीतिरिवाजको प्रचार प्रसार गरी पर्यटक आवागमन बढाउन सकिने ।

- एक गाउँपालिका एक औद्योगिक ग्रामको केन्द्रिय नीति रहनु ।
- लघु तथा घरेलु उद्योग दर्ता र नियमनको अधिकार स्थानीय तहमा रहनु ।
- लघु तथा घरेलु उद्योग मार्फत स्थानीय रोजगारी सिर्जना गर्न सकिने ।
- साना व्यवसाय र उद्यमीहरुलाई सहज नवीकरण र कर छुटको व्यवस्था गरी करको दायरामा ल्याई राजस्व सङ्कलनमा वृद्धि गर्न सकिने ।
- विद्युतको राष्ट्रिय प्रसारण सबै स्थानीय तहमा पुऱ्याउने राष्ट्रिय नीति रहनु र गाउँपालिका प्राथमिकतामा पर्नु ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

- उद्योग धन्दा, व्यापार व्यवसाय तथा आपूर्ति मार्फत गाउँपालिकाको अर्थतन्त्रमा वृद्धि गर्ने ।

#### उद्देश्य

- उद्योग, व्यापार, व्यवसाय र आपूर्तिको विकास गरी आय र रोजगारी वृद्धि गर्नु ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गरी उद्यमी सिर्जना गर्नु ।

#### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्यमशीलताको प्रवर्द्धन गरी लघु तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने । | ▪ गाउँपालिका भित्र लघु र घरेलु उद्योग व्यवसाय स्थापनालाई प्रोत्साहन गर्न नीतिगत एवम् कानूनी व्यवस्था गरिने छ ।<br>▪ सङ्घीय सरकारले लिएको एक स्थानीय तह एक औद्योगिक ग्राम निर्माणका नीति अनुसार औद्योगिक ग्राम निर्माण तथा औद्योगिक पूर्वाधारको विकास गरिने छ ।<br>▪ स्थानीय स्तरबाट हुने निर्यातमा आधारित लघु घरेलु तथा साना उद्योग स्थापना र सञ्चालनमा ध्यान दिइने छ ।<br>▪ स्थानीय स्तरमा लगानी वातावरण निर्माण गर्नका साथै सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहित गरिने छ ।<br>▪ स्थानीय स्तरमा उद्यमशिलता विकासका लागि उपयुक्त व्यक्तिहरूको छनौट गरी सीप विकास एवम् उद्यमशिलता तालिम प्रदान गरी आय र रोजगार सँग आवद्ध गराइने छ ।<br>▪ स्थानीय उत्पादनलाई बढावा दिइ बजारसम्म पुऱ्याउन, बजारबाट किसानसम्म पूँजी, प्रविधि पुऱ्याउन अग्रपश्च सम्बन्ध स्थापित गर्न कोशेली घर सञ्चालनको व्यवस्था मिलाइने छ ।<br>▪ तुलनात्मक लाभ भएका उद्यम स्थापनामा प्राथमिकता दिइ अनुदानको व्यवस्थापन गरिने छ ।<br>▪ वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उद्योग व्यवसाय सञ्चालन गर्न वित्तीय पहुँच लगायत अन्य सहुलियत प्रदान गरिने छ ।<br>▪ तालिम प्राप्त जनशक्तिलाई स्किम धितोका आधारमा समूह जमानीमा वित्तीय संस्थाबाट |

| | |
|---|---|
| | कर्जा उपलब्ध गराउन सहजिकरण गरिने छ।<br>▪ स्थानीय सीप र कच्चा पदार्थमा आधारित श्रममूलक उद्योगलाई प्रोत्साहन गरिने छ।<br>▪ घरेलु तथा साना उद्योग स्थापनाको आधार खडा गर्न उद्यम विकास र सीप विकास तालिमलाई व्यापकता दिई उद्यमी सिर्जना तर्फ अग्रसर गराइने छ।<br>▪ स्थानीय कच्चा पदार्थमा आधारित अलैंची, आलु, जडिबुटी, मसला, आदिलाई स्थानीय तहमा नै प्रशोधन, लेवलिङ, ब्राण्डिङ तथा प्याकेजिङ गरी बिक्री वितरण गर्न प्रोत्साहित गरिने छ।<br>▪ महिला उद्यमीहरूद्वारा सञ्चालित उद्यमलाई प्राथमिकता र प्रोत्साहन दिइने छ।<br>▪ परम्परागत रुपमा चलिरहेका स्थानीय पहिचान जन्य उद्योगहरूलाई नयाँ प्रविधिसँग आवद्ध गरी व्यवसायिक्ता अभिवृद्धि गरिने छ। |
| व्यापार व्यवसायको विकास र विस्तार गर्ने। | ▪ व्यापार व्यवसायको तथ्याङ्क सङ्कलन गरी वार्षिक रुपमा अध्यावधिक गरिने छ।<br>▪ स्थानीय उत्पादनलाई आन्तरिक बजारसम्म पहुँच बढाउन नियमित हाट बजारको व्यवस्था गरिने छ।<br>▪ मूल्यलाई व्यवस्थित गर्न मूल्य सूची राख्ने तथा नियमित अनुगमन र नियमन गरिने छ।<br>▪ अत्यावश्क बस्तुहरूको निर्वाध आपूर्तिको सुनिश्चितता गर्दै कृतिम अभाव, कालो बजारी जस्ता अनियमितता नियन्त्रण गरिने छ।<br>▪ खाद्य सुरक्षा र पोषणको प्रत्याभूति गराउन सहकारी तथा निजी क्षेत्र मार्फत स्थानीय उत्पादनलाई बढावा दिंदै नियमित आपूर्तिको व्यवस्था गरिने छ।<br>▪ पोषण सुरक्षाका लागि खाद्य व्यवहारमा परिवर्तन गरी स्थानीय पोषण युक्त खाद्य पदार्थको उपयोगलाई प्रोत्साहित गरिने छ।<br>▪ सबै खालका व्यापार व्यवसायलाई करको दायरामा समेटिने छ। |

## मुख्य कार्यक्रम

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | औधोगिक प्रवर्द्धन नीति एवम् कानून तर्जुमा गर्ने। | | | ✓ | | |
| २ | परम्परागत उद्योगको आधुनिकीकरण र प्रवर्द्धन गर्ने। | | | ✓ | ✓ | |
| ३ | उद्यमशीलता तथा सीप तथा क्षमता विकास गर्ने। | | | ✓ | ✓ | |
| ४ | औधोगिक ग्राम स्थापना सम्भाव्यता अध्ययन तथा पूर्वाधार निर्माण गर्ने। | ✓ | ✓ | ✓ | | ✓ |
| ५ | सीपमुलक तथा स्वरोजगार सम्बन्धी तालिम प्रदान गर्ने। | | | ✓ | ✓ | ✓ |
| ६ | स्थानीय स्तरबाट हुने निर्यातमा आधारित लघु घरेलु उद्योग तथा साना उद्योग स्थापना र सञ्चालनमा गर्ने। | | | ✓ | ✓ | ✓ |
| ७ | स्थानीय पहिचान उत्पादनहरूको प्रशोधन, लेवलिङ, ब्राण्डिङ तथा प्याकेजिङ गर्ने। | | | ✓ | ✓ | |
| ८ | हाट बजारमा पूर्वाधारको व्यवस्था गर्ने। | | | ✓ | ✓ | ✓ |
| ९ | महिला उद्यम विकास गर्ने। | | | ✓ | ✓ | ✓ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | औद्योगिक पूर्वाधारको विकास गर्ने । | | ✓ | ✓ | ✓ | |
| ११ | सानो स्केलमा हुने उत्पादनको एकीकृत बजार प्रवर्द्धन गर्ने । | | ✓ | ✓ | ✓ | |
| १२ | बजारको नियमित अनुगमन गर्ने । | | | ✓ | | ✓ |
| १३ | निजी क्षेत्रको लगानी आकर्षण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १४ | कोशेली घर सञ्चालनको व्यवस्था मिलाउने । | | | ✓ | ✓ | ✓ |
| १५ | स्थानीय ढाका उद्योग प्रवर्द्धन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| १६ | साना व्यवसाय र उद्यमीहरुलाई सहज नवीकरण र कर छुटको व्यवस्था गरी करको दायरा फराकिलो बनाउने । | | | ✓ | | |

### ४.४.५ अपेक्षित उपलब्धी

- औधोगिक प्रवर्द्धन नीति एवम् कानून तर्जुमा भएको हुने छ ।
- औद्योगिक ग्राम स्थापना भएको हुने छ ।
- हाट बजारको व्यवस्थापन भएको हुने छ ।
- थप लघु तथा घरेलु उद्योग स्थापना भएको हुने छ ।
- थप रोजगारी प्राप्त गरेका हुने छन् ।
- स्थानीय युवा र उद्यमीहरुले उद्यम विकास तालिम लिएको हुने छन् ।
- महिला उद्यम विकास भएको हुने छन् ।
- बजारको नियमित अनुगमन भएको हुने छ ।
- बाह्य तथा आन्तरिक लगानीको वातावरण सिर्जना भएको हुने छ ।
- सडक पूर्वाधारहरुको विकास भई बजारसम्मको सहज पहुँच स्थापित भएको हुने छ ।
- उद्योग, व्यापार, व्यवसाय र आपूर्ति क्षेत्रमा लगानीहरु आकर्षित भएको हुने छ ।
- स्थानीय स्तरबाट हुने निर्यातमा आधारित लघु घरेलु उद्योग तथा साना उद्योग स्थापना र सञ्चालन भएको हुने छ ।
- स्थानीय पहिचान उत्पादनहरूको प्रशोधन, लेवलिङ, ब्राण्डिङ तथा प्याकेजिङ भएको हुने छ ।
- ढाका उद्योग प्रवर्द्धन भएको हुने छ ।
- कोशेली घर सञ्चालन भएको हुने छ ।
- सानो स्केलमा हुने उत्पादनको एकीकृत बजार प्रवर्द्धन भएको हुने छ ।
- साना व्यवसाय र उद्यमीहरुलाई सहज नवीकरण र कर छुटको व्यवस्था भएको हुने छ ।

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

- औधोगिक ग्रामको व्यवस्था भई पूर्वाधार विकास हुनुपर्ने ।
- औधोगिक एवम् व्यापार नीति र कानूनहरु तर्जुमा भएको हुनुपर्ने ।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको स्थानीय स्तरमा नै व्यवस्था हुनुपर्ने ।
- औधोगिक र व्यापार मैत्री कर प्रणाली हुनुपर्ने ।
- उद्योगहरुको लागि कच्चा पदार्थ स्थानीय स्तरमा नै उपलब्ध हुनुपर्ने ।
- स्थानीय उद्यमी व्यवसायीहरुलाई लगानीको लागी सुलभ दरमा ऋण उपलब्ध हुनुपर्ने ।

## ४.५ श्रम तथा रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

रोजगारी र श्रमलाई नेपालको संविधानको धारा ३३ र ३४ मा मौलिक हक मा समाहित गरिएको छ। यहि हक लाई कार्यन्वयन गर्न रोजगारी हक सम्बन्धित ऐन २०७५, रोजगारीको हक सम्बन्धित नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५ तथा युवा रोजगारीका लागि रुपनान्तरण पहल कार्यविधि २०७६ तर्जुमा गरी स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना मार्फत बेरोजगार व्यक्तिको पहिचान गर्ने सूचिकरण गर्ने, र सूचिकृत व्यक्तिलाई रोजगारी प्रदान गर्ने गरिन्छ। गरिबी निवारण र आर्थिक विकासमा उल्लेख्य प्रगति गर्न सकिने तथ्यलाई मध्य नजर गरी श्रम बजारको आवश्यकता अनुरुप सीपमुलक श्रम शक्तिको विकास गर्नु आजको आवश्यकता हो । गुणस्तरीय मानव संशाधनको विकास मार्फत श्रमको उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई बनाउन उत्पादनको क्रियाशील साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका हुन्छ । अन्तराष्ट्रिय श्रम संगठनको अभिसन्धी १६९ ले सुरक्षित रोजगारी र श्रमको उत्पादकत्वको प्रत्यभूति गरेको छ भने राष्ट्रिय रोजगार नीति, २०७१ र वैदेशिक रोजगार नीति २०६८ कार्यन्वयनमा आएका छन्। यसै कानुनी आधारलाई मानेर उत्पादनमूलक रोजगारी सिर्जना गरी मुलुकमा उपलब्ध आर्थिक रुपमा कार्यशिल जनसङ्ख्या प्रयोग गरी उद्योग व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य जस्ता सेवा क्षेत्रमा स्थानान्तरण गर्न सकेमा पालिकाको अर्थतन्त्रमा योगदान पुग्दछ।

सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चित गरिएको छ । स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरुको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरु वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ। जसले अल्पकालीन रुपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गरिरहेको छ। विप्रेषण क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि विगतका योजनाहरुले समेट्न नसकेको कुरा यथार्थ हो । हाल यस साँगुरीगढी गाउँपालिकामा वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवम् उपलब्धीमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई प्रभावकारी कार्यान्वयन गर्नु महत्वपूर्ण कार्य हुने छ।

राष्ट्रिय जनगनणा, २०७८ अनुसार साँगुरीगढी गाउँपालिकामा कृषि बाहेकका घरपरिवारद्वारा सञ्चालित लघु उद्यमहरुको किसिम अन्तर्गत घरेलु उद्योगमा १७ पुरुष र ७ महिला, व्यापार व्यवसायमा २१ पुरुष तथा ५५ महिलाद्वारा सञ्चालित छन्। त्यसै गरी यातायात व्यवसाय ५ पुरुष र २ महिला, सेवा ५ पुरुष र ५ महिलाद्वारा सञ्चालित छन् भने अन्य पेशा ५ पुरुष र ३ महिलाबाट सञ्चालन गरिएको छ। सोही गरी ६ वटा उद्यमहरु बारे उल्लेख गरिएको छैन । गाउँपालिकाका आर्थिक रुपले सक्रिय जनसङ्ख्या रहेको ७,०६९ पुरुष र ७२५८ महिला गरी कुल १४,३२७ जना रहेको छ। जसमध्ये ७ जना पुरुष सशस्त्र बलमा, २४१ पुरुष र १९३ महिला गरी ४३४ जना म्यानेजर पदमा, ११७ पुरुष र १२३ महिला गरी २४० जना व्यवसायिक, ३८ पुरुष र २८ महिला गरी ६६ जना प्राविधिक र सहयोगी पेशामा कार्यरत छन्। त्यसै गरी कार्यालय सहयोगी ४४ जना (२६ पुरुष र १८ महिला), सेवा र बिक्री कामदार २०४ जना (१०४ पुरुष र १०० महिला) तथा दक्ष कृषि, वन जङ्गल र मत्स्यपालन सम्बन्धी संस्थामा १२,२५० जना (५,८८३ पुरुष

र ६,३६७ महिला), शिल्प र सम्बन्धित व्यापार कामदारहरु १५१ जना (१२० पुरुष र ३१ महिला), प्लान्ट र मेशन अपरेटर तथा एसेम्बलरहरु १६३ जना (१६० पुरुष र ३ महिला) तथा प्राथमिक कामदारहरु ७६६ जना (३७१ पुरुष र ३९५ महिला) छन् भने २ जनाको पेशा बारे उल्लेख गरिएको छैन।

कृषि, जङ्गल र मत्यपालन सम्बन्धी कार्यमा १२,४९५ जना (७,०६९ पुरुष र ७,२५८ महिला), खानी तथा उत्खनन कार्यमा ४९ जना (३८ पुरुष र ११ महिला), उत्पादनमूलक कार्यमा १०२ जना (५८ पुरुष र ४४ महिला), विद्युत, ग्यास, वाफ र वातानुकूलित आपूर्ति कार्यमा ९ जना (८ पुरुष र १ महिला), पानी आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापन र सुधार गतिविधिहरूमा १२ जना (८ पुरुष र ४ महिला), निर्माणसँग सम्बन्धित कार्यमा २८३ जना (१८६ पुरुष र ९७ महिला), होलसेल तथा रिटेल व्यापार तथा मोटर वाहन र मोटरसाइकल मर्मत कार्यमा ४७० जना (२१० पुरुष र २६० महिला), यातायात र भण्डारणमा १५२ जना (१५० पुरुष र २ महिला), आवास र खाना सेवा गतिविधिहरुमा २४९ जना (१२० पुरुष र १२९ महिला), सूचना तथा सञ्चारमा १० जना (८ पुरुष र २ महिला) तथा वित्तीय तथा ईन्स्यूरेन्स कम्पनीमा १८ जना (१४ पुरुष र ४ महिला)ले श्रम तथा रोजगार पाईरहेको छ। त्यसै गरी, घर जग्गा व्यापार गतिविधिहरुमा ४ पुरुष, व्यावसायिक, वैज्ञानिक र प्राविधिक गतिविधिहरूमा ७ जना (४ पुरुष र ३ महिला), प्रशासनिक र सहायक सेवा गतिविधिहरूमा ४ जना (३ पुरुष र १ महिला), सार्वजनिक प्रशासन र रक्षामा ६८ जना (५६ पुरुष र १२ महिला), शिक्षण संस्थामा २२३ जना (११० पुरुष र ११३ महिला), मानव स्वास्थ्य र सामाजिक कार्य गतिविधिहरूमा ३६ जना (१२ पुरुष र २४ महिला), कला तथा मनोरञ्जनमा ३ जना पुरुष, अन्य सेवा गतिविधिमा ९४ जना (३९ पुरुष र ५५ महिला), रोजगारदाताको रूपमा घरपरिवारका गतिविधिहरूमा ३५ जना (१८ पुरुष र १७ महिला), अतिरिक्त-क्षेत्रीय संगठन र निकायहरूको गतिविधिहरूमा ३ जना पुरुषले रोजगार प्राप्त गरेका छन् भने १ जनाले रोजगार गरिरहेको उद्योग उल्लेख गरिएको छैन।

साँगुरीगढी गाउँपालिकामा रोजगारीको संस्थागत क्षेत्र सवालमा सरकारीतर्फ १६५ पुरुष र १२४ महिला गरी २८९ जनाले, वित्तीय संस्थामा १४ पुरुष र ४ महिला गरी १८ जना र गैर वित्तीय संस्थामा ८३९ पुरुष र ६८३ महिला गरी १,५२२ जना कार्यरत छन्। त्यसैगरी ६,०३७ पुरुष र ६,४४० महिला घरपरिवारमा आवद्ध छन् भने १ जना पुरुषको रोजगारी बारे उल्लेख गरिएको छैन। (स्रोत: राष्ट्रिय जनगणना, २०७८)

### ४.५.२ समस्या र चुनौती

#### समस्या

- श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन नहुनु।
- प्राप्त सीप र पूँजिको न्यून परिचालन हुनु।
- ठूला तथा मझौला उद्योगहरु नहुँदा रोजगारीको कमी ।
- बाहिरी लगानी आकर्षित हुन नसक्दा गाउँपालिका क्षेत्रमा न्यून आर्थिक गतिविधि।
- स्थानीय मानिसहरु श्रमको लागि अन्य शहर तथा वैदेशिक रोजगारीमा गएका।
- उच्च दक्ष श्रम शक्ति न्यून हुनु।
- सरकारी, सहकारी, निजी तथा सामुदायिक क्षेत्रबीच समन्वय नहुनु।

- मर्यादित श्रम सहित रोजगार सुनिश्चित नहुनु ।
- सामाजिक सुरक्षा योजनालाइ सर्वब्यापी बनाउन नसक्नु ।
- सामजिक सुरक्षा वितरण प्रणाली प्रभावकारी नहुनु ।
- सामजिक सुरक्षा योजना तर्जुमा, लगानीको आँकलन, श्रोत माथिको दवाव अनुमान गर्न आवश्यक पर्ने सूचना तथा तथ्याङ्कको कमी हुनु ।
- अल्पसङ्ख्यक तथा पिछडिएका समुदायहरुको सामाजिक सुरक्षामा कम पहुँच ।

### चुनौती

- बाह्य स्रोतलाई आकर्षित गरी आर्थिक गतिविधि बढाउनु ।
- बढ्दो बसाइँसराइ र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारिक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको ।
- पालिकामा बढिरहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो ।
- आर्थिक रुपमा सक्रिय जनसङ्ख्यालाई स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
- अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु ।
- वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरु बढ्नु ।
- श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन मिलाउनु ।
- गन्तव्य मुलुकहरुसँग द्विपक्षीय श्रम सम्झौता र त्यसको कार्यान्वय गर्नु ।
- वैदेशिक रोजगारको दिगो विकल्प दिनु नसक्नु ।
- पारिवारिक तथा सामाजिक पुनःएकीरकणका सवालहरु सम्बोधन नहुनु ।
- तालिम प्राप्त जनशक्तिको निम्ति सही कामको उपलव्धता गराउनु ।
- आर्थिक रुपमा सक्रिय जनसङ्ख्यालाई स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
- रोजगारीको अवसर सम्बन्धी सूचनामा रोजगारी चाहने मानिसको पहुँच स्थापित गर्नु ।
- योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा स्थानीयको पहुँच स्थापित गराउनु ।
- सामाजिक सुरक्षा संरक्षण सम्बन्धी योजनालाई वित्तिय रुपमा दिगो बनाउनु ।

## ४.५.३ सम्भावना र अवसर

### सम्भावना

- स्थानीय लघु घरेलु तथा साना उद्योगहरु स्थापना गरी यथेष्ट रोजगार सिर्जना गर्न सकिने ।
- वैदेशिक रोजगारबाट फर्किएका सीपयुक्त युवालाई स्थानीय श्रम तथा रोजगारीको सम्भावना ।
- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित, उपलब्धीमुलक एवम् शोषण रहित बनाउन सुरक्षित आप्रवासन परियोजना (सामी परियोजना) सञ्चालन गर्न सकिने ।
- स्थानीय उत्पादनले बजार प्राप्त गरी कृषकहरुले उत्पादनको उचित मूल्य पाउन सकिने ।
- अन्तराष्ट्रिय श्रम बजारको पहिचान गर्नु ।
- विप्रेषणको उत्पादनमुलक क्षेत्रमा लगानी गरी आय-आर्जन बढाउन सकिने ।

### अवसर

- युवा र आर्थिक रुपले सक्रिय जनसङ्ख्याको बाहुल्यता रहेको हुनाले यसको परिचालन मार्फत गाउँपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रुपमा अगाडी बढाउन सकिने ।
- विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवम् रोजगारको अवसर समेत विस्तार हुने ।
- सीपयुक्त जनशक्तिको परिचालनद्वारा समृद्धि हासिल गर्न सकिने ।
- सुरक्षित आप्रवासन परियोजना (सामी परियोजना) सञ्चालन गरी वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित, उपलब्धीमुलक एवम् शोषण रहित बनाउन सकिने ।
- विदेशबाट फर्किएका मानिसहरुलाई परिचालित गरी नविनतम उत्पादन प्रकियाको थालनी गर्न सकिने ।
- स्थानीय उत्पादनमा आधारित उद्योगहरुको स्थापना गरी रोजगारी सिर्जना हुन सञ्चालन ।
- आर्थिक गतिविधि बढ्न सञ्चालन ।
- स्थानीय उत्पादनले बजार प्राप्त गरी कृषकहरुले उत्पादनको उचित मूल्य पाउन सञ्चालन ।
- स्थानीय सरकारको राजस्व अभिवृद्धि हुने ।
- स्थानीय उत्पादनलाई ब्राण्डिङ गरी बढी मूल्य प्राप्त गर्न सकिने ।

## ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

- स्थानीय स्तरमै दक्ष तथा सीपयुक्त मानव संसाधनको विकास गर्ने ।
- असल औद्योगिक श्रम सम्बन्धको विकास गरी उत्पादनशील र मर्यादित रोजगारीका अवसर विस्तार गर्नु ।

### उद्देश्य

- श्रम बजारको बेरोजगारी न्यूनीकरण गर्न स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
- व्यवसायिक सीपमूलक तालिमका अवसरहरु वृद्धि गरी प्रतिस्पर्धी जनशक्तिको विकास गर्नु ।
- वैदेशिक रोजगारमा संलग्न (महिला, पुरुष, विपन्न वर्ग सहित) कामदार तथा तिनका परिवारको वैदेशिक रोजगारबाट आर्थिक लाभ वृद्धि हुनका साथै वैदेशिक रोजगारबाट उत्पन्न नकारात्मक प्रभावहरु पनि न्यूनिकरण गर्ने ।
- सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नु ।
- सामाजिक सुरक्षा संरक्षणमार्फत नागरिकको आर्थिक, सामजिक, पर्यावरणीय र अन्य जोखिम कम गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| श्रमिकको हक र अधिकारको | ▪ विद्यमान श्रम तथा रोजगार सम्बन्धी कानूनहरुको प्रभावकारी कार्यान्वयन |

| | |
|---|---|
| कानुनी तथा आर्थिक आधार तयार गर्ने । | र सामजिक सम्बादको माध्यमबाट असल औद्योगिक एवम् श्रम सम्बन्धको विकास गरिने छ ।<br>▪ राष्ट्रिय रोजगार नीतिका आधारमा पालिकाकले रोजगारीको हक सम्बन्धी प्रावधान कार्यन्वयन गरिने छ ।<br>▪ वैदेशिक रोजगारका चरणलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने छ ।<br>▪ सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यन्वयन गरिने छ ।<br>▪ स्थानीय तहमा स्वरोजगार तथा रोजगार सिर्जना हुने खालका कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गरिने छ ।<br>▪ वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धीमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्वन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरिने छ । |
| लगानीमैत्री वातावरण सिर्जना गरी निजी तथा सामुदायिक /सहकारीको माध्यमद्वारा रोजगारीका अवसर निर्माण गर्ने । | ▪ रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने ।<br>▪ आवश्यकताका आधारमा तालिम र सीप विकासद्वारा श्रमिकको दक्षता अभिवृद्धि गरिने छ ।<br>▪ तीन तहका सरकारबीच रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा प्रभावकारी समन्वय गरिने छ ।<br>▪ रोजगारी सिर्जना गर्न एवम् विभिन्न निकायसँग समन्वय तथा रोजगारी सम्बन्धी कार्यको नियमन गर्न एक रोजगार समिति गठन गरिने छ ।<br>▪ लघु, घरेलु तथा साना उद्योग, पर्यटन तथा कृषिमा लगानी विस्तार गरी रोजगारीका अवसरमा वृद्धि गरिने छ ।<br>▪ सम्बन्धित सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यलाई बढावा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरु प्रवाह गरिने छ । |
| वैदेशिक रोजगारीलाई कम खर्चिलो, सुरक्षित र लाभप्रद बनाउने र विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गर्ने । | ▪ विप्रेषणलाई पूर्वाधार विकास जस्ता उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक नीति र विश्वाशिलो संयन्त्र बनाईने छ ।<br>▪ वैदेशिक रोजगारमा जानेका निम्ति पालिकाबाट श्रम क्षेत्र निर्धारण गरी उपयुक्त पूर्व तालिमको व्यवस्था गरिने छ ।<br>▪ वैदेशिक रोजगारीलाई सुरक्षित र लाभप्रद बनाउन पालिकामा नियमित अनुगमनको व्यवस्था गरिने छ ।<br>▪ वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरुको ज्ञान, सीप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरिने छ । |
| योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथसाथै अनौपचारिक क्षेत्रमा समेत | ▪ एकीकृत सामजिक सुरक्षा योजना र योगदानमा आधारित सामजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि नीतिगत, कानुनी तथा अन्तर निकाय समन्वयात्मक सुधार गरिने छ ।<br>▪ सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा |

| | |
|---|---|
| विस्तार गरी सर्वब्यापी बनाउने । | आवद्ध गरिने छ।<br>▪ सामाजिक सुरक्षा संरक्षण मार्फत नागरिकको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम कम गरिने छ। |
| मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने। | ▪ वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरुलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिने छ।<br>▪ प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा सञ्चालन गर्दै उद्यम विकासमा सहयोग गरिने छ।<br>▪ मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्य शाखा अन्तरगत आन्तरिकीकरण गर्दै सो सम्बन्धी सेवालाई दिगो रुपमा प्रवाह गरिने छ। |

## मुख्य कार्यक्रम

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | रोजगारीका अवसर वृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | |
| २ | रोजगारदाताहरुको अभिलेख अद्यावधिक गर्ने। | | | ✓ | ✓ | |
| ३ | राष्ट्रिय रोजगार नीति तथा श्रमिकको हक हित सम्बन्धी कानुन प्रभावकारी रुपमा कार्यन्वयन गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ४ | रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| ५ | सचेतनामूलक (रिटर्नी स्वयंसेवक परिचालन/अन्तरक्रिया/होर्डिङबोर्ड/जानकारीमूलक पर्चा विकास तथा वितरण) कार्यक्रम सञ्चालन गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| ६ | युवा लक्षित रोजगारीका अवसर वृद्धि गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ७ | श्रमिकको कार्य क्षेत्रमा सुरक्षाको मापदण्ड लागू गर्न सहयोग गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ८ | न्यूनतम पारिश्रमिक पालनाको निरीक्षण गर्ने। | | | ✓ | | |
| ९ | आर्थिक / वित्तीय साक्षरता कक्षा सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| १० | व्यवसायिक सीप विकास तालिम सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| ११ | वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारका लागि मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | |
| १२ | विप्रेषणको उत्पादनमूलक (उद्यमशीलता) उपयोगको लागि कार्यक्रम सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| १३ | वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धीका सेवाहरु प्रवाहमा सहजिकरण गर्ने। | | ✓ | ✓ | ✓ | |
| १४ | कम्तिमा एउटा बहुविषयगत सीप विकास तालिम केन्द्र स्थापना गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| १५ | प्राविधिक सीप विकास केन्द्र सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | सामी परियोजना सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| १७ | ठगी लगायतका समस्याहरुमा न्यायमा पहुँचका लागि आवश्यक सहजिकरण गर्ने । | ✓ | ✓ | ✓ | | |
| १८ | वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई उद्यम विकासका लागि सहजिकरण तथा सहयोग कार्यक्रम | ✓ | ✓ | ✓ | | |
| १९ | सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्ने । | | ✓ | ✓ | ✓ | |
| २० | सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी थप आवश्यक कार्यहरु सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| २१ | प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सफल बनाउन समन्वय र सहकार्य गर्ने । | ✓ | ✓ | ✓ | | |
| २२ | विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक नीति र विश्वाशिलो संयन्त्र निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | |
| २३ | गाउँपालिकाबाट वैदेशिक रोजगारमा जानेका निम्ति श्रम क्षेत्र निर्धारण गरी उपयुक्त पूर्व तालिमको व्यवस्था गर्ने । | | ✓ | ✓ | ✓ | |
| २४ | वैदेशिक रोजगारीलाई सुरक्षित, लाभप्रद र मर्यादित बनाउन गाउँपालिकामा नियमित अनुगमनको व्यवस्था गर्ने । | | ✓ | ✓ | ✓ | |
| २५ | वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरुलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने । | | | ✓ | ✓ | |
| २६ | श्रम अडिट गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |

### ४.५.५ अपेक्षित उपलब्धी

- रोजगारदाताहरुको अभिलेख अद्यावधिक भएको हुने छ ।
- आर्थिक रुपमा सकृय जनसङ्ख्यालाई पूर्ण रोजगारीको सिर्जना हुने छ ।
- आर्थिक / वित्तीय साक्षरता कक्षा सञ्चालन हुने छ ।
- वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारका लागि मनोसामाजिक परामर्श सेवा सञ्चालन भएको हुने छ ।
- रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा सञ्चालन हुने छ ।
- सचेतनामूलक (रिटर्नी स्वयंसेवक परिचालन/अन्तरक्रिया/ होर्डिङबोर्ड/जानकारीमूलक पर्चा विकास तथा वितरण) कार्यक्रम सञ्चालन हुने छ ।
- विप्रेषणको उत्पादनमूलक (उद्यमशीलता) उपयोगको लागि कार्यक्रम सञ्चालन हुने छ ।
- वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धीका सेवाहरु प्रवाहमा सहजिकरण हुने छ ।
- ठगी लगायतका समस्याहरुमा न्यायमा पहुँचका लागि आवश्यक सहजिकरण भएको हुने छ ।
- श्रमिकहरुको श्रम, मर्यादा, सम्मान र जीवनस्तर बढेको हुने छ ।
- श्रम र कामदार प्रति असल सम्बन्ध स्थापना हुने छ ।
- वैदेशिक रोजगारी व्यवस्थित र मर्यादित भएको हुने छ ।
- विप्रेषण उत्पादन क्षेत्रमा लगानी भई श्रमिकको जीवनस्तरमा स्तरोन्नति भएको हुने छ ।
- श्रम अडिट भएको हुने छ ।

- सामी परियोजना सञ्चालन हुने छ ।
- मर्यादित श्रम सहितको रोजगार सुनिश्चित हुने छ ।
- गाउँपालिकामा सामाजिक सुरक्षाको व्यवस्था पूर्ण रुपमा प्राप्त हुने छ ।
- सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

- आवश्यक दक्ष जनशक्ति र प्राविधिकहरुको सहज आपूर्ति हुनुपर्ने ।
- गाउँपालिका भित्रै रोजगारीको अवसरहरु सिर्जना हुनुपर्ने ।
- गाउँपालिकामा सुरक्षित र सहज लगानीको वातावरण हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच श्रम, रोजगारी सिर्जना र नागरिकको सामाजिक सुरक्षामा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- बाल श्रम प्रयोग निरुत्साहित हुनुपर्ने ।

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । देश विकासमा स्वस्थ र उत्पादनशील नागरिकको महत्त्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसै सन्दर्भमा लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट क्रमश: सेवामूलक क्षेत्रमा रुपान्तरण गर्दै लैजानुपर्ने आवश्यक छ । संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिंदै स्वास्थ्य नीति, मापदण्ड, गुणस्तर, अनुमगन, परम्परागत उपचार सेवा र सरुवा रोग नियन्त्रण लगायतको कार्य संघको अधिकार भित्र राखिएको छ । यसको प्रभावकारी कार्यान्वयनको लागि अन्तर मन्त्रालय समन्वय तथा सहकार्य अपरिहार्य रहेको छ । यस परिप्रेक्षमा नेपालले विभिन्न समयमा गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता, नेपाल सरकारका विद्यमान नीति एवम् स्वास्थ्य तथा पोषण क्षेत्रका प्रमुख समस्या, चुनौती तथा अवसरलाई समेत आधार बनाउँदै दिगो विकास लक्ष्य हासिल गर्ने राष्ट्रिय कार्यसूची रहेको छ । नागरिकलाई स्वस्थ्य बनाउन आधुनिक चिकित्सा, आयुर्वेदिक, प्राकृतिक, होमियोपेथिक चिकित्सा क्षेत्र, स्वास्थ्य सुशासन र अनुसन्धानमा लगानी बढाउन आवश्यक देखिएको छ । स्वास्थ्य क्षेत्रलाई प्रभाव पार्ने अर्को महत्वपूर्ण सुचक खाद्य सुरक्ष हो । आफ्नो उत्पादनले बाह्र महिना खाद्यन्न पुग्ने परिवार सङ्ख्या र बाह्र महिना भन्दा कम समयको लागि खाद्यान्न पुग्ने घरपरिवर सङ्ख्याले पनि व्यक्तिको स्वस्थ्यगत अवस्थालाई निर्धारित गर्दछ ।

यस गाउँपालिकामा ७ वटा स्वास्थ्य चौकी (भेडेटार, गोलखाडी, खुबी, आहाले, बुढीमोरङ, खुवाफोक र फाक्सिव), १ वटा प्राथमिक स्वास्थ्य केन्द्र (डाँडाबजार) र २ वटा आधारभूत स्वास्थ्य केन्द्र (भार्ताङ र लापु भञ्याङ) सञ्चालनमा रहेका छन् भने ४ वर्थिङ सेन्टर मार्फत प्रसुति सेवा प्रदान गरिराखेको छ । यसका अलावा २३ वटा गाउँघर क्लिनिक र २८ वटा खोप क्लिनिक लगायत स्वास्थ्य संस्थाहरु रहेको यस गाउँपालिकामा निशुल्क अल्ट्रासाउण्ड सुविधा, ल्याव सुविधा, सुरक्षित पोषण सेवा, रक्त सञ्चार, फार्मेसी, परामर्श सेवा लगायतका सेवाहरु सञ्चालनमा छन् । यस क्षेत्रमा रहेको मुख्य रोगहरु टन्सिल, दम (स्वास प्रश्वास), घाँटी सम्बन्धी रोग, ग्यास्ट्रिक/अल्सर लगायत नसर्ने रोगहरु रहेका छन् । यसका अलावा रक्तचाप, मुटु रोग, पक्षघात, निमोनिया, झाडा पखाला, क्षय रोग (टिवि), एच.आइ.भि. एड्स, क्यान्सर, स्तन क्यान्सर, प्रसुती जन्य रोग, छाला सम्बन्धी रोग लगायत छन् । ती स्वास्थ्य केन्द्रहरुमा दक्ष जनशक्ति सहितको पर्याप्त दरबन्दी, बुढी मोरङ र खुबी स्वास्थ्य चौकीमा भवनको समस्या, खोप केन्द्रहरुको भवनको कमि, स्वास्थ्य केन्द्रहरुमा जनसङ्ख्याको आधारमा बजेट विनियोजन, वर्थिङ सेन्टरहरुमा ल्याव, स्वास्थ्य उपकरण र पूर्वाधारहरुको स्तरोन्नति, मासिक घुम्ती शिविर, व्याकअप सोलार वत्ती सुविधा तथा स्वास्थ्य संस्थाहरुमा अपर्याप्त डेस्कटप कम्प्यूटरको अभाव लगायतका सवालहरु विद्यमान छ ।

सुरक्षित मातृत्वको लागि आवश्यक खोप सेवा, गर्भावस्थाको जाँच र सुरक्षित प्रसुति जस्ता स्वास्थ्य सेवा लिने महिलाहरु न्यून रहेको छ भने गाउँपालिका भित्रका स्वास्थ्य केन्द्रबाट विभिन्न किसिमका खोप लिने बालबालिका सङ्ख्या सन्तोषजनक रहेको देखिन्छ। मातृशिशु सुरक्षाको अवस्था हेर्दा जीवित नवजात शिशु सङ्ख्याको दरमा वृद्धि भईरहेको छ । पहाडी क्षेत्र र सडकको कमजोर अवस्थाले गर्दा स्वास्थ्य सेवामा स्थानीयवासीहरुको पहुँच न्यून रहेको छ। अधिकांश घरपरिवारलाई नजिकैको स्वास्थ्य केन्द्रमा पुग्न आधा घण्टादेखि एक घण्टा लाग्ने देखिन्छ । गाउँपालिकास्थित स्वास्थ्य चौकीहरुमा दक्ष जनशक्ति, स्वास्थ्य उपकरण, ल्याब सेवा र पूर्वाधारहरुको अभाव रहेको छ। स्वास्थ्य केन्द्रहरुमा प्राथमिक तहको स्वास्थ्य सेवा मात्र उपलब्ध रहेकोले गम्भिर प्रकारको रोगको उपचारको लागि स्थानीयवासीहरु धरान, विराटनगर र राजधानी काठमाण्डौ जाने गर्दछन्।

### ५.१.२ समस्या र चुनौती

#### समस्या

- सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव।
- अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्वास्थ्य चौकीको कमजोर पहुँच।
- निशुल्क  तथा अत्यावश्यक औषधीको पर्याप्त मात्रामा उपलब्ध नहुनु।
- महिलाहरुमा पाठेघर क्यान्सर, आङ खस्ने, स्तन क्यान्सर रोगको समस्या।
- सबै स्वास्थ्य संस्थामा प्रसुति केन्द्र (बर्थिङ सेन्टर)को अभावले प्रसुति सेवामा कठिनाई।
- कुपोषण, श्वास प्रश्वास जन्य स्वास्थ्य समस्या रहनु।
- स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी।
- सबै घरपारिवरमा पोषण र खाद्य सुरक्षाको पहुँच नहुनु।

#### चुनौती

- आधारभूत स्वास्थ्य सेवालाई सबैको पहुँच भित्र ल्याउनु।
- सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु।
- निशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधि सर्वयाम उपलब्ध गराउनु।
- स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधा युक्त (औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार) पुऱ्याउनु।
- स्वास्थ्य बीमालाई सबै नागरिकको दायरामा पुऱ्याउनु।
- आयुर्वेद तथा स्थानीय उपचार प्रणालीलाई स्वास्थ्य संस्थाको दायरामा ल्याई व्यवस्थित र गुणस्तरीय बनाउनु।
- खाद्य सेचतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रुपमा विकास गर्नु।
- स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि गर्नु।

### ५.१.३ सम्भावना र अवसर

#### सम्भावना

- स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न सकिने।

- स्वास्थ्य बीमा कार्यक्रम मार्फत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि हुने ।
- स्थानीय तहको स्वास्थ्य सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन सकिने ।
- बालबालिकाको लागि पोषण कार्यक्रम सञ्चालन गर्न सकिने ।

### अवसर

- आधारभूत स्वास्थ्य स्थानीय सरकारको अधिकारमा रहनु ।
- १५ शैया सम्मको अस्पताल सबै स्थानीय तहमा खोल्ने सरकारी नीति रहनु ।
- अधिकांश वडामा स्वास्थ्य संस्था र खोप केन्द्र उपलब्ध हुनु ।
- राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा रहनु ।
- स्वास्थ्य सेवा गाउँपालिकाको प्राथमिकता र जनचासोको विषय रहनु ।
- स्वास्थ्य सम्बन्धी काम गर्ने विभिन्न गैर सरकारी संस्थाको उपस्थिति हुनु ।
- ग्रामीण स्वास्थ्य स्वयंसेविका र आमा समूहको क्रियाशीलता ।

## ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

- स्वास्थ्य सेवामा पहुँच स्थापित गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- पोषणमा सुधार तथा खाद्य सुरक्षा प्रदान गर्ने ।

### उद्देश्य

- गुणस्तरीय स्वास्थ्य सेवा तथा पोषणलाई सबैको पहुँचमा पुऱ्याउनु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित गर्ने । | ▪ जनताको आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन गाउँपालिकाभित्रका स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने छ ।<br>▪ स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउने छ ।<br>▪ बालबालिकालाई “पूर्ण खोप सुनिश्चितता” गराउने कार्यक्रमलाई तीव्रता दिने ।<br>▪ स्वास्थ्य संस्थामा आधारभूत औषधी, उपकरण र चिकित्सक सेवा उपलब्ध गराइने छ ।<br>▪ विपन्न र वञ्चितिमा परेका समुदायको स्वास्थ्य सेवा प्राप्तिमा देखिएका अवरोधहरू हटाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन विशेष व्यवस्था गरिने छ ।<br>▪ स्वास्थ्य संस्था केन्द्रित विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिने छ ।<br>▪ बाल, मातृ तथा शिशु स्वास्थ्य सम्बन्धी खोप कार्यक्रम प्रभावकारी बनाई लक्षित समूहलाई शत प्रतिशत पूर्ण खोपको दायरामा ल्याइने छ ।<br>▪ जुकाको औषधी, भिटामिन ए, हेपाटाइटिस बी, हात्ती पाइले लगायतका खोप |

| | |
|---|---|
| | तथा औषधीहरुलाई अभियानको रुपमा सञ्चालन गरिने छ।<br>▪ स्वास्थ्य संस्थाहरूमा परिवार नियोजन तथा मातृ स्वास्थ्य आदि सेवा सुदृढ गरिने छ।<br>▪ महिलासँग सम्बन्धित रोगहरू पाठेघर जन्य समस्या, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, रक्त अल्पता आदि रोकथाम तथा नियन्त्रणका लागि विशेष स्वास्थ्य शिविर सञ्चालन गरिने छ।<br>▪ सीमान्तकृत स्वास्थ्य बीमा कार्यक्रम मार्फत स्वास्थ्य बीमाको पहुँच सबै घरपरिवारमा पुर्‍याईने छ।<br>▪ अति विपन्न समुदायलाई स्वास्थ्य बीमा सम्बन्धी अनुदान सहयोग उपलब्ध गराइने छ।<br>▪ स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन गर्दै नतिजामा आधारित अनुगमन, मूल्याङ्कन, प्रोत्साहन प्रणाली लागु गरिने छ।<br>▪ स्वास्थ्य सेवामा संलग्न जनशक्तिको क्षमता विकास गरी सेवा प्रवाहमा नविनता भित्र्याउन आवश्यक तालिम र संस्थागत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।<br>▪ महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउनका लागि आवश्यक तालिम र थप प्रोत्साहनको व्यवस्था गरिने छ।<br>▪ सुत्केरी आमा र शिशुका लागि न्यानो कपडा बितरण तथा सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गरिने छ।<br>▪ बालबालिकाहरुको कुपोषण निवारणका लागि पोषण कार्यक्रम सञ्चालन गरिने छ।<br>▪ ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको निशुल्क उपचारको व्यवस्था मिलाइने छ ।<br>▪ स्थानीय तहको स्वास्थ्य सेवालाई थप व्यवस्थित  तथा प्रभावकारी बनाइ जनमैत्री स्वास्थ्य सेवा प्रवाह गर्न एकीकृत स्थानीय कानून निर्माण गरी कार्यान्वयन गरिने छ।<br>▪ स्वास्थ्य तथा पोषण क्षेत्रमा कार्यरत संस्था र निकायबीच समन्वय गरिने छ।<br>▪ स्वास्थ्य क्लिनिक लगायत निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको प्रभावकारी अनुगमन र नियमन गरिने छ। |
| रिफरल स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउने। | ▪ १५ शैयाको अस्पताल सञ्चालन तथा व्यवस्थापनमा विशेष जोड दिइने छ।<br>▪ अस्पतालमा आवश्यक दरबन्दी कायम गरिने छ।<br>▪ विशेषज्ञ अस्पतालबाट पालिका अस्पताल केन्द्रित विशेषज्ञ घुम्ती सेवा सञ्चालन गरी रिफरल स्वास्थ्य सेवाको पहुँच बढाइने छ।<br>▪ डिजिटल हेल्थ तथा टेलिमेडिसिन सेवा सञ्चालनका लागि आवश्यक पहल तथा व्यवस्थापन गरिने छ।<br>▪ नियमित एम्बुलेन्स सेवा प्रवाहको सुनिश्चितता गरिने छ। |

| | |
|---|---|
| वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने। | ▪ आयुर्वेद चिकित्सा पद्धतिलाई स्वास्थ्य सेवा भित्र आवद्ध गरी एकिकृत स्वास्थ्य सेवा प्रदान गरिने छ।<br>▪ परम्परागत रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने धामी, झाँक्री, लामा लगायतलाई तालिम प्रदान गरी आधुनिक चिकित्सा पद्धतिसँग समेत आवद्ध गराइने छ।<br>▪ जडिबुटीमा आधारित परम्परागत स्वास्थ्य उपचार पद्धतिलाई आधुनिक आयुर्वेद प्रणालीसँग आवद्ध गरिने छ।<br>▪ होमियोप्याथी, प्राकृतिक चिकित्सा, फिजियो थेरापी, अकुपंचर जस्ता वैकल्पिक स्वास्थ्य सेवा विस्तार गरिने छ। |
| स्वास्थ्य तथा पोषण चेतना अभिवृद्धि गर्ने। | ▪ विद्यालय तहमा स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिने छ।<br>▪ समुदाय तहसम्म स्वास्थ्य र पोषण सम्बन्धी चेतना अभिवृद्धिको कार्यक्रम पुऱ्याईने छ।<br>▪ विभिन्न खालका सरुवा रोगको प्रकोप सम्बन्धी चेतना अभिवृद्धि गरिने छ।<br>▪ आमा समूह र समुदायमा आधारित संघ संस्था, क्लब तथा गैर सरकारी संस्था समेतको सहकार्यमा खाद्य व्यवहार सुधार, पोषण तथा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गरिने छ।<br>▪ महिला स्वयंसेविकाहरूको क्षमता विकास गरी समुदाय केन्द्रित जनचेतना अभिवृद्धिका साथै स्वास्थ्य सेवा विस्तारमा परिचालन गरिने छ।<br>▪ गाउँपालिकामा अधिक रहेका सर्ने र नसर्ने) ब्लड प्रेसर, मधुमेह, मानसिक रोग, आदि (रोगको पहिचान गरी रोगहरूको कारण र प्रारम्भिक रोकथामका बारेमा व्यापक जनचेतना अभिवृद्धि गरिने छ।<br>▪ व्यायाम, योग जस्ता शारिरीक सुगठन तथा मानसिक स्वास्थ्य सम्बन्धी विषयलाई विद्यालय र समुदाय केन्द्रित बनाई अभियानको रुपमा शिविर सञ्चालन गरिने छ। |

## मुख्य कार्यक्रम

| क्र. स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | गाउँपालिकाको स्वास्थ्य नीति तर्जुमा गर्ने। | | | ✓ | | |
| २ | स्वास्थ्य र पोषण सम्बन्धी सचेतना कार्यक्रम गर्ने। | | ✓ | ✓ | ✓ | ✓ |
| ३ | आधारभूत औषधीहरु सर्वसुलभ रुपमा पालिकामा नै उपलब्ध हुने व्यवस्था गर्ने। | | ✓ | ✓ | ✓ | ✓ |
| ४ | १५ शैयाको अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्ने। | ✓ | ✓ | ✓ | | |
| ५ | डिजिटल हेल्थ तथा टेलिमेडिसिन सेवा सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| ६ | ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको निशुल्क उपचारको व्यवस्था मिलाउने। | ✓ | ✓ | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | सुत्केरी आमा र शिशुका लागि न्यानो कपडा बितरण तथा सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| ८ | स्वास्थ्य सेवामा संलग्न जनशक्तिको क्षमता विकास गरी सेवा प्रवाहमा नविनता भित्र्याउन आवश्यक तालिम र संस्थागत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने । | | ✓ | ✓ | | |
| ९ | महिला स्वास्थ्य स्वयंसेविकाहरु लागि आवश्यक तालिम र थप प्रोत्साहनको व्यवस्था गर्ने । | | ✓ | ✓ | | |
| १० | विद्यमान स्वास्थ्य चौकीहरुमा स्वास्थ्य पूर्वाधार तथा उपकरणहरुको व्यवस्था गर्ने । | | ✓ | ✓ | ✓ | |
| ११ | खोप कार्यक्रम र स्वास्थ्य घुम्ती सेवा नियमित रुपमा सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| १२ | विद्यमान स्वास्थ्य संस्थाहरुमा प्रसुती सेवा सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| १३ | विद्यमान स्वास्थ्य संस्थाहरुमा चिस्यान भण्डारको व्यवस्था गर्ने । | | | ✓ | ✓ | |
| १४ | रेफरल अस्पतालको लागि विशेषज्ञ अस्पतालसँग समन्वय गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १५ | चिकित्सकहरुको पदपुर्ति गर्ने । | ✓ | ✓ | ✓ | | |
| १६ | खाद्यान्न बैंकहरुबाट सुपथ मूल्यमा स्थानीय जनतालाई खाद्यान्न उपलब्ध गराउने । | | | ✓ | | |
| १७ | खाद्यान्न संकटबाट मुक्ति पाउनका लागि किसानदेखि उपभोक्तासम्मको श्रृंखलामा कार्य गर्ने सबैले विशेष भूमिका निर्वाह् गर्ने । | | ✓ | ✓ | ✓ | |
| १८ | खाद्यान्न, दूध, मासु, फलफूल, तरकारी तथा खाद्य तेलको गुणस्तर कायम गर्न खाद्यान्न गुणस्तर कानुन बनाएर कडाइ साथ लागु गर्ने । | | ✓ | ✓ | | ✓ |
| १९ | सार्वजनिक वितरण प्रणाली लागु गर्ने । | | ✓ | ✓ | ✓ | |
| २० | लक्षित सार्वजनिक वितरण प्रणाली अन्तर्गत गरीब तथा अति गरीब परिवारहरूलाई सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गराउने । | | ✓ | ✓ | | |

### ५.१.५ अपेक्षित उपलब्धी

- गाउँपालिकाको स्वास्थ्य सम्बन्धी नीति तर्जुमा भएको हुने छ ।
- पूर्ण खोपयुक्त गाउँपालिका घोषित भएको हुने छ ।
- स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमहरुलाई थप प्रभावकारी हुने छ ।
- १५ शैयाको अस्पताल सञ्चालन तथा व्यवस्थापन भएको हुने छ ।
- डिजिटल हेल्थ तथा टेलिमेडिसिन सेवा सञ्चालन भएको हुने छ ।
- ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको निशुल्क उपचारको व्यवस्था भएको हुने छ ।

- सुत्केरी आमा र शिशुका लागि न्यानो कपडा बितरण तथा सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन भएको हुने छ ।
- स्वास्थ्य सेवामा संलग्न जनशक्तिको क्षमता विकास गरी सेवा प्रवाहमा नविनता भित्र्याउन आवश्यक तालिम र संस्थागत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएको हुने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरु लागि आवश्यक तालिम र थप प्रोत्साहनको व्यवस्था हुने छ ।
- विद्यमान स्वास्थ्य चौकीहरुको स्तरोन्नति भएको हुने छ ।
- विद्यमान स्वास्थ्य चौकीहरुमा चिकित्सक र स्वास्थ्य उपकरणको व्यवस्था भएको हुने छ ।
- सबै स्वास्थ्य सेवामा आधारभूत सुविधा तथा प्रसूति सेवा उपलब्ध भएको हुने छ ।
- रिफरल अस्पतालसँग सहकार्य सम्झौता भएको हुने छ ।
- स्वास्थ्य बीमाको पहुँच ५० प्रतिशत जनसङ्ख्यामा स्थापित भएको हुने छ ।
- ९० प्रतिशत भन्दा बढी महिलाले संस्थागत सुत्केरी सेवा प्राप्त गरेका हुने छन् ।
- बाल कुपोषण दर ५ प्रतिशत भन्दा मुनि झरेको हुने छ ।
- सरुवा रोग उल्लेख्य रुपमा घटेको हुने छ ।
- सबै विद्यालयमा पोषण स्वास्थ्य कार्यक्रम पुगेको हुने छ ।
- स्थानीय नागरिकहरुको खाद्य सुरक्षाको स्थितिमा सुधार आएको हुने छ ।
- जनताको आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी हुनुका साथै पालिका भित्रका स्वास्थ्य सेवालाई थप प्रभावकारी हुने छ ।

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा स्वास्थ्य बीमाको कार्यक्रम पूर्ण रुपमा लागू भएको हुने छ ।
- स्थानीय स्वास्थ्य संस्थाहरुमा स्थानीयवासीको सहज पहुँच स्थापित भएको हुने छ ।
- स्थानीय स्वास्थ्य संस्थाहरुको स्तरोन्नती भई स्वास्थ्य उपकरण र आवश्यक चिकित्सकको व्यवस्था भएको हुने छ ।
- गाउँपालिका भित्रका गरीब, अति गरीब घरधुरी र समुदायहरुको स्थानीय सरकारबाट खाद्य सुरक्षाको व्यवस्था भएको हुने छ ।
- स्थानीय संघ संस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुने छ ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच स्थानीयवासीको स्वास्थ्य सेवा र पोषणमा आवश्यक समन्वय र सहकार्य भएको हुने छ ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्द्धन

### ५.२.१ पृष्ठभूमि

शिक्षा विकासको आधार हो । साथै, परिष्कृत एवम् मर्यादित जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिँदै आएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निशुल्क शिक्षा पाउने

हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा, राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ ।

विज्ञान प्रविधि राष्ट्रको सामाजिक रुपान्तरण र आर्थिक विकासको प्रमुख संवाहक शक्ति मानिन्छ । गुणस्तरीय जीवनस्तर र सुशासन कायम गर्न एवम् सुरक्षा सुदृढ बनाउन समेत विज्ञान प्रविधिको उपयोग प्रभावकारी देखिएको छ । कुनै पनि राष्ट्रको समृद्धि उक्त देशले अपनाएको विज्ञान प्रविधि सम्बन्धी नीति, सो को समग्रतामा कार्यान्वयन, त्यसका लागि गरिएको राजनैतिक प्रतिवद्धता, अनुसन्धान तथा विकासमा गरिएको राज्यको लगानी र सो बाट प्राप्त सामाजिक आर्थिक प्रतिफलको आधारमा मापन गर्ने गरिएको तथ्य विकसित मुलुकको अनुभवले देखाएको छ । ऐतिहासिक परिवर्तन सँगै मुलुकको द्रुत एवम् दीगो आर्थिक विकास तथा समाजबाद उन्मुख राष्ट्र निर्माण, अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा, उत्पादनमुलक क्षेत्रमा नवप्रवर्तन सहितको प्रविधिको प्रयोग, वैज्ञानिक प्रतिभाहरुलाई अनुसन्धान गर्ने वातावरणको विकास, आविष्कार प्रदर्शन गर्ने अवसर, उद्यमशिलता अभिवृद्धिको सुनिश्चितता अनिवार्य हुन्छ । अत: यसका लागि सङ्घीयता अनुरुप विद्यमान अनुसन्धानमुलक संस्थाहरुको संस्थागत पुन:संरचना, वैज्ञानिक अनुसन्धान र प्रविधिको लागि सहज वातावरणको विकास र अनुसन्धान तथा विकासमा राज्यको लगानीको सुनिश्चितता अपरिहार्य हुन्छ ।

शैक्षिक पूर्वाधारतर्फ ४ वटा आधारभूत विद्यालय, ३५ वटा प्रा.वि. र १० वटा माध्यमिक विद्यालय गरी जम्मा ४९ वटा सासामुदायिक विद्यालय रहेका छन् । यस गाउँपालिकामा ५ वर्षभन्दा बढी उमेर समूहको जनसङ्ख्याको साक्षरता दर ८०.८० प्रतिशत (पुरुष ८६.५६ साक्षारता प्रतिशत र महिला साक्षारता ७५.३२ प्रतिशत) रहेको छ जुन राष्ट्रिय साक्षरता दर (७६.२५ प्रतिशत) भन्दा बढी रहेको छ । साँगुरीगढी गाउँपालिकाको शैक्षिक अवस्थामा शुरुआती बाल अध्ययन ०.०९ प्रतिशत, प्राथमिक तह २६.८९ प्रतिशत, निम्न माध्यमिक तह २४.६७ प्रतिशत र उच्च माध्यमिक तह २०.९० प्रतिशत रहेको छ । गाउँपालिकामा एस.एल.सी. वा सो सरह ९.४३ प्रतिशत, प्रविणता प्रमाणपत्र तह वा सो सरह ९.४५ प्रतिशत, स्नातक तह वा सो सरह १.७८ प्रतिशत, स्नातकोत्तर तह वा सो सरह ०.७६ प्रतिशत, अन्य ०.१० प्रतिशत, स्तर नभएको २.८८ प्रतिशत जनसङ्ख्या रहेका छन् भने ०.५३ प्रतिशत जनसङ्ख्याको शैक्षिक स्तर उल्लेख गरिएको छैन र कहिले पठनपाठन नगर्ने सङ्ख्या २.५१ प्रतिशत छन् ।

### ५.२.२ समस्या र चुनौती

#### समस्याहरु

- विद्यालयका भौतिक पूर्वाधार कमजोर हुनु ।
- विद्यालयका भौतिक पूर्वाधार अपाङ्ग मैत्री नहुनु ।
- लक्षित समूहका बालबालिकाको विशेष शिक्षामा पहुँचको कमी ।

- विद्यालयमा शैक्षिक सामग्रीको कमी तथा दरबन्दी पूर्ण रुपले पूर्ति नभएको ।
- शिक्षकहरूमा पेशागत दक्षतामा कमी हुनु ।
- क्षमता विकासको लागि विषयगत शिक्षक तालिमको कमी ।
- मातृ भाषामा शिक्षा नहुनु, छात्रा एवम् अपाङ्ग मैत्री शौचालय न्यून रहेको ।
- विज्ञान र प्रविधिका विकासका निम्ति नीतिगत कानुनी तथा संस्थागत पूर्वाधारको कमी हुनु ।
- विभिन्न विधागत विशेषज्ञ, सक्षम र समर्पित जनशक्तिको न्यूनता हुनु ।
- उपलब्ध दक्ष जनशक्ति स्वदेशमा उपयोग हुन नसकी विदेश पलायन तर्फ आकर्षित हुनु ।
- विज्ञान र प्रविधिका विकासमा निजी क्षेत्रसँगको सहकार्य प्रभावकारी हुन सक्नु ।

### चुनौतीहरु

- समावेशी र गुणस्तरीय शिक्षाको पहुँचको सुनिश्चितता ।
- प्राविधिक शिक्षा र विशेष शिक्षाको पहुँच बढाउनु ।
- शैक्षिक पूर्वाधारको विकास ।
- शिक्षण र सिकाई दरमा सुधार गर्नु ।
- विषयगत शिक्षकलाई पुर्नताजगी तालिम प्रदान गर्नु ।
- गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको उपलब्धता बढाउनु ।
- दरबन्दी अनुशासार शिक्षक पदपूर्ति गर्नु ।
- स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु ।
- भौगोलिक अवस्थिति र सडक पूर्वाधारको अभावले विद्यालय पुग्ने औसत समय धेरै हुनु ।
- विज्ञान प्रविधिको विकास तथा नविनतम प्रविधिको समग्रमा प्रयोग गर्ने वातावरण बनाउनु ।
- वैज्ञानिक अनुसन्धान कार्यमा सघाउ पुऱ्याउन सक्ने विभिन्न विधागत वैज्ञानिक, विज्ञ र दक्ष प्राविधिक जनशक्तिको विकास गर्नु ।
- प्रविधि विकासलाई उद्यमशिलतामा र उद्यमशिलतालाई उत्पादनसँग जोड्नु ।
- देशका दक्ष एवम् विज्ञ प्रतिभा पलायन रोक्नु ।

## ५.२.३ सम्भावना र अवसर

### सम्भावना

- गाउँ शिक्षा ऐनको लागि आवश्यक, नियमावली, कार्यविधि निर्माण गर्न सकिने ।
- गुणस्तरीय शिक्षाको लागि अभिभावक अनुशिक्षण कार्यक्रम, शैक्षिक सुधार सम्बन्धी अन्तरक्रिया कार्यक्रम, विद्युतीय हाजिरी व्यवस्थापन, ICT व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गर्न सकिने ।
- सामुदायिक विद्यालयको गुणस्तर वृद्धिका लागि अंग्रेजी माध्यममा पठनपाठन गराउन सकिने ।
- कृषि तथा भेटिरेनरी, सूचना प्रविधि र ईञ्जिनियरिङ लगायत प्राविधिक शिक्षालय स्थापना गर्न सकिने ।
- स्थानीय सरकारले नियमित अनुगमनबाट विद्यालय शिक्षालाई समय सापेक्ष बनाउन सकिने ।
- शैक्षिक जनशक्ति उत्पादन गरी स्थानीय जनशक्तिको मागलाई पूर्ति गर्न सकिने ।

- शैक्षिक वातावरण, पूर्वाधार र सामाग्रीहरुको व्यवस्था गरी साक्षरता वृद्धि गर्न सकिने ।
- परम्परागत तथा आधुनिक ज्ञान तथा प्रविधिको स्तरोन्नति एवम् आधुनिकीकरण गर्न सकिने ।
- विज्ञान तथा प्रविधिको विकास एवम् अधिकतम प्रयोग गर्न सकिने ।

### अवसर

- आधारभूत शिक्षा मौलिक हकको रुपमा स्थापित हुनु ।
- शिक्षा ३ तहको सरकारको प्राथमिकतामा पर्नु ।
- माध्यमिक शिक्षासम्मको नीति तथा योजना बनाउने अधिकार स्थानीय तहमा हुनु ।
- स्थानीय सरकारद्वारा शिक्षामा लगानी वृद्धि ।
- शिक्षाप्रतिको जन अभिरुचि बढ्दै जानु ।
- विज्ञान प्रविधिको विकास, नवप्रवर्तनको उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने ।
- अनुसन्धान तथा विकासमा योग्य जनशक्ति परिचालन गर्न सकिने ।

## ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

- गुणस्तरीय शिक्षामार्फत समृद्धिको आधार तयार गर्ने ।
- विज्ञान प्रविधिको विकास, नवप्रवर्तनको उपयोगबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

### उद्देश्य

- गुणस्तरीय शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु ।
- प्राविधिक, व्यवसायिक, सीपयुक्त एवम् व्यवहारिक शिक्षाको विकास एवम् विस्तार गर्नु ।
- विज्ञान, प्रविधि र नवप्रवर्तनको विकास एवम् उपयोगबाट स्थानीय उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने । | ▪ गाउँ शिक्षा ऐनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक नियमावली, कार्यविधि निर्माण गरी कार्यान्वयन गरिने छ ।<br>▪ शिक्षाको गुणस्तर सुधार गर्न प्रत्येक विद्यालयमा अभिभावक अनुशिक्षण कार्यक्रम, शैक्षिक सुधार सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम, ई-हाजिरी, ICT व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गर्दै जाने छ ।<br>▪ सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धिका लागि अंग्रेजी माध्यमना पठनपाठन गराउने छ ।<br>▪ विद्यार्थीहरुको पठनपाठन र पढ्न पाउने नैसर्गिक अधिकारलाई सीमित गर्न खोज्ने कुनै पनि प्रवृतिलाई पूर्ण रुपले निरुत्साहित गर्ने । |

| | |
|---|---|
| | ▪ गाउँपालिकाको सामाजिक विकास समिति अन्तर्गत सरोकारवाला समेतको सहभागिता हुने गरी शिक्षा विकास उपसमिति गठन गरी शैक्षिक विकासमा क्रियाशील गराइने छ।<br>▪ गाउँपालिका भित्र उत्तम नतिजा प्राप्त गर्न सफल विद्यालय र शिक्षकलाई सम्मान तथा प्रोत्साहन गरिने छ।<br>▪ शिक्षण सिकाई पद्धतिलाई प्रविधि मैत्री बनाउन स्मार्ट कक्षा व्यवस्थापन तथा सञ्चालनलाई व्यवस्थित गर्दै लगिने छ।<br>▪ गाउँपालिका सम्पूर्ण विद्यालयहरुमा सुलभ शौचालय र खानेपानीको व्यवस्था मिलाउँदै लगिने छ।<br>▪ गाउँ शिक्षा पार्श्वचित्र, गाउँ शिक्षा योजना तथा स्थानीय पाठ्यक्रम निर्माण गरिने छ।<br>▪ स्थानीय मातृ भाषामा पठनपाठन कार्यको लागि पहल गरिने छ।<br>▪ गाउँपालिकाभित्र रहेका जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा प्राविधिक विषय अध्ययनका लागि छात्रवृति उपलब्ध गराइने छ।<br>▪ सामूदायिक विद्यालहरुको स्तरोन्नति गरिने छ।<br>▪ सामूदायिक विद्यालयहरुलाई प्रोत्साहन गरी व्यवहारिक शिक्षा प्रदान गरिने छ।<br>▪ विद्यालय भर्ना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ।<br>▪ विद्यालय छाड्ने बालबालिका दरलाई घटाउन थप दिवा खाजा तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ।<br>▪ विद्यालय शैक्षिक विकासका लागि व्यवस्थापन समितिको क्षमता विकास गरी शैक्षिक गुणस्तर वृद्धि गरिने छ।<br>▪ खेलकुद मैदान, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय, पठन पाठन शैक्षिक सामाग्री, महिला र अपाङ्गमैत्री संरचना आदि जस्ता शैक्षिक पूर्वाधारको विकास गरिने छ।<br>▪ दरबन्दी अनुसार विषयगत शिक्षकहरूको पदपूर्ति गरिने छ।<br>▪ सबै विद्यालयलाई बालमैत्री तथा अपाङ्गमैत्री बनाइने छ।<br>▪ विद्यालयहरु आवश्यकता अनुसार मर्ज गरी आवासीय विद्यालय स्थापना गरिने छ। |
| शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने। | ▪ विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय शिक्षामा आवद्ध गर्न आमा समूह, नागरिक समाज उन्मुख संघ संस्था, सामुदायिक संस्था, गैसस परिचालन गरिने छ।<br>▪ अभिभावकमा शैक्षिक चेतना विस्तार कार्यक्रम सञ्चालन गरिने छ।<br>▪ विपन्न, दलित, पिछडिएका जाति तथा समुदायका बालबालिकाहरूलाई विद्यालयमा आकर्षण, टिकाउ र सिकाईमा सहयोग पुग्ने गरी पोसाक, दिवा खाजा, छात्रवृत्ति, शैक्षिक सामाग्री लगायतका विशेष उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिने छ।<br>▪ स्थानीय पहिचान दर्शाउने पाठ्य सामग्रीको विकास गरि लागू गरिने छ।<br>▪ बालिका शिक्षालाई प्रोत्साहित गर्न महिला मैत्री शौचालय, स्यानिटरी प्याडको उपलब्धता र व्यवस्थापनको समुचित व्यवस्था गरिने छ।<br>▪ बाल विकास केन्द्रलाई औपचारिक शिक्षा प्रणालीमा आवद्ध गरिने छ। |
| शिक्षण सिकाई दर बढाउने। | ▪ शिक्षक तालिम र पुनर्ताजगी तालिम उपलब्ध गराइने छ। |

| | |
|---|---|
| | ▪ शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग बढाइने छ।<br>▪ विद्यालयमा सिकाई वातावरण अनुसार कक्षा कोठाको व्यवस्थापन गरिने छ।<br>▪ शिक्षाको स्तरोन्नतिको लागि अंग्रेजी भाषालाई प्राथमिकतामा राखेर अध्यापन गराइने छ।<br>▪ शिक्षण सिकाईमा सहयोग पुग्ने अतिरिक्त क्रियाकलाप र प्रयोगात्मक शिक्षालाई बढावा दिइने छ।<br>▪ सिकाईको अभिवृद्धि गर्न शिक्षक उपस्थिति, शिक्षण शैली, सिकाई परीक्षण, सिक्ने र सिकाउने वातावरण जस्ता पक्षहरूको नियमित अनुगमन तथा सुपरीवेक्षण गरिने छ। |
| प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गर्ने। | ▪ स्थानीय आवश्यकतामा आधारित वहुप्राविधिक शिक्षा (कृषि तथा भेटेरिनरी, सूचना प्रविधि, ईञ्जिनियरिङ, आदि) आदि पठनपाठन गरिने छ ।<br>▪ विद्यालय शिक्षामा जीवनोपयोगी व्यवहारिक ज्ञान सिकाउने शैक्षिक कार्यक्रमहरू आवद्ध गरिने छ।<br>▪ विद्यालय शिक्षा पुरा नगरेका किशोर किशोरीहरूलाई विद्यालय केन्द्रित व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरिने छ।<br>▪ विद्यालय केन्द्रित अनौपचारिक शिक्षा अभियान सञ्चालन गरिने छ।<br>▪ डिजिटल साक्षरताको नीति अवलम्बन गरिने छ।<br>▪ अनौपचारिक शिक्षाको पाठ्यक्रमलाई जीवनोपयोगी बनाइने छ।<br>▪ साक्षरता कार्यक्रममा गैर सरकारी संस्थाको परिचालन र समन्वय गरिने छ। |
| विज्ञान, प्रविधि तथा नवप्रवर्तन र उद्यमशिलता बीच सकारात्मक सम्बन्ध कायम गर्ने। | ▪ विज्ञान प्रविधि र नवप्रवर्तनका माध्यमबाट कृषि, उद्योग पूर्वाधार विकास लगायतका क्षेत्रमा विविधिकरण एवम् आधुनिकीकरण गर्दै विकासमा तिब्रता हासिल गरिने छ।<br>▪ कृषि क्षेत्रको व्यवसायिकरण, विविधिकरण तथा आधुनिकीकरणका लागि आधुनिक प्रविधिहरुको प्रयोग गरिने छ।<br>▪ विकासका पूर्वाधार निर्माणमा उपयोगी प्रविधिहरुको विकास गरी स्थानीय पूर्वाधार निर्माणमा तिब्रता प्रदान गरिने छ। |

## मुख्य कार्यक्रम

| क्र. स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | गाउँ शिक्षा ऐनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक नियमावली, कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने। | | | ✓ | | |
| २ | प्राविधिक विषय (कृषि तथा भेटेरिनरी, सूचना प्रविधि र ईञ्जिनियरिङ) पठनपाठन गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| ३ | शिक्षाको गुणस्तर सुधार गर्न प्रत्येक विद्यालयमा अभिभावक अनुशिक्षण कार्यक्रम, शैक्षिक सुधार सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम, ई-हाजिरी, ICT व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| ४ | गाउँपालिका भित्र उत्तम नतिजा प्राप्त गर्न सफल विद्यालय र | | | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शिक्षकलाई सम्मान तथा प्रोत्साहन गर्ने । | | | | | |
| ५ | शिक्षण सिकाई पद्धतिलाई प्रविधिमैत्री बनाउन स्मार्ट कक्षा व्यवस्थापन तथा सञ्चालनलाई व्यवस्थित गर्ने । | ✓ | ✓ | ✓ | | |
| ६ | गाउँपालिका सम्पूर्ण विद्यालयहरुमा सुलभ शौचालय र खानेपानीको व्यवस्था मिलाउने । | | | ✓ | ✓ | |
| ७ | गाउँ शिक्षा पार्श्वचित्र, गाउँ शिक्षा योजना तथा स्थानीय पाठ्यक्रम निर्माण गर्ने । | | | ✓ | | ✓ |
| ८ | स्थानीय मातृ भाषामा पठनपाठन कार्यको लागि पहल गर्ने । | | ✓ | ✓ | | |
| ९ | गाउँपालिकाभित्र रहेका जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा प्राविधिक विषय अध्ययनका लागि छात्रवृति उपलब्ध गराउने । | | ✓ | ✓ | | |
| १० | सामूदायिक विद्यालहरुको स्तरोन्नति गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ११ | सामूदायिक विद्यालयहरुलाई प्रोत्साहन गरी व्यवहारिक शिक्षा प्रदान गर्ने । | | | ✓ | | |
| १२ | विद्यालय भर्ना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने । | | ✓ | ✓ | | |
| १३ | विद्यालय छाड्ने बालबालिका दरलाई घटाउन थप दिवा खाजा तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | | |
| १४ | विद्यालयहरु मर्ज गरी आवासीय विद्यालय स्थापना गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| १५ | शिक्षक, शिक्षा उपसमिति र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्ने । | ✓ | ✓ | ✓ | | |
| १६ | विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, महिलामैत्री संरचना विकास गर्ने । | | ✓ | ✓ | | |
| १७ | सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धिका लागि अंग्रेजी माध्यमा पठनपाठन गराउने । | | ✓ | ✓ | | |
| १८ | लक्षित वर्गहरुलाई अनौपचारिक कक्षाहरु सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| १९ | दरबन्दी अनुसार शिक्षक पदपूर्ति गर्ने । | ✓ | ✓ | ✓ | | |
| २० | स्थानीय भाषामा पाठ्यक्रम विकास गर्न सम्भाव्यता अध्ययन गर्ने । | | ✓ | ✓ | | |
| २१ | सूचना प्रविधि तथा कम्प्युटर ल्याब स्थापना गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| २२ | सामाजिक परीक्षण गर्ने । | | | ✓ | | ✓ |
| २३ | विज्ञान र नवप्रवर्तनका क्षेत्रमा गाउँपालिकाले सहयोग उपलब्ध गराउने । | | ✓ | ✓ | ✓ | ✓ |
| २४ | अनुसन्धान तथा विकासमा योग्य जनशक्ति परिचालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| २५ | परम्परागत तथा आधुनिक ज्ञान तथा प्रविधिको स्तरोन्नति एवम् आधुनिकीकरण गर्ने । | ✓ | ✓ | ✓ | | |

### ५.२.५ अपेक्षित उपलब्धी

- गाउँ शिक्षा ऐनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक नियमावली, कार्यविधि निर्माण गरी कार्यान्वयन
- कृषि तथा भेटेरिनेरी, सूचना प्रविधि र ईञ्जिनियरिङ लगायत प्राविधिक शिक्षा पठनपाठन भएको हुने छ ।

- शिक्षाको गुणस्तर सुधार गर्न प्रत्येक विद्यालयमा अभिभावक अनुशिक्षण कार्यक्रम, शैक्षिक सुधार सम्बन्धी भएको हुने छ ।
- अन्तरक्रियात्मक कार्यक्रम, ई-हाजिरी, ICT व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन भएको हुने छ ।
- गाउँपालिका भित्र उत्तम नतिजा प्राप्त गर्न सफल विद्यालय र शिक्षकलाई सम्मान तथा प्रोत्साहन भएको हुने छ ।
- शिक्षण सिकाई पद्धतिलाई प्रविधि मैत्री बनाउन स्मार्ट कक्षा व्यवस्थापन तथा सञ्चालनलाई व्यवस्थित भएको हुने छ ।
- गाउँपालिका सम्पूर्ण विद्यालयहरुमा सुलभ शौचालय र खानेपानीको व्यवस्था भएको हुने छ ।
- गाउँ शिक्षा पार्श्वचित्र, गाउँ शिक्षा योजना तथा स्थानीय पाठ्यक्रम निर्माण भएको हुने छ ।
- गाउँपालिकाभित्र रहेका जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा प्राविधिक विषय अध्ययनका लागि छात्रवृति उपलब्ध भएको हुने छ ।
- सामूदायिक विद्यालहरुको स्तरोन्नति भई पूर्वाधार निर्माण भएको हुने छ ।
- विद्यालय भर्ना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन भएको हुने छ ।
- विद्यालयहरु मर्ज गरी आवासीय विद्यालय स्थापना भएको हुने छ ।
- विद्यालय छाड्ने बालबालिका दरलाई घटाउन थप दिवा खाजा तथा प्रोत्साहन कार्यक्रम सञ्चालन भएको हुने छ ।
- शिक्षक, शिक्षा उपसमिति र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि हुने छ ।
- सामुदायिक विद्यालयहरुको अंग्रेजी माध्यमना पठनपाठन हुने छ ।
- विद्यालय छाड्ने दरमा उल्लेख्य कमी आएको हुने छ ।
- विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, महिला मैत्री संरचना विकास हुने छ ।
- सबै शिक्षकहरुले तालिम प्राप्त गरेका हुने छ ।
- दरबन्दी अनुसार शिक्षकहरुको पदपूर्ति भएको हुने छ ।
- अनौपचारिक शिक्षा मार्तफ प्रौढहरुको साक्षरता दर बढेको हुने छ ।

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

- स्थानीय शैक्षिक संस्थाहरुमा आवश्यक जनशक्तिहरुको पदपूर्ति हुनुपर्ने ।
- बहुप्राविधिक शिक्षालयको स्थापना हुनुपर्ने ।
- स्थानीय शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधारको स्तरोन्नति हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकार बीच गाउँपालिकाको शैक्षिक विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- गाउँपालिकाको शिक्षामा लगानी वृद्धि गर्नुपर्ने ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ मानव जीवनयापनको अत्यावश्यक आधार हो । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय स्तरको खानेपानीलाई स्थानीय तहको अधिकारमा राखेको छ । खानेपानी तथा सरसफाइ सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । साथै, अन्तर्राष्ट्रिय रुपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्यहरु निर्धारण गरेको छ । यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकले समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा अनुकुल सुधार गर्न योगदान पुगेको छ ।

गाउँपालिकामा ९५.६८ प्रतिशत परिवारले पाईप घाराबाट खानेपानी प्राप्त गर्दछन् । जसमध्ये ६४.८९ प्रतिशत घरधुरीको आफ्नै घरभित्र धारा जडान गरिएको छ भने ३०.७९ प्रतिशतले सार्वजनिक धाराबाट खानेपानी उपभोग गरिराखेको छ । त्यसै गरी अन्य खानेपानीको श्रोतहरुमा ढुङ्गे धारा २.२२ प्रतिशत, ईनार/कुवा (नढाकिएको) १.४४ प्रतिशत, ईनार/कुवा (ढाकिएको) ०.३८ प्रतिशत, खोला वा नदि ०.२६ प्रतिशत, र अन्य श्रोत ०.०२ प्रतिशत रहेको छ । शौचालय प्रयोगको अवस्थाले उक्त स्थानको सरसफाइको अवस्थालाई जनाउने गर्दछ । यस गाउँपालिकामा सरसफाइको अवस्था सन्तोषजनक रहेको छ । यसमा केही सुधारको आवश्यकता पनि छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार सेप्टिक ट्याङ्क सहितको शौचालय (५८.९० प्रतिशत) रहेको छ भने सार्वजनिक निकास भएको फ्लस शौचालय भएका घरधुरी २.५२ प्रतिशत रहेको छ । साँगुरीगढी गाउँपालिकाका ३६.५८ प्रतिशत घरमा खाडल शौचालय रहेको छ भने शौचालय नभएका घरधुरीहरु १.८० प्रतिशत रहेको देखिन्छ । गाउँपालिकामा कोशी राजमार्ग, तमोर कोरिडोर र रबि राँके सडक बाहेकका क्षेत्र बाहेकका क्षेत्रमा ढल र नालीहरुको व्यवस्था छैन भने गाउँपालिकाबाट नियमित फोहोर सङ्कलनको समेत व्यवस्था हुन सकेको छैन । गाउँपालिका घरहरुबाट निस्कने फोहोरमैलाहरु गाड्ने र जलाउने गरेका छन् ।

### ५.३.२ समस्या र चुनौती

#### समस्याहरु

- प्राकृतिक एवम् मानवजन्य कारणले पानीका श्रोत तथा मुहानहरूमा ह्रास आई खानेपानीको उपलब्धतामा कमी आउन सञ्चालन ।
- खानेपानी स्रोत संरक्षण तथा सरसफाइमा जनचेतनाको कमि हुनु ।
- सरसफाइमा त्यति धेरै चासोको विषय नहुनु ।
- खानेपानी वितरण मापदण्ड अनुसार नहुनु ।
- स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानी जन्य रोगहरू बढ्नु ।
- व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु ।

### चुनौतीहरु

- "एक घर एक धारा र एक घर एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन गर्नु ।
- स्वच्छ पानीको वितरण गर्नु ।
- खानेपानीका मुहानहरुको संरक्षण गर्नु ।
- खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्नु ।
- सरसफाइको अभ्यास बढाउनु ।

## ५.३.३ सम्भावना र अवसर

### सम्भावना

- "एक घर एक धारा र एक घर एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन भई सबै घरधुरीमा खानेपानीको पहुँच स्थापित हुन सकिने ।
- खानेपानी सुविधा नपुगेका स्थानहरुमा खानेपानी योजना सञ्चालन गर्न सकिने ।
- स्वच्छ पानीको वितरण हुने ।
- खानेपानीका मुहानहरुको संरक्षण गर्न सकिने ।
- खानेपानी प्रणालीको दीगो व्यवस्थापन हुने ।
- सरसफाइको अभ्यास बढ्न सक्ने ।

### अवसर

- गाउँपालिकामा प्रशस्त पानीका मुहान र खोलानालाहरु हुनु ।
- अधिकांश परिवारमा खानेपानीको पहुँच पुग्नु ।
- खानेपानी सुविधा नपुगेका स्थानहरुमा खानेपानी योजना सञ्चालन गर्न प्रदेश सरकार र केन्द्र सरकारसँग समन्वय गर्न सकिने ।
- खानेपानीमा विभिन्न सरकारी, निजी तथा गैससहरूको सहकार्य हुनु ।
- स्वच्छ खानेपानी तथा सरसफाइको कारण जनस्वास्थ सुधारमा सहयोग पुग्ने ।
- स्वच्छ, सफा, हराभरा गाउँपालिका स्थापित हुन सक्ने ।
- पानीको स्रोहरुको संरक्षण गरी प्राकृतिक स्रोतको सदुपयोग गर्न मद्दत पुग्ने ।
- फोहोर उत्सर्गन गर्ने ठूला उद्योगहरु र बजारकेन्द्रहरु नहुनु ।

## ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

- स्वच्छ खानेपानी र सरसफाइद्वारा साँगुरीगढीवासीको जीवनस्तरमा सुधार ल्याउनु ।

### उद्देश्य

- सम्पूर्ण घरधुरीमा स्वच्छ खानेपानी पहुँच सहज बनाउनु ।
- गाउँपालिका क्षेत्रभित्र नियमित सरसफाइको व्यवस्था गर्नु ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने। | ▪ खानेपानी तथा सरसफाइ गुरु योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ।<br>▪ खानेपानीको मुहानहरु संरक्षण गरिने छ।<br>▪ खानेपानीका संरचनाहरुको स्तरोन्नति र नयाँ संरचनाहरूको निर्माण गरिने छ।<br>▪ खानेपानी सुविधा नपुगेका स्थानहरुको पहिचान गरी पाइप वा लिफ्टिङ माध्यमबाट खानेपानी सञ्चालन गर्न प्रदेश सरकार र केन्द्र सरकारसँग विशेष पहल गरिने छ।<br>▪ खानेपानीको नयाँ स्रोत वा मुहान खोजी गरी खानेपानी सम्भाव्यता अध्ययन गरिने छ।<br>▪ स्वच्छ खानेपानी वितरणका लागि मुहान सुधारका सथै पानी वितरण पूर्व प्रशोधन गरिने छ।<br>▪ एक घर एक धाराको व्यवस्था गरिने छ।<br>▪ खानेपानी प्रणालीको दिगो व्यवस्थापनको लागि प्रणालीगत रुपमा व्यवस्थापन समिति गठन गरी नियमित मर्मत सम्भारको लागि जिम्मेवार बनाइने छ।<br>▪ खानेपानीको उपभोगको मात्रा अनुसार महसुल उठाई मर्मत सम्भार कोषको व्यवस्था गरिने छ।<br>▪ खानेपानी तथा सरसफाइ सम्बन्धी काम गर्ने सरकारी, निजी, गैसस र सामुदायिक सस्थाहरुसँग सहकार्य गरिने छ।<br>▪ खानेपानी व्यवस्थापन समितिका पदाधिकारी र खानेपानी मर्मत सम्भार कार्यकर्तालाई तालिम र पुनर्ताजगी तालिम नियमित रुपमा दिइने छ। |
| चर्पीको व्यवस्था तथा सरसफाइको अभ्यास बढाउने। | ▪ प्रमुख वस्ती र बजार केन्द्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइने छ।<br>▪ गाउँपालिकाका सबै घरधुरीमा व्यवस्थित चर्पीको व्यवस्था गरिने छ।<br>▪ अति विपन्न परिवारलाई चर्पी बनाउन अनुदानको व्यवस्था गरिने छ।<br>▪ सार्वजनिक शौचालयहरुलाई स्थानीय संघ संस्था तथा समुदायबाट सञ्चालन तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाइने छ।<br>▪ पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न सरसफाइ अभियान, चेतना अभिवृद्धि, फोहोर विसर्जन, बास्केट तथा कन्टेनर र व्यवस्थित कम्पोष्टिङ आदिको व्यवस्था गरिने छ।<br>▪ बजार क्षेत्र, पर्यटकीय क्षेत्र, पार्क लगायत सार्वजनिक स्थानमा सार्वजनिक शौचालयको व्यवस्था गरिने छ। |

### मुख्य कार्यक्रम

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | खानेपानी तथा सरसफाइ गुरुयोजना तर्जुमा गर्ने । | | ✓ | ✓ | | |
| २ | खानेपानीका श्रोतहरुको संरक्षण गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ३ | एक घर एक धारा र एक चर्पीको व्यवस्था गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ४ | खानेपानीका विद्यमान संरचनाहरु मर्मत गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ५ | दक्ष जनशक्ति उत्पादन तथा सचेतना तालिम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ६ | आर्थिक स्रोत व्यवस्थापन र नीति निर्माणको लागि अन्तर सरकार समन्वय गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| ७ | खानेपानी अपुग भएका वडा र वस्तीहरुको लागि नयाँ खानेपानी आयोजना निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ८ | खानेपानी उपभोक्ता समितिहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने । | | | ✓ | ✓ | |
| ९ | फोहर पानीको उचित व्यवस्थापन गरि वातावरण स्वच्छ राख्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १० | मुख्य बजार केन्द्रहरुमा सार्वजनिक शौचालयहरुको निर्माण गरी स्थानीय संघ संस्था तथा समुदायलाई व्यवस्थापनको जिम्मेवारी प्रदान गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ११ | गाउँपालिका क्षेत्रभित्र नियमित फोहोर सङ्कलन गर्ने । | | | ✓ | ✓ | ✓ |
| १२ | सरसफाइ अभियान सञ्चालन गर्ने । | | | ✓ | ✓ | ✓ |

### ५.३.५ अपेक्षित उपलब्धी

- खानेपानी तथा सरसफाइ गुरुयोजना तर्जुमा भई कार्यान्वयन भएको हुने छ ।
- खानेपानीको श्रोतहरुको संरक्षण भएको हुने छ ।
- एक घर एक धारा र एक शौचालयको व्यवस्था भएको हुने छ ।
- खानेपानी नपुगेका वडा र वस्तीहरुमा नयाँ खानेपानी आयोजना निर्माण भएको हुने छ ।
- सबै घरमा व्यवस्थित चर्पी हुने छ ।
- मुख्य बजार केन्द्रहरुमा सार्वजनिक शौचालयको निर्माण भएको हुने छ ।
- सरसफाइको अवस्थामा उल्लेख्य सुधार भएको हुने छ ।
- खानेपानी र सरसफाइ सम्बन्धी जनचेतनाको विकास भएको हुने छ ।

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

- सम्भाव्यता अध्ययनको आधारमा नयाँ खानेपानी आयोजना निर्माण भएको हुने छ ।
- प्रत्येक घरधुरीमा धाराको पानी वितरण भएको हुने छ ।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको व्यवस्था भएको हुने छ ।
- स्थानीय संघ संस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।

- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच गाउँपालिकामा खानेपानी वितरण र सरसफाइमा आवश्यक समन्वय र सहकार्य भएको हुने छ ।
- गाउँपालिकाले खानेपानी वितरणमा आवश्यक बजेटको व्यवस्था गरेको हुने छ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

सबै लिङ्ग, वर्ग र समूहको सहभागिता र अपनत्व वोध सहितको समावेशीताले राज्य प्रणालीलाई सुदृढ गर्नुका साथै समृद्धिको आकांक्षा परिपूर्ति गर्न ठूलो मद्दत गर्दछ । संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ ।

साँगुरीगढी गाउँपालिकाको कुल जनसङ्ख्या १९,५६१ र जम्मा घरधुरी ५,००५ रहेको छ जसमध्ये पुरुष ९,५९१ (४९.०३ प्रतिशत) र महिला ९,९७० (५०.९७ प्रतिशत) रहेको छ । यस गाउँपालिकामा लैङ्गिक अनुपात ९६.२ जना पुरुष प्रति १०० जना महिला रहेको छ । महिलाहरुको स्वामित्व घर तथा जग्गा दुबैमा ३.६ प्रतिशत, जग्गा मात्रमा ७.२७ प्रतिशत र घर मात्रमा ०.३८ प्रतिशत रहेको छ । पालिकाको कुल जनसङ्ख्या मध्ये आश्रित जनसङ्ख्याको हकमा (० देखि १४ वर्ष सम्म) २२.३० प्रतिशत र ६० वर्ष माथि १३.७७ प्रतिशत छन् । गाउँपालिकाको लक्षित जातजातिहरुको बनावटलाई हेर्दा कुल जनसङ्ख्याको सबैभन्दा बढी राई ३९.४६ प्रतिशत र लिम्बु २९.१८ प्रतिशत, त्यस पछी मगर ८.०१ प्रतिशत र याक्खा ६.७१ प्रतिशत रहेको छ भने अन्य लक्षित जातजातिहरुमा तामाङ ३.०८ प्रतिशत, कामी २.२१ प्रतिशत, याम्फु १.६० प्रतिशत, सार्की १.२४ प्रतिशत, दमाई/ढोली ०.८५ प्रतिशत, नेवार ०.६३ प्रतिशत, माझी ०.४७ प्रतिशत, आदि छन् ।

गाउँपालिकामा पूर्ण अपाङ्गता भएका (क वर्ग) ५८ जना र आंसिक अपाङ्ग भएका (ख वर्ग) २३४ जनाले सुरक्षा भत्ता लिईरहेको देखिन्छ । गाउँपालिकामा कुल जनसङ्ख्याको १८,९२९ जना (९६.७७ प्रतिशत)को शारीरिक अवस्था सामान्य रहेको छ भने ६३२ जना (३.२३ प्रतिशत) अपाङ्गता भएका व्यक्ति भेटिएका छन् । जसमध्ये भौतिक अपाङ्गता भएका व्यक्ति सबभन्दा बढी कुल जनसङ्ख्याको ०.८४ प्रतिशत छ भने सबभन्दा कम अटिजम ०.०१ प्रतिशत रहेको छ । त्यसै गरी अपाङ्गताको अन्य प्रकारमा बहिरा ०.५१ प्रतिशत, श्रवण सम्बन्धी अपाङ्गता ०.४९ प्रतिशत, स्वर सम्बन्धी अपाङ्गता ०.३७ प्रतिशत, कम दृष्टि सम्बन्धी अपाङ्गता ०.३० प्रतिशत, बहु अपाङ्गता ०.२९ प्रतिशत, अन्धा ०.१६ प्रतिशत, मानसिक अपाङ्ता भएका ०.१५ प्रतिशत, बौद्धिक अपाङ्गता ०.०६ प्रतिशत, कान नसुन्ने तथा अन्धा ०.०४ प्रतिशत, हेमोफिलिया ०.०१ प्रतिशत रहेको छ भने ०.०१ प्रतिशतको अपाङ्गताको किसिम उल्लेख गरिएको छैन ।

यस आवधिक योजनाले महिला, बालबालिका तथा लक्षित समूहलाई प्राथमकिताका साथ सम्बोधन गर्ने गरी कार्ययोजना प्रस्ताव गरेको छ । पिछडिएका समुदायलाई विकासको मूल प्रवाहमा ल्याउनु नै यस आवधिक योजनला परिलक्षित गरेको छ ।

### ५.४.२ समस्या र चुनौतीहरु

#### समस्याहरु

- शिक्षा, स्वास्थ्य लगायत सेवामा महिला र लक्षित वर्गको पहुँचमा कमी ।
- महिलाको भूमिका औपचारिक आर्थिक क्रियाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु ।
- महिला, अपाङ्गता तथा बाल मैत्री पूर्वाधारको कमी ।
- लक्षित वर्गमा सचेतनाको अभाव ।
- लक्षित वर्गहरु आर्थिक रुपमा अत्यन्तै पछाडी पर्नु ।
- लक्षित वर्गको समाजमा देखिएका सामाजिक कुरीति, जातीय, लैङ्गिक, भाषिक, धार्मिक, विभेद अन्त्य गर्नका लागि राज्य तथा सम्बन्धित निकायहरु औपचारिकतामा मात्र सीमित रहनु ।
- महिला तथा लक्षित वर्गमा लागि न्यून कार्यक्रमहरु हुनु ।

#### चुनौतीहरु

- स्थानीय तहमा समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहिकरण गर्न ज्ञान, दक्षता र क्षमता भएका जनशक्तिको उचित व्यवस्थापन गर्नु ।
- अन्तर निकाय र समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु ।
- लक्षित वर्गको शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा पहुँच स्थापित गर्नु ।
- महिला तथा लक्षित वर्ग समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।
- महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता र निर्णयमा पहुँच स्थापित गर्नु ।

### ५.४.३ सम्भावना र अवसर

#### सम्भावना

- महिला, बालबालिका तथा लक्षित वर्गहरु समेत गाउँपालिकाको प्राथमिकतामा रहँदै आएको ।
- विकासमा लक्षित वर्ग र समुदायलाई परिचालित गर्ने सम्भावना रहेको ।
- स्थानीय सरकारमा लक्षित वर्गको सम्मानजनक उपस्थित तथा उनीहरुको सहभागिता ।

#### अवसर

- संविधानका मौलिक हकमा समावेशीकरणलाई प्राथमिकता अनुसार विभिन्न हक सुरक्षित हुनु ।
- दलित तथा सीमान्तकृत समुदाय लक्षित विशेष कार्यक्रम सञ्चालनमा आउनु ।
- गाउँपालिकाको निर्णय प्रक्रियामा महिला, दलित तथा अल्प सङ्ख्यकको प्रतिनिधित्वले गर्दा सम्बन्धित वर्ग र समुदायको मुद्दा समेटिदै जानु ।
- स्थानीय जनजाति समुदायको घरायसी निर्णय प्रक्रियमा महिलाको भूमिका प्रभावकारी हुनु ।
- समावेशी र समानतामूलक समाज निर्माण गर्न सकिने ।
- लक्षित वर्गको सामाजिक र आर्थिक उत्थान गर्न सकिने ।
- विकास निर्माणमा महिला तथा लक्षित वर्गहरुको समावेशी सहभागिता सुनिश्चित गर्ने सकिने ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

- साँगुरीगढी गाउँपालिकामा समावेशी र समानतामूलक समाज निर्माण गर्ने ।

#### उद्देश्य

- विकासमा महिला, बालबालिका तथा लक्षित वर्गको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नु ।
- बञ्चित तथा सामाजिक सुरक्षा नपाएका समुदायहरूलाई सामाजिक सुरक्षा प्रदान गर्नु ।
- विभेद/भेदभावमा परेका समूहहरुको राजनीतिक, आर्थिक र सामाजिक पहुँच सुनिश्चित गर्नु ।

#### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| समानता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने । | ▪ समानता र सामाजिक समावेशीकरण सम्बन्धी कानुन, ऐन, नीति तथा कार्यनीति तर्जुमा गरिने छ ।<br>▪ तथ्याङ्क/सूचना/अभिलेखको थालनी गरिने छ ।<br>▪ महिला, बालबालिका र लक्षित वर्गको अधिकारसँग सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।<br>▪ समानता र सामाजिक समावेशीकरण सूचकहरु तयार गरि अनुगमन र मुल्याङ्कन प्रभावकारी बनाईने छ । |
| महिलाहरुको सशक्तिकरण र समावेशीकरणमा जोड दिने । | ▪ लैङ्गिक समता प्राप्तिको लागि महिला पुरुषको सक्रिय भूमिका रहने व्यवस्था गरिने छ ।<br>▪ एकल, विधवा तथा विपन्न महिलारहरुको जीवनस्तर उकास्न आयमूलक कार्यक्रम सञ्चालन गरिने छ ।<br>▪ महिलाहरुको राजनीतिक, सामाजिक, आर्थिक सशक्तिकरणमा प्रभावकारी सहभागिता बढाउँदै लगिने छ ।<br>▪ महिला हिंसा, यौन हिंसा/शोषण तथा ज्यादतिमा परेका महिलाहरुलाई संरक्षण दिई यस्ता घटना अन्त्यका लागि स्थानीय तह शसक्त रुपमा लाग्ने छ । |
| लक्षित वर्ग, र सिमान्तकृत समुदायको सशक्तिकरण र विकास गर्ने । | ▪ दलित, जनजाति, विपन्न र सिमान्तकृत समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>▪ सामाजिक विभेद, जातीय, छुवाछुत अन्त्यका लागि गाउँपालिका, नागरिक समाज र सरोकारवाला निकायहरुसँग सहकार्य गरिने छ ।<br>▪ आधारभूत आवश्यक्ता (गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा तथा रोजगार), राज्यले दिने अन्य विशेष सेवा सुविधाहरुमा यी समुदायहरुको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाईने छ । |
| बालबालिका, किशोर किशोरीको श्रृजनशीलताको | ▪ स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमसँग आवद्ध गरी मातृ स्वास्थ्य, गर्भ संरक्षण बाल तथा मातृ पोषण जस्ता बाल बचाउका कार्यक्रमहरू सञ्चालन गरिने छ । |

| | |
|---|---|
| विकास गर्ने । | ▪ बालबालिकाको जन्म दर्ता अधिकार स्थापित हुने गरी व्यक्तिगत घटना दर्तालाई अभियानको रुपमा सञ्चालन गरिने छ ।<br>▪ भूकम्प, विपद् र द्वन्द प्रभावित र टुहुरा बालबालिकाको बाल संरक्षण गरी शिक्षाको अवसर प्रदान गरिने छ ।<br>▪ घरदेखि विद्यालयसम्म बाल विकासको वातावरण सिर्जना गरी उनीहरूको सिकाई र सृजनशीलताको विकास गरिने छ ।<br>▪ बाल मैत्री गाउँपालिका बनाई एक वडा एक बाल उद्यान निर्माण गरिने छ ।<br>▪ बाल श्रमको अन्त्य गरिने छ ।<br>▪ बाल सरोकारका विषयमा बाल सहभागिता सुनिश्चित गरिने छ । |
| अपाङ्गता भएका व्यक्तिको संरक्षण र क्षमता विकास गरी अवसरमा पहुँच बढाउने । | ▪ 'क' र 'ख' वर्गका अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणका लागि आवश्यक व्यवस्था गरिने छ ।<br>▪ 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास गरी रोजगारी र स्वरोजगारीका अवसरहरूमा पहुँच वढाइने छ ।<br>▪ बोली र श्रवण अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष शिक्षाको व्यवस्था मिलाइने छ ।<br>▪ गैसस र सामुदायिक संघ सस्थाहरूसँग समन्वय गरी ह्विल चियर, श्रवण यन्त्र, कृतिम अङ्ग जडान जस्ता सुविधाहरूमा पहुँच विस्तार गरिने छ । |
| ज्येष्ठ नागरिकको संरक्षण गर्दै सम्मानपूर्ण जीवनको अनुभूति दिलाउने । | ▪ ज्येष्ठ नागरिकहरुको स्वास्थ्य सुधारको लागि घुम्ती स्वास्थ्य केन्द्रको व्यवस्था मिलाईने छ ।<br>▪ ज्येष्ठ नागरिकहरूको ज्ञान, अनुभवहरूको अन्तरपुस्ता हस्तान्तरण गर्ने व्यवस्था गरिने छ ।<br>▪ ज्येष्ठ नागरिक चौतारी र विश्रामस्थलको व्यवस्था गरी मनोरन्जन र अनुभव आदान जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।<br>▪ ज्येष्ठ नागरिकलाई विद्यालय केन्द्रित अनुभव आदान प्रदान गर्ने व्यवस्था गरी पुस्ता अन्तर कम गरिने छ ।<br>▪ बाबु आमालाई सम्मान नगर्ने सन्तानहरूलाई सार्वजनिकीकरण गरिने छ ।<br>▪ गैसस र सामुदायिक संस्थाहरूसँगको सहकार्यमा आश्रयहीन ज्येष्ठ नागरिकको आश्रय केन्द्र निर्माण गरी पालन पोषणको व्यवस्था गरिने छ । |

## मुख्य कार्यक्रम

| क्र. स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अध्ययन अनुसन्धान गर्ने । | ✓ | ✓ | ✓ | | |
| २ | समानता र सामाजिक समावेशीकरण रणनीति तय गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ३ | समानता र सामाजिक समावेशीकरण सम्बन्धी संस्थागत क्षमता विकास गर्ने । | | | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | महिला, दलित, जनजाति, विपन्न वर्ग र सिमान्तकृत समुदायको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण र सहभागितामा सीपमूलक तालिम तथा क्षमता वृद्धि कार्यक्रम सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ५ | सामाजिक सुरक्षा कोष स्थापन र सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ६ | बाल अधिकारको संरक्षण एवम् प्रवर्द्धन सम्बन्धी नीति, कानुन, योजना तथा मापदण्ड निर्माण र कार्यन्वयन गर्ने । | | ✓ | ✓ | | |
| ७ | महिला हिंसा, दलित, जनजाति, विपन्न वर्ग र सिमान्तकृत समुदायको विभेदको अन्त्यका लागि स्थानीय तह, समुदाय, विद्यालय, निजी क्षेत्र लगायत अन्य क्षेत्रमा क्रियाशिल व्यक्ति, संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ८ | वृद्धवृद्धाको ज्ञान, सीप र अनुभवलाई स्थानीय तहको विकासमा उपयोग गर्ने । | | ✓ | ✓ | | |
| ९ | अपाङ्गता भएका व्यक्तिहरुलाई कृतिम अङ्ग र ह्विल चेयर लगायत सहायक सामाग्री प्रदान गर्ने । | | ✓ | ✓ | ✓ | |
| १० | बालविवाह, बहुविवाह तथा लैङ्गिक विभेद सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | |
| ११ | बाल श्रम मुक्त गाउँपालिका निर्माण गर्ने । | | | ✓ | ✓ | ✓ |
| १२ | बालमैत्री पालिका बनाउनुका साथै एक वडा एक बाल उद्यान निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | |
| १३ | ज्येष्ठ नागरिकको स्वास्थ्य सुधारको लागि घुम्ती स्वास्थ्य केन्द्रको व्यवस्था गर्ने । | | | ✓ | | |
| १४ | गाउँपालिका, प्रदेश सामाजिक विकास मन्त्रालय र करूणा फाउण्डेशनसँगको त्रिपक्षीय सहकार्यमा सञ्चालनमा रहेको अपाङ्गता सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइने छ । | | ✓ | ✓ | ✓ | |

### ५.४.५ अपेक्षित उपलब्धी

- समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति तथा योजना तथा कार्यक्रम तयार भई कार्यन्वयनमा आउने छ ।
- सामाजिक विभेद र लैङ्गिक हिंसा अन्त्य सम्बन्धी कानुन निर्माण भई कार्यान्वयनमा आउने छ ।
- जोखिम अवस्थाका बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिकहरुको उचित संरक्षण हुने छ ।
- सामाजिक सुरक्षाका सेवाग्राहीहरुको एकीकृत अभिलेख स्थापित भएको हुने छ ।
- लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा भएको हुने छ ।
- महिला तथा लक्षित वर्गलाई क्षमता विकास सम्बन्धी तालिम सञ्चालन भएको हुने छ ।
- अपाङ्गता भएका ७० प्रतिशत व्यक्तिहरुले कृतिम अङ्ग र ह्विल चेयर लगायत सहायक सामाग्रीहरु प्राप्त गरेका हुने छन् ।
- वृद्धवृद्धाको ज्ञान, सीप र अनुभवलाई स्थानीय तहको विकासमा उपयोग भएको हुने छ ।
- बाल विवाह, बहु विवाह तथा लैङ्गिक विभेद सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने छ ।

- महिला, दलित, जनजाति, विपन्न वर्ग र सिमान्तकृत समुदायको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण र सहभागितामा सीपमूलक तालिम तथा क्षमता वृद्धि कार्यक्रम सञ्चालन भएको हुने छ ।
- बालमैत्री पालिका बनाउनुका साथै एक वडा एक बाल उद्यान निर्माण भएको हुने छ ।
- ज्येष्ठ नागरिकको स्वास्थ्य सुधारको लागि घुम्ती स्वास्थ्य केन्द्रको व्यवस्था भएको हुने छ ।

### ५.४.६ अनुमानित तथा जोखिम पक्ष

- गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा भएको हुनुपर्ने ।
- गाउँपालिकाको सेवा प्रवाह समावेशी र लक्षित वर्ग मैत्री हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृ निकायहरुको महिला, बालाबलिका तथा लक्षित वर्गलाई नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिकाका सार्वजनिक स्थानहरुमा अपाङ्गमैत्री पूर्वाधार विकास भएको हुनुपर्ने ।
- गाउँपालिकाले महिला, बालबालिका तथा लक्षित वर्गको लागि पर्याप्त बजेटको व्यवस्था गरेको हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकार बीच महिला, बालबालिका तथा लक्षित वर्गको लागि आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

## ५.५ युवा तथा खेलकूद

### ५.५.१ पृष्ठभूमि

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारहरुको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तिकरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ । संयुक्त राष्ट्र प्राप्त सुरक्षा परिषद्को प्रस्ताव नं. २२५० ले दिगो विकास लक्ष्य र युथ भिजन-२०२५ ले युवाको विकास र सहभागितामा जोड दिएको छ । उद्यमशील युवा मुलुकको विकासका संवाहक हुन । खेलकुद शारीरिक तथा मानसिक विकासको महत्वपूर्ण माध्यम समेत हो । त्यसैले युवा तथा खेलकुदको विकास बिना गाउँपालिकामा विकास निर्माण र नविनतम कार्यहरु सम्भव हुँदैन ।

साँगुरीगढी गाउँपालिकामा कुल जनसङ्ख्याको १५-३० वर्ष उमेर समूहका युवाहरुको सङ्ख्या २६.८६ प्रतिशत र ३०-४५ वर्ष उमेर समूहका युवाहरुको सङ्ख्या २०.१६ प्रतिशत गरि १५-४५ वर्ष उमेर समूहका युवाहरुको सङ्ख्या ४७.०२ प्रतिशत छ । आर्थिक रुपले सक्रिय जनसङ्ख्याको उमेर समूहका (१५-६४ वर्ष) मानिसहरुको सङ्ख्या कुल जनसङ्ख्याको ६८.७२ प्रतिशत छ । यिनै युवाहरु वैदेशिक रोजगार, ज्याला मजदुरी, खेती किसानी, नोकरी, व्यापार आदिमा संलग्न रहेका छन् । युवा र आर्थिक रुपले सक्रिय जनसङ्ख्याको हिस्सा निकै ठूलो रहेको छ भने यस जनसाङ्ख्यिकीय लाभको अवसरलाई पुँजीकृत गरी आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित गर्नु जरुरी छ ।

गाउँपालिकाभित्र रहेका वडा नं. १ देखि वडा नं. १० सम्मका समावेशी युवा क्लबहरुको सदस्यहरुको उपस्थितिमा १५ सदस्यीय बाल सञ्जाल गठन गरिएको छ । यस्ता क्लबहरुहरु खेलकुद तथा सामाजिक गतिविधिहरुमा संलग्न रहेका छन् । गाउँपालिकामा स्थानीय विद्यालयमा भएका खेल मैदान र गाउँपालिकामा रहेका खुल्ला चौरहरु नै खेलकुदका मुख्य पूर्वाधारहरु हुन् । यी खेलमैदानहरुको स्तरोन्नति गरी पूर्वाधार निर्माण गर्न जरुरी छ ।

### ५.५.२ समस्या र चुनौती

#### समस्याहरु

- युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु ।
- युवामा दक्षता र क्षमताको कमीका साथै उनीहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसक्नु ।
- युवाहरुको क्रमागत विदेश पलायन ।
- खेलकुदको विकासका लागि पूर्वाधारको अभाव ।
- क्लव तथा खेलकुदसँग सम्बन्धित संस्थाको आयस्रोतमा कमी ।
- खेलकुद प्रशिक्षण तथा  व्यावसायिक खेलकुदको कमी ।

#### चुनौतीहरु

- युवा क्षमताको विकास गर्नु ।
- युवा प्रतिभा पलायन रोक्नु ।
- युवामा सकारात्मक सोचको निर्माण नहुनु ।
- स्थानीय स्तरमा सिर्जना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण गराउनु ।
- खेलकुद पूर्वाधारको निर्माण गर्नु ।
- खेलकुद प्रतियोगिताहरु नियमित रुपमा आयोजना गर्नु ।

### ५.५.३ सम्भावना र अवसर

#### सम्भावना

- खेलकुदको विकास गरी युवा क्षमताको विकास गर्न सकिने ।
- स्थानीय स्तरमा खेलकुदको नियमित कार्यक्रम गरी स्थानीय खेल प्रतिभाहरुको पहिचान र विकास गर्न सकिने ।
- युवा लक्षित आय आर्जन कार्यक्रम सञ्चालन गरी युवाहरुलाई रोजगारीमा आवद्ध गराउन सकिने ।
- स्थानीय बेरोजगार युवाहरुलाई उद्यमशील रोजगारीको सुनिश्चितता गर्न सकिने ।
- स्थानीय स्तरमा खेलकुदलाई विकास र विस्तार गर्न सकिने ।
- खेलकुद एकेडेमीको निर्माण गरी स्थानीय स्तरमा नै राष्ट्रिय खेलाडी उत्पादन गर्न सकिने ।

#### अवसर

- खेलकुद पूर्वाधार विकास गर्न स्थानहरु उपलब्ध हुन सकिने ।

- स्थानीय खेल प्रतिभाहरुको माध्यमबाट गाउँपालिकाको पहिचानमा थप योगदान हुने ।
- स्थानीय युवायुवातीहरुलाई स्वस्थ्य र स्फूर्त गराउन सकिने ।
- दक्ष तथा तालिम प्राप्त युवाहरुलाई गाउँपालिकाले परिचालित गर्न सकिने ।
- युवा विकासका लागि संवैधानिक व्यवस्था हुनु ।
- रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता रहनु ।
- युवा संलग्न स्थानीय संरचना/संयन्त्र रहनु । खेलकुद क्षेत्रको एकीकृत विकास रणनैतिक योजना निर्माण गर्ने गाउँपालिकाको नीति तथा कार्यक्रम रहेको ।
- पालिका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुद गतिविधि अगाडी बढाउन सकिने ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

- युवा लक्षित कार्यक्रमबाट युवाशक्तिको विकास गरी गाउँपालिकाको समृद्धिमा योगदान पुर्‍याउने ।

#### उद्देश्य

- युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।
- खेलकुदको विकास गर्नु ।

#### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गर्ने । | ▪ स्थानीय बेरोजगार युवाहरुलाई उद्यमशील रोजगारीको लागि युवा उद्यमी कार्यक्रम सञ्चालन गर्न युवा उद्यमी कोष स्थापना गरिने छ ।<br>▪ युवाहरूलाई उनीहरूको अभिरुचि अनुसारको सीपमूलक तालिम दिईने छ ।<br>▪ युवाहरूलाई उद्यम व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तीय संस्थाहरूसँग सहजिकरण गरिने छ ।<br>▪ युवाहरूको दक्षता र क्षमताका आधारमा उद्यमशील, रोजगारमुलक र स्वरोजगारीमा आवद्ध गराइने छ ।<br>▪ युवाहरूलाई दुर्व्यवसनीबाट रोकी उत्पादनशील कार्यमा संलग्न गराउन प्रोत्साहित गरिने छ । |
| खेलकुद पूर्वाधारको विकास गर्ने । | ▪ गाउँपालिका स्तरीय रंगशाला र कभर्ड हल निर्माण गरिने छ ।<br>▪ एक वडा एक खेलमैदान नीति अनुरुप प्रत्येक वडामा खेलमैदान निर्माण वा स्तरोन्नति गरिने छ ।<br>▪ खेलकुद विकास र विस्तार गर्न खेलकुद एकेडेमीको सम्भाव्यता अध्ययन सहित पूर्वाधार निर्माण गरिने छ ।<br>▪ विद्यालय स्तर देखि नै खेलकुद विकासका लागि हरेक विद्यालयमा खेल मैदानको व्यवस्था गर्न सहयोग गरिने छ ।<br>▪ अन्तर विद्यालय खेलकुद प्रतियोगिता आयोजना गरिने छ । |

| | |
|---|---|
| | ▪ पालिका तथा जिल्ला स्तरमा खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिने छ।<br>▪ दश वटै वडामा खेलकुद प्रशिक्षणको लागि पहल गरिने छ। |

## मुख्य कार्यक्रम

| क्र. स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | पालिका स्तरीय रंगशाला र कभर्ड हलको सम्भाव्यता अध्ययन गरी पूर्वाधार निर्माण गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| २ | युवा उद्यमी कोष स्थापना गरी परिचालन गर्ने। | | ✓ | ✓ | | |
| ३ | एक वडा एक खेलमैदान नीति सहित प्रत्येक वडामा खेलमैदान निर्माण वा स्तरोन्नति गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | युवाहरुलाई कृषि, पशुपालन तथा घरेलु उद्योगतर्फ आकर्षित गर्न आवश्यक नीति निर्माण गरी अनुदान समेत प्रदान गर्ने। | | ✓ | ✓ | ✓ | |
| ५ | युवाहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु गर्ने। | | ✓ | ✓ | | |
| ६ | युवा तथा खेलकुदको संस्थागत विकास गर्ने। | | ✓ | ✓ | ✓ | |
| ७ | युवाहरुलाई रोजगार सिर्जना र उद्यशिलताको लागि सहुलियत ऋण र तालिम प्रदान गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ८ | राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेलकुदमा पदक जित्ने स्थानीय खेलाडीहरुको उचित सम्मान तथा प्रोत्साहनको व्यवस्था गर्ने। | | ✓ | ✓ | | |
| ९ | प्रत्येक वडामा खेलकुद प्रशिक्षणको नीति अवलम्बन गर्ने। | | ✓ | ✓ | | |
| १० | खेलकुद विकास तथा विस्तार गर्न खेलकुद एकेडेमी निर्माण सम्भाव्यता अध्ययन गर्ने। | ✓ | ✓ | ✓ | | |
| ११ | खेलकुद क्षेत्रको एकीकृत विकास रणनैतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने। | ✓ | ✓ | ✓ | | |
| १२ | पालिका स्तरीय खेकलुद प्रतियोगिताहरु नियमित रुपमा आयोजना गर्ने। | | ✓ | ✓ | ✓ | |
| १३ | प्रशिक्षकहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने। | | ✓ | ✓ | ✓ | |
| १४ | विद्यालयहरुमा खेलकुद शिक्षक र सामाग्रीहरु उपलब्ध गराउने। | | ✓ | ✓ | ✓ | |
| १५ | स्थानीय युवा क्लबहरुको क्षमता अभिवृद्धि गर्ने। | | ✓ | ✓ | ✓ | |

### ५.५.५ अपेक्षित उपलब्धी

- पालिका स्तरीय रंगशाला र कभर्ड हलको सम्भाव्यता अध्ययन र पूर्वाधार निर्माण थालनी भएको हुने छ।
- युवा उद्यमी कोष स्थापना गरी परिचालन भएको हुने छ।
- प्रत्येक वडामा खेलमैदान निर्माण वा स्तरोन्नति भएको हुने छ।

- युवाहरुलाई कृषि, पशुपालन तथा घरेलु उद्योगतर्फ आकर्षित गर्न आवश्यक नीति निर्माण गरी अनुदान समेत प्रदान गरिएको हुने छ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेलकुदमा पदक जित्ने स्थानीय खेलाडीहरुको उचित सम्मान तथा प्रोत्साहनको व्यवस्था भएको हुने छ ।
- प्रत्येक वडामा खेलकुद प्रशिक्षण भएको हुने छ ।
- खेलकुद एकेडेमी निर्माण सम्भाव्यता अध्ययन भएको हुने छ ।
- खेलकुद क्षेत्रको एकीकृत विकास रणनैतिक योजना निर्माण गरी कार्यान्वयन भएको हुने छ ।
- गाउँपालिका स्तरीय खेलकुद मैदानको स्तरोन्नति भएको हुने छ ।
- सबै माध्यमिक विद्यालयमा खेलकुद शिक्षक र खेलकुदका सामग्रीहरुको व्यवस्था भएको हुने छ ।
- वार्षिक रुपमा अन्तर विद्यालय खेलकुद प्रतियोगिताहरु आयोजना भएको हुने छ ।
- युवाहरुले उद्यमशिलता तालिम प्राप्त गरेका हुने छन् ।
- स्थानीय क्लबहरुको क्षमता अभिवृद्धि भएको हुने छ ।
- युवाहरुले उद्यम र स्वरोजगारको लागि सहुलियत रुपमा ऋण प्राप्त गरेका हुने छन् ।

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकाको युवा तथा खेलकुद सम्बन्धी नीति तर्जुमा भएको हुनुपर्ने ।
- आवश्यक खेल पूर्वाधारहरु निर्माण भएको हुनुपर्ने ।
- गाउँपालिकाले युवा तथा खेकलुदको विकासमा नियमित बजेट विनियोजन गरेको हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृ निकायहरुको युवा तथा खेलकुदको विकासमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच युवा तथा खेलकुद विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

## ६.१ वस्ती, आवास भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

आवास मानव जीवनको आधारभूत आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐनले प्राप्त तथा प्रदेश कानूनको अधीनमा रहि सुरक्षित वस्ती विकास र भवन निर्माण सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन गर्ने तथा सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ ।

यस गाउँपालिकामा आवासीय क्षेत्र (२.१४ प्रतिशत) रहेको छ । भेडेटार बजार, नाम्जे, डाँडाबजार, आहाले, फाक्सिव, महाभारत र खुवाफोक वरिपरि नयाँ निर्माण गरिएका घरहरुले निर्माण क्षेत्रमा वृद्धि भएको देखिन्छ । घरहरुको स्वामित्वमा आफ्नै स्वामित्व भएको ९५.८८ प्रतिशत रहेको छ । त्यसै गरी भाडाका घर ३.२४ प्रतिशत, संस्थागत भवनहरु ०.५२ प्रतिशत, अन्य स्वामित्व ०.३६ प्रतिशत रहेको छ । पालिकामा ८८.६९ प्रतिशत घरधुरीहरुमा जग्गा तथा घर दुबैमा पुरुषहरुको स्वामित्व रहेको छ भने महिलाहरुको स्वामित्व घर तथा जग्गा दुबैमा ३.६ प्रतिशत, जग्गा मात्रमा ७.२७ प्रतिशत र घर मात्रमा ०.३८ प्रतिशत रहेको छ ।

साँगुरीगढी गाउँपालिकामा जगको प्रकार अनुसार ७३.५५ प्रतिशत घरहरु ढुङ्गा/ईट्टामा माटो जोडाई गरि निर्माण गरिएको छ भने काठको पिलर १२.६९ प्रतिशत, ढुङ्गा/ईट्टामा सिमेन्ट जोडाई ११.४१ प्रतिशत, आर.सि.सि. पिलर ०.०२ प्रतिशत रहेको छ भने अन्य जगको किसिममा ०.७८ प्रतिशत रहेको छ । घरको बाहिरी गारोको किसिम अनुसार यस गाउँपालिकामा घरहरुका प्रमुख प्रकारमा ढुङ्गा र माटोको गारो माटो जोडाईमा ६५.४९ प्रतिशत, ढुङ्गा र माटोको गारो सिमेन्ट जोडाई १२.८१ प्रतिशत, बाँसको संरचना ८.४९ प्रतिशत, काठको संरचना ४.७९ प्रतिशत, जस्तापाताले घेरिएको ८.०७ प्रतिशत, काँचो ईट्टाको गारो ०.१४ प्रतिशत, प्रिफ्याब सिटले निर्मित ०.०२ प्रतिशत र अन्य ०.१८ प्रतिशत रहेको छ । छानाको किसिम अनुसार कर्कट पाटा ८८.६५ प्रतिशत, खर/परालको छाना ५.५५ प्रतिशत, आर.सि.सि. ढलान ५.२३ प्रतिशत, काठको फलेक ०.१८ प्रतिशत, ढुङ्गा/स्लेट ०.१८ प्रतिशत, टाईल ०.१६ प्रतिशत, र अन्य ०.०४ प्रतिशत रहेको छ । त्यसै गरी भूईंको किसिम अनुसार माटोले लिपेको ७१.४७ प्रतिशत, ढलान २५.५७ प्रतिशत, काठ तथा बाँसको १.७८ प्रतिशत, ईट्टा वा ढुङ्गाको ०.४६ प्रतिशत, सेरामिक टाईल ०.३ प्रतिशत र अन्य ०.४२ प्रतिशत रहेको छ । (*स्रोतः राष्ट्रिय जनगणना, २०७८)*

बजार क्षेत्रहरुमा केही निर्माण संरचनाहरु पक्की भएता पनि अधिकांश क्षेत्रमा कच्ची संरचना नै रहेको छ । तीव्र शहरीकरण नहुँदा अब निर्माण गरिने सार्वजनिक निर्माण तथा शहरीकरणलाई व्यवस्थित गर्न सहज भने हुने देखिन्छ । भवनहरु पनि अधिकांश परम्परागत माटोले जोडिएका भवनहरु छन् । हालको शहरीकरणको अवस्थाको विश्लेषण गर्दा, वस्तीहरु छरिएर रहेका साँगुरीगढी गाउँपालिकाको मुख्य व्यापारिक केन्द्र भेडेटार, डाँडाबजार, नाम्जे, आहाले, महाभारत, फाक्सिव र खुवाफोक नै शहरी केन्द्रको रुपमा रहेको छ । गाउँपालिका क्षेत्रमा शहरी सेवा सुविधाहरूको वितरणको अवस्था विश्लेषण गर्दा हालको

शहरी पूर्वाधार अपर्याप्त रहेको देखिन्छ । नयाँ सडकको निर्माण बढेको भएता पनि धेरै जसो सडकको अवस्था सुदृढिकरण गर्नुपर्ने देखिन्छ । खानेपानी, विद्युत तथा सञ्चारको अवस्था सन्तोषजनक रहेको छ । अन्य पूर्वाधार जस्तै ढल निर्माण, बसपार्क तथा हाट बजार व्यवस्थापन, फोहोर व्यवस्थापनका साथै गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने तर्फ पनि तत्काल ध्यान केन्द्रित हुन आवश्यक छ ।

### ६.१.२ समस्या र चुनौती

#### समस्या

- योजनावद्ध वस्ती विकास गर्न नसकिएको ।
- भवन संहिता पूर्ण रुपले लागु हुन नसकेको ।
- ग्रामीणयुक्त छरिएर रहेको वस्ती भएकोले पूर्वाधार सेवा विस्तार गर्न कठिन ।
- भौगोलिक बनावटको कारण सडक सञ्जालको कमी ।

#### चुनौती

- योजना तथा निर्माण मापदण्ड कार्यान्वयन गरी सुरक्षित वस्ती विकास गर्नु ।
- जोखिमयुक्त वस्तीहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्नु ।
- नयाँ घरहरु निर्माण गर्दा मौलिकता लोप हुँदै गएको ।
- व्यवस्थित आवास, वस्ती विकास तथा सार्वजनिक निर्माणमा जग्गा प्राप्त गर्न ।
- छरिएर रहेका वस्तीहरुमा सेवा सुविधा विस्तार गर्न ।

### ६.१.३ सम्भावना र अवसर

#### सम्भावना

- व्यवस्थित वस्ती विकास गरी शहरीकरणलाई व्यवस्थित गर्न सकिने ।
- तीव्र शहरीकरण भई नसकेको हुँदा पूर्वाधार विकासलाई सहज हुने ।
- सुरक्षित स्थानहरु पहिचान गरी सुरक्षित वस्ती तथा आवास निर्माण गर्न सकिने ।
- भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्वयन गर्न सकिने ।
- आवास तथा सार्वजनिक निर्माणमा स्थानीय सामाग्रीहरु प्रयोग गर्न सकिने ।

#### अवसर

- भूकम्प प्रतिरोधी घर निर्माण गर्न सचेतना कार्यक्रम सञ्चालन गरी व्यवस्थित र भूकम्प प्रतिरोधात्मक भवन निर्माण र वस्ती विकास गर्न सकिने ।
- असुरक्षित र जोखिमयुक्त वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती विकास गर्न सकिने ।
- स्थानीय निर्माण व्यवसायी तथा कामदारहरुलाई दक्ष कालिगढको तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्ने ।
- भवन तथा संरचनाहरुको अभिलेखिकरण र नक्सा पास गरी आन्तरीक आय वृद्धि गर्न सकिने ।
- नयाँ घरहरु निर्माण गर्दा स्थानीय मौलिकता कायम राख्न सकिने ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

- व्यवस्थित, गुणस्तरीय, सन्तुलित र सुरक्षित आवास तथा वस्ती विकास ।

#### उद्देश्य

- सबै वर्ग, क्षेत्र र तहका मानिसहरुको आवासमा पहुँच सुनिश्चित गर्नु ।
- गुणस्तरीय, व्यवस्थित, सुरक्षित र किफायती आवास तथा भवन निर्माण गर्नु ।
- स्थानीय समुदायलाई भवन निर्माण आचार संहिता बारे सुसूचित गर्नु ।

#### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आवास, वस्ती विकास र भवन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने । | ▪ जोखिमयुक्त वस्तीहरूको पहिचान तथा नक्साङ्कन गरिने छ ।<br>▪ पालिका क्षेत्र निर्माण हुने सम्पूर्ण घरहरुको निर्माण कार्यलाई भूकम्प प्रतिरोधी बनाई नक्सा पास कार्यलाई अनिवार्य बनाइने छ ।<br>▪ आवास, वस्ती विकास र भवन सम्बन्धी आवश्यक नीति तथा मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन गरिने छ ।<br>▪ भू-उपयोग नीति अनुसार प्रदेश सरकार र नीजि क्षेत्र समेतको सहकार्यमा आवास तथा वस्ती विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>▪ भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतना कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>▪ निर्माण व्यवसायी तथा कामदारहरुलाई दक्ष कालिगढ तालिम सञ्चालन गरी तालिम प्राप्त कालिगढबाट मात्र घर बनाउन पाउने व्यवस्था लागु गरिने छ ।<br>▪ स्थानीय भवन निर्माण सम्बन्धी २०७७ भन्दा अघि निर्माण भएका भवन तथा संरचनाहरुको अभिलेखीकरण कार्य थालनी गरिने छ ।<br>▪ भवन निर्माण कार्यलाई व्यवस्थित गर्न सडकको मापदण्ड पूर्ण रुपले लागू गरिने छ ।<br>▪ घरधुरीहरुको घर नं. कायम गरी घरको एकीकृत अभिलेख व्यवस्थापन कार्यको थालनी गरिने छ ।<br>▪ न्यून आय हुने वर्गका लागि सुलभ आवासको व्यवस्था गर्न नीजि क्षेत्रसँग सहकार्य गरिने छ । |
| सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने । | ▪ स्थानीय आवश्यकता अनुसारको भवन संहिता तर्जुमा गरी लागु गरिने छ ।<br>▪ सरकारी तथा सार्वजनिक भवनहरू बाल, महिला तथा अपाङ्गमैत्री बनाइने छ ।<br>▪ सुरक्षित र व्यवस्थित वस्ती विकासको लागि योग्य र अयोग्य भूमिको पहिचान गरिने छ । |

| | |
|---|---|
| | ▪ जोखिममा रहेको वस्तीहरुको सुरक्षित स्थानमा स्थानान्तरण गरिने छ ।<br>▪ सार्वजनिक जग्गा र नदि किनार लगायतका क्षेत्र अतिक्रमण गरी गरिने वस्ती विकास लगायतका कार्यक्रमहरुलाई निरुत्साहित गरिने छ । |

## मुख्य कार्यक्रम

| क्र स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | जोखिमयुक्त वस्तीहरूको पहिचान तथा नक्साङ्कन गर्ने । | | | ✓ | | |
| २ | निर्माण कार्यलाई भूकम्प प्रतिरोधी बनाई नक्सा पास कार्यलाई अनिवार्य बनाउने । | | ✓ | ✓ | | |
| ३ | आवास, वस्ती विकास र भवन सम्बन्धी आवश्यक नीति तथा मापदण्डहरु तर्जुमा गर्ने । | | ✓ | ✓ | | |
| ४ | भू-उपयोग नीति अनुसार प्रदेश सरकार र नीजि क्षेत्र समेतको सहकार्यमा आवास तथा वस्ती विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | |
| ५ | सुरक्षित भवन निर्माणको लागि प्राविधिक जनशक्ति, कालिगढ र सेवाग्राहीलाई तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | |
| ६ | तालिम प्राप्त कालिगढबाट मात्र घर बनाउन पाउने व्यवस्था लागु गर्ने । | | ✓ | ✓ | | |
| ७ | स्थानीय भवन निर्माण सम्बन्धी २०७७ भन्दा अघि निर्माण भएका भवन तथा संरचनाहरुको अभिलेखीकरण कार्य थालनी गर्ने । | | | ✓ | | |
| ८ | सुरक्षित र व्यवस्थित वस्ती विकासको लागि योग्य र अयोग्य भूमिको पहिचान गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ९ | भवन निर्माण कार्यलाई व्यवस्थित गर्न सडकको मापदण्ड पूर्ण रुपले लागू गर्ने । | ✓ | ✓ | ✓ | | |
| १० | जोखिमयुक्त वस्तीहरुको सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ११ | निजी, सामुदायिक तथा सरकारी भवनहरु निर्माण गर्दा वातावरणमैत्री, किफायती र परम्परागत निर्माण प्रविधि एवम् वास्तुकलाको समेत जगेर्ना हुने गरी निर्माण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १२ | न्यून आय हुने वर्गका लागि सुलभ आवासको व्यवस्था गर्न नीजि क्षेत्रसँग सहकार्य गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १३ | सार्वजनिक जग्गा र नदि किनार लगायत क्षेत्र अतिक्रमण गरी गरिने वस्ती विकास लगायतका कार्यक्रमहरुलाई निरुत्साहित गर्ने । | ✓ | ✓ | ✓ | | |
| १४ | सभागृह र प्रदर्शनी स्थलको अध्ययन तथा विकास गर्ने । | ✓ | ✓ | ✓ | | |
| १५ | गाउँपालिका भित्रका खाली जग्गाहरु पहिचान गरी हरियाली पार्क विकास गर्ने । | | ✓ | ✓ | ✓ | |
| १६ | व्यवस्थित शवदाह स्थल निर्माण गर्ने । | | ✓ | ✓ | | |

### ६.१.५ अपेक्षित उपलब्धी

- आधुनिक, सुरक्षित र सुविधा सम्पन्न शहरी पुर्वाधारयुक्त आवास र वस्तीहरु विकास हुने छन् ।
- आवास, वस्ती विकास र भवन सम्बन्धी आवश्यक नीति तथा मापदण्डहरु तर्जुमा भएको हुने छ ।
- भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्यवयन हुने छ ।
- जोखिमयुक्त वस्तीहरूको पहिचान तथा नक्साङ्कन हुने छ ।
- निर्माण कार्यलाई भूकम्प प्रतिरोधी बनाई नक्सा पास कार्यलाई अनिवार्य हुने छ ।
- भू-उपयोग नीति अनुसार प्रदेश सरकार र नीजि क्षेत्र समेतको सहकार्यमा आवास तथा वस्ती विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुने छ ।
- सुरक्षित भवन निर्माणको लागि प्राविधिक जनशक्ति, कालिगढ र सेवाग्राहीलाई तालिम तथा सचेतना कार्यक्रम सञ्चालन हुने छ ।
- तालिम प्राप्त कालिगढबाट मात्र घर बनाउन पाउने व्यवस्था लागु हुने छ ।
- स्थानीय भवन निर्माण सम्बन्धी २०७७ भन्दा अघि निर्माण भएका भवन तथा संरचनाहरुको अभिलेखीकरण कार्य थालनी हुने छ ।
- सुरक्षित र व्यवस्थित वस्ती विकासको लागि योग्य र अयोग्य भूमिको पहिचान हुने छ ।
- भवन निर्माण कार्यलाई व्यवस्थित गर्न सडकको मापदण्ड पूर्ण रुपले लागू हुने छ ।
- न्यून आय हुने वर्गका लागि सुलभ आवासको व्यवस्था गर्न नीजि क्षेत्रसँग सहकार्य हुने छ ।
- सार्वजनिक जग्गा र नदि किनार लगायत क्षेत्र अतिक्रमण गरी गरिने वस्ती विकास लगायतका कार्यक्रमहरुलाई निरुत्साहित हुने छ ।
- निजी, सामुदायिक तथा सरकारी भवनहरु निर्माण गर्दा वातावरणमैत्री, किफायती र परम्परागत निर्माण प्रविधि एवम् वास्तुकलाको समेत जगेर्ना हुने गरी निर्माण हुने छ ।
- सभागृह र प्रदर्शनी स्थलको अध्ययन भई निर्माण थालनी हुने छ ।
- गाउँपालिका भित्रका खाली जग्गाहरु पहिचान गरी हरियाली पार्क विकास हुने छ ।

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- गाउँपालिकाबाट नक्सापास लगायत अन्य विकास निर्माणसँग सम्बन्धित कार्यविधिहरु तर्जुमा भएको हुनुपर्ने ।
- निर्माण मापदण्ड तथा भवन संहिता पूर्ण रुपमा लागू भएको हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिकामा आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ति हुनुपर्ने ।
- स्थानीय मजदुर र मिस्त्रीहरु सुरक्षित निर्माण सम्बन्धी तालिम प्राप्त हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच योजनावद्ध वस्ती विकास तथा सार्वजनिक विकास निर्माणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- योजनावद्ध वस्ती विकास र सार्वजनिक विकास निर्माणको लागी गाउँपालिकाबाट अध्ययन अनुसन्धान र पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने ।

## ६.२ सडक पूर्वाधार तथा यातायात

### ६.२.१ पृष्ठभूमि

स्थानीय तहहरुको सामाजिक, आर्थिक र भौतिक विकासमा सडक पूर्वाधार तथा यातायातको महत्वपूर्ण भूमिका हुने गर्दछ । सडक र यातायताको विकाससँगै स्थानीय उत्पादनहरुले बजारसम्मको सहज पहुँच पाउँछन् भने वरिपरिका अन्य बजार केन्द्र, शहर र पालिकाहरुसँग समेत सामाजिक आर्थिक अन्तरसम्बन्ध स्थापित हुन्छ । त्यसैले सडक र यातायात जस्ता भौतिक पूर्वाधारहरुलाई स्थानीय विकास प्रणालीबाट अलग्याएर हेर्न सकिंदैन । विकास प्रणालीलाई वेवास्था गरेर बनाईने पूर्वाधारको उपयोगिता रहँदैन भने गुणस्तरीय सडक र यातायात प्रणाली बिना स्थानीय विकास र जनविजन पनि सहज र सबल हुँदैन । सडक तथा यातायात प्रणालीमा गरिने लगानीले आर्थिक विकासलाई समेत सहयोग पुऱ्याईरहेको हुन्छ ।

धरान-भेडेटार-धनकुटा सडक (कोशी राजमार्ग)ले साँगुरीगढी गाउँपालिकालाई धरान उपमहानगर तथा धनकुटासँग जोडिएको छ । मा धरान धनकुटा सडक (कोशी लोकमार्ग) ३७ कि.मि., तमोर कोरिडोर र भेडेटार-राजारानी-रबि-राँके सडक २० कि.मि. रहेको छ । सडक तथा यातायात पूर्वाधार अन्तर्गत गाउँपालिकाको रणनीतिक सडकहरुमा भेडेटार-महाभारत-आहाले-बराजक्षेत्र सडक (३३ कि.मि.), डाँडाबजार-खुवाफोक-याक्चना-धनकुटा सडक (२७.५ कि.मि.), मोहनचोक-फाक्सिव-बुढी मोरङ-लाबरबोटे सडक (१८ कि.मि.), विष्णुपादुका-आहाले-छिम्राहा सडक (२८ कि.मि.) र बुढी मोरङ-खुवाफोक-मौनाबधुक-कुरुले मध्य चौबिसे सडक (३० कि.मि.) लगायत रहेका छन् । साँगुरीगढी गाउँपालिकाको यातायात गुरुयोजना अनुसार गाउँपालिकामा "क: वर्गको १३४.४१ कि.मि., "ख" वर्गको ३२.३५४ कि.मि. र "ग" वर्गको ९.२०७ कि.मि. सडक तथा ११.४१६ कि.मि. पैदलमार्ग रहेको छ । यद्यपि गाउँपालिकाका अधिकांश सडकहरु कच्ची रहेका छन् । गाउँपालिका अन्तर्गतका सडकबाट बस, जीप, अटो र मोटरसाईकल सञ्चालन हुने गरेको छ । यस गाउँपालिका क्षेत्रमा रहेको कोशी लोकमार्ग भएर लामो तथा छोटो दुरीका सार्वजनिक यातायात धरान हुँदै ईटहरी, विराटनगर, काठमाडौं तथा धरानबाट धनकुटा हुँदै तेह्रथुम, संखुवासभा, भोजपुर, आदि क्षेत्रमा यातायातको सुविधा रहेको छ । गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न खोला नालाहरुमा पक्की, झोलुङ्गे तथा काठेपुलहरु निर्माण गरिएको छ जसले गाउँपालिकाका विभिन्न स्थानहरुलाई जोडेका छन् ।

### ६.२.२ समस्या र चुनौती

#### समस्या

- अपेक्षित रुपमा सडक स्तरोन्नति नहुनु ।
- सडक सञ्जालको गुणस्तरको कारण ग्रामीण भेगहरुमा आर्थिक गतिविधिहरुको कमी ।
- सडक निर्माणसँग नाली तथा ढल निर्माण नहुनु ।
- अध्ययन ईञ्जिनियरिङ डिजाईन बिनै सडकहरुको ट्रयाक खोल्नु ।

#### चुनौती

- सडक अधिकार क्षेत्र अनुसार सडक लगत कट्टा गर्नु ।

- सडक निर्माणको लागि लगानीको जुटाउनु ।
- सडक निर्माणको लागि भौगोलिक कठिनाईले गर्दा सडक निर्माणमा कठिनाइ ।
- पहाडी भू-भाग भएकोले सडक निर्माणमा अत्यधिक लगानी आवश्यक पर्ने ।
- गाउँपालिकाको न्यून आन्तरिक आय भएको हुँदा सडक पूर्वाधारमा लगानी बढाउनु ।

### ६.२.३ सम्भावना र अवसर

#### सम्भावना

- डिजाईन अनुसार गुणस्तरीय सडक निर्माण गर्न सकिने ।
- स्थानीय बजार र वस्तीहरुलाई सडक सञ्जालसँग जोड्न सकिने ।
- नयाँ सडक निर्माण कार्यलाई निरुत्साहित गरी सडक स्तरोन्नतिलाई प्राथमिकता दिन सकिने ।
- सडक निर्माण कार्यलाई व्यवस्थित गर्न सडक अधिकार क्षेत्रभित्र पर्ने जग्गाहरुको लगत कट्टा गर्न सकिने ।
- सडक निर्माण र विस्तार गर्न स्थानीय सडक सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गर्न सकिने ।
- सडक निर्माण गर्दा वातावरणलाई न्यून क्षति गरेर काम गर्न सकिने ।

#### अवसर

- कोशी राजमार्ग, रबि-राँके सडक, मध्य चौबिसे सडक र तमोर करिडोरका कारण स्थानिय उत्पादनको बिक्रीमा सहज ।
- रणनीतिक सडक र शाखा सडकको मापदण्ड निर्धारण गरिएको ।
- सडक सञ्जालको विस्तार तथा स्तरोन्नति गरी पर्यटन तथा आर्थिक गतिविधि बढाउन सकिने ।
- पूर्वाधारमा लगानी केन्द्रित गरी स्तरीय सडकहरु बनाउन सकिने ।
- विभिन्न संघ संस्थाहरुले स्थानीय पुल, पुलेसाहरु र झोलुङ्गे पुल निर्माणमा सहयोग पुऱ्याउनु ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

- सडक तथा यातायात पूर्वाधारको विकास, त्यसको गुणस्तर र पहुँचमा अभिवृद्धि गर्ने ।

#### उद्देश्य

- गाउँपालिकाको वस्तीहरुमा बाह्रै महिना चल्ने सडक यातायातको पहुँच पुऱ्याउनु ।
- सडक स्तरोन्नति, पुल पुलेसा निर्माण गरी सहज आवागमन बनाउनु ।

#### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सडक तथा यातायातको पहुँच | ▪ गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्र जोड्ने सडकहरूलाई उच्च प्राथमिकतामा राखी सडक सञ्जाल विस्तार गरी सर्वयाम बनाइने छ । |

| | |
|---|---|
| सुधार गर्ने । | ▪ नयाँ सडक निर्माण कार्यलाई निरुत्साहित गरी सडक स्तरोन्नति गरिने छ ।<br>▪ गाउँ यातायात गुरुयोजना अनुसार सम्पूर्ण सडकहरुको अधिकार क्षेत्र निर्धारण गरी दीर्घकालीन रुपमा वस्तीहरुको विकास र सडक निर्माण कार्य गरिने छ ।<br>▪ सडक निर्माण कार्यलाई व्यवस्थित गर्न सडक अधिकार क्षेत्रभित्र पर्ने जग्गाहरुको लगत कट्टा गर्ने व्यवस्था मिलाईने छ ।<br>▪ रणनैतिक महत्वको स्थानमा सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल निर्माण गरिने छ ।<br>▪ गाउँपालिकाको वस्ती जोड्ने क्षेत्रमा झोलुङ्गे पुल निर्माण गर्न अध्ययन गरी निर्माणको लागि सहकार्य र साझेदारी गरिने छ ।<br>▪ गाउँपालिका स्तरीय सडकको सडक अधिकार क्षेत्र उल्लेख्य गरी राजपत्रमा प्रकाशित गरिने छ ।<br>▪ साँगुरीगढी गाउँपालिका उज्यालो कार्यक्रम अन्तर्गत सडकमा सौर्य बत्ती जडान गर्ने कार्यलाई गरिने छ । |
| सडक सञ्जाल सुधार गर्ने । | ▪ नयाँ सडक निर्माण गर्दा प्राविधिक अध्ययन गरेर मात्र निर्माण गरिने छ ।<br>▪ गाउँपालिकाभित्रका सडक तथा पुल निर्माणको लागि पर्याप्त अध्ययन र अनुसन्धान गरिने छ ।<br>▪ वातावरण न्यूनतम क्षति हुनेगरी मात्र ठूला सडक र पुलहरु निर्माणको व्यवस्था मिलाईने छ । |
| सडक र संरचनाहरुलाई व्यवसायिक सिद्धान्त अपनाई सञ्चालन र व्यवस्थापन गर्ने । | ▪ गाउँपालिकाका रणनैतिक सडक र पक्की तथा झोलुङ्गे पुलहरुको सूची (ईन्भेन्ट्री) तयार गरिने छ र आवश्यक मर्मत सम्भारका लागि प्राथमिकता निर्धारण गरिने छ ।<br>▪ सडक संरचना मर्मत सम्भारको निम्ति निश्चित बजेट गाउँपालिकाले नै छुट्याई वा प्रयोगकर्ताहरुबाट नै निर्धारित शुल्क उठाई संरचनाहरुको मर्मत सम्भारको व्यवस्था मिलाइने छ र सो को लागि आवश्यक सहकार्य गरिने छ । |
| सडक तथा यातायात प्रणालीलाई व्यवस्थित गर्ने । | ▪ सडक तथा यातायात सम्बन्धी नीति, कानुन र मापदण्ड तयार गरिने छ ।<br>▪ दिगो तथा वातावरण मैत्री सवारी साधनको प्रयोगका लागि नीतिगत व्यवस्था गरिने छ ।<br>▪ सार्वजनिक यातायात सञ्चालनमा स्थानीय सहकारी र नीति क्षेत्रसँग सहकार्य गरिने छ । |
| मौजुदा सडकहरूको स्तरोन्नति र नियमित मर्मत सम्भार गरी सर्वयाम सुचारु गर्ने । | ▪ गाउँपालिकाभित्रका सम्पूर्ण सडकहरु बाह्रै महिना सञ्चालनमा आउन सक्ने गरी स्तरोन्नति गरिने छ ।<br>▪ सञ्चालित सडकहरू स्तरोन्नति र नियमित मर्मत सम्भारको व्यवस्था गरिने छ ।<br>▪ सडक मर्मत सम्भार कोष खडा गरी स्थानीय सडक यातायात शुल्क र सडक बोर्डबाट प्राप्त रकम समेत यसमा जम्मा गरिने छ ।<br>▪ सडकको दायाँ वायाँ फलफूल, अम्लिसो, डाले घाँस आदि वायो ईञ्जिनियरिङ प्लाण्ट लगाई स्थानीय समुदायको आयआर्जनसँग आवद्ध गराइने छ । |

#### मुख्य कार्यक्रम

| क्र. स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | सडक तथा यातायात सम्बन्धी नीति, कानुन र मापदण्ड तयार गर्ने । | | ✓ | ✓ | | |
| २ | सडक निर्माण कार्यलाई व्यवस्थित गर्न सडक अधिकार क्षेत्रभित्र पर्ने जग्गाहरुको लगत कट्टा गर्ने । | ✓ | ✓ | ✓ | | |
| ३ | गाउँ यातायात गुरुयोजना अनुसार सम्पूर्ण सडकहरुको अधिकार क्षेत्र निर्धारण गरी दीर्घकालीन रुपमा वस्तीहरुको विकास र सडक निर्माण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | सबै वडा केन्द्र, मुख्य बजार र वस्तीहरु जोडने सडक सञ्जाल निर्माण गर्ने । | | ✓ | ✓ | | |
| ५ | सडक, यातायात पूर्वाधार निर्माण गर्दा स्थानीय साधन, श्रोत र सीपको अत्यधिक उपयोग गर्ने । | | | ✓ | ✓ | |
| ६ | नयाँ सडक निर्माण गर्दा प्राविधिक अध्ययन गरी सोही अनुरुप निर्माण गर्ने । | | ✓ | ✓ | | |
| ७ | सडक र पक्की पुल तथा झोलुङ्गे पुलहरुको आवश्यक मर्मत सम्भारका लागि पर्याप्त अध्ययन र अनुसन्धान गरी प्राथमिकता निर्धारण गर्ने । | | | ✓ | | |
| ८ | गाउँपालिकाका सडक, पक्की पुल तथा झोलुङ्गे पुलहरुको सूची (ईन्भेन्ट्री) तयार गर्ने । | | | ✓ | | |
| ९ | निर्माणधिन र ढिलासुस्ती भएका सडक आयोजनाहरुलाई समय मै निर्माण सम्पन्न गर्ने । | | ✓ | ✓ | | |
| १० | गाउँपालिका स्तरीय सडकको सडक अधिकार क्षेत्र उल्लेख्य गरी राजपत्रमा प्रकाशित गर्ने । | | ✓ | ✓ | | |
| ११ | सडकहरूको नियमित स्तरोन्नति र मर्मत सम्भार गर्ने । | | ✓ | ✓ | ✓ | |
| १२ | सडक मर्मत सम्भार कोष खडा गर्ने । | ✓ | ✓ | ✓ | | |
| १३ | वस्तीबाट बढीमा एक घण्टाको दुरीमा आवत जावतको सुविधा पुग्ने गरी थप झोलुङ्गे पुलहरुको निर्माण गर्ने । | | ✓ | ✓ | | |

### ६.२.५ अपेक्षित उपलब्धी

- सडक तथा यातायात सम्बन्धी नीति, कानुन र मापदण्ड तयार हुने छ ।
- सडक अधिकार क्षेत्रभित्र पर्ने जग्गाहरुको लगत कट्टा भएको हुने छ ।
- गाउँ यातायात गुरुयोजना अनुसार सम्पूर्ण सडकहरुको अधिकार क्षेत्र निर्धारण गरी दीर्घकालीन रुपमा वस्तीहरुको विकास र सडक निर्माण हुने छ ।
- सबै वडा केन्द्र, मुख्य वस्तीहरुसम्म सडकको पहुँच सर्वयाम भएको हुने छ ।
- प्राविधिक अध्ययनको आधारमा मात्र नयाँ सडकहरु निर्माण भएको हुने छ ।

- गाउँपालिका भित्र स्थानीयवासीहरुको सहज आवगमन हुने छ ।
- प्राथामिकताको आधारमा सडकहरुको स्तरोन्नति हुने छ ।
- सडक, यातायात पूर्वाधार निर्माण गर्दा स्थानीय साधन, श्रोत र सीपको अत्यधिक उपयोग हुने छ ।
- सडक मर्मत सम्भार कोष खडा भएको हुने छ ।
- गाउँपालिका स्तरीय सडकको सडक अधिकार क्षेत्र उल्लेख्य गरी राजपत्रमा प्रकाशित हुने छ ।
- वस्तीबाट बढीमा एक घण्टाको दुरीमा आवत जावतको सुविधा पुग्ने गरी थप झोलुङ्गे पुलहरुको निर्माण भएको हुने छ ।
- स्थानीय सडकहरुको नियमित मर्मत सम्भार भएको हुने छ ।

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिकामा आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ति हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच सडक तथा पुल निर्माणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- मापदण्डयुक्त सडक, पुल र बसपार्कहरु निर्माणको लागी गाउँपालिकाबाट अध्ययन अनुसन्धान र पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने ।

## ६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा

### ६.३.१ पृष्ठभूमि

संविधानले साना जल विद्युत र वैकल्पिक उर्जा स्थानीय सरकारको अधिकार सूचीमा राखेको छ । आम नागरिकको जीवनलाई सरल र सहज बनाउन र आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा उर्जाको महत्वपूर्ण स्थान छ । साँगुरीगढी गाउँपालिकामा केन्द्रिय प्रसारण लाईनबाट सुनसरीको दुहबी सव-स्टेशनबाट विद्युत लाईन विस्तार गरिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार साँगुरीगढी गाउँपालिकामा खाना पकाउनको लागि ८०.४६ प्रतिशत घरधुरीले परम्परागत काठ/दाउरा नै प्रयोग गर्ने गर्दछन् । त्यस्तै गरी १८.८४ प्रतिशत घरले पेट्रोलियम ग्यास र ०.५४ प्रतिशतले वायो ग्यास प्रयोग गरेको देखिन्छ । गाउँपालिकामा केवल ०.१६ प्रतिशत घरपरिवारले मात्र खाना पकाउन विजुलीको प्रयोग गरिएको छ । गाउँपालिकाका ९६.७४ प्रतिशत घरमा बत्ती बाल्न विजुलीको प्रयोग भएको देखिन्छ भने २.०० प्रतिशत घरधुरीले सोलार, १.०८ प्रतिशत घरधुरीले मट्टितेल र ०.१८ प्रतिशत घरधुरीले बत्ती बाल्नको लागि अन्य श्रोत प्रयोग गर्ने गरेको छ ।

गाउँपालिकामा लघु जलविद्युतको पहुँच बढेसँगै बिजुलीबाट खाना पकाउने घरहरुको सङ्ख्या पनि क्रमश बढ्दै गईरहेको छ । गाउँपालिकामा सिम्सुवा खोला, फेसुवा खोला, रामगुवा लगायत खोलाबाट लघु जलविद्युत उत्पादन गर्न सम्भाव्यता अध्ययन गरी विद्युत सेवा विस्तार गर्न सम्भावना रहेको छ । विद्युत नपुगेका ठाउँमा विद्युतिकरण गर्नु, काठे पोल भएका स्थानमा फलामे पोलको व्यवस्था, नाङ्गो तारलाई

प्लाष्टिक को तारमा परिणत गर्नुपर्ने देखिन्छ । साथै सहिदभूमि गाउँपालिका-१ सफाईदेखि दिलुङ्टार क्षेत्रमा ४ फेजको विजुली तार विस्तार गर्न सकिन्छ ।

### ६.३.२ समस्या र चुनौतीहरु

#### समस्या

- खोला तथा पर्याप्त पानीको श्रोत भएर पनि यसको अधिकतम उपयोग हुन नसकेको ।
- लघु जलविद्युतमा अपेक्षित रूपमा वाह्य लगानी आकर्षित हुन नसक्नु ।
- केही स्थानमा विद्युत सेवा पुऱ्याउन नसक्नु ।
- इन्धनको श्रोतको रुपमा दाउराको प्रयोगले गर्दा वनमा अत्याधिक चाप परेको ।

#### चुनौती

- स्थानीय लघु जलविद्युत आयोजना निर्माण गरी बिजुली उत्पादन गर्नु ।
- स्थानीय घरधुरीहरुमा विद्युत खपत बढाउनु ।
- विद्युतीकरणको लागि बजेटको व्यवस्था गर्नु ।
- स्थानीयवासीलाई लघु जलविद्युतमा वाह्य लगानी आकर्षित गर्नु ।

### ६.३.३ सम्भावना र अवसर

#### सम्भावना

- प्रशस्त खोलानालाहरु रहेकोले लघु जलविद्युत उत्पादन गर्न सकिने ।
- छिमेकी पालिकाबाट विद्युत नपुगेका स्थानमा विद्युत विस्तार गर्न सकिने ।
- गाउँपालिकामा वैकल्पिक ऊर्जाको सम्भावना समेत प्रसस्त रहेको ।
- सिंचाईमा विद्युतको प्रयोग गरी कृषि उत्पादन बढाउन सकिने ।

#### अवसर

- विद्युत उत्पादनको लागि जलश्रोतको उपलब्धता ।
- स्थानीय लघु जलविद्युतबाट उत्पादित बिजुली निर्यात गर्न सकिने ।
- स्थानीय लघु तथा घरेलु उद्योगहरुको प्रवर्द्धनबाट विद्युत खपत बढाउन सकिने ।
- कृषिमा विद्युतीकरण गरी कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने ।
- वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्न सकिने ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

- जलश्रोतको उपयोग गरी विद्युतको सहज व्यवस्था गर्ने ।
- गाउँपालिकामा ऊर्जाको विकासद्वारा स्थानीयहरुको जनजीवन सहज बनाउने ।

## उद्देश्य

- गाउँपालिकाका सबै घरधुरी र लघु/घरेलु उद्योगहरुमा उर्जाको पहुँच स्थापित गराउने ।
- गाउँपालिकाको जलस्रोतको संरक्षण र उपयोग गर्ने ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| विद्युत उत्पादन क्षमता बढाउने । | ▪ प्राप्त र प्रादेशिक सरकार तथा नीजि क्षेत्रको समन्वय र सहकार्यमा लघु जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गरिने छ ।<br>▪ सञ्चालित लघु जलविद्युत आयोजनाहरुलाई पूर्ण क्षमतामा सञ्चालन गरिने छ ।<br>▪ दाउराको विकल्पको रुपमा विद्युतको प्रयोगलाई बढाउन प्रोत्साहन गरिने छ । |
| गाउँपालिकाका सबै वडाहरुमा उर्जालाई भरपर्दो र सुलभ बनाउने । | ▪ विद्युत वितरण लाईन बढाउन गाउँपालिका, वडा कार्यालय, प्रदेश र नीजि क्षेत्रहरुसँग सहकार्य गरिने छ ।<br>▪ बिजुलीको पहुँच नपुगेका टोल र वस्तीहरुमा वितरण लाईनको विस्तार गर्न सहयोग गरिने छ ।<br>▪ वैकल्पिक उर्जालाई प्रर्वद्धन गर्न प्रदेश सरकार र नीजि क्षेत्र र संघ संस्थाहरुसँग सहकार्य गरिने छ । |
| उर्जाको बृहत प्रयोगमा जोड दिईने छ । | ▪ स्थानीय नागरिकहरुको जङ्गल माथिको दवाव (दाउरा) घटाउन विद्युत तथा बैकल्पिक उर्जाको प्रयोगलाई जोड दिइने छ ।<br>▪ प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गरी यातायात, कृषि तथा उद्योगको आधुनिकीकरणमा विद्युतको उपयोग गर्ने नीति अवलम्वन गरिने छ ।<br>▪ आधारभूत स्वास्थ्य, गरिबी निवारण जस्ता उद्देश्यसँग गाँसिएका खानेपानी, लिफ्ट सिंचाई, लघु/घरेलु उद्योग लगायतको क्षेत्रमा हुने बिजुलीमा सहुलियत प्रदान गर्न व्यवस्था गरिने छ । |

## मुख्य कार्यक्रम

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | लघु जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| २ | विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी नीतिहरु तर्जुमा गर्ने । | | ✓ | ✓ | | |
| ३ | बिजुलीको पहुँच नपुगेका टोल र वस्तीहरुमा विद्युत विस्तार गर्ने । | | | ✓ | ✓ | |
| ४ | स्थानीय नागरिकहरुको जङ्गल माथिको दवाव (दाउरा) घटाउन विद्युत तथा बैकल्पिक उर्जाको प्रयोगलाई जोड दिने । | | ✓ | ✓ | | |
| ५ | विद्युत सेवा तत्काल उपलब्ध नहुने स्थानहरुमा वैकल्पिक उर्जा सोलार बत्ती, सोलार टुकीको सुविधा उपलब्ध गर्ने । | | | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | नवीकरणीय तथा वैकल्पिक उर्जा उत्पादनमा सहयोग गर्ने । | | ✓ | ✓ | ✓ | |
| ७ | आधारभूत स्वास्थ्य, गरिबी निवारण जस्ता उद्देश्यसँग गाँसिएका खानेपानी, लिफ्ट सिंचाई, घरेलु उद्योग लगायतको क्षेत्रमा हुने बिजुलीमा सहुलियत प्रदान गर्ने । | | ✓ | ✓ | ✓ | |

### ६.३.५ अपेक्षित उपलब्धी

- थप लघु जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन भएको हुने छ ।
- विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी नीतिहरु तर्जुमा भएको हुने छ ।
- स्थानीय स्तरमा उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाईनमा आवद्व भएको हुने छ ।
- गाउँपालिका भित्रका सम्पूर्ण वडा, टोल र वस्तीहरुमा विद्युतको पहुँच स्थापित भएको हुने छ ।
- दाउराको प्रयोग घटाउन विद्युत तथा बैकल्पिक उर्जाको प्रयोगमा वृद्धि भएको हुने छ ।
- नवीकरणीय तथा वैकल्पिक उर्जा उत्पादनमा सहयोग बढेको हुने छ ।
- विद्युतको नियमित आपूर्तिसगै गाउँपालिका भित्र उद्योगहरुको वृद्धि भई नयाँ रोजगारहरुको सिर्जना भएको हुने छ ।
- गाउँपालिकाले विद्युत तथा उर्जाबाट थप राजस्व प्राप्त गरेको हुने छ ।
- ईन्धनको रुपमा विद्युतको प्रयोगको गर्ने घरपरिवारको सङ्ख्या बढेको हुने छ ।

### ६.३.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा विद्युत र वैकल्पिक उर्जाको प्रयोग सम्बन्धी नीतिहरु तर्जुमा भएको हुनुपर्ने ।
- स्तरीय विद्युत प्रसारण लाईनको व्यवस्था भएको हुनुपर्ने ।
- कृषि विद्युतीकरणको पूर्वाधार निर्माण भएको हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जाको विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- गाउँपालिकाले वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने ।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ति हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृ निकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

सूचना, सञ्चार तथा प्रविधिमा भएको विकासले गर्दा आधुनिक विश्व नै एक ठाँउमा रुपान्तरण भएको छ । दिगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न अवलम्वन गरिएका रणनीतिहरुको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहदै आएको छ । सूचना तथा सञ्चार मानव जीवनको अभिन्न अङ्गको रुपमा स्थापित भएको छ । संविधानले समेत सूचना सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । यसको प्रयोग मार्फत प्राप्त हुने अन्य लाभका अतिरिक्त यो प्रविधिको प्रयोगबाट गाउँपालिकामा सुशासनको प्रत्याभूत गर्नुका साथै पारदर्शी एवम् प्रभावकारी सार्वजनिक व्यवस्थापनको लागि यथेष्ठ पूर्वाधार निर्माण गर्न सकिन्छ ।

सूचना प्रविधि र सूचना प्रविधिमा आधारित विभिन्न सेवाहरु लगायत अन्य उद्योग एवम् सेवाजन्य व्यवसायको वृद्धिद्वारा गाउँपालिकाको मात्र नभएर बृहत्तर राष्ट्रिय लक्ष्यहरु हासिल गर्नमा समेत सहायक हुने देखिन्छ ।

साँगुरीगढी गाउँपालिकामा १ वटा ईलाका हुलाक र ७ वटा अतिरिक्त हुलाक रहेको छ । गाउँपालिकामा सञ्चार माध्यमको लागि रेडियो प्रयोग गर्ने परिवार ७५.६० प्रतिशत रहेको छ भने साधारण मोबाईल फोन र स्मार्ट मोबाईल फोन प्रयोग गर्ने क्रमश: ८१.०० प्रतिशत र ७८.२२ प्रतिशत रहेको छ । त्यसै गरी ईन्टरनेटको पहुँच ६४.४० प्रतिशत र ४९.२९ प्रतिशत घरधुरीहरुमा टेलिभिजन सुविधा रहेको छ । यसका साथै गाउँपालिका क्षेत्रमा अन्य सञ्चार सुविधाहरु जस्तै कम्प्युटर/ल्यापटप (४.६६ प्रतिशत), टेलिफोन (१.५४ प्रतिशत), मोटरसाईकल/स्कुटर (११.४३ प्रतिशत), साईकल (२.९६ प्रतिशत), कार/जीप/भ्यान (१.६२ प्रतिशत), ईलेक्ट्रिक फ्यान (६.८७ प्रतिशत), रेफ्रिजेरेटर (५.०५ प्रतिशत), वासिङ मेसिन (०.१८ प्रतिशत) र एयर कन्डिशनर (०.२६ प्रतिशत) आदि प्रयोग गर्ने गरेका छन् ।

गाउँपालिकामा ई-शासकीय प्रणालीका केही पूर्वाधारहरु (कम्प्युटर, कम्प्युटर नेटवर्किङ, ईन्टरनेट, वेभसाईट, वाईफाई) जडान भइसकेको छ । यद्यपि गाउँपालिका र नागरिक बीच हुने कारोबारहरु जस्तै ई-भुक्तानी, ई-आवेदन, ई-सर्भे, ई-अनुमति तथा जोखिम व्यवस्थापनका लागि पूर्व चेतावनी जस्ता पूर्वाधाहरुको अपर्याप्तताले नागरिक तहसम्म सेवा प्रवाह सहज हुन सकेको छैन । त्यसैगरी गाउँपालिका र व्यवसायीहरु बीच हुने कारोबारहरु (ई-खरिद) पनि नियमित र भरपर्दो रुपमा सञ्चालन हुन सकेको छैन । एकातिर स्थानीयवासीमा सूचनाको सहज पहुँच हुन सकेको छैन भने गाउँपालिकामा समेत सक्षम प्राविधिक जनशक्तिको कमी हुँदा सेवालाई चुस्त दुरुस्त बनाउन सकिएको छैन ।

### ६.४.२ समस्या र चुनौती

#### समस्या

- आवश्यक जनशक्ति र प्राविधिक ज्ञानको अभाव ।
- आवश्यक कानुन र नीतिगत व्यवस्थाको अभाव ।
- नीति अनुरुप संस्थागत हुन नसक्नु ।
- महंगो पर्ने भएकोले सबैको पहुँच हुन नसक्ने ।
- आवश्यक बजेट नहुनु ।

#### चुनौती

- मोबाईल टावरहरु विस्तार गर्नु ।
- ईन्टरनेट र वाईफाईको गुणस्तर र पहुँच बढाउनु ।
- आवश्यक जनशक्ति र प्राविधिक ज्ञान बढाउनु ।
- नीतिअनुरुप सस्थागत हुनु ।
- प्रयोगसँगै साईबर सुरक्षाको चुनौती ।
- बौद्बिक सम्पतिको संरक्षण तथा सुरक्षा संवेदनशिलता ।

- आवश्यक कानुन र नीतिगत व्यवस्था गर्नु ।
- सामाजिक सञ्जालको बढ्दो प्रयोगबाट आउने चुनौती र विकृतिहरु नियन्त्रण गर्नु ।
- सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा विभिन्न परियोजना तर्जुमा तथा कार्यान्वयनमा चुनौती ।

### ६.४.३ सम्भावना र अवसर

#### सम्भावना

- सञ्चार क्षेत्रको प्रवर्द्धन र विकासका लागि ठूला सञ्चार गृहसँग समन्वय र सहकार्य गर्न सकिने ।
- सूचना प्रविधिको प्रयोगले पालिकाको सेवा प्रवाहलाई सरल, चुस्त गर्न सकिने ।
- प्रेस गृह, मेडिया सेन्टर, टेलि सूचना केन्द्र, एफ.एम. रेडियो, अनलाईन मेडिया हाउस
- छिटो र सहज रुपमा सूचना जनमानसमा पुऱ्याउन सकिने ।

#### अवसर

- नेपालको संविधानले प्रदान गरेको सूचना, सञ्चार, प्रकाशन र प्रसारण सम्बन्धी हकहरुको सुनिश्चितता हुने ।
- गाउँपालिकाका सबै वडा, टोल र वस्तीहरुसम्म ल्याण्डलाईन, मोबाईल सेवा र ईन्टरनेट सेवाको पहुँच स्थापित हुने ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु सरल, सहज र पारदर्शी हुने ।
- गाउँपालिकाका काम कारवाही र भुक्तानी प्रणाली पारदर्शी हुने ।
- समय र पैसाको बचत हुने ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

- भरपर्दो सूचना तथा सञ्चार सेवा र सुविधा विस्तार गरी नागरिकको पहुँच बढाउनु ।

#### उद्देश्य

- विद्युतीय स्थानीय सरकार सूचाङ्कमा सन २०२५ सम्ममा उत्कृष्ट स्थानीय सरकारहरुको तहमा पुऱ्याउने ।
- मोबाईल र टेलिफोन सेवाको पहुँच सबै नागरिकमा सुनिश्चित गर्ने ।
- विद्युतीय सरकारको अवधारणा अनुरुप बढी भन्दा बढी नागरिक लक्षित सेवाहरु अनलाईन मार्फत प्रदान गर्ने ।

#### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सबै प्रकारका सञ्चार सुविधाको सम्पूर्ण वडा, | ▪ सबैको पहुँच पुग्ने गरी मोबाईल, इन्टरनेट र वाईफाईको लागी टावर तथा अन्य पूर्वाधारको निर्माण गर्न पहल गरिने छ । |

| | |
|---|---|
| बजार केन्द्र र वस्तीहरुसम्म विस्तार गर्ने । | ▪ गाउँपालिका तथा सबै शाखा र वडा कार्यालयहरुसम्म विद्युतीय सूचना पूर्वाधारको व्यवस्था गरिने छ ।<br>▪ सञ्चार क्षेत्रको प्रवर्द्धन र विकासका लागि ठूला सञ्चार गृहसँग समन्वय र सहकार्य गरिने छ ।<br>▪ स्थानीय स्तरमा प्रेस गृह, मिडिया सेन्टर, टेलि सूचना केन्द्र स्थापना र सञ्चालनका लागि प्रोत्साहन गरिने छ ।<br>▪ गाउँपालिकामा सामुदायिक एफ.एम. रेडियो, अनलाईन मिडिया हाउस स्थापना तथा सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।<br>▪ गाउँपालिकाको विद्युतीय शासन क्षमता विकास गर्न व्यवसायिक योजना बनाई कार्यान्वयन गरिने छ । |

### मुख्य कार्यक्रम

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | ईन्टरनेट सेवा नपुगेका वडा, टोल र वस्तीहरुमा सेवा पुऱ्याउन सेवा प्रदायक संस्थाहरुलाई सहजीकरण गर्ने । | | | ✓ | ✓ | |
| २ | पालिकामा विद्युतीय साक्षरता अभियान सञ्चालन गर्ने । | | | ✓ | ✓ | ✓ |
| ३ | सामुदायिक सूचना केन्द्रको स्थापना गर्ने । | | ✓ | ✓ | ✓ | |
| ४ | गाउँपालिकाको विद्युतिय शासन क्षमता विकास गर्ने । | | ✓ | ✓ | ✓ | |
| ५ | सञ्चार क्षेत्रको प्रवर्द्धन र विकासका लागि ठूला सञ्चार गृहसँग समन्वय र सहकार्य गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ६ | सूचना प्रविधि पूर्वाधारहरुको निर्माण तथा विकास गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ७ | स्थानीय स्तरमा प्रेस गृह, मिडिया सेन्टर, टेलि सूचना केन्द्र स्थापना र सञ्चालनका लागि प्रोत्साहन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ८ | सामुदायिक एफ. एम. स्थापना गर्ने । | | | ✓ | ✓ | |
| ९ | गाउँपालिकामा ई-पुस्तकालय निर्माण गर्ने । | | | ✓ | ✓ | ✓ |

### ६.४.५ अपेक्षित उपलब्धी

- गाउँपालिकाको विद्युतिय शासन क्षमता अभिवृद्धि भई नागरिकहरुले सरल र सहज रुपमा सेवा र सुविधाहरु प्राप्त गरेका हुने छन् ।
- गाउँपालिकाका सबै कार्यालयहरुमा वेभसाइट, ईमेल, फेसबुक, ट्वीटर, भाइबर जस्ता सामाजिक सञ्जालका माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनवाई हुने व्यवस्था भएको हुने छ ।
- सञ्चार क्षेत्रको प्रवर्द्धन र विकासका लागि ठूला सञ्चार गृहसँग समन्वय र सहकार्य भएको हुने छ ।
- स्थानीय स्तरमा प्रेस गृह, मिडिया सेन्टर, टेलि सूचना केन्द्र स्थापना र सञ्चालन भएको हुने छ ।
- गाउँपालिकाको ९० प्रतिशत घरधुरीमा ईन्टरनेट सेवाको पहुँच स्थापित हुने छ ।
- गाउँपालिकाको सम्पूर्ण क्षेत्रमा सूचना प्रविधि पूर्वाधारहरुको निर्माण तथा विकास भएको हुने छ ।
- सामुदायिक सूचना केन्द्रको स्थापना भएको हुने छ ।

- आम सञ्चार माध्यम व्यवासायिक, मर्यादित र जिम्मेवार भएको हुने छ।
- अनलाईन सेवाहरु व्यवस्थित र विश्वासिलो भएको हुने छ।
- गाउँपालिकामा एफ. एम. रेडियो सञ्चालन भएको हुने छ।

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने।
- गाउँपालिकामा आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ति हुनुपर्ने।
- गाउँपालिकामा सूचना तथा सञ्चारको लागि आवश्यक पूर्वाधारको व्यवस्था हुनुपर्ने।
- गाउँपालिकाबाट प्रवाह हुने सेवा र दैनिक कार्यसम्पादन सूचना प्रविधिमा आधारित हुनुपर्ने।
- सूचना तथा सञ्चार र प्रविधि क्षेत्रमा स्थानीय संघ संस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने।
- गाउँपालिकाको सूचना तथा सञ्चार नीति तर्जुमा भएको हुनुपर्ने।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकार बीच सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने।

# परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

वन क्षेत्र एक महत्वपूर्ण प्राकृतिक सम्पदा हो । वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता समेट्ने यो क्षेत्र प्रत्येक्ष रुपमा पर्यापर्यटन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडिबुटीमा आधारित पर्यटनको विस्तार समृद्धिका आधार हुन् । स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा महिला, आदिवासी तथा स्थानीय समुदायको सहभागिता एवम् पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण सुखी नेपालीका महत्वपूर्ण सूचक हुन् । नेपालमा उपलब्ध वानस्पतिक स्रोत तथा जडिबुटीको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै मुलुकभित्र मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लिन सकिने प्रचुर सम्भावना रहेको छ ।

वन तथा जल सम्पदा जैविक विविधताको भण्डार मात्र होईनन्, यी सम्पदाहरु मानव, जीवजन्तु लगायत समग्र पर्यावरणीय सन्तुलनको आधार हुन् । यी सम्पदाहरु कृषि, उर्जा, जल तथा उद्योग धन्दाको लागि कच्चा पदार्थको स्रोत, बहुसङ्ख्याक जनसङ्ख्याको जीविकाको आधार र पर्यटकीय हिसाबले मनोरञ्जनको माध्यम पनि हुन् । यिनै विविध कारणले गर्दा नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र र जैविक विविधताको संरक्षण गर्न राज्यले प्राथमिकता दिनु पर्ने प्रावधान गरेको छ । वन र जैविक विविधतालाई सन्तुलन राख्नको लागि प्राप्त सरकाले वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ तयार गरी हरेक स्थानीय तहलाई आफैले वातावरण तर्जुमा योजना निर्माण गर्न पाउने प्रावधान तय गरेको छ । यसले स्थानीय तहको वन व्यवस्थापन, जलाधार संरक्षण तथा जैविक विविधता संरक्षणमा ठूलो टेवा पुग्ने छ ।

साँगुरीगढी गाउँपालिकाको भू-उपयोग अनुसार वन तथा वनस्पति क्षेत्रले ५७५९.१३ वर्ग हेक्टर क्षेत्रफल ओगटेको छ जुन गाउँपालिकाको कुल क्षेत्रफलको ३४.२४ प्रतिशत हुन आउँछ । गाउँपालिकामा भेडेटार रेन्जपोष्ट अन्तरगत साविक आहाले, भेडेटार, बुढीमोरङ, महाभारत र फाक्सिव गा.वि.स. गरी ५५ वटा सामुदायिक वन रहेको छ भने राजारानी रेन्जपोष्टमा ५० वटा सामुदायिक वन मध्ये डाँडाबजार र खुवाफोक क्षेत्रका सामुदायिक वन समावेश गरिएको छ । गाउँपालिकामा रहेको सामुदायिक र कवुलियती वनहरुमा विभिन्न प्रकारका जडिबुटीहरु उत्पादन भई सङ्कलन र निकासी भईरहेको छ ।

साँगुरीगढी गाउँपालिकामा समग्र जीवजन्तुको र वनस्पतिको कुल अध्ययन गरिएको पाइदैंन । यद्यपि मध्य पहाडी क्षेत्रमा पाईने वन तथा जैविक विविधता यस क्षेत्रमा विद्यमान रहेको देखिन्छ । जैविक तथा वानस्पतिक महत्वका जीव तथा वनस्पतिमध्ये यस क्षेत्रमा पाइने केही जनावर र पन्छी तथा वनस्पतिहरुमा रातो मृग, दुम्सी, बँदेल, चित्तल, चितुवा, बाँदर, लंगुर, मलसांप्रो आदि जनावरहरु तथा कालिज, लुइँचे, बकुल्ला, मैना, ढुकुर, नीलकण्ठ, कोइली, कुक्कु आदि चराहरु पाईन्छ । त्यसै गरी साल, खयर, सतिसाल, चिलाउने, सल्ला, उत्तिस, चाँप, कटुस, खस्रु, टाँकी, बडहर, कुट्मिरो, दूधिलो, कोइरालो, चिउरी, चुत्रो, लोक्ता, घगाँरु, गुराँस, पात्ले, कटुस, आदि । वन क्षेत्रको व्यवस्थापन वैज्ञानिक ढङ्गले गर्न सकेमा यस क्षेत्रको दीगो विकास हुने विश्वास गर्न सकिन्छ ।

### ७.१.२ समस्या र चुनौती

#### समस्या

- वनको दिगो व्यवस्थापन हुन नसकेको ।
- वन पैदावार, वन्यजन्तु र जैविक विविधताको संरक्षणको कार्ययोजना नभएको ।
- भू-क्षय, आगलागी जस्ता प्राकृतिक प्रकोप रहेको ।
- वन फडानीको कारण पानीका स्रोत र मुहानहरुको संरक्षण नभएको ।
- वनमा रहेका जडिबुटीहरुको संरक्षण हुन नसकेको ।
- डढेलो र वन जथाभावी फडानी नियन्त्रण नभएको ।

#### चुनौती

- विकास र वातावरण बीच सन्तुलन कायम गर्नु ।
- वन तथा वातावरण संरक्षणलाई आर्थिक क्रियाकपालसँग आवद्ध गर्नु ।
- डढेलो नियन्त्रण र जथाभावी वन फडानी नियन्त्रण गर्नु ।
- वन पैदावार र वन्यजन्तुहरुको संरक्षण गर्नु ।
- दाउरा, घर निर्माण र फर्निचरको लागि वन फडानी रोक्नु ।
- वन, वातावरण तथा जैविक विविधता सम्बन्धी जनचेतनामा वृद्धि गर्नु ।

### ७.१.३ सम्भावना र अवसर

#### सम्भावना

- विद्यमान प्राकृतिक स्रोतहरुको समुचित प्रयोग गरी आय-आर्जन बढाउन सकिने ।
- जैविक विविधता संरक्षण गरी पर्या-पर्यटनको विकास हुने ।
- वातावरणीय सरसफाइ तथा हरियाली प्रवर्द्धन हुने ।
- सामुदायिक वनहरुमा जङ्गल पार्कको अवधारणा लागू गरी आय श्रोत वृद्धि गर्न सकिने ।
- वन संरक्षणको लागि सामुदायिक वन उपभोक्ता समितिहरुलाई थप जिम्मेवार बनाउन सकिने ।
- सामुदायिक वन उपभोक्ता समिति र वन उपभोक्ताहरुलाई वन संरक्षण सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्न सकिने ।
- समुदायको संलग्नतामा वृद्धि भई वातावरण प्रति जनतालाई उत्तरदायी बनाउने ।

#### अवसर

- वनको दिगो व्यवस्थापन भई स्थानीयवासीहरुको जीवनस्तरमा सकारात्मक प्रभाव पर्ने ।
- भू-स्खलन नियन्त्रण तथा वन पैदावार, वन्यजन्तु र जैविक विविधताको संरक्षण हुने ।
- भू-क्षय, पहिरो, आदिको प्रकोप न्यूनिकरण हुने ।
- पानीका स्रोत र मुहानहरुको संरक्षण हुने ।
- वनमा रहेका जडिबुटीहरुको संरक्षण हुने ।
- डढेलो र वन जथाभावी फडानी नियन्त्रण हुने ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

- जैविक विविधता संरक्षण, वैज्ञानिक वन व्यवस्थापनद्वारा दीगो विकास हासिल गर्ने ।

#### उद्देश्य

- वन क्षेत्रलाई उद्योग र पर्यटनसँग आवद्ध गरी समृद्धि हासिल गर्ने ।
- वैज्ञानिक वन व्यवस्थापन मार्फत वन पैदावारको उत्पादनमा वृद्धि तथा वन, वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्नु ।

#### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| वन, जैविक विविधताको संरक्षण एवम् विकास गर्ने । | ▪ वन संरक्षण तथा प्रवर्द्धनका लागि कानून निर्माण गरी कार्यान्वयन गरिने छ ।<br>▪ एक व्यक्ति एक बिरुवा रोपन कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।<br>▪ वन क्षेत्रको खाली जमिन र वुट्यान क्षेत्रमा वृक्षरोपण गरी वनको क्षेत्रफल संरक्षण गरिने छ ।<br>▪ वन जङ्गल संरक्षण र सम्वर्द्धनको लागि जनचेतना विकासलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।<br>▪ कार्वन उत्सर्जन कटौती वापतका क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा समन्वय गरिने छ । |
| वन जङ्गल, जडिबुटी तथा वातावरण विकास एवम् संरक्षणलाई आय र रोजगारीसँग आवद्ध गर्ने । | ▪ सामुदायिक वनमा जन सहभागिता र स्वामित्व वृद्धि गरी प्रभावकारी व्यवस्थापन र उपयोगबाट पशुपालन, काठ तथा काष्ठ जन्य औद्योगिक उत्पादन आदिमा उपभोक्ताहरूलाई प्रोत्साहित गरिने छ ।<br>▪ कवुलियती वनको विकास गरी अति विपन्न परिवारको आय आर्जनको आधारको रुपमा विकास गरिने छ ।<br>▪ निजी जग्गामा बढी आयमूलक काठ, जडिबुटी, डाले घाँस तथा फलफूलको विरुवा लगाई आय आर्जनमा संलग्न हुन किसानहरूलाई प्रोत्साहित गरिने छ ।<br>▪ स्थानीय काष्ठजन्य उत्पादनलाई प्रोत्साहन गरिने छ ।<br>▪ सामुदायिक वनहरुमा जङ्गल पार्कको अवधारणा लागू गरी स्थानीय आय स्रोत वृद्धि गरिने छ ।<br>▪ वन, वातावरण, जैविक विविधता आदि प्राकृतिक विविधता र सुन्दरतालाई पर्यटन प्रवर्द्धनसँग आवद्ध गरी स्थानीय आय र रोजगारीमा वृद्धि गरिने छ । |

| | |
|---|---|
| समुदायमा आधारित वन कार्यक्रमलाई थप समावेशी बनाउँदै समुदायका विपन्न वर्गलाई लाभ पुऱ्याउने । | ▪ सामुदायिक वन कार्यक्रमलाई थप समावेशी र व्यापक बनाउँदै समुदायका विपन्न वर्गहरुलाई प्राथमिकतामा राखेर लाभान्वित गरिने छ ।<br>▪ सामुदायिक वनमा तुलनात्मक लाभ हुने र उच्च मुल्यका जडीबुटी र वन अनुकुल फलफुल खेती लगाउन प्रोत्साहन गरिने छ । |
| वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापन गर्न नीति निर्माण गर्ने । | ▪ संविधानमा व्यवस्था भए अनुसार स्थानीय वन, जल, तथा प्राकृतिक स्रोतहरुको व्यवस्थापन गर्न आवश्यक नीति तथा मापदण्ड निर्माण गरिने छ । |
| वातावरण विनास, चोरी शिकारी, नियन्त्रण गर्ने । | ▪ वातावरण र विकास बीच सन्तुलन कायम राखी पूर्वाधार निर्माण कार्यक्रममा हुने वातावरणीय क्षतिलाई कम गर्ने उपयहरुलाई अवलम्वन गरिने छ ।<br>▪ वन पैदावार तथा वन्यजन्तु चोरी निकासी जस्ता गैरकानुनी र वातावरण विनास गर्ने डढेलो, चरिचरण जस्ता कार्यमाथि नियन्त्रणको लागि कार्य योजना बनाई लागू गरिने छ । |

### मुख्य कार्यक्रम

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | वन तथा जैविक विविधता संरक्षण सम्बन्धी नीति र योजनाहरु तर्जुमा गर्ने । | | ✓ | ✓ | | |
| २ | एक व्यक्ति एक बिरुवा रोपन कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरी उजाड र खाली क्षेत्रहरुमा वृक्षारोपण गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ३ | सामुदायिक वनमा तुलनात्मक लाभ हुने र उच्च मुल्यका जडीबुटी र वन अनुकुल फलफुल खेती लगाउन प्रोत्साहन गर्ने । | | ✓ | ✓ | | |
| ४ | सामुदायिक वनहरुमा जङ्गल पार्कको अवधारणा लागू गरी स्थानीय आय स्रोत वृद्धि गर्ने । | | ✓ | ✓ | ✓ | |
| ५ | सामुदायिक वन उपभोक्ता समिति र वन उपभोक्ताहरुलाई वन संरक्षण सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | |
| ६ | वन जङ्गल, जडिबुटी, जैविक विविधताको संरक्षण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ७ | आयमूलक कार्यक्रममा वित्तीय पहुँच र प्राविधिक सहायता उपलब्ध गराउने । | ✓ | ✓ | ✓ | | |
| ८ | वन, वातावरण र जैविक विविधता सम्बन्धी अध्ययनहरु गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ९ | लोपोन्मुख वनस्पति तथा जीवजन्तुको संरक्षण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | रैथाने वनस्पति, जडिबुटी, सुगन्धित फूलको संरक्षण, विस्तार र उपयोग गर्ने । | | ✓ | ✓ | | |
| ११ | सामुदायिक वनको उचित व्यवस्थापन गरि सबैको पहुँचमा विस्तार गर्ने । | ✓ | ✓ | ✓ | | |
| १२ | सार्वजनिक खाली जग्गाहरुमा फलफुल, जडिबुटी र वन पैदावार उत्पादन गर्ने । | | ✓ | ✓ | | |
| १३ | वन तथा वातावरण संरक्षण र जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| १४ | वन, वातावरण र जैविक विविधता संरक्षणको लागि अन्तर सरकार र निकायहरु बीच समन्वय गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १५ | कार्वन उत्सर्जन कटौती वापतका क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा समन्वय गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |

### ७.१.५ अपेक्षित उपलब्धी

- वन, वातावरण र जैविक विविधता संरक्षण सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुने छ ।
- एक व्यक्ति एक बिरुवा रोपन कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन भएको हुने छ ।
- सामुदायिक वनमा तुलनात्मक लाभ हुने र उच्च मुल्यका जडीबुटी र वन अनुकुल फलफुल खेती गरिएको हुने छ ।
- सामुदायिक वनहरुमा जङ्गल पार्कको अवधारणा लागू गरी स्थानीय आय स्रोत वृद्धि भएको हुने छ ।
- सामुदायिक वन उपभोक्ता समिति र वन उपभोक्ताहरुले वन संरक्षण सम्बन्धी तालिम प्राप्त गरेको हुने छ ।
- वन विनास नियन्त्रण हुने छ ।
- इन्धनको रूपमा दाउरा प्रयोग गर्नेको अनुपात घटेको हुने छ ।
- वन पैदावार र वन्यजन्तुको संरक्षण भएको हुने छ ।
- वनको वैज्ञानिक व्यवस्थापन भएको हुने छ ।
- पहिरो र भू-क्षयमा कमी आएको हुने छ ।
- आधुनिक धुवाँ रहित चुलोको प्रयोग बढेको हुने छ ।
- विकास गर्दा वातावरणमैत्री विकासलाई प्राथमिकता दिएको हुने छ ।
- वातावरण परिक्षण मूल्याङ्कन गरेर मात्र विकास कार्यको स्वीकृत हुने छ ।
- जैविक विविधताको संरक्षण प्रभाकारी भएको हुने छ ।

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ति हुनुपर्ने ।
- गाउँपालिकाको वन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृनिकायहरुको वन तथा जैविक विविधताको क्षेत्रमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।

- गाउँपालिका, प्रदेश र सङ्घीय सरकार बीच वन तथा जैविक विविधता संरक्षणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- गाउँपालिकाले वन तथा जैविक विविधता संरक्षण सम्बन्धी योजना तथा कार्यक्रमको लागी नियमित बजेटको व्यवस्था गरेको हुनुपर्ने ।

## ७.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

नेपालको प्राकृतिक विपद्का घटनाहरूमध्ये पहिरो एउटा प्रमुख विपद् हो । नेपालको पहाडीय भू-सतह ज्यादै कमजोर छ । वन जङ्गलको तीव्र विनास, अत्यन्तै भिरालो धरातल, अवैज्ञानिक खेती प्रणाली, मनसुनको समयमा हुने मुसलधारे वर्षा र त्यसपछिको प्रचण्ड तापमानका कारणबाट नेपालको पहाडी भू-भागमा बारम्बार पहिरो जाने गरेको छ । यसका अतिरिक्त पूर्वाधारको रूपमा निर्माण गरिने सडक, अन्य भौतिक संरचना तथा सिंचाईको कुलोहरू सुरक्षाको उपायहरू अवलम्बन गरी ठिक ढङ्गबाट निर्माण नहुँदा पनि पहाडी भू-भागमा बारम्बार पहिरो जाने गरेको देखिन्छ । यसरी नेपालले बर्सेनि प्राकृतिक विपद्का घटनाहरूको सामना गरिरहनु परेको छ । भू-क्षयको कारण हरेक बर्ष खेतीयोग्य माटोको ह्रास भएको पाईन्छ । यो गाउँपालिका पहाडी भूगोल भएको कारण यहाँ पहिरो र भू-क्षयको समस्या रहेको छ ।

भू-क्षयको प्रत्यक्ष सम्बन्ध जलाधारसँग जोडिएको छ । दिगो प्राकृतिक श्रोत व्यवस्थापन र स्थानीय जनताको जिविकोपार्जनको लागि जलाधार व्यवस्थापन एउटा यस्तो पद्धति हो जसले सबै विषयहरू जस्तै वन, कृषि, चरन आदिलाई समाहित गरेको हुन्छ । यस पद्धतिले जलाधार क्षेत्रको दुबै माथिल्लो तटिय र तल्लो तटिय क्षेत्रमा रहेका बहुसरोकारवालाहरूको बीचमा अन्तरक्रिया र सहयोग गराउँदछ । नेपालको अनुभवले के देखाउँछ भने यी माथि उल्लेखित विचार एवम् आदर्शहरू हाल विद्यमान नीति नियम र व्यवहारसँग त्यति मिलेको पाईदैन । स्थानीय जनताहरूको जीविकोपार्जनमा सुधार ल्याउन, जलाधार क्षेत्रको माथि र तल दुबै क्षेत्रको पर्यावरण र अवस्थालाईसँगै लैजान र जलाधारका स्रोतहरूको दिगो व्यवस्थापन गर्न विभिन्न नीति निर्माता, अनुभवी व्यक्तिहरू र समुदायको बीचमा नियमित बहस, अन्तरक्रिया र छलफल गर्ने पद्धतिको विकास गर्नु अपरिहार्य छ ।

साँगुरीगढी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र भू-संरक्षण, जलाधार व्यवस्थापन, पहिरो तथा भू-क्षय नियन्त्रणलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद् व्यवस्थापन कोषको गठन गर्ने नीति लिएको छ । यस गाउँपालिका क्षेत्रभित्र बाह्रै महिना बहने तमोर, रामगुवा, मिदुवा, कमुवा, लुद्रेनी, फेसुवा, कोकाहा लगायतका खोलाबाट खोला लगायत रहेका छन् । यी खोलाहरु सिंचाई, खानेपानी र जलविद्युत लगायतका प्रयोजनका लागि जलश्रोतको उपयोग हुने गरेको देखिन्छ । गाउँपालिकामा रहेका सिम्ले जलाधार क्षेत्र, तम्फुवा जलाधार क्षेत्र, तीनघारे जलाधार क्षेत्र, फेसुवा, सदुवा र लेमलेम्मा खोला जलाधार क्षेत्र, नमस्ते झरना, लेउती खोला जलाधारा क्षेत्र लगायतका जलाधार क्षेत्र संरक्षण गर्न आवश्यक देखिन्छ ।

पहिरो र भू-क्षय पहिरो यहाँका प्रमुख विपद्हरु भएतापनि यस्ता विपद्हरुबाट विगतका वर्षहरुमा गाउँपालिकामा ठूलो क्षति भएको छैन । गाउँपालिकाले पहिरो तथा भू-क्षय नियन्त्रणको लागि सडक

लगायत विकास निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरिनु पर्दछ । साथै पहिरो तथा भू-क्षय नियन्त्रणको लागि स्थानीय परम्परागत प्रविधिको प्रयोगलाई समेत जोड दिनुपर्दछ । गाउँपालिका क्षेत्रभित्र भू-क्षय जोखिम क्षेत्रहरुमा तेम्वाङ भगुवा, सालबोटे अंधेरे, खरखोला, तम्फुवा, ठाँगुरी, खोतेम्मा, पंखेला, आहाले, खाप्चिराङ छिलीङ खोल्सी, दोङदेरा, न्गोर्गा लडने, बान्वा पाखा, गर्जुवा पाखा, लाङ्ली पाखा, छुतटेन पाखा, भालेलुङ कुइभिर, आदि हुन् । यी क्षेत्रको भूमि व्यवस्थापनमा गाउँपालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

### ७.२.२ समस्या र चुनौती

#### समस्या

- पहाडी भू-भाग भएकोले भू-क्षय र पहिरोको जोखिम हुनु ।
- पहिरो तथा भू-क्षय नियन्त्रणको लागि गाउँपालिकासँग पर्याप्त बजेट, प्रविधि र यन्त्र उपकरण नभएको ।
- पहिरो तथा भू-क्षय सम्बन्धी जनचेतनाको अभाव ।
- कमजोर सडक पूर्वाधारको कारण पहिरो र भू-क्षयबाट हुने मानवीय जोखिम न्यूनीकरण गर्न कठिन हुने ।

#### चुनौती

- बिपद्मा परेका घरपरिवार तथा समूहलाई तत्काल राहतको व्यवस्था गर्नु ।
- बर्षातको समयमा हुने पहिरो तथा भू-क्षयलाई नियन्त्रण गर्न पर्याप्त बजेट, प्रविधि र यन्त्र उपकरणको व्यवस्था गर्नु ।
- जलवायु परिवर्तनको कारण विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित र व्यवस्थित गर्न नसक्नु ।

### ७.२.३ सम्भावना र अवसर

#### सम्भावना

- जोखिम क्षेत्र पहिचान गरी वस्ती विकासलाई सुरक्षित र व्यवस्थित गर्न सकिने ।
- भू-क्षय नियन्त्रण गरी प्राकृतिक स्रोतको संरक्षण गर्न सकिने ।
- दिगो विकासको बाटोमा पालिकालाई डोऱ्याउन सकिने ।

#### अवसर

- सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधि संरचना, मापदण्ड र आवश्यक दक्ष जनशक्तिको विकास गर्न सकिने ।
- पहिरो र भू-क्षय नियन्त्रणको लागि अन्तर सरकार र दातृ निकायहरुसँग समन्वय र सहकार्य गर्न सकिने ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

- पहिरो तथा भू-क्षयबाट हुने मानवीय तथा अन्य क्षतिमा न्यूनीकरण गर्ने ।

#### उद्देश्य

- गाउँपालिका क्षेत्रमा जोखिम क्षेत्र पहिचान गरी सुरक्षित वस्ती विकास गर्ने ।
- पहिरो तथा भू-क्षयलाई नियन्त्रण गरी क्षति न्यूनीकरण गर्ने ।
- गाउँपालिका क्षेत्रको जलाधार व्यवस्थापन गर्ने ।

#### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पहिरो तथा भू-क्षय रोकथाम तथा नियन्त्रण गर्ने । | ▪ पहिरो तथा भू-क्षयका सम्भावित स्थानहरुको पहिचान र नक्साङ्कन गरी रोकथाम तथा नियन्त्रण गरिने छ ।<br>▪ पहिरो तथा भू-क्षय नियन्त्रणको लागि स्थानीय प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिने छ ।<br>▪ जोखिमयुक्त स्थानहरुको पहिचान गरी स्थायी तटबन्ध निर्माण र ग्यावियन वाल निर्माण गरिने छ ।<br>▪ जोखिमयुक्त स्थानहरुमा वृक्षारोपण र जैविक तटबन्ध निर्माण गरिने छ ।<br>▪ आवश्यक यन्त्र उपकरणहरु खरिद गरिने छ ।<br>▪ सचेतना कार्यक्रमहरु सञ्चालन गरिने छ । |
| पूर्व सुचना प्रणालीको व्यवस्था गर्ने । | ▪ जोखिमयुक्त स्थानहरुमा विपद् पूर्व सूचना प्रणालीको व्यवस्था गरिने छ ।<br>▪ स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जालबाट जोखिमको पूर्व सूचना प्रचार प्रसार गरी मानवीय र भौतिक क्षति न्यूनिकरण गरिने छ । |
| पहिरो तथा भू-क्षय न्यूनिकरणको लागि कोष गठन गर्ने । | ▪ गाउँपालिकामा जोखिम न्यूनिकरण तथा व्यस्थापन कोषको व्यवस्था गरिने छ ।<br>▪ पहिरो तथा भू-क्षय न्यूनिकरणका लागि नीजि र अन्तर सरकारी समन्वय र सहकार्य गरिने छ ।<br>▪ भौतिक तथा मानवीय क्षतिको कार्यविधि अनुसार क्षतिपुर्तिको व्यवस्था गरिने छ । |
| एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा, जलाधार क्षेत्रको संरक्षण विकास र व्यवस्थापन गर्ने । | ▪ जलाधार विकास मार्फत स्थलिय तथा जलिय जैविक विविधता संरक्षणको लागि एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गरिने छ ।<br>▪ पानीको मुहान संरक्षण, मुहान आसपास जङ्गल फडानी रोकथाम र मुहान वरिपरि रुख बिरुवा लगाउने कार्यलाई प्रोत्साहन गरिने छ ।<br>▪ जलस्रोत क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखीकरण, नियमन तथा संरक्षणको लागि पालिका मातहतमा |

| | |
|---|---|
| | आवश्यकता अनुरूप शाखाको व्यवस्था गरिने छ।<br>▪ जलस्रोतको व्यावसायिक उपयोग गरे बापत उपयोगकर्ताले तिर्नुपर्ने शुल्कलाई कानून मार्फत व्यवस्थित गरिने छ। |

## मुख्य कार्यक्रम

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | पहिरो तथा भू-क्षयका सम्भावित स्थानहरुको पहिचान र नक्साङ्कन गरी रोकथाम तथा नियन्त्रण गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| २ | पहिरो तथा भू-क्षय नियन्त्रणको लागि स्थानीय प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने। | | | ✓ | ✓ | ✓ |
| ३ | जोखिमयुक्त स्थानहरुको पहिचान गरी स्थायी तटबन्ध निर्माण र ग्याविन वाल निर्माण गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ४ | जोखिमयुक्त स्थानहरुमा वृक्षारोपण र वायो ईन्जिनियरिङ गर्ने। | ✓ | ✓ | ✓ | | ✓ |
| ५ | जोखिम व्यवस्थापनको लागि आवश्यक यन्त्र उपकरणहरु खरिद गर्ने। | ✓ | ✓ | ✓ | | |
| ६ | जोखिमयुक्त स्थानहरुमा विपद् पूर्व सूचना प्रणाली जडान गर्ने। | | ✓ | ✓ | ✓ | |
| ७ | स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जालबाट जोखिमको पूर्व सूचना प्रचार प्रसार गरी मानवीय र भौतिक क्षति न्यूनिकरण गर्ने। | ✓ | ✓ | ✓ | | ✓ |
| ८ | जोखिम न्यूनिकरण तथा व्यस्थापन कोषको गठन गर्ने। | | | ✓ | ✓ | |
| ९ | पहिरो तथा भू-क्षय न्यूनिकरणका लागि नीजि र अन्तर सरकारी समन्वय र सहकार्य गर्ने। | ✓ | ✓ | ✓ | | |
| १० | सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | ✓ |
| ११ | क्षतिपूर्ति सम्बन्धी कार्यविधि तर्जुमा गर्ने। | | ✓ | ✓ | | |
| १२ | एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गर्ने। | | ✓ | ✓ | | |
| १३ | पानीको मुहान संरक्षण, मुहान आसपास जङ्गल फडानी रोकथाम र मुहान वरिपरि रुख बिरुवा लगाउने। | | ✓ | ✓ | ✓ | |
| १४ | जलस्रोत क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखीकरण, नियमन तथा संरक्षणको लागि पालिका मातहतमा आवश्यकता अनुरूप शाखाको व्यवस्था गर्ने। | ✓ | ✓ | ✓ | | |
| १५ | जलस्रोतको व्यावसायिक उपयोग गरे बापत उपयोगकर्ताले तिर्नुपर्ने शुल्कलाई कानून मार्फत व्यवस्थित गर्ने। | ✓ | ✓ | ✓ | | |

### ७.२.५ अपेक्षित उपलब्धी

- पहिरो र भू-क्षयका सम्भावित स्थानहरुको पहिचान र नक्साङ्कन भई रोकथाम गरिएको हुने छ।
- जोखिमयुक्त स्थानहरुको पहिचान भई स्थायी तटबन्ध र वायो ईन्जिनियरिङ गरिएको हुने छ।
- पहिरो तथा भू-क्षयबाट हुने भौतिक र मानवीय क्षतिमा कमि आएको हुने छ।

- पिडितहरुले उचित क्षतिपूर्ति प्राप्त गरेका हुने छन् ।
- जोखिमयुक्त स्थानहरुमा विपद् पूर्व सूचना प्रणाली जडान हुने छ ।
- सचेतना कार्यक्रमहरु सञ्चालन हुने छ ।
- स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जालबाट जोखिमको पूर्व सूचना प्रचार प्रसार हुने छ ।
- पहिरो तथा भू-क्षय न्यूनिकरणका लागि नीजि र अन्तर सरकारी समन्वय र सहकार्य हुने छ ।
- एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा हुने छ ।
- पानीको मुहान संरक्षण, मुहान आसपास जङ्गल फडानी रोकथाम र मुहान वरिपरि रुख बिरुवा लगाएको हुने छ ।

### ७.२.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृ निकायहरुको गाउँपालिकाको भू-संरक्षण तथा जलाधार व्यवस्थापनको क्षेत्रमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिकाको भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी नीति तर्जुमा भएको हुनुपर्ने ।
- स्थानीय खोलानाला तथा नदिहरुमा तटबन्धको निर्माण भएको हुनुपर्ने ।
- स्थानीय खोलानाला तथा नदिहरुको दोहन बन्द हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच भूरक्षण क्षेत्रमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

## ७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

मानवीय क्रियाकलाप र प्राकृतिक वातावरण बिचको अन्तरक्रिया र अन्तरसम्बन्धलाई सन्तुलित गर्ने कार्य नै वातावरण व्यवस्थापन हो । नेपालको संविधानले हरेक नागरिकले स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ । साथै प्रदूषकबाट पीडितले क्षतिपूर्ति पाउने हकको व्यवस्था गर्नुका साथै वातावरण व्यवस्थापनको कार्यक्षेत्र संघ, प्रदेश र स्थानीय तीनै तहको जिम्मेवारी भित्र राखेको छ । फोहोरमैला व्यवस्थापन गर्ने कानुनी दायित्व र अधिकार स्थानीय सरकारलाई तोकेको छ । फोहोरमैला व्यवस्थापन ऐन, २०६८) शंसोधन २०७४ (को परिच्छेद २ को दफा ३ मा व्यवस्था भए बमोजिम फोहोरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनको लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ लेखिएको छ । यसैगरी दफा ११ प्रारम्भिक चरणमा सङ्कलन भएको फोहोरमैला व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्नुपर्ने व्यवस्था गरेको छ भने दफा १२ मा फोहोरलाई स्थायी विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानुनको अधिनमा रही फोहोरमैला व्यवस्थापन स्थल तोक्न सक्ने छ भनि उल्लेख गरेको छ । त्यसैले फोहोरमैला व्यवस्थापनको प्रबन्ध मिलाउने जिम्मेवारी स्थानीय तहको हुनेमा दुईमत छैन तसर्थ कानुनी आधारमा टेकेर स्थानीय सरकारले फोहोरको व्यवस्थापन गर्ने निर्देशिका बनाई त्यसको माध्यमबाट स्थानीय स्तरमा नै विविध योजना र कार्यक्रमहरू बनाई त्यसको प्रभावकारी कार्यान्वयन मार्फत नगारिकलाई सुसूचित गर्ने जिम्मेवारी स्थानीय निकायको हो ।

स्थानीयवासीको दैनिक जनजीवन र वातावरणलाई व्यवस्थित, स्वच्छ र सुन्दर बनाउन फोहोरमैला व्यवस्थापन तथा ढल निकासको मुख्य भूमिका रहने गर्दछ । साँगुरीगढी गाउँपालिकाको भेडेटार बजार, नाम्जे बजार, डाँडाबजार मूलघाट क्षेत्र नयाँ शहर उन्मूख बजार केन्द्रहरुको रुपमा विकास भइरहेको छ । वस्ती विकाससँगै फोहरमैला व्यवस्थापन चुनौतीको रुपमा देखा परेको छ । गाउँपालिकामा फोहोरलाई स्रोतमा नै न्यूनीकरण, पुनःप्रयोग, प्रशोधन वा विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापनतर्फ पहल गरेको देखिदैन । हाल साँगुरीगढी गाउँपालिकाको बजार क्षेत्रमा फोहोरमैला वडा नं. ६ पाथिभरा मन्दिरको तल्लो बेल्टमा डम्पिङ गर्ने गरिएको छ । स्थानीय घरधुरी र सानातिना बजारहरुबाट उत्सर्जन हुने फोहोरहरु जलाउने र गाड्ने गरिएको छ ।

## ७.३.२ समस्या र चुनौती

### समस्या

- वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनको जनचेतनाको अभाव ।
- उचित फोहोरमैला व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल साईटको पूर्वाधार नभएको ।
- बजार क्षेत्रमा फोहोरको मात्रा बढ्दै गरेको ।
- प्लाष्टिक झोलाहरुको प्रयोगमा वृद्धि ।
- गाउँपालिकाबाट फोहोर सङ्कलनको उचित व्यवस्थाको कमी ।
- वातावरण संरक्षणमा अत्यन्त न्यून बजेटको व्यवस्था ।

### चुनौती

- वस्ती विस्तारसँगै फोहरमैला व्यवस्थापन गर्ने ।
- फोहरको श्रोतमै कुहिने र नकुहिने अनि पुन:प्रयोगमा ल्याउन सकिने गरि वर्गिकरण गरि उचित व्यवस्थापन गर्ने ।
- प्लाष्टिक जन्य फोहोरको नियन्त्रण र व्यवस्थापन ।
- फोहरमैला व्यवस्थापन सम्बन्धी जनचेतना वृद्धि गर्ने ।
- प्राकृतिक वातावरण र मानवीय वातावरण विच सन्तुलन बनाई राख्न ।

## ७.३.३ सम्भावना र अवसर

### सम्भावना

- प्रदेशमा उद्योग, वन तथा वातावरण मन्त्रालयको गठन हुनु र यसले वातावरण संरक्षणमा तदारुकता देखाउनु ।
- फोहोरलाई ऊर्जा रुपमा प्रयोग गर्न सक्ने प्रविधिको विकास हुनु ।
- वातावरण संरक्षणको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुन सक्ने ।
- वातावरण संरक्षणमा गैरसरकारी संस्थाहरुको परिचालन गर्न सकिने ।
- तीव्र शहरीकरण भई नसकेकोले शहरलाई व्यवस्थित गर्दै वातावरण संरक्षण गर्न सकिने ।

- फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि भई फोहोरलाई स्रोत मै व्यवस्थापन गर्न सकिने।

### अवसर

- वातावरण, फोहोर व्यवस्थापन र प्रदूषण नियन्त्रण क्षेत्रमा स्थानीय सरकार, विकास साझेदार तथा अन्य सरकारी/गैरसरकारी संस्थाहरु, उपभोक्ता समितिहरु र नागरिकको चासो बढ्दै जानु।
- प्रदेश तथा सङ्घीय सरकारको फोहोर व्यवस्थापनको नीति, रणनीति र निर्देशिकाहरु निर्माण हुनु।
- वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी स्थानीयवासीहरुलाई परिचालन गर्न सकिने।
- वातावरण संरक्षणमा पर्याप्त बजेटको व्यवस्था गर्न सकिने।

## ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

- वातावरणीय संरक्षण तथा फोहोरको दीगो व्यवस्थापन गरी स्वच्छ, सफा र हराभरा बनाउने।

### उद्देश्य

- फोहोरमैलाको उचित व्यवस्थापन गरि वातावरण संरक्षण गर्ने।
- गाउँपालिकालाई स्वच्छ, सफा, हराभरा बनाउने।
- वातावरणीय सचेतना अभिवृद्धि गर्ने र हरियाली कायम गर्ने।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| प्रदुषण रहित स्वच्छ वातावरण तयार गर्ने। | ▪ प्रदुषणका कारक तत्वहरुको पहिचान गरी त्यस्ता कारक तत्वहरुलाई हटाउन/कम प्रयोग गर्ने/न्यूनिकरण गर्ने नीति ल्याईने छ।<br>▪ आफ्नो वरपरको वातावरणीय सरसफाइ नियमित गर्ने ।<br>▪ प्लाष्टिक निषेधित अभियान सञ्चालन गरिने छ।<br>▪ सार्वजनिक शौचालयहरुलाई स्थानीय संघ संस्था तथा समुदायबाटै सञ्चालन तथा व्यवस्थापन गरिने छ।<br>▪ मानव स्वास्थ्यमा पार्ने असरको नियन्त्रण र यसले अन्य क्षेत्रमा पार्ने असर सित अनुकुलित हुँदै यसबाट उत्पन्न लाभ र जलवायु कोष र संयन्त्रबाट हुने लाभको अधिकतम उपयोग गर्नु। |
| फोहोरमैला व्यवस्थापन तथा सुरक्षित रुपमा विसर्जन गर्ने। | ▪ फोहोरको दीर्घकालीन व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल साईट निर्माणको सम्भाव्यता अध्ययन तथा डिटेल डिजाईन तयार गरिने छ।<br>▪ घरको फोहरलाई व्यवस्थापन गर्न तालिमको व्यवस्था गरिने छ।<br>▪ कुहिने र नकुहिने गरी छुट्टाछुट्टै सङ्कलन गरी कुहिने फोहरलाई कम्पोष्ट मल बनाउन प्रयोग गरिने छ। |

| | |
|---|---|
| | ▪ गाउँपालिका भित्रका प्रत्येक वडा र टोलहरुबाट फोहोरमैला नियमित सङ्कलन गर्ने व्यवस्था गरिने छ।<br>▪ फोहोरमैला व्यवस्थापन तथा सरसफाइ प्रवर्द्धन गर्न जनचेतना अभिवृद्धि गरी जनसहभागितामा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ। |

### मुख्य कार्यक्रम

| क्र. स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणका लागि अध्ययन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| २ | फोहोरमैला व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थानको छनौट गरी डिटेल डिजाईन तयार गर्ने। | ✓ | ✓ | ✓ | | |
| ३ | फोहोरमैलाको उपयुक्त व्यवस्थापन गर्न मुख्य बजार क्षेत्रबाट नियमित रुपमा फोहोरमैला सङ्कलन गर्ने। | | | ✓ | ✓ | |
| ४ | गाउँपालिका क्षेत्रमा प्लाष्टिक झोला निषेध गरी स्थानीय सामाग्रीबाट उत्पादित वातावरण मैत्री हरित झोला उपयोगमा ल्याउने। | | ✓ | ✓ | ✓ | |
| ५ | घरको फोहरलाई व्यवस्थापन गर्न तालिमको व्यवस्था गरिने कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै सङ्कलन गरी कुहिने फोहरलाई कम्पोष्ट मल बनाउन प्रयोग गर्ने। | | ✓ | ✓ | ✓ | |
| ६ | सार्वजनिक शौचालयहरुलाई स्थानीय संघ संस्था तथा समुदायबाटै सञ्चालन तथा व्यवस्थापन गर्ने। | | ✓ | ✓ | ✓ | |
| ७ | फोहोरमैला व्यवस्थापन सम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | |
| ८ | वैकल्पिक उर्जाबाट चल्ने सवारी साधन र उद्योगहरुलाई प्रवर्द्धन गर्ने। | ✓ | ✓ | ✓ | | |
| ९ | उद्योगहरुलाई मुख्य बजार र मानव वस्तीभन्दा टाढा लैजान प्रोत्साहन गर्ने। | | ✓ | ✓ | ✓ | |
| १० | गाउँपालिका वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण सम्बन्धी आवश्यक संयन्त्रको व्यवस्था गर्ने। | | ✓ | ✓ | | |
| ११ | सडक छेउमा जथाभावी फोहोर गर्ने, नदी किनारमा जथाभावी सवारी साधन धुने, मानिस र गाईबस्तु नुहाउने, पखाल्ने कार्यलाई नियन्त्रण गर्ने। | | | ✓ | | |

### ७.३.५ अपेक्षित उपलब्धी

- स्थानीय वातावरण तथा नागरिकहरुको स्वास्थ्यमा सुधार भएको हुने छ।
- घरको फोहरलाई व्यवस्थापन गर्न तालिमको व्यवस्था हुने छ।

- कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै  सङ्कलन गरी कुहिने फोहरलाई कम्पोष्ट मल बनाउन प्रयोग हुने छ ।
- फोहोरमैलाको व्यवस्थापन भई वैकल्पिक उर्जाको प्रयोग प्रयोग बढेको हुने छ ।
- प्लाष्टिक झोला निषेध गरी स्थानीय सामाग्रीबाट उत्पादित वातावरण मैत्री हरित झोला उपयोगमा आउने छ ।
- फोहोरमैला व्यवस्थापनबाट सफा, सुन्दर र स्वच्छ गाउँपालिका निर्माण भएको हुने छ ।
- स्थानीयवासीमा फोहोरमैला व्यवस्थापन र ढल निकास सम्बन्धी जनचेतना अभिवृद्धि भई फोहोरको स्रोत मै व्यवस्थापन भएको हुने छ ।

### ७.३.५ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- वातावरण तथा फोहोरमैला व्यवस्थापनमा आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ति हुनुपर्ने ।
- फोहोरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने यन्त्र उपकरणहरुको व्यवस्था भएको हुनुपर्ने ।
- स्थाई स्यानिटरी ल्याण्डफिल साइटको पूर्वाधार निर्माण भएको हुनुपर्ने ।
- वातावरण तथा फोहोरमैला व्यवस्थापनमा स्थानीय संघ संस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच वातावरण तथा फोहोरमैला व्यवस्थापनमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा भएको हुनुपर्ने ।

## ७.४ विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता

### ७.४.१ पृष्ठभूमि

नेपाल विपद्को अत्यधिक जोखिममा रहेको देश हो । यहाँ प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ, आगलागी, सडक दुर्घटना र महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुका कारण जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । मुलुक विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, हुरी बतास, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ । २०७२ साल बैशाखमा आएको गोरखा भूकम्प, २०७१ र २०७४ सालमा आएको बाढी तथा पहिरो र यसबाट भएको ठूलो जनधनको क्षति तथा नोक्सानी यसका पछिल्ला उदाहरणहरु हुन्  (विपद् जोखिम राष्ट्रिय न्यूनिकरण नीति, २०७४) ।

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनावद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ । विपद् जोखिम व्यवस्थापनका लागि दैवी प्रकोप (उद्धार) ऐन २०३९, स्थानीय स्वायत्त शासन ऐन २०५५, भवन ऐन २०५५, राष्ट्रिय भवन संहिता २०६०, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, जलवायु परिवर्तन नीति २०६७, भू-उपयोग

नीति २०६९, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा २०७०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२, राष्ट्रिय शहरी विकास रणनीति २०७३, आदि महत्वपूर्ण कानूनी तथा नीतिगत आधार हुन् भने नेपालको संविधान २०७२ पछि आएका स्थानीय सरकार सञ्चालन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र स्थानीय अनुकुलन कार्ययोजना खाका २०७६ लगायत पछिल्ला महत्वपूर्ण कानूनी व्यवस्था हुन् । जलवायु परिवर्तनले पारेको असरलाई कम गरी जिविकोपार्जन, वातावरण र पारिस्थितिक प्रणालीलाई साविक प्राकृतिक अवस्थामा वा सो भन्दा सवल अवस्थामा लैजान गरिने कार्यलाई उत्थानशिलता भनिन्छ । (स्थानीय अनुकुलन कार्ययोजना खाका, २०७६)

गाउँपालिकाको विपद्हरुमा पहिरो, भू-क्षय, बाढी, हावाहुरी, चट्याङ, आगलागी, आदि रहेका छन् । तयसैगरी जलवायु परिवर्तनको जल्दो बल्दो समस्या र यसले पार्ने असर पनि गाउँपालिका भित्र विद्यमान छन् । गाउँपालिकाले विपद् व्यवस्थापनलाई गाउँपालिका स्तरीय र वडा स्तरीय विपद् समिति गठन गरेको छ । त्यसैगरी विपद् व्यवस्थापन योजनाले जलवायू अनुकूलन र प्रकोप जोखिम न्यूनीकरण, जोखिम सम्वेदनशील भू-उपयोग योजना तयार गर्ने र कार्यान्वयन गर्ने, एकीकृत जलाधार व्यवस्थापन र कार्यान्वयन र जलस्रोत संरक्षणको आवश्यकतामा जोड दिएको छ । गाउँपालिकाले विपद् न्यूनीकरणको लागि सडक लगायत विकास निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरेको छ । वन जङ्गलको संरक्षणको लागि सामुदायिक वन उपभोक्ता मार्फत सचेनतामुलक कार्यक्रम गर्ने, सबै वडामा प्राकृतिक प्रकोप जनचेतना कार्यक्रम सञ्चालन गर्ने तथा विपद् न्यूनीकरण र व्यवस्थापनका लागि नेपाल रेडक्रस लगायत अन्य सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गर्ने नीति लिएको छ ।

### ७.४.२ समस्या र चुनौती

**समस्या**

- विपद् व्यवस्थापन तथा न्यूनीकरणको लागि यन्त्र उपकरणको अभाव ।
- विपद् तथा महामारी सम्बन्धी सचेतनाको अभाव ।

**चुनौती**

- भू-क्षय र पहिरोजन्य प्रकोप व्यवस्थापन गर्नु ।
- झाडा पखाला लगायत स्वास्थ्यजन्य माहामारी रोक्नु ।
- जोखिमयुक्त बसोबास क्षेत्र पहिचान गरी सुरक्षित स्थानमा वस्ती स्थानान्तरण गर्नु ।
- प्रकोप तथा महामारी बारे जनचेतना वृद्धि गर्नु ।

### ७.४.३ सम्भावना र अवसर

**सम्भावना**

- गाउँपालिका स्तरीय तथा वडा स्तरीय विपद् प्रतिकार्य योजना निर्माण गरी गाउँपालिका स्तरीय र वडा स्तरीय विपद् समितिलाई सक्रिय बनाउन सकिने ।
- जोखिम बारेमा स्थानीयवासीलाई सचेत गराई समय मै जोखिम व्यवस्थापन गर्ने सकिने ।

- भर्खरै मात्र शहरीकरण प्रारम्भ भएकोले सुरक्षित आवासको विकास गरी शहरीकरणलाई व्यवस्थित गर्न सकिने ।
- गाउँपालिकामा संक्रमणजन्य रोगहरुको प्रकोपबाट बच्न नागरिकहरु अभ्यस्त हुँदै गएकोले सचेतना वृद्धि हुँदै गएको ।

### अवसर

- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति र रणनीतिक कार्ययोजना कार्यान्वयनमा रहनु ।
- गाउँ विपद् व्यवस्थापन समिति गठन भएको ।
- नेपाल रेडक्रस सोसाईटी, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल नेपालसँग समन्वय गरी वपद् पूर्व तयारी र उद्धार सम्बन्धी तालिमको व्यवस्था गर्न सकिने ।
- स्थानीय सरकारको अधिकार क्षेत्रमा पर्नु र प्राथमिकताको विषय बन्नु ।
- विपद् व्यवस्थापन कार्यमा सङ्घीय एवम् प्रदेश सरकारकारको सहयोग रहनु ।

## ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

- विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनको असरबाट जनधनको संरक्षण गर्ने ।

### उद्देश्य

- विपद् तथा जोखिमबाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।
- जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| प्राकृतिक तथा गैर प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने । | ▪ विपद् तथा महामारी व्यवस्थापन सम्बन्धी स्थानीय, नीति, कानून र योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।<br>▪ विपद् तथा महामारी पूर्व तयारी, प्रतिकार्य योजना तथा पूर्व सूचना प्रणाली प्रभावकारी बनाइने छ ।<br>▪ विपद् व्यवस्थापनमा संलग्न विभिन्न संघ संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्य गरिने छ ।<br>▪ विपद्को बेला उद्धार कार्यका लागि युवा स्वयंसेवी, सामाजिक संघ संस्थाहरू, सुरक्षा निकाय आदिलाई तयारी अवस्थामा राखिने छ ।<br>▪ विपद् व्यवस्थापन कोष गठन गरिने छ र उक्त रकम विपद् व्यवस्थापनमा मात्र खर्च गरिने छ ।<br>▪ गाउँपालिकाको विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाइने छ ।<br>▪ समुदायमा आधारित विपद् व्यवस्थापन प्रणाली अवलम्वन गरिने छ । |

| | |
|---|---|
| | ▪ आगलागी स्वास्थ्यजन्य प्रकोप, खोला, नदीनाला नियन्त्रण, भू-क्षय, पहिरो नियन्त्रण आदि कार्यलाई प्रभावकारी बनाइने छ ।<br>▪ विपद् जोखिम नियन्त्रण राष्ट्रिय कार्य योजनालाई स्थानीयकरण गरी लागु गरिने छ । |
| विपद् बाट हुने भौतिक र मानवीय क्षति न्यूनिकरण गर्ने । | ▪ विपद् जोखिम नक्साङ्कन गरिने छ ।<br>▪ विपद् जोखिम अध्ययन गरी विपद् प्रतिरोधी संरचनाहरूको निर्माण गरिने छ ।<br>▪ अति जोखिममा रहेका वस्तीहरूलाई स्थानान्तरण गरिने छ ।<br>▪ हरेक क्षेत्रगत नीति तर्जुमा गर्दा विपद् प्रतिरोधी पक्षलाई हेरिने छ ।<br>▪ विपद् बाट बच्ने बारेमा सचेतना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ । |
| जलवायु परिवर्तन सम्बन्धी जनचेतना वृद्धि गर्ने । | ▪ मौसम पूर्व अनुमान प्रणाली र तथ्याङ्क सङ्कलन पद्धतिलाई सङ्घीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी स्वचालित विपद सूचना प्रणाली जडान गरिने छ ।<br>▪ जलवायु परिवर्तनको असर न्यूनिकरणको लागि स्थायी कोषको व्यवस्था गरिने छ ।<br>▪ जलवायु परिवर्तनबाट फैलिन सक्ने रोगव्याधी र सो नियन्त्रणको लागि सम्बन्धित सरोकारवालाहरुको अभिमुखिकरण एवम् क्षमता विकास गरिने छ । |

## मुख्य कार्यक्रम

| क्र. स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | विपद् व्यवस्थापन तथा महामारी जोखिम न्यूनीकरण सम्बन्धी नीति कानून र योजना तर्जुमा गर्ने । | ✓ | ✓ | ✓ | | |
| २ | विपद् तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| ३ | उद्धार, राहत तथा पुन:स्थापनाका लागि विपद् व्यवस्थापन कोष निर्माण गर्ने । | ✓ | ✓ | ✓ | | |
| ४ | विपद् व्यवस्थापन तथा महामारी जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना अभियान सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| ५ | विपद् तथा महामारी प्रतिरोधी संरचनाहरु निर्माण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ६ | विपद् जोखिम नक्साङ्कन तयार गर्ने । | | ✓ | ✓ | ✓ | |
| ७ | जोखिमयुक्त वस्तीहरुको स्थानान्तरण गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| ८ | विपद् न्यूनीकरणका लागि फायर ब्रिगेड, दमकल जस्ता साधन व्यवस्थापन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ९ | विपद् तथा महामारी प्रतिरोधी संरचनाहरु निर्माण सम्बन्धी तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | जोखिम व्यवस्थापन गर्न प्रदेश तथा प्राप्त सरकार, दातृ निकाय र निजी क्षेत्रसँग समन्वय गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ११ | मौसम पूर्व अनुमान प्रणाली र तथ्याङ्क सङ्कलन पद्धतिलाई सङ्घीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी स्वचालित विपद सूचना प्रणाली जडान गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १२ | जलवायु परिवर्तन र विपद् जोखिम न्यूनिकरणको लागि स्थायी कोषको व्यवस्था गर्ने । | ✓ | ✓ | ✓ | | |
| १३ | जलवायु परिवर्तनबाट फैलिन सक्ने रोगव्याधी र सो नियन्त्रणको लागि सम्बन्धित सरोकारवालाहरुको अभिमुखिकरण एवम् क्षमता विकास गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |

### ७.४.५ अपेक्षित उपलब्धी

- विपद् तथा महामारी सम्बन्धी नीति, कानून र योजना तर्जुमा भएको हुने छ ।
- विपद् जोखिम नक्साङ्कन भएको हुने छ ।
- भवन निर्माण संहिता पूर्ण रुपमा लागू भएको हुने छ ।
- भूकम्प प्रतिरोधी भवन निर्माणको शुरुवात भएको हुने छ ।
- पहिरो र भू-क्षयहरु नियन्त्रण भएका हुने छन् ।
- जलवायु परिवर्तन बारे अभिमुखिकरण तथा क्षमता विकास भएको हुने छ ।
- विपद् तथा महामारी प्रतिरोधी संरचनाहरु निर्माण भएको हुने छ ।
- जलवायु परिवर्तन र विपद् जोखिम न्यूनिकरणको लागि सरोकारवाला संस्थाहरू बीच प्रभावकारी समन्वय भएको हुने छ ।

### ७.४.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- गाउँपालिकामा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको लागि आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ति हुनुपर्ने ।
- विपद् कोषको गठन भएको हुनुपर्ने ।
- स्थानीय खोलानाला र नदिहरुमा तटबन्ध र पूर्व सूचना प्रणालीको पूर्वाधार जडान हुनुपर्ने ।
- गाउँपालिका भित्र विपद् व्यवस्थापन केन्द्रको पूर्वाधार निर्माण भएको हुनुपर्ने ।
- विपद् व्यवस्थापनको लागि आवश्यक यन्त्र उपकरणको व्यवस्था भएको हुनुपर्ने ।
- विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनमा स्थानीय संघ संस्था र दातृ निकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच विपद् जोखिम न्यूनिकरण, व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- गाउँपालिकाको विपद जोखिम न्यूनिकरण, व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यविधि तर्जुमा भएको हुनुपर्ने ।

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

सेवा प्रदायक सबै सरकारी निकाय, स्थानीय निकायहरुमा मानवीय तथा भौतिक श्रोत साधनको व्यवस्था, प्रभावकारी रुपमा आन्तरिक श्रोतहरुको पहिचान, परिचालन र व्यवस्थापन, संस्थागत सुशासन कायम भई चुस्त तथा दुरुस्त आर्थिक प्रशासन, पारदर्शी, गुणस्तरीय, छिटोछरितो सेवा प्रवाह, सामाजिक सुरक्षाको प्रत्याभूति, स्थानीय निकायहरु तथा अन्य विकास सरोकारवाला संस्थाहरुको क्षमता अभिवृद्धि, कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन सूचनामुलक, सहभागितामूलक हुनुको साथै स्थानीय तहमा आवाधिक योजना अनुसार विकास कार्यक्रम सञ्चालन, सबै कार्यक्रमहरु पारदर्शी तथा सूचना माथि सेवाग्राहीहरुको पहुँच अभिवृद्धि भई सुशासनको प्रत्याभूति, सबै सरोकारवालाहरु बीच प्रभावकारी समन्वय र विकास कार्यको प्रभावकारी अनुगमन तथा मुल्याङकन जस्ता कुराहरु सँगै गुणस्तरीय सेवा प्रवाह योजनावद्ध विकास हुने अपेक्षा योजनाले गरेको छ ।

गाउँपालिकामा अध्ययन अनुसन्धान तथा तथ्याङ्क प्रणालीमा आधारित भएर विकास आयोजनाहरु कार्यान्वयन हुने परिपाटीको शुरुवात हुने क्रममा रहेको छ । गाउँपालिकाले “विकास तथा निर्माण मापदण्ड”, “भवन संहिता” जस्ता महत्वपूर्ण योजना दस्तावेजहरुलाई कार्यान्वयन हुन बाँकी छ । गाउँपालिकाका विभिन्न शाखाहरुको आफ्नो शाखागत सूचना तथा तथ्याङ्कहरुको सङ्कलन र सुरक्षित अभिलेखीकरण गरी साविक गाविसका सूचना, रेकर्ड, दस्तावेज र तथ्याङ्कहरुको डाटावेस व्यवस्थित ढङ्गले डिजिटाईजेसन गरिनु पर्दछ । पञ्जीकरण शाखा कम्प्युटराईज्ड प्रणालीमा आवद्र हुनु पर्दछ । यस साँगुरीगढी गाउँपालिकाको आवधिक योजनाले वडा तहसम्म पुगेर स्थानीयवासीको माग, प्राविधिक अध्ययन र सम्भाव्यताका आधारमा गाउँपालिका स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रमहरुको आयोजना बैंक तयार गरेकोले गाउँपालिकाले उक्त आयोजना बैंकमा भएका आयोजनाहरुलाई क्रमैसँग कार्यान्वयन गर्दै लानु पर्ने छ । साथै आवधिक योजनाले तयार गरेको गाउँपालिकाको सामाजिक, आर्थिक, भौतिक, वातावरणीय आदि विषयसँग सम्बन्धित तथ्याङ्कहरुलाई समेत आगामी विकास निर्माणको लागि उपयोग गर्न सकिन्छ । गाउँपालिकामा विकास निर्माण र अन्य सामाजिक कार्यहरुमा जनसहभागिता भने उत्साहप्रद हुने गरेको छ ।

यस गाउँपालिकामा सब डिभिजन वन कार्यालय, इलाका हुलाक, अतिरिक्त हुलाक, जिविस अतिथि गृह (भाडामा), इलाका प्रहरी कार्यालय, अ. प्रहरी चौकी (ओख्रे), अ. प्रहरी चौकी (डाँडाबजार), सशस्त्र प्रहरी बुढीमोरङ, भीम दल गण, प्रा. स्वा. केन्द्र डाँडाबजार, स्वास्थ्य चौकी (भेडेटार, गोलखाडी, खुबी, आहाले, बुढीमोरङ, खुवाफोक, फाक्सिव), आ. स्वा. केन्द्र (भार्ताङ, लापु भञ्ज्याङ) तथा गाउँ कार्यपालिका र मातहतका वडा कार्यालय सरकारी निकायहरुले सेवा प्रवाह गरिरहेका छन् । यद्यपि आहालेको १५ शैया अस्पताल शिल्यान्यास गरिएको तर व्यवस्थापन र सञ्चालनमा आउन बाकी रहेको छ । यस गाउँपालिकामा कूल १३५ (करार र अस्थायी समेत गरी) जना कर्मचारीहरुले विभिन्न क्षेत्रमा रही सेवा प्रवाह गरिरहेका छन् । प्रशासन योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन

शाखा, सामाजिक तथा आर्थिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आन्तरीक लेखा परीक्षण एकाई गरी ५ वटा शाखाहरु लगायत अन्य विभिन्न इकाईहरु मार्फत गाउँपालिकाले सेवा प्रदान गरिरहेको छ । गाउँपालिकाको संस्थागत जनशक्ति विकासको लागि थप क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरुको आवश्यक देखिन्छ ।

संस्थागत विकास योजना सम्बन्धित सरोकारवालाहरूको क्षमता सुदृढीकरण गर्दै दक्ष र बौद्धिक संगठनात्मक संरचनाको स्थापना गरी विकास कार्यहरुलाई तीव्र र व्यवस्थित गर्ने तर्फ केन्द्रित छ । यस अन्तर्गत पूर्वाधार विकास र क्षमता अभिवृद्धि कार्यक्रमहरू समावेश गरिएको छ । त्यस्तै वित्तीय विकास योजनाले राजस्व सुधार गर्ने योजनालाई समावेश गरी स्थानीय आम्दानीका स्रोत वृद्धि गर्ने, कर प्रशासन प्रणालीमा सुधार र निजी क्षेत्र तथा नागरिक समाजको प्रवद्धनका लागि रणनीति एवम् कार्यक्रमहरु समावेश गरेको छ ।

### ८.१.२ समस्या र चुनौती

#### समस्या

- पर्याप्त नीतिगत तथा कानुनी व्यवस्थाको अभाव ।
- अपुग संस्थागत पूर्वाधार ।
- पालिकाको न्यून आन्तरिक आयस्रोत ।
- अनुगमन मुल्याङ्कन पद्धतिलाई संस्थागत र समय सापेक्ष बनाउन नसक्नु ।
- प्राथमिकता र आवश्यक्ताको आधारमा योजना तर्जुमा नहुनु ।
- योजना तर्जुमा तथा कार्यान्वयनको लागि बजेटको अभाव ।
- दक्ष जनशक्ति र प्राविधिकहरुको अभाव ।
- कमजोर अन्तर सरकार र अन्तर निकाय समन्वय ।

#### चुनौती

- आयोजनाहरु निर्धारित समय मै सम्पन्न गर्न नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु ।
- आवधिक योजना र वार्षिक योजना बीच तादाम्यता कायम गर्नु ।
- सम्बन्धित संस्थाहरुबाट अपेक्षाकृत प्राविधिक र आर्थिक सहयोग जुटाउनु ।
- नतिजामुखी योजना तर्जुमा गर्नु ।
- योजनाको कार्यान्वयन क्षमता बढाउनु ।
- जनताका बढ्दो आकांक्षा व्यवस्थापन गर्नु ।
- संस्थागत क्षमताको विकास गर्नु ।
- दक्ष जनशक्तिको व्यवस्था गर्नु ।
- निजी क्षेत्रको लगानी आकर्षित गर्नु ।
- विकासमा सबै लिङ्ग, वर्ग र समुदायको समतामूलक पहुँच स्थापित गर्नु ।
- बालबालिका, महिला, अपाङ्गता एवम् वातावरण मैत्री विकास गर्नु ।
- आन्तरिक स्रोत वृद्धि गरी श्रोतको समुचित व्यवस्थापन गर्नु ।

### ८.१.३ सम्भावना र अवसर

#### सम्भावना

- स्थानीय निकायको लागि स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था हुनु ।
- सेवा प्रवाहलाई नतिजामूलक र प्रविधिमैत्री बनाउन सकिने । स्थानीय न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यविधि, नीति निर्माण र संस्थागत संरचना खडा गर्न सकिने ।
- विद्युतीय सुशासनलाई प्रवर्द्धन गर्न डिजिटल भिलेज निर्माण गर्न सकिने ।
- पेपरलेस गभर्नेन्स अवधारणा कार्यान्वयन गर्न सकिने ।
- व्यक्तिगत घटना दर्तालाई थप व्यवस्थित गर्न पूर्ण रुपमा डिजिटाईजेशन गर्न सकिने ।
- सूचना तथा अभिलेख सम्बन्धी कानून निर्माण तथा कार्यान्वयन गर्न सकिने ।
- गाउँपालिकालाई बढी उत्तरदायी, जनमैत्री, पारदर्शी बनाउन सकिने ।
- आन्तरीक नियन्त्रण प्रणालीलाई बलियो बनाउन वित्तीय सुशासन कायम गर्न सकिने ।

#### अवसर

- गाउँपालिकामा केही गरेर उदाहरणीय हुन सक्ने ।
- आवधिक योजनाबाट योजना तर्जुमाको आधार प्राप्त हुनु ।
- स्थानीय विकासकालाई गति दिन सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकासका साझेदार निकाय तथा आम नागरिकहरुको सहभागितामा विकासको गतिलाई अगाडी बढाउन सकिने ।
- तालिम तथा प्रशिक्षण मार्फत कर्मचारीहरुको क्षमता अभिवृद्धि भई सेवा प्रवाहलाई नतिजामूलक र प्रविधिमैत्री बनाउन सकिने ।
- कार्य सम्पादन करार सम्झौता लागू भई कर्मचारीलाई बढी जिम्मेवार र सेवाग्राहीमैत्री बनाउन सकिने ।
- रिक्त दरबन्दीको परिपूर्ति र थप दरबन्दीको व्यवस्था गरी जनशक्तिको अधिकतम परिचालन गर्न सकिने ।
- जनचेतना जागरण र जनसहभागितालाई प्रोत्साहन गर्न सकिने ।
- गाउँपालिकाका गतिविधि तथा अभिलेख व्यवस्थित गर्न सूचना तथा अभिलेख केन्द्र स्थापन हुने ।
- प्राप्त योजना र दिगो विकासका लक्ष्यहरू तथा अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई योजना प्रणालीमा आवद्ध गर्नु ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### लक्ष्य

- प्रभावकारी योजना तर्जुमा र कार्यान्वयनद्वारा गाउँपालिकाको सेवा सुविधालाई चुस्त, दुरुस्त र पारदर्शी बनाउनु ।

## उद्देश्य

- स्थानीयवासीलाई सहज र सरल तरिकाबाट सेवा सुविधा पुऱ्याउनु ।
- स्थानीय तहको कार्य सम्पादन र सेवा प्रवाह परिणाममुखी, चुस्त र पारदर्शी बनाउने ।
- जनताप्रति उत्तरदायी र जवाफदेही शासन सञ्चालन गर्नु ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| संस्थागत जनशक्ति विकास गर्ने । | ▪ सेवा प्रवाह, कार्यसम्पादन र काम कार्वाहीलाई चुस्त र प्रभावकारी बनाउन संगठन विकास अध्ययन गरिने छ ।<br>▪ संगठन पुनर्सरचना, मानव संसाधन विकास तथा संगठन सुधार योजना कार्यान्वयन गरिने छ ।<br>▪ गाउँपालिका र वडाका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई अभिमूखीकरण तथा क्षमता विकास तालिम दिने ।<br>▪ कर्मचारीहरुलाई सेवाग्राहीसँग शिष्ट व्यवहार गरी मुस्कान सहितको सेवा प्रवाह गर्न आवरण सम्बन्धी कानून निर्माण गरिने छ ।<br>▪ कर्माचारीलाई बढी जिम्मेवार र सेवाग्राहीमैत्री बनाउँदै अपेक्षित नतिजा प्राप्तिका लागि कार्य सम्पादन करार सम्झौता लागू गरी सो को मूल्याङ्कनको आधारमा प्रोत्साहन, पुरस्कार र दण्डको व्यवस्था गरिने छ ।<br>▪ सेवा प्रवाहलाई नतिजामूलक र प्रविधिमैत्री बनाउन कर्मचारीको क्षमता विकासलाई अभिवृद्धि गर्नको लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाइने छ ।<br>▪ स्थानीय न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक कार्यविधि, नीति निर्माण र संस्थागत संरचना खडा गरी कार्यान्वयन तथा सबै वडाहरुमा न्याय सम्पादन सम्बन्धी अभिमूखीकरण सहित मेलमिलाप केन्द्र स्थापना गरिने छ ।<br>▪ आन्तरीक सुरक्षालाई व्यवस्थित गर्दै बजार अनुगमन, स्थानीय कर व्यवस्थापन, अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न नगर प्रहरी परिचालन गरिने छ ।<br>▪ विद्युतीय सुशासनलाई प्रवर्द्धन गर्न डिजिटल भिलेज निर्माणका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।<br>▪ सूचना प्रविधि पार्कको सम्भाव्यता अध्ययन गरिने छ ।<br>▪ गाउँपालिका कार्यालयलाई पेपरलेस गभर्नेन्स अवधारणा कार्यान्वयन गर्न योजना, लेखा, सामाजिक सुरक्षा, कर्माचारी प्रशासन तथा राजस्व प्रशासन सम्बन्धी सफ्टवेयर निर्माण, खरिद र सञ्चालनमा निरन्तरता दिइने छ ।<br>▪ व्यक्तिगत घटना दर्तालाई थप व्यवस्थित गर्न पूर्ण रुपमा डिजिटाईजेशन गरिने छ ।<br>▪ गाउँपालिकाको योजना तथा कार्यक्रम तर्जुमालाई सघाउ पुऱ्याउन पार्श्वचित्र |

| | |
|---|---|
| | निर्माण र अद्यावधिक गरिने छ ।<br>▪ सूचना तथा अभिलेख सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गरिने छ ।<br>▪ गाउँपालिकाका गतिविधि तथा अभिलेख व्यवस्थित गर्न सूचना तथा अभिलेख केन्द्र सञ्चालनमा ल्याइने छ ।<br>▪ गाउँपालिकाबाट प्रदान हुने सेवाहरुलाई थप प्रभावकारी बनाउन विद्युतीय हाजिरी, हेल्प डेस्क, गुनासो पेटिका, नागरिक विद्युतीय वडापत्र, सूचना पाटी जस्ता सुशासनका औजारहरुको पूर्ण कार्यान्वयन गरिने छ ।<br>▪ गाउँपालिकालाई बढी उत्तरदायी, जनमैत्री, पारदर्शी बनाउन स्थानीय सुशासन ऐन, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिने छ ।<br>▪ पालिकाबाट हुने काम कार्यवाहीलाई प्रभावकारी बनाउन र आम जनताको गुनासो तत्काल सम्बोधन गर्न टोल फ्रि कार्यक्रम सञ्चालन गरिने छ ।<br>▪ कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन प्रणालीलाई मापनीय सूचकका आधारमा गर्ने प्रणालीको विकास गरिने छ ।<br>▪ सेवा प्रवाहमा संलग्न सबै क्रियाकलाप र सूचनालाई कम्पयूटरमा अभिलेख राखिने छ ।<br>▪ स्थानीय विकासलाई गति दिन सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकासका साझेदार निकाय तथा आम नागरिकको सहभागितामा विकासको गतिलाई अगाडी बढाउन विकासका लागि सधै सबै सँगै अभियान सञ्चालन गरिने छ ।<br>▪ विकासका नयाँ प्रविधि, उपागम, सम्भावना तथा विकल्पहरु बारेमा अध्ययन अनुसन्धानलाई अगाडी बढाइने छ । |

## मुख्य कार्यक्रमहरु

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | सहकारी र अन्य |
| १ | सेवा प्रवाह, कार्यसम्पादन र काम कार्वाहीलाई चुस्त र प्रभावकारी बनाउन संगठन विकास अध्ययन गर्ने । | | ✓ | ✓ | | |
| २ | संगठन पुनर्संरचना, मानव संसाधन विकास तथा संगठन सुधार योजना कार्यान्वयन गर्ने । | | ✓ | ✓ | | |
| ३ | गाउँपालिका र वडाका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई अभिमूखीकरण तथा क्षमता विकास तालिम सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ४ | कर्मचारीहरुलाई सेवाग्राहीसँग शिष्ट व्यवहार गरी मुस्कान सहितको सेवा प्रवाह गर्न आवरण सम्बन्धी कानून निर्माण गर्ने । | | ✓ | ✓ | | |
| ५ | कर्माचारीलाई बढी जिम्मेवार र सेवाग्राहीमैत्री बनाउँदै अपेक्षित नतिजा प्राप्तिका लागि कार्य सम्पादन करार सम्झौता लागू गरी सो को मूल्याङ्कनको आधारमा प्रोत्साहन, पुरस्कार र दण्डको व्यवस्था गर्ने । | ✓ | ✓ | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | स्थानीय न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक कार्यविधि, नीति निर्माण र संस्थागत संरचना खडा गरी कार्यान्वयन गर्ने । | ✓ | ✓ | ✓ | | |
| ७ | सबै वडाहरुमा न्याय सम्पादन सम्बन्धी अभिमूखीकरण सहित मेलमिलाप केन्द्र स्थापना गर्ने । | | ✓ | ✓ | | |
| ८ | आन्तरीक सुरक्षालाई व्यवस्थित गर्दै बजार अनुगमन, स्थानीय कर व्यवस्थापन, अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न नगर प्रहरी परिचालन गर्ने । | | ✓ | ✓ | | |
| ९ | विद्युतीय सुशासनलाई प्रवर्द्धन गर्न डिजिटल भिलेज निर्माणका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा ल्याउने । | | ✓ | ✓ | | |
| १० | सूचना प्रविधि पार्कको सम्भाव्यता अध्ययन गर्ने । | | ✓ | ✓ | | |
| ११ | पेपरलेस गभर्नेन्स अवधारणा कार्यान्वयन गर्न योजना, लेखा, सामाजिक सुरक्षा, कर्माचारी प्रशासन तथा राजस्व प्रशासन सम्बन्धी सफ्टवेयर निर्माण, खरिद र सञ्चालनमा निरन्तरता दिने । | ✓ | ✓ | ✓ | | |
| १२ | व्यक्तिगत घटना दर्तालाई थप व्यवस्थित गर्न पूर्ण रुपमा डिजिटाईजेशन गर्ने । | | ✓ | ✓ | ✓ | |
| १३ | गाउँपालिकाको योजना तथा कार्यक्रम तर्जुमालाई सघाउ पुऱ्याउन ग्राम पार्श्वचित्र निर्माण र अद्यावधिक गर्ने । | | ✓ | ✓ | | |
| १४ | सूचना तथा अभिलेख सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गर्ने । | ✓ | ✓ | ✓ | | |
| १५ | गाउँपालिकाका गतिविधि तथा अभिलेख व्यवस्थित गर्न सूचना तथा अभिलेख केन्द्र सञ्चालनमा ल्याउने । | | ✓ | ✓ | | |
| १६ | गाउँपालिकाबाट प्रदान हुने सेवाहरुलाई थप प्रभावकारी बनाउन विद्युतीय हाजिरी, हेल्प डेस्क, गुनासो पेटिका, नागरिक विद्युतीय वडापत्र, सूचना पाटी जस्ता सुशासनका औजारहरुको पूर्ण कार्यान्वयन गर्ने । | ✓ | ✓ | ✓ | | |
| १७ | गाउँपालिकालाई बढी उत्तरदायी, जनमैत्री, पारदर्शी बनाउन स्थानीय सुशासन ऐन, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने । | ✓ | ✓ | ✓ | | |
| १८ | गाउँपालिकाबाट हुने काम कार्यवाहीलाई प्रभावकारी बनाउन र आम जनताको गुनासो तत्काल सम्बोधन गर्न टोल फ्रि कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | | |
| १९ | सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकासका साझेदार निकाय तथा आम नागरिकको सहभागितामा विकासको गतिलाई अगाडी बढाउन विकासका लागि सधैं सबै सँगै अभियान सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २० | विकासका नयाँ प्रविधि, उपागम, सम्भावना तथा विकल्पहरु बारेमा अध्ययन अनुसन्धानलाई अगाडी बढाउने । | ✓ | ✓ | ✓ | | |
| २१ | आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरु क्रमशः कार्यान्वयन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २२ | योजना तथा कार्यक्रमहरुको नियमित प्रगति समीक्षा गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| २३ | तथ्याङ्क सङ्कलन, प्रशोधन, आवधिक परिमार्जन र प्रकाशन गर्ने । | | ✓ | ✓ | ✓ | |
| २४ | आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्ने । | | ✓ | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | सहभागितामूलक योजना तर्जुमा कार्यान्वयन गर्ने । | | ✓ | ✓ | | ✓ |
| २६ | राजस्व सङ्कलन, चुस्त र दुरुस्त बनाउने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २७ | बेरुजु रकम न्यूनीकरण सम्बन्धी तालिम, गोष्ठीहरु सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २८ | भ्रष्टाचार न्यूनीकरण गर्न भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अपनाउने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २९ | संघ, केन्द्र र प्रदेशबाट प्राप्त हुने संस्थागत जनशक्ति विकास सम्बन्धी तालिमा र गोष्ठीहरुमा स्थानीय युवा युवतीहरुलाई समान र समावेशी रुपमा भागलिने अवसर प्रदान गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| ३० | निजी क्षेत्र र विभिन्न संघ संस्थाहरुलाई संस्थागत जनशक्ति विकास सम्बन्धी कार्यमा प्रोत्साहन गर्ने । | | | ✓ | ✓ | ✓ |

### ८.१.५ अपेक्षित उपलब्धी

- सेवा प्रवाह, कार्यसम्पादन र काम कार्वाहीलाई चुस्त र प्रभावकारी हुने छ ।
- संगठन पुनर्संरचना, मानव संसाधन विकास तथा संगठन सुधार हुने छ ।
- गाउँपालिका र वडाका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई अभिमूखीकरण तथा क्षमता विकास हुने छ ।
- कार्य सम्पादन करार सम्झौता लागू गरी सो को मूल्याङ्कनको आधारमा प्रोत्साहन, पुरस्कार र दण्डको व्यवस्था हुने छ ।
- सबै वडाहरुमा न्याय सम्पादन सम्बन्धी अभिमूखीकरण सहित मेलमिलाप केन्द्र स्थापना हुने छ ।
- विद्युतीय सुशासनलाई प्रवर्द्धन गर्न डिजिटल भिलेज निर्माणका लागि आवश्यक नीति निर्माण हुने छ ।
- नगर प्रहरी परिचालन गर्ने हुने छ ।
- सूचना प्रविधि पार्कको सम्भाव्यता अध्ययन हुने छ ।
- पेपरलेस गभर्नेन्स अवधारणा कार्यान्वयन गर्न योजना, लेखा, सामाजिक सुरक्षा, कर्माचारी प्रशासन तथा राजस्व प्रशासन सम्बन्धी सफ्टवेयर निर्माण, खरिद र सञ्चालनमा निरन्तरता हुने छ ।
- व्यक्तिगत घटना दर्तालाई थप व्यवस्थित गर्न पूर्ण रुपमा डिजिटाईजेशन हुने छ ।
- ग्राम पार्श्वचित्र निर्माण र अद्यावधिक हुने छ ।
- सूचना तथा अभिलेख सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन हुने छ ।
- विद्युतीय हाजिरी, हेल्प डेस्क, गुनासो पेटिका, नागरिक विद्युतीय वडापत्र, सूचना पाटी जस्ता सुशासनका औजारहरुको पूर्ण कार्यान्वयन हुने छ ।
- स्थानीय सुशासन ऐन, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन हुने छ ।
- टोल फ्रि कार्यक्रम सञ्चालन हुने छ ।
- विकासका नयाँ प्रविधि, उपागम, सम्भावना तथा विकल्पहरु बारेमा अध्ययन अनुसन्धान हुने छ ।
- व्यवस्थित तथ्याङ्क प्रणाली स्थापित भई विद्युतीय प्रणालीमा आबद्ध भएको हुने छ ।
- सहभागितामूलक योजना प्रणाली स्थापित भएको हुने छ ।
- आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरु क्रमश लागू हुने छन् ।
- मध्यकालीन खर्च संरचना लागू भएको हुने छ ।

- योजनाको लक्ष्य र उपलब्धी बीचको अन्तर न्यून भएको हुने छ ।
- सूचकमा आधारित योजना अनुगमन र मूल्याङ्कन प्रणाली विकास भएको हुने छ ।
- राजस्व सङ्कलन, चुस्त र दुरुस्त भएको हुने छ ।
- बेरुजु रकम न्यूनीकरण भएको हुने छ ।
- भ्रष्टाचार न्यूनीकरण भएको हुने छ ।
- पूँजीगत खर्च बढी भएको हुने छ ।
- चौमासिक र वार्षिक प्रगति समीक्षा नियमित भएको हुने र वार्षिक प्रगति प्रतिवेदन प्रकाशित भएको हुने छ ।

### ८.१.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ति हुनुपर्ने ।
- स्थानीय तहको कार्य सम्पादन र सेवा प्रवाह परिणाममुखी, चुस्त र पारदर्शी हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- राजस्व सङ्कलन, चुस्त र दुरुस्त हुनुपर्ने ।
- बेरुजु रकम घटाउनु पर्ने ।
- भ्रष्टाचार न्यूनिकरण हुनुपर्ने ।
- गाउँपालिकाको सेवा प्रवाह, सुशासन, योजना तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित आवश्यक ऐन कानुन र कार्यविधिहरु तर्जुमा भएको हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकार बीच आवश्यक समन्वय र सुमधुर सम्बन्ध स्थापित हुनुपर्ने ।

# परिच्छेद ९: योजना कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक बजेटको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी प्राथमिकतामा रहनु जरुरी छ । अनुगमन कार्यलाई सामान्य स्थलगत निरीक्षण एवम् बजेट खर्चसँगको तादात्म्यतासँग मात्र जोडेर हेर्ने गरेको पाइन्छ । केही योजना तथा कार्यक्रमहरुको हकमा प्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा अनुगमन हुने गरेको एवम् चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा गर्नुका साथै स्पष्ट ढङ्गले कार्यतालिका तयार गरी सूचकहरूको आधारमा अनुगमन गरिनुपर्दछ । अनुगमन तथा मूल्याङ्कन कार्य योजना चक्र व्यवस्थापनमा महत्वपूर्ण कार्यको रूपमा ग्रहण गर्ने तथा यसका लागि बजेट विनियोजन समेत हुने गरेको परिस्थिति विद्यमान छ ।

गाउँपालिकाको समग्र विकास योजनाको कार्यान्वयन एउटा महत्वपूर्ण चुनौतीको विषय हो । विकासका लागि प्रस्ताव गरिएका कार्यक्रमहरुको सफल कार्यान्वयन गाउँपालिकाको आन्तरिक क्षमता र आगामी वर्षहरुमा सरोकारवालाबाट प्राप्त हुने सहयोग र सहकार्यमा भर पर्दछ । यस आवधिक योजना तर्जुमा गर्दा गाउँपालिकाले योजना अवधिमा आफ्नो वित्तीय तथा संस्थागत अवस्था सुदृढ गरेको हुनेछ भन्ने मान्यता लिएको छ भने यसले संघ, प्रदेश, निजी क्षेत्र, गैरसरकारी संघ संस्थाहरु र समुदायबाट यथेष्ट विश्वास, सहयोग र सहभागिता प्राप्त गर्नेछ भन्ने समेत विश्वास लिइएको छ । प्रस्तुत योजनामा यिनै मान्यताका आधारमा प्रस्तावित विकास योजना र कार्यक्रमहरुका लागि बहुक्षेत्रगत लगानी कार्ययोजना प्रस्ताव गरिएको छ । यस परिच्छेदमा आवधिक योजना कार्यान्वयनको लागि संघ र प्रदेशबाट सञ्चालन हुने आयोजनाहरु, गाउँपालिकाले सञ्चालन गर्ने आयोजनाहरु र वडा स्तरका विकास कार्यक्रम तथा आयोजनाहरु छुट्टाछुट्टै शीर्षकमा क्षेत्रगत रुपमा उल्लेख गरिएको छ । त्यसै गरी योजना कार्यान्वयनको प्रकृया र योजना अनुगमन तथा मूल्याङ्कन पद्धति समेतको प्रस्ताव यसै परिच्छेदमा समेटिएको छ ।

यस आवधिक योजनाको प्रस्तावमा आधारित भई वार्षिक योजना तथा बजेट तर्जुमा गरी योजनाको कार्यान्वयन गरिनुपर्दछ । यसरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषय क्षेत्रगत उद्देश्य तथा कार्यक्रमलाई आधार लिईने छ । आवधिक योजनाको स्वीकृती पछि गाउँ कार्यपालिकाले सबै विषयगत समिति एवम् शाखा र सबै वडा कार्यालयहरुलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमा प्रयोजनका लागि पठाईने छ । अनुमानित बजेट एवम् योजना तर्जुमा मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया मार्फत वार्षिक योजनाको तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गरिने छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

गाउँपालिकामा दक्ष जनशक्तिको अपर्याप्तता, भौतिक पूर्वाधार तथा प्रविधिको अपर्याप्तता, विषयगत समितिहरूको न्यून सक्रियता, अपाङ्गतामैत्री, बालमैत्री र महिलामैत्री पूर्वाधारको अपर्याप्तता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको अभाव, जनप्रतिनिधिहरूसँग विषयगत ज्ञानको अपर्याप्तता यहाँको प्रमुख चुनौतीहरु हुन् । संस्थागत सुधारको लागि गाउँपालिका तथा वडा कार्यालयको संस्थागत क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्दै जानुपर्ने देखिन्छ । गाउँपालिकामा

ईन्जिनियर चौथो २ जना, ईन्जिनियर (करार) १ जना र सब-ईन्जिनियर (करार) १ जना कार्यरत रहेतापनि विद्यमान स्रोत तथा मानव संसाधनले मात्र गाउँपालिकाको विकास र व्यवस्थापन गर्न चुनौती रहेको हुँदा गाउँपालिकामा निम्नानुसार कर्मचारी थप गरिनुपर्ने देखिन्छ छ ।

*तालिका २७: गाउँपालिकामा विद्यमान प्राविधिक जनशक्ति तथा थप गरिनुपर्ने जनशक्ति*

| विद्यमान जनशक्ति | हाल कार्यरत सङ्ख्या | आवश्यक थप जनशक्ति |
|---|---|---|
| ईञ्जिनियर (छैठौं/सातौं/आठौं) | - | १ |
| सब-इन्जिनियर (पाचौं) | - | २ |
| सूचना प्रविधि विज्ञ | १ | - |
| जि.आइ.एस. विज्ञ | - | १ |
| शहरी योजनाविद् | - | १ |

## ९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनाले प्रस्ताव गरेको क्षेत्रगत विकास (आर्थिक, सामजिक, भौतिक, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास तथा सुशासन) योजनाको लागि कूल रकम रु १० अर्व ४१ करोड ८२ लाख २५ हजार विनियोजन गर्नुपर्ने देखिन्छ । जसमध्ये पहिलो आ.व.मा १ अर्व २८ करोड २८ लाख ३५ हजार, दोस्रो आ.व. मा १ अर्व ७४ करोड १४ लाख १० हजार, तेस्रो आ.व. मा २ अर्व ५ करोड ८६ लाख ६० हजार, चौथो आ.व. मा २ अर्व ५४ करोड ७० लाख ६० हजार र पाँचौं आ.व. मा २ अर्व ७९ करोड ९२ लाख ६० हजार खर्च गर्नुपर्ने देखिन्छ ।

आवधिक विकास योजना तर्जुमा कार्यशालाको क्रममा निर्धारण गरिएको आवधिक लक्ष्य अर्थात् प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य अर्थात् असर तहको नतिजा र विषय क्षेत्र तथा उप-क्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हासिल प्रस्ताव गरिएका मुख्य मुख्य कार्यक्रमहरु अन्तर्गत आर्थिक क्षेत्र विकास तर्फ रु. ७१ करोड ८९ लाख ५० हजार, सामाजिक क्षेत्र विकास तर्फ रु ७७ करोड ०६ लाख ५० हजार, पूर्वाधार क्षेत्र विकास तर्फ रु. ८ अर्व ५९ करोड ९९ लाख ७५ हजार, वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. २४ करोड १९ लाख ५० हजार र सुशासन तथा संस्थागत विकास तर्फ रु. ८ करोड ६७ लाख खर्च हुने देखिएको छ । आवधिक विकासको लागि क्षेत्रगत विकासमा हुने खर्चको सारांश तलको तालिकामा देखाइएको छ भने यसको विस्तृत खाका अनुसूची ३ मा राखिएको छ । प्रस्तावित क्षेत्रगत विकास योजनाको अतिरिक्त आवधिक योजनामा समावेश मुख्य कार्यक्रम तथा योजनाहरु (योजना बैंक) एवम् वडागत योजनाहरु समेत अनुसूची ४ र ५ मा प्रस्ताव गरिएको छ ।

*तालिका २८ : विषय क्षेत्र अनुसार आवश्यक बजेट सारांश*

| विषय क्षेत्र | आ.व. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| **आर्थिक विकास** | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | **जम्मा** |
| कृषि तथा सिंचाई | ७९०० | ११३०० | ११२५० | १०७०० | ७४०० | **७६७५०** |
| पशु सेवा | ११६५० | १९०५० | १७५५० | ८०५० | ८०५० | **६५९५०** |
| उद्योग व्यापार | १६०० | १०१०० | १५१०० | १४६०० | १६६०० | **८३०००** |
| पर्यटन | ७७७५० | ११७७५० | ११७५०० | ८५००० | ८३००० | **४८१०००** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वित्तिय संस्था तथा सहकारी | ३२५० | २२५० | २२५० | २२५० | २२५० | १२२५० |
| **जम्मा** | **१०२१५०** | **१६०४५०** | **१६३६५०** | **१२०६००** | **११७३००** | **७१८९५०** |
| **सामाजिक विकास** | | | | | | |
| शिक्षा | ४१९६० | ६८८६० | ६९८६० | ७८८६० | ८१३६० | **२३९९००** |
| स्वास्थ्य | १५९५० | ३१६५० | ३८६५० | १३६५० | ८६५० | **१०८७५०** |
| खानेपानी तथा सरसफाइ | १८४०० | १९४०० | १८४०० | १८४०० | १९४०० | **९४०००** |
| महिला, बालबालिका र लक्षित | २३००० | २२००० | २२००० | १४००० | १४००० | **९५०००** |
| दलित जनजाति तथा लक्षित वर्ग | ११३०० | १४३०० | ११८०० | ८३०० | ७८०० | **५२५००** |
| युवा तथा खेलकुद | १७६०० | २७६०० | ३७६०० | ४५१०० | ५२६०० | **१८०५००** |
| **जम्मा** | **१२८२१०** | **१८३८१०** | **१९८३१०** | **१७८३१०** | **१८३८१०** | **७७०६५०** |
| **भौतिक विकास पूर्वाधार** | | | | | | |
| सडक | ९४४२५० | १२६४३०० | १५६७५५० | २१२५००० | २३६५००० | **१४६६६१००** |
| वस्ती विकास | २९५०० | ३३००० | ३०५०० | २०५०० | २०५०० | **१३४०००** |
| उर्जा तथा विद्युत | १०७५० | १६७५० | १९७५० | १९७५० | १९७५० | **९४११०** |
| सञ्चार | १८१२५ | २०००० | २०००० | २५००० | ३०००० | **११३१२५** |
| **जम्मा** | **१००२६२५** | **१३३४०५०** | **१६३७८००** | **२१९०२५०** | **२४३५२५०** | **८५९९९७५** |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | ३५७५० | ४८३०० | ४४८०० | ५४३०० | ५८८०० | २४१९५० |
| **जम्मा** | **३५७५०** | **४८३००** | **४४८००** | **५४३००** | **५८८००** | **२४१९५०** |
| **संस्थागत विकास तथा सुशासन** | | | | | | |
| सस्थागत क्षमता विकास | १४१०० | १४८०० | १४१०० | ३६०० | ४१०० | ५०७०० |
| **जम्मा** | **१४१००** | **१४८००** | **१४१००** | **३६००** | **४१००** | **५०७००** |
| **कुल जम्मा** | **१२८२८३५** | **१७४१४१०** | **२०५८६६०** | **२५४७०६०** | **२७९९२६०** | **१०३८२२२५** |

## ९.४ श्रोत अनुमान तथा प्रक्षेपण

साँगुरीगढी गाउँपालिकाको आवधिक योजनामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न ठूलो परिमाणमा खर्च र लगानीको आवश्यकता पर्दछ । लगानीको आवश्यकता निर्धारण गर्दा प्रचलित स्थापित विधि अवलम्बन गर्न तथ्याङ्कको अभावमा सम्भव भएन । त्यसैले यो प्रथम पाँच वर्षे योजनाका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पर्ने स्रोतको प्रक्षेपण सामान्य तथ्याङ्कीय विधि अवलम्बन गरिएको छ । खासगरी गाउँपालिकाको विद्यमान आम्दानीको श्रोत अन्तरसरकारी वित्तिय हस्तान्तरणको अवस्था, थप राजस्व परिचालन हुन सक्ने सम्भाव्य क्षेत्रहरु, निजी क्षेत्रको लगानीको सम्भावनाका क्षेत्रहरुको आँकलन, वैदेशिक सहायता परिचालनको सम्भावना, गैरसरकारी संस्थाहरुको सहभागिताको सम्भावना र स्थानीय जनसहभागिता समेतको विश्लेषण गरी पाँच वर्षको लागि आवश्यक खर्च, लगानी र सम्भाव्य श्रोतहरुको प्रक्षेपण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका २९ : क्षेत्रगत विकास योजनाको लागि अनुमानित लागत रकम (लागत रु हजारमा)*

| **विषय क्षेत्र** | **आ.व.** | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|
| | **०८०/०८१** | **०८१/०८२** | **०८२/०८३** | **०८३/०८४** | **०८४/०८५** | |
| आर्थिक विकास | १०२१५० | १६०४५० | १६३६५० | १२०६०० | ११७३०० | ७१८९५० |
| सामाजिक विकास | १२८२१० | १८३८१० | १९८३१० | १७८३१० | १८३८१० | ७७०६५० |
| भौतिक विकास पूर्वाधार | १००२६२५ | १३३४०५० | १६३७८०० | २१९०२५० | २४३५२५० | ८५९९९७५ |
| वन वातावरण तथा विपद् व्यवस्थापन | ३५७५० | ४८३०० | ४४८०० | ५४३०० | ५८८०० | २४१९५० |
| संस्थागत विकास तथा सुशासन | १४१०० | १४८०० | १४१०० | १३६०० | १०१०० | ८६७०० |
| **जम्मा** | **१२८२८३५** | **१७४१४१०** | **२०५८६६०** | **२५४७०६०** | **२७९९२६०** | **१०३८२२२५** |

माथिको तालिकामा उल्लेख भए अनुसार गाउँपालिकाको आवधिक योजना अवधिमा कूल रु १० अर्व ३८ करोड २२ लाख २५ हजार लगानी हुने प्रक्षेपित अनुमान गरिएको छ । उपरोक्त लगानी मध्ये योजनाको पहिलो वर्ष आ.व. २०८०/८१ मा कूल रु १ अर्व २८ करोड २८ लाख ३५ हजार लगानी हुने प्रक्षेपण गरिएको छ भने दोस्रो वर्ष आ.व. ०८१/८२ मा कूल रु १ अर्व ७४ करोड १४ लाख १० हजार, तेस्रो वर्ष आ.व. ०८२/८३ मा कूल रु २ अर्व ५ करोड ८६ लाख ६० हजार, चौथो वर्ष आ.व. ०८३/८४ मा कूल रु २ अर्व ५४ करोड ७० लाख ६० हजार र अन्तिम वर्ष आ.व. ०८४/८५ मा रु २ अर्व ७९ करोड ९२ लाख ६० हजार रकम खर्च र लगानी हुने अनुमान गरिएको छ ।

यस आवधिक योजनाले क्षेत्रगत विकासको लागि आयोजनाहरु (प्रोजेक्ट बैंक) समेत तयार गरी गाउँपालिकालाई लगानी केन्द्रित गर्न प्रेरित गर्ने उद्देश्यले सालवसाली लगानी गर्ने आयोजनाहरु समेत प्रस्ताव गरेको छ । रणनैतिक महत्वका यस्ता आयोजनाहरुमा लगानी गरी गाउँपालिकाले विकास निर्माणका कार्यलाई क्रमिक रुपमा अगाडी लानु पर्दछ । रणनैतिक योजनाहरुमा गर्नुपर्ने बजेट विनियोजन देहाय बमोजिम हुने छ ।

*तालिका ३० : आवधिक योजनामा समावेश मुख्य आयोजनाहरुको लागत अनुमान*

| **विषय क्षेत्र** | **लागत अनुमान (हजारमा)** |
|---|---|
| भू-उपयोग, जग्गा एकीकरण तथा वस्ती विकास क्षेत्र | ३,७८,९७५ |
| स्थानीय यातायात तथा सार्वजनिक पूर्वाधार विकास क्षेत्र | १,४६,०४,९६१ |
| स्थानीय आर्थिक विकास क्षेत्र | १७,९९,७२५ |
| वातावरण संरक्षण, विपद् व्यवस्थापन क्षेत्र | ३,४५,४५० |
| सामाजिक विकास क्षेत्र | ८,१२,५८५ |
| संस्थागत विकास तथा सुशासन क्षेत्र | ३८६५० |
| **कूल लागत** | **१,७९,८०,३४६** |

यसका साथै गाउँपालिका भित्रका वडाहरुले समेत लगानी गर्नको लागि वडा गत आयोजनाहरु प्राथमिकता सहित यस आवधिक योजनामा सामावेश गरिएको छ (अनुसूची-४) ।

## ९.५ श्रोत परिचालन रणनीति

आवधिक योजना अनुसार विषय क्षेत्रगत ५ बर्षको बजेट कुल बजेट अनुमान गरिएको छ । गत आ.व. २०७८/७९ को यथार्थ र चालू आ.व. २०७९/८० को अनुमानित सहित आगामी ५ वर्षको आय अनुमान गरिएकोमा नपुग श्रोत रकमको परिचालनका लागि देहाय अनुसारको रणनीति अख्तियार गरिने छ ।

### आन्तरिक श्रोत (राजस्व) अभिवृद्धिका रणनीतिहरु

- गाउँपालिकाको एकीकृत सम्पत्ति कर कार्यान्वयन गर्न व्यवस्थित नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्दै लगिने छ ।
- गाउँपालिकामा सञ्चालित होटल, रेष्टुरेन्ट, मनोरञ्जन लगायतका अन्य उद्योग तथा व्यवसायिक क्रियाकलापहरुको अभिलेखीकरण गर्ने, रजिष्ट्रेशन गर्ने र करको दायरामा ल्याइने छ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतहरुको उपयोग बापत प्राप्त हुने रोयल्टीमा साझेदारी गरिने छ ।
- वन पैदावार व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्न वनसँग समन्वय गरी कर तथा रोयल्टी वृद्धि गरिने छ ।
- गाउँपालिकाले पर्यटनमा हरित शुल्क लगाई आय आर्जन गर्ने रणनीति अवलम्बन गरिने छ ।
- भूमि बैंकको स्थापना गरी यसको परिचालनबाट आय वृद्धि गर्दै लगिने छ ।
- केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदान (समपूरक अनुदान र विशेष अनुदान) प्राप्त गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी पहल कदमी गरिने छ ।
- गाउँपालिकाले सम्भाव्य ठूला परियोजनाहरु विद्युत, पर्यटन विकास, प्राकृतिक श्रोतमा आधारित उद्योग, आदिमा लागत सहभागिता कार्यक्रम मार्फत आयवृद्धि गरिने छ ।

### सार्वजनिक खर्चमा वित्तिय अनुशासनका रणनीतिहरु

- गाउँपालिकाभित्र हुने सबै प्रकारका खर्च सार्वजनिक खरिद ऐन अनुसार गरिने छ ।
- केन्द्र र प्रदेश सरकारका ससर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानका कार्यक्रमहरु उनीहरुको खर्च नीति र कार्यविधिसँग समन्वय गरी खर्च गरिने छ ।
- सार्वजनिक खर्चमा मितव्ययितालाई सबै क्षेत्रमा कडाईका साथ लागू गरिने छ ।
- गाउँपालिकालाई दीर्घकालीन आर्थिक भार तथा दायित्व वृद्धि हुने गरी चालु प्रकृतिका खर्च बढ्ने कुनै नयाँ निर्णय गर्नु परेमा गाउँपालिकाको संयुक्त प्रकृयाबाट गरिने छ ।
- आर्थिक ऐन र खरिद ऐनको अधिनमा रही ठूला आयोजनाहरु ठेक्का पट्टा गरी र सानातिना योजनाहरु मात्र नगद सहभागितामा उपभोक्ता समिति मार्फत गरिने छ ।
- वार्षिक खर्च विनियोजनमा क्षेत्रगत र सामाजिक समावेशितालाई जोड दिइने छ ।
- गाउँपालिकाले खर्च व्यवस्थापन सम्बन्धी आफ्नै ऐन, नियम र कार्यविधिहरु बनाउने र तिनीहरुको कडाइका साथ कार्यान्वयन गरिने छ ।
- आवधिक/वार्षिक योजनाहरुको मध्यावधि मूल्याङ्कन ढाँचा अनुरुप खर्च व्यवस्थापन गर्दै लगिने छ ।
- आवधिक योजनाका विषयगत क्षेत्रहरुमा तोकिएको बजेटबाट अन्य क्षेत्रमा रकमान्तर नगर्ने, गर्नै परे विषयगत क्षेत्रभित्र मात्र गर्ने प्रकृयाको अवलम्बन गरिने छ ।

- गाउँपालिकाबाट हुने सबै खर्च र लगानीको विद्युतीय र बैंकिङ प्रकृयाबाट भुक्तानी गर्ने पद्धति कडाईका साथ लागू गरिने छ ।

## ९.६ आवधिक योजना कार्यान्वयन

यस आवधिक योजना कार्यान्वयनमा सरकारी, निजी, सार्वजनिक सबै क्षेत्रको भूमिका अहम् हुन आउँछ । योजना बनाएर मात्र हुँदैन, त्यसको सफल कार्यान्वयन र कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन हुँदै जानु पर्दछ । योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी गाउँपालिका कै हुन आउँछ । यसको लागि तल प्रस्ताव गरिए बमोजिमका निकायहरुको भूमिका देहाय बमोजिम हुने छ ;

### ९.६.१ कार्यान्वयन योजना

यस आवधिक योजनालाई कार्यन्वयनका लागि गाउँपालिकाले देहाय बमोजिम गर्नुपर्दछ;

#### क) प्रारम्भिक सम्भाव्यता अध्ययन

पहिचान भएका आयोजना र कार्यक्रम मध्ये उपयुक्त आयोजनाहरु छनौट गर्न आर्थिक, वातावरणीय, प्राविधिक र सामाजिक दृष्टिले छन् छैनन् भन्ने कार्यको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन विशेषज्ञहरुबाट गराउने । प्रारम्भिक सम्भाव्यताबाट उपयुक्त देखिएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानी योजनामा समावेश गर्ने विस्तृत सम्भाव्यता सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानी योजनामा समावेश गर्ने ।

#### ख) विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने

दीर्घकालीन प्रकृतिका र सार्वजनिक खरिद ऐनले तय गरेको मापदण्डमा पर्ने ठूलो लगानीका परियोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन विशेषज्ञहरुबाट गराउने ।

#### ग) वार्षिक कार्यक्रम तथा लगानी योजना तर्जुमा गर्ने

वार्षिक कार्यक्रम र योजना तर्जुमा गर्दा प्रारम्भिक सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदनका आधारमा संघ र प्रदेश तथा गाउँपालिका स्तरीय र वडा स्तरीय कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने । प्राथमिकीकरण र योजना निर्माण जनसहभागिताको आधारमा गर्ने ।

#### घ) बजेट अनुमान (निर्माण)

विभिन्न स्तरका आयोजना तथा कार्यक्रमहरु मध्ये संघ र प्रदेशमा समन्वय गर्नुपर्ने र विभिन्न अनुदानमा आधारित (ससर्त, समानीकरण, समपूरक एवम् विशेष) आयोजना वर्गीकरण गरी प्रदेश र प्राप्त सरकारका बजेटहरु ल्याउन पहल गर्ने ।

#### ङ) वित्तीय सन्तुलन र अनुशासन कायम गर्ने

पालिका तथा वडा स्तरका कार्यक्रम र आयोजनाहरु प्रत्येक वर्षको बजेटमा क्रमशः प्राथमिकताका आधारमा विनियोजन गर्दा गाउँपालिकाको आयश्रोत र जनसहभागितालाई उपयुक्त अनुपातमा व्यवस्थापन गर्ने ।

### च) मध्यमकालीन खर्च संरचना अवलम्बन गर्ने

यस आवधिक योजनाको कार्यान्वयनका क्रममा योजनाले निर्धारण गरेका कार्यक्रम कूल बजेटको आकार र सीमा समेतको पुनरावलोकन गरी मध्ययमकालीन खर्च संरचना तयार गरी आवधिक योजनालाई परिणाममुखी बनाउने ।

### छ) योजनाको अनुगमन तथा मूल्याङ्कन

प्रत्येक क्षेत्रगत योजनाहरुको कार्यान्वयनको अवस्थालाई निरन्तर अनुगमन र मूल्याङ्कनको व्यवस्था गरी प्रभावकारी कार्यान्वयनको परिपाटी विकास गर्ने ।

### ९.६.२ योजना कार्यान्वयन विधि

आवधिक योजनामा परेका आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले आवधिक योजना कार्यान्वयन कार्यविधि तयार गर्न सक्ने छ । यस्तो कार्यविधिले योजना कार्यान्वयनको प्रकृयाको स्पष्ट रुपरेखा मार्गदर्शन गर्ने छ । साथै कार्यविधिमा कार्यान्वयन संयन्त्र, समन्वय समिति, विशेषज्ञ समिति आदिको गठन, अधिकार र कर्तव्य स्पष्ट गर्नुपर्ने छ ।

### क) योजना कार्यान्वयन संयन्त्र

आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न गाउँपालिका स्तरमा  योजना कार्यान्वयन संयन्त्र गाउँपालिका प्रमुखको संयोजकत्वमा गठन गर्नुपर्ने छ । यस्तो संयन्त्र समावेशी र सहभागितामूलक हुनेछ । कार्यान्वयनको समग्र उत्तरदायित्व उक्त संयन्त्रको हुने छ ।

### ख) वडा स्तरीय समन्वय समिति

स्तरका विकास कार्यहरुको समन्वयका लागि वडा अध्यक्षको संयोजकत्वमा आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन समन्वय समिति गठन गर्नुपर्ने छ । यो समिति पनि समावेशी प्रकृतिको हुनुपर्ने छ ।

### ग) विशेषज्ञ समिति

प्राविधिक प्रकृतिका विकास आयोजनाहरुको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि गाउँपालिकाले आवश्यकता अनुसारका विभिन्न विशेषज्ञ समितिहरु गठन गर्न सक्ने छ । योजना कार्यान्वयन संयन्त्रले यस्ता समितिहरुको प्राविधिक सुझाव आवश्यकता अनुसार लिन सक्ने छ ।

## ९.७ अनुगमन तथा मुल्याङ्कन योजना

योजनाहरुको सफल कार्यान्वयनको लागि नीति, कार्यक्रम तथा आयोजनाहरु के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धी एवम् प्रभावहरु हासिल भएका छन् भन्ने कुराको आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उदेश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य अनुगमन तथा मूल्याङ्कन हो । गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका, भईरहेका तथा हुने सबै विषयगत तथा क्षेत्रगत योजनाहरूको निर्धारित गुणस्तर र समय सिमाको सुनिश्चितता गर्न, सम्भावित जोखिम र त्यसले भविष्यमा पार्न सक्ने

असरका बारेमा लेखाजोखा गरी समयमा नै क्षति न्यूनीकरणमा पूर्वतयारी गर्न, विकास निर्माणसँग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तव्यनिष्ठ बनाउने कार्यको लागि आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्न गर्नुपर्ने हुन्छ । सँगसँगै यस आवधिक योजनाले पहिचान र प्राथिमिकीकरण गरेका आयोजनाहरुको कार्यान्वियनबाट लक्षित उदेश्य प्राप्त भयो भएन यकिन गर्न र आयोजनाको कार्यान्वियनबाट अपेक्षित वर्गले फाईदा पायो पाएन भनेर नियमित रुपमा अध्ययन तथा विश्लेषण गर्नुपर्ने हुन्छ ।

योजनाका उपलब्धी र प्रभाव तहका सूचकमा के कति परिणाममा परिवर्तन आयो भन्ने जानकारी मूल्याङ्कनबाट हुने हुँदा गाउँपालिकाले आवश्यक्ता र आयोजना वा कार्यक्रमको प्रकृति अनुसार उल्लेखित दुबै तहमा तेस्रो पक्षबाट पनि मूल्याङ्कन गर्नु/गराउनुपर्ने छ । त्यसको लागि योजना तर्जुमासँग सम्बन्धित समितिहरू लगायत गाउँ कार्यपालिकालाई आवश्यक पृष्ठपोषण दिनका लागि स्थानीय सरकार सञ्चालन ऐन र अन्य प्रचलित ऐनमा व्यवस्था भए बजोमिम गठन भएका पालिका तथा वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिहरु मार्फत आयोजनाको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्न प्रस्ताव गरिएको छ ।

गाउँ सभाबाट स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वियन योजना बनाई सकेपछि सञ्चालन गरिने क्रियाकलापहरूको आधारमा अनुगमन योजना समेत बनाई उप-प्रमुख (उपाध्यक्ष)को संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ । यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन नियमित रुपमा प्राप्त गर्ने परिपाटी निर्माण गरिने छ । उप-प्रमुखको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गरी योजनाको अनुगमन तथा कार्यालयको समष्टि भौतिक र वित्तीय प्रगति एवम् समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा गरिने छ ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक बजेटको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी प्राथमिकतामा खासै रहेको देखिएको छैन । अनुगमन कार्यलाई सामान्य स्थलगत निरीक्षण एवम् बजेट खर्चसँगको तादात्म्यतासँग मात्र जोडेर हेर्ने गरेको पाइन्छ । केही योजना तथा कार्यक्रमहरुको हकमा प्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा अनुगमन हुने गरेको एवम् चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ । तथापि स्पष्ट ढंगले कार्यतालिका तयार गरी सूचकहरूको आधारमा अनुगमन हुने गरेको भने देखिंदैन । अनुगमन तथा मूल्याङ्कन कार्य योजना चक्र व्यवस्थापनमा महत्वपूर्ण कार्यको रूपमा ग्रहण गर्ने तथा यसका लागि बजेट विनियोजन समेत हुने गरेको परिस्थिति विद्यमान छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम उपप्रमुखको संयोजकत्वमा अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । जस अनुसार यस गाउँपालिकामा समेत उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको गठन भएको देखिन्छ । त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको

अनुगमन सम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

गाउँपालिकाको संस्थागत संरचना तथा मानव संसाधनको विकास पर्याप्त भई नसकेको वर्तमान अवस्थामा नियमित अनुगमन प्रभावकारी हुन सकिरहेको छैन । अनुगमन सम्बन्धी संयन्त्रहरू क्रियाशील नहुनु तथा गाउँपालिकाका विभिन्न विषयगत कार्य जिम्मेवारीहरू अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, चुनौतीको रूपमा रहेको छ । कार्यक्रम अनुसार आयोजना चक्रको प्रत्येक चरणमा अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन प्रभावकारी अनुगमन प्रणाली स्थापित हुन आवश्यक देखिन्छ । आवधिक योजना अनुगमन र मूल्याङ्कनले आवधिक योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत भएको हुने छ । साथै यसको रणनीति देहाय बमोजिम हुने छ ।

- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धी र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिने छ ।
- आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिने छ ।
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तद् अनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिने छ ।
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने तथा नियमित बैठकमा छलफल गरी देखिएका समस्या समाधान गरिने छ ।
- अनुगमनको प्रतिवेदन गाउँपालिकाको वेभसाइटमा राखी सार्वजनिक गरिने छ ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

आवधिक योजना कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कनको जिम्मेवारी देहाय बमोजिम हुने छ ।

#### क) पालिका स्तरीय समिति

गाउँपालिकाले गाउँ स्तरमा आवधिक योजना कार्यान्वयनको मूल्याङ्कनको लागि देहाय बमोजिमको सदस्य रहने गरी गाउँपपालिका स्तरीय समिति गठन गर्ने छ ।

- गाउँपालिका प्रमुख — संयोजक
- प्रमुखले तोकेको एक जना महिला सहित कार्यपालिका सदस्यहरु मध्येबाट २ जना- — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- पूर्वाधार विकास शाखा प्रमुख ईन्जिनियर — सदस्य
- योजना तथा अनुगमन शाखा प्रमुख — सदस्य सचिव

### ख) वडास्तरीय समिति

गाउँपालिकाले वडा स्तरमा आवधिक योजना कार्यान्वयनको मूल्याङ्कनको लागि देहाय बमोजिमको सदस्य रहने गरी गाउँपालिका स्तरीय समिति गठन गर्ने छ;

- सम्बन्धित वडाका वडा अध्यक्ष — संयोजक
- वडा सदस्यहरु — सदस्य
- सम्बन्धित वडाका प्राविधिक वा कार्यक्रम सञ्चालन गर्ने कर्मचारी — सदस्य
- वडा सचिव — सदस्य सचिव

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रकृया

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहाय अनुसार रहने छ ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना लक्ष्य र प्रगति बीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समीक्षा ।
- सहभागितामूलक अन्तिम समीक्षा । (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया देहाय बमोजिम हुने छ :

*तालिका ३१ : अनुगमन तथा मूल्याङ्कन प्रक्रिया*

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा योजना कार्यान्वयन | सुपरीवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने,<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने |
| प्रतिफल अनुगमन | गाउँ कार्यपालिका, सुपरीवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | • स्थलगत अनुगमन गर्ने<br>• वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने,<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम बर्ष | • सहभागितामूलक छलफल गर्ने,<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>• नमूना सर्वेक्षण गर्ने |
| प्रभाव तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>• सहभागितामूलक छलफल गर्ने,<br>• अध्ययन तथा सर्वेक्षण गर्ने |

# अनुसूचीहरु

## अनुसूची १: नतिजा खाका

आवधिक योजनाले परिकल्पना गरेको सोच, लक्ष्य र उदेश्यहरु कसरी प्राप्त गर्न सकिन्छ भन्ने तथ्यलाई तर्कसंगत ढङ्गबाट नतिजा खाकामा प्रस्तुत गरिएको छ। नेपालको विगतको अनुभव र राष्ट्रिय योजना आयोगले अभ्यासमा ल्याएको नतिजा खाकाको ढाँचालाई नै आधार मानी यस आवधिक योजनाको नतिजा खाका तर्जुमा गरिएको छ। गाउँपालिकालाई वार्षिक र क्षेत्रगत गुरु योजनाहरु तर्जुमा गर्न, सञ्चालित परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्न र स्वयम् आवधिक योजनाको मध्यावधि समीक्षा र मध्यकालीन खर्च संरचना तयार गर्न समेत यसले मद्दत गर्दछ।

बिषयगत नतिजा खाका निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छः

**१. आर्थिक क्षेत्र (२०७९/८० को स्थिर मूल्यमा आधारित)**

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य | | | | | पुष्याईको आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| प्रभाव | क) कुल गार्हस्थ उत्पादन | अ. डलर | १२९९ | १४८१ | १६२९ | १७९२ | १९७१ | २१६८ | बजेट बक्तव्य, आर्थिक सर्वेक्षण २०७९-८०, रा.यो.आ., प्रदेश आवधिक योजना . | ▪ नीजि क्षेत्रको सहयोग भएको हुने छ।<br>▪ बजार मूल्य स्थिर रहने छ।<br>▪ जलवायु परिवर्तनको असर न्यून हुने छ।<br>▪ अन्तर सरकार समन्वय भएको हुने छ।<br>▪ सरकारी, गैर सरकारी र समुदायको संलग्नता वृद्धि भएको हुने छ।<br>▪ जनचेतना अभिवृद्धि भएको हुने छ। |
| | आर्थिक वृद्धिदर | प्रतिशत | २.४ | ३.९ | ५.४ | ६.९ | ८.४ | ९.९ | | |
| | प्रति व्यक्ति आय | अ. डलर | १४१० | १५५१ | १७०६ | १८७७ | २०६५ | २२७१ | | |
| असर १ | कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | २.७३ | ३.३३ | ३.९३ | ४.५३ | ५.१३ | ५.७३ | | |
| | गैर कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | १.९२ | ३.६७ | ५.४२ | ७.१७ | ८.९२ | १०.६७ | | |
| असर २ | सम्पतिमा आधारित सहमानत जनाउने | ०-१ | | ०.३५ | ०.३४ | ०.३३ | ०.३२ | ०.३१ | | |
| | माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको आम्दानीको अनुपात | अनुपात | १.३४ | १.३० | १.२६ | १.२२ | १.१८ | १.१४ | | |
| प्र. १ | आर्थिक विकास योजना | सङ्ख्या | | १ | १ | १ | १ | १ | | |
| प्र. २ | मुद्रा स्फिति | प्रतिशत | ७.८ | ७.९ | ८.० | ८.१ | ८.२ | ८.२ | | |
| प्र. ३ | स्थानीय औधोगिक लगानी वार्षिक वृद्धि | प्रतिशत | ३.४ | ५.४ | ७.४ | ९.४ | ११.४ | १३.४ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र. ४ | औधोगिक उत्पादन | करोडमा | | १० | १५ | २० | २५ | ३० | | |
| प्र. ४ | बजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | २.२६ | ३.०१ | ३.७६ | ४.५१ | ५.२६ | ६.०१ | | |
| प्र. ५ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा आवद्ध जनसङ्ख्या | प्रतिशत | | ३५ | ३७ | ३९ | ४१ | ४३ | | |
| प्र. ६ | गरिबीको रेखामुनीको परिवार | प्रतिशत | १५.९ | १४.९ | १३.९ | १२.६ | ११.९ | १०.९ | | |
| प्र. ७ | मानव विकास सूचाङ्क | सूचाङ्क | ०.५८ | ०.५९ | ०.६० | ०.६१ | ०.६२ | ०.६३ | | |
| प्र. ८ | सेवा क्षेत्रको वृद्दिदर | प्रतिशत | १.२ | २.२ | ३.२ | ४.२ | ५.२ | ६.२ | | |

## १.१ कृषि क्षेत्र

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य | | | | | पुष्ट्याईको आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| प्रभाव | कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादन | रु करोड | | २० | २८ | ३५ | ४३ | ५० | गाउँ कार्यपालिकाको कृषि पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक, २०७८-७९ | ▪ कृषि सामाग्री समयमा आपूर्ति हुने छ।<br>▪ कृषि पूर्वाधार विकासमा अन्तर सरकारी समन्वय भएको हुनेछ।<br>▪ दातृ निकाय र गैरसरकारी संस्थाहरुको निरन्तर सहयोग हुने छ।<br>▪ गाउँपालिकाको कृषि बजेट बढेको हुने छ।<br>▪ बजार मूल्य स्थिर रहने छ।<br>▪ जलवायु परिवर्तनको असर न्यून हुने छ।<br>▪ सरकारी, गैर सरकारी र समुदायको संलग्नता वृद्धि भएको हुने छ।<br>▪ जनचेतना अभिवृद्धि भएको हुने छ। |
| प्र. १ | व्यवसायिक कृषक | सङ्ख्या | | ८४ | ८८ | ९२ | ९६ | २५० | | |
| प्र. २ | सक्रिय व्यवसायिक कृषक समुह | सङ्ख्या | ११७ | १२७ | १३७ | १४७ | १५७ | १६७ | | |
| प्र. ३ | कृषि प्राविधिक | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| प्र. ४ | पशु स्वास्थ्य प्राविधिक | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| प्र. ५ | कृषक तालिम | सङ्ख्या | | ३० | ३५ | ४० | ४५ | ५० | | |
| प्र. ६ | व्यवसायिक नर्सरी सञ्चालक | सङ्ख्या | | ३ | ५ | ७ | ९ | ११ | | |
| प्र. ७ | पशुपालन फर्म/समूह | सङ्ख्या | ४३ | ४८ | ५३ | ५८ | ६३ | ६८ | | |
| प्र. ८ | पकेट क्षेत्र विकास | सङ्ख्या | | ५ | ७ | ९ | ११ | १३ | | |
| प्र. ९ | कृषि सहकारी संस्था | सङ्ख्या | ३ | ६ | ९ | १२ | १५ | १८ | | |
| प्र. १० | एग्रोभेट तथा बीउ विजन केन्द्र | सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| प्र. ११ | दुग्ध चिस्यान केन्द्र | सङ्ख्या | | १ | १ | १ | २ | २ | | |
| प्र. १२ | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | | १ | १ | २ | २ | ३ | | |
| प्र. १३ | माछा पोखरी | सङ्ख्या | ८ | ९ | १० | ११ | १२ | १३ | | |
| प्र. १३ | हाटबजार व्यवस्थापन | सङ्ख्या | | २ | २ | २ | ३ | ३ | | |
| प्र. १४ | कोल्ड स्टोर | सङ्ख्या | | ० | १ | २ | ३ | ३ | | |

| १.२ उद्योग, व्यापार तथा व्यवसाय | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य | | | | | पुष्ट्याईको आधार | अनुमान तथा जोखिम |
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| प्रभाव | गार्हस्थ उत्पादनमा उद्योग व्यवसायको योगदान | प्रतिशत | | ३ | ४.५ | ६ | ७.५ | ९ | ▪ गापाको बजेट वक्तव्य,<br>▪ गाउँपालिकाको प्रगति प्रतिवेदन | ▪ उद्योग ग्रामको स्थापना भएको हुने छ।<br>▪ हाट बजार व्यवस्थापन भएको हुने छ।<br>▪ सीपमूलक तालिम लिने सङ्ख्यामा वृद्धि भएको हुने छ।<br>▪ गाउँपालिका औधोगिक तथा व्यापार नीति तर्जुमा भएको हुने छ।<br>▪ उद्योग तथा व्यापार विकासमा अन्तर सरकारी समन्वय भएको हुने छ।<br>▪ दातृ निकाय र गैरसरकारी संस्थाहरुको निरन्तर सहयोग हुने छ।<br>▪ बजार मूल्य स्थिर रहने छ।<br>▪ गाउँपालिकामा लगानी गर्ने वातावरण सिर्जना भएको हुने छ। |
| प्रतिफल १ | लघु तथा घरेलु उद्योगहरु | सङ्ख्या | | १२० | १५० | १८० | २१० | २४० | | |
| प्र. २ | रोजगारी सिर्जना | सङ्ख्या | | ४१०० | ४६०० | ५१०० | ५६०० | ६००० | | |
| प्र. ३ | उद्यम विकास तालिम लिने युवा | सङ्ख्या | | १०० | १५० | २०० | २५० | ३०० | | |
| प्र. ४ | सीपमुलक तालिम लिने महिला | सङ्ख्या | | १५० | २५० | ३५० | ४५० | ५५० | | |
| प्र. ५ | उत्पादनमुलक उद्योग | सङ्ख्या | | ५ | १० | १५ | २० | २५ | | |
| प्र. ६ | औधोगिक ग्राम | सङ्ख्या | - | - | - | - | - | १ | | |
| प्र. ७ | हाटबजार | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| प्र. ८ | कुटानी पिसानी मिल | सङ्ख्या | | १० | १२ | १४ | १६ | १८ | | |
| प्र. ९ | व्यवसाय (दर्ता) | सङ्ख्या | | २०० | २५० | ३०० | ३५० | ४०० | | |
| प्र. १० | औद्योगिक तथा व्यापार नीति तर्जुमा | सङ्ख्या | | ० | ० | १ | १ | १ | | |

| १.३ पर्यटन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य | | | | | पुष्ट्याईको आधार | अनुमान तथा जोखिम |
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| प्रभाव | पर्यटक आगमन (हजारमा) | सङ्ख्या | | ५०० | ६०० | ७०० | ८०० | ९०० | ▪ गाउँपालिकाको प्रगति प्रतिवेदन | ▪ नीजि क्षेत्रको सहयोग भएको हुने छ।<br>▪ अन्तर सरकार समन्वय र सहकार्य भएको हुने छ।<br>▪ पर्यटन बोर्डको सहयोग भएको हुने छ।<br>▪ पर्यटन क्षेत्रमा वित्तिय संस्थाको ऋण |
| प्रतिफल १ | रोजगारी सिर्जना | सङ्ख्या | | २०० | २५० | ३०० | ३५० | ४०० | | |
| प्र. २ | हिलस्टेशन सम्भाव्यता अध्ययन | सङ्ख्या | | १ | १ | १ | १ | १ | | |
| प्र. ३ | स्थानीय स्तरका पर्यटकीय होटल | सङ्ख्या | | ७० | ९० | ११० | १३० | १५० | | |
| प्र. ४ | व्यवस्थित होमस्टे | स्थान | | ५ | ६ | ७ | ८ | ९ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र. ५ | प्रमुख गन्तव्य स्थल विकास | सङ्ख्या | | ६ | ८ | १० | १२ | १४ | | लगानी भएको हुने छ।<br>▪ गाउँपालिकाको पर्यटन नीति तर्जुमा भएको हुने छ।<br>▪ स्तरिय होटलहरुको विकास भएको हुने छ।<br>▪ पर्यटन सूचना केन्द्र स्थापना भएको हुने छ। |
| प्र. ६ | पर्यटन सूचना केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | | |
| प्र. ७ | कोशेली घर | सङ्ख्या | १ | २ | २ | ३ | ३ | ३ | | |
| प्र. ८ | पर्यटन तालिम | जना | | २५ | ३५ | ४५ | ५५ | ६५ | | |
| प्र. ९ | मठ मन्दिर मर्मत, सम्भार र जिर्णोद्धार | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. १० | पर्यटन पूर्वाधार (पार्क, पिकनिक स्पट र जलाधार पूर्वाधार विकास) | सङ्ख्या | | ४ | ६ | ८ | १० | १२ | | |
| प्र. ११ | पर्यटन पदमार्ग निर्माण | कि.मि. | | १० | १७ | २४ | ३१ | ३८ | | |
| प्र. १२ | पर्यटन प्रवर्द्धन, प्रचार प्रसार | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | | |

## १.४ बैंक, बित्तिय संस्था र सहकारी

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य | | | | | पुष्ट्याईको आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| प्रभाव | बैंक (शाखा) | सङ्ख्या | २ | ४ | ६ | ८ | १० | १२ | ▪ गाउँपालिकाको प्रगति प्रतिवेदन<br>▪ बैंक तथा वित्तिय संस्थाको वार्षिक प्रतिवेदन | ▪ बैंक तथा वित्तिय संस्थाको सहयोग भएको हुने छ।<br>▪ नीजि क्षेत्रको सहयोग भएको हुने छ।<br>▪ अन्तर सरकार समन्वय र सहकार्य भएको हुने छ।<br>▪ गाउँपालिकाको आर्थिक तथा वित्तिय नीति तर्जुमा भएको हुने छ।<br>▪ सहकारीबाट उत्पादन क्षेत्रमा लगानी भएको हुने छ।<br>▪ सहकारीका सञ्चालक तथा कर्मचारीहरुलाई तालिम प्रदान गरिएको हुने छ। |
| प्रभाव | लघुवित्त संस्था | सङ्ख्या | | ५ | ६ | ७ | ८ | ९ | | |
| प्रभाव | सहकारी संस्था | सङ्ख्या | १६ | २१ | २६ | ३२ | ३८ | ४२ | | |
| प्रतिफल १ | बैंक तथा वित्तिय संस्थामा कम्तिमा एक जनाको खाता भएको परिवार | प्रतिशत | | ३५ | ४५ | ५५ | ६५ | ७५ | | |
| प्र. २ | सहकारीको उत्पादन क्षेत्रमा लगानी | प्रतिशत | | २० | २५ | ३० | ३५ | ४० | | |
| प्र. ३ | वित्तिय साक्षरता | प्रतिशत | | ३० | ३५ | ४० | ४५ | ५० | | |
| प्र. ४ | सहकारी तालिम | जना | | १०० | १५० | २०० | २५० | ३०० | | |
| प्र. ५ | रोजगारी | प्रतिशत | | ६० | ७५ | ९० | १०५ | १२० | | |
| प्र. ६ | कोपमिसमा आवद्ध सहकारी | प्रतिशत | | ६० | ७० | ८० | ९० | १०० | | |
| प्र. ७ | उपभोक्ता सहकारी, महिला बचत तथा ऋण सहकारी | सङ्ख्या | ५ | ८ | ११ | १४ | १७ | २० | | |
| प्र. ८ | सहकारी अनुगमन तथा नियमन | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | | |

## २. सामाजिक क्षेत्र

### २.१ शिक्षा

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य | | | | | पुष्ट्याईका आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| प्रभाव | साक्षरता | प्रतिशत | ८०.८ | ८२ | ८३.२ | ८४.६ | ८५.८ | ८७ | ▪ गाउँपालिका को प्रगति प्रतिवेदन<br>▪ प्रदेश नं १ सरकारको आवधिक योजना<br>▪ राष्ट्रिय जनगणना | ▪ सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग भएको हुने छ ।<br>▪ अन्तर सरकार समन्वय भएको हुने छ ।<br>▪ सारक्षरता वृद्धि भएको हुने छ ।<br>▪ शिक्षा गुरुयोजना निर्माण हुने छ ।<br>▪ शैक्षिक पूर्वाधार निर्माण हुने छ ।<br>▪ शिक्षक दरबन्दी पूर्ति भएको हुने छ ।<br>▪ शिक्षा पहुँचमा वृद्धि भएको हुने छ ।<br>▪ खुद भर्ना दरमा वृद्धि हुने छ ।<br>▪ सिकाई दरमा वृद्धि हुने छ । |
| प्रतिफल१ | शिक्षा गुरुयोजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्र. २ | आधारभुत तहको खुद भर्ना दर | प्रतिशत | | ७२ | ७५ | ७८ | ८१ | ८४ | | |
| प्र. ३ | माध्यमिक तहको खुद भर्ना दर | प्रतिशत | | ४६ | ४८ | ५० | ५२ | ५४ | | |
| प्र. ४ | १०+२ सम्मको शैक्षिक उपलब्धी | प्रतिशत | | १० | १२ | १४ | १६ | १८ | | |
| प्र. ५ | आधारभूत तहमा बालबालिकाको टिकाउ दर | प्रतिशत | | ८० | ८२.५ | ८५ | ८७.५ | ९० | | |
| प्र. ६ | प्राविधिक शिक्षालय | सङ्ख्या | ० | ० | १ | २ | ३ | ३ | | |
| प्र. ७ | सिकाई दरमा वृद्धि (आधारभूत कक्षा ५) | प्रतिशत | | ६० | ६२ | ६४ | ६६ | ६८ | | |
| प्र. ८ | सिकाई दरमा वृद्धि (आधारभुत कक्षा ८) | प्रतिशत | | ५४ | ५६ | ५८ | ६० | ६२ | | |
| प्र. ९ | शिक्षक तालिम | सङ्ख्या | | २५ | ३० | ३५ | ४० | ४५ | | |
| प्र. १० | आधारभुत तहको उत्तीर्ण दर | प्रतिशत | | ७५ | ८० | ८५ | ९० | ९५ | | |
| प्र. ११ | शिक्षकको पुदपूर्ति | प्रतिशत | | ८० | ८५ | ९० | ९५ | १०० | | |
| प्र. १२ | नजिकको आधारभूत विद्यालयमा आधा घण्टाभित्र पहुँच भएका घरपरिवार | प्रतिशत | | ७० | ७५ | ८० | ८५ | ९० | | |
| प्र. १३ | नजिकको माध्यमिक विद्यालयमा एक घण्टाभित्र पहुँच भएका घरपरिवार | प्रतिशत | | ६५ | ७० | ७५ | ८० | ८५ | | |

## २.२ स्वास्थ्य तथा पोषण

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार बर्ष (२०७९/८०) | लक्ष्य | | | | | पुष्ट्याईका आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| प्रभाव | एक घण्टा भित्र स्वास्थ्य संस्थामा पहुँच भएको घरपरिवार | प्रतिशत | | ८२ | ८४ | ८६ | ८८ | ९० | ▪ गाउँपालिका को प्रगति प्रतिवेदन<br>▪ HMIS Database 2077-78<br>▪ HMIS Database 2074-75<br>▪ प्रदेश नं १ सरकारको आवधिक योजना<br>▪ राष्ट्रिय जनगणना | ▪ सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग भएको हुने छ।<br>▪ अन्तर सरकार समन्वय भएको हुने छ।<br>▪ सङ्घीय र प्रदेश सरकारको सहयोग भएको हुने छ।<br>▪ दातृ संस्थाहरुको प्राविधिक र आर्थिक सहयोग निरन्तर हुने छ।<br>▪ गाउँपालिकाको स्वास्थ्य तथा पोषण सम्बन्धित नीति तर्जुमा भएको हुने छ। |
| प्रभाव | अपेक्षित आयु (जन्म हुँदाको) | बर्ष | | ७१ | ७२ | ७३ | ७४ | ७५ | | |
| प्रतिफल१ | स्वास्थ्य गुरुयोजना निर्माण | सङ्ख्या | | १ | १ | १ | १ | १ | | |
| प्र. १ | शिशु मृत्युदर (प्रति हजार जिवित जन्ममा) | जना | | ३३ | ३० | २७ | २४ | २१ | | |
| प्र. २ | नवजात शिशु मृत्युदर (प्रति हजार जिवित जन्ममा) | जना | १५.१६ | १३ | ११ | ९ | ७ | ५ | | |
| प्र. ३ | पूर्ण खोपको दायरा (१५ बर्ष मुनिको बालबालिका) | प्रतिशत | ७९.१ | ८२.५ | ८६ | ८९.५ | ९३ | ९६.५ | | |
| प्र. ४ | १५ शैयाको अस्पताल | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्र. ५ | स्वास्थ्य संस्थामा प्रसुति | प्रतिशत | १५.४ | ३० | ४५ | ६० | ७५ | ९० | | |
| प्र. ६ | कम्तीमा एक पटक गर्भवती जाँच | प्रतिशत | ७५.७ | ७८ | ८०.५ | ८३ | ८५.५ | ८८ | | |
| प्र. ७ | प्रशुति सेवा र वर्थिङ सेन्टर | सख्या | | २ | २ | ३ | ३ | ४ | | |
| प्र. ८ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुती सेवा | प्रतिशत | १३.८ | ३० | ४५ | ६० | ७५ | ९० | | |
| प्र. ९ | सुत्केरी तथा नव शिशु जाँच (तेस्रो)को दायरा | प्रतिशत | २.५ | ५ | ७.५ | १० | १२.५ | १५ | | |
| प्र. १० | परिवार नियोजनको साधन प्रयोग दर | प्रतिशत | | ३० | ३५ | ४० | ४५ | ५० | | |
| प्र. ११ | भिटामिन "ए" प्राप्त गर्ने वालबालिका | प्रतिशत | ७८.९ | ८२.२ | ८५.५ | ८८.८ | ९२.१ | ९५.४ | | |
| प्र. १२ | घुम्ती स्वास्थ्य शिविर | पटक | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. १३ | बहिरंग सेवा प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ७२.६ | ७४.१ | ७५.६ | ७७.१ | ७८.६ | ८०.१ | | |
| प्र. १४ | स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | | २० | २५ | ३० | ३५ | ४० | | |
| प्र. १५ | झाडापखाला संक्रमण दर | प्रतिशत | ४७.९ | ४२.३ | ३६.७ | ३१.१ | २५.५ | १९.९ | | |
| प्र. १६ | बाल कुपोषण दर | प्रतिशत | २.५ | २.३ | २.१ | १.९ | १.७ | १.५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्र. १७ | क्षयरोग उपचार सफल दर | प्रतिशत | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ | | |
| प्र. १८ | स्वास्थ्य संस्थामा आधारभूत औषधीको उपलब्धता दर | प्रतिशत | | ६८ | ७१ | ७४ | ७७ | ८० | | |
| प्र. १९ | पोणण पुनर्स्थापना केन्द्र | सङ्ख्या | - | १ | १ | १ | २ | २ | | |

## २.३ खानेपानी तथा सरसफाइ

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य २०८०/८१ | लक्ष्य २०८१/८२ | लक्ष्य २०८२/८३ | लक्ष्य २०८३/८४ | लक्ष्य २०८४/८५ | पुष्ट्याईका आधारहरु | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | आधारभूत खानेपानी तथा सरसफाइ सुविधा पुगेको घरपरिवार | प्रतिशत | ९५.६८ | ९६ | ९७ | ९८ | ९९ | १०० | ▪ गाउँपालिकाको प्रगति प्रतिवेदन<br>▪ प्रदेश नं १ सरकारको आवधिक योजना<br>▪ राष्ट्रिय जनगणना | ▪ उपभोक्ता समिति र नागरिक समाजको सहयोग भएको हुने छ।<br>▪ अन्तर सरकार समन्वय र सहकार्य भएको हुने छ।<br>▪ सङ्घीय र प्रदेश सरकारको सहयोग भएको हुने छ।<br>▪ दातृ संस्थाहरुको प्राविधिक र आर्थिक सहयोग निरन्तर हुने छ।<br>▪ एक घर एक धाराको व्यवस्था भएको हुने छ।<br>▪ एक घर एक शौचालयको व्यवस्था भएको हुने छ।<br>▪ खानेपानीको मुहान संरक्षण भएको हुने छ।<br>▪ नयाँ खानेपानी योजना निर्माण भएको हुने छ।<br>▪ बजार क्षेत्रमा ढल सञ्जाल निर्माण भएको हुने छ। |
| प्रतिफल१ | खानेपानी तथा सरसफाइ गुरुयोजना | सङ्ख्या | | १ | १ | १ | १ | १ | | |
| प्र. २ | पाईप मार्फत घर भित्रै खानेपानी पुगेको घरपरिवार | प्रतिशत | ६४.८९ | ७० | ७६ | ८२ | ८८ | ९५ | | |
| प्र. ३ | शौचालय भएको घर परिवार | प्रतिशत | ९८.२ | ९८.६ | ९९ | ९९.४ | ९९.७ | १०० | | |
| प्र. ४ | फ्लस शौचालय भएको घर परिवार | प्रतिशत | ६१.४२ | ६५ | ६९ | ७३ | ७७ | ८१ | | |
| प्र. ५ | जनशक्ति तालिम | जना | | १२५ | १५० | १७५ | २०० | २२५ | | |
| प्र. ६ | खानेपानीको मुहान संरक्षण र सरसफाइ | प्रतिशत | | ५० | ६० | ७० | ८० | ९० | | |
| प्र. ७ | मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय | सङ्ख्या | | ५ | ६ | ७ | ८ | ९ | | |
| प्र. ८ | जनचेतना कार्यक्रम | सङ्ख्या | | १० | १२ | १४ | १६ | १८ | | |
| प्र. ९ | खानेपानी योजना मर्मत कार्य | सङ्ख्या | | ५ | ७ | ९ | ११ | १३ | | |
| प्र. १० | नयाँ खानेपानी योजना सम्भाव्यता अध्ययन, सर्भे तथा निर्माण | सङ्ख्या | | २ | ४ | ६ | ८ | १० | | |
| प्र. ११ | खानेपानी उपभोक्ता समिति क्षमता विकास तालिम | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. १२ | खुल्ला दिशामुक्त क्षेत्र सचेतना | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | | |

| २.४ युवा तथा खेलकुद | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य | | | | | पुष्ट्याईका आधार | अनुमान तथा जोखिम |
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| प्रभाव | युवा बेरोजगारी दर | प्रतिशत | | २२ | २० | १८ | १६ | १४ | ▪ गाउँपालिका को प्रगति प्रतिवेदन<br>▪ प्रदेश नं १ सरकारको आवधिक योजना<br>▪ राष्ट्रिय जनगणना | ▪ सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग भएको हुने छ।<br>▪ अन्तर सरकार समन्वय भएको हुने छ।<br>▪ दातृ संस्थाहरुको प्राविधिक र आर्थिक सहयोग निरन्तर हुने छ।<br>▪ युवा बेरोजगारी दर घट्ने छ।<br>▪ खेलमैदानहरुको पूर्वाधार निर्माण भएको हुने छ।<br>▪ युवा क्लब तथा सञ्जालमा वृद्धि भएको हुने छ।<br>▪ कभर्ड हल निर्माण भएको हुने छ।<br>▪ खेलकुद प्रतियोगिताको नियमित आयोजना भएको हुने छ। |
| प्रतिफल १ | वैदेशिक रोजगारीमा गएका युवा | प्रतिशत | | ३० | २८ | २६ | २४ | २२ | | |
| प्र. २ | युवा क्लब, सञ्जाल | सङ्ख्या | | २० | २२ | २४ | २६ | २८ | | |
| प्र. ३ | वडा स्तरको खेकमैदान | सङ्ख्या | | ११ | १२ | १३ | १४ | १५ | | |
| प्र. ४ | कभर्ड हल | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | | |
| प्र. ५ | पालिका स्तरीय खेलमैदान | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | | |
| प्र. ६ | माध्यमिक विद्यालयमा खेलकुद शिक्षक र सामाग्री | प्रतिशत | | ६० | ७० | ८० | ९० | १०० | | |
| प्र. ७ | खेलकुद प्रतियोगिता आयोजना | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. ८ | क्लबहरुको क्षमता अभिवृद्धि | सङ्ख्या | | २ | ४ | ६ | ८ | १० | | |
| प्र. ९ | शिक्षा, तालिम र रोजगारीबाट विमुख युवा | प्रतिशत | | ३४ | ३२ | ३० | २८ | २६ | | |
| प्र. १० | परम्परागत पेशाको संरक्षण एवम् आधुनिकीकरण | सङ्ख्या | | १० | २० | ३० | ४० | ५० | | |
| प्र. ११ | उद्यमशिलता तालिम विकास | सङ्ख्या | | ८ | १२ | १६ | २० | २४ | | |
| प्र. १२ | स्वरोजगार कोषमा युवा पहुँच | प्रतिशत | | १२ | १४ | १६ | १८ | २० | | |

## २.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| प्रभाव | नेतृत्वदायी पदमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व | प्रतिशत | | ३५ | ३७ | ३९ | ४१ | ४३ | ▪ गाउँपालिकाको प्रगति प्रतिवेदन<br>▪ प्रदेश नं १ सरकारको आवधिक योजना<br>▪ राष्ट्रिय जनगणना | ▪ सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग भएको हुने छ।<br>▪ अन्तर सरकार समन्वय र सहकार्य भएको हुने छ।<br>▪ दातृ संस्थाहरुको प्राविधिक र आर्थिक सहयोग निरन्तर हुने छ।<br>▪ गाउँपालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति तर्जुमा भएको हुने छ।<br>▪ योजना निर्माण तथा विकासका कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरण पूर्ण रुपले कार्यान्वयन हुने छ।<br>▪ लक्षित बर्गको क्षमता विकास हुने छ। |
| प्रतिफल. १ | सम्पति माथिको महिला स्वामित्व (घर, जग्गा) | प्रतिशत | | १० | १३ | १६ | १९ | २२ | | |
| प्र. २ | महिला घरमुली भएको घरपरिवार | प्रतिशत | ३०.२३ | ३१ | ३२ | ३३ | ३४ | ३५ | | |
| प्र. ३ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण अडिट | सङ्ख्या | | १ | १ | १ | १ | १ | | |
| प्र. ४ | बैंक खाता भएका महिला | प्रतिशत | | ३० | ४० | ४५ | ५० | ५५ | | |
| प्र. ५ | महिला साक्षरता | प्रतिशत | ७५.३२ | ७६ | ७७ | ७८ | ७९ | ८० | | |
| प्र. ६ | लक्षित तथा पिछडिएका वर्गलाई क्षमता विकास तालिम | जना | | ५० | १०० | १५० | २०० | २५० | | |
| प्र. ७ | महिला तथा ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य घुम्ती शिविर वार्षिक | सङ्ख्या | | १ | २ | ३ | ५ | ५ | | |
| प्र. ८ | लैङ्गिक हिंसा न्यूनिकरण | प्रतिशत | | २३ | २१ | १९ | १७ | १५ | | |
| प्र. ९ | अपाङ्ग बालबालिकालाई विशेष शिक्षा प्रदान | प्रतिशत | | २० | ३० | ४० | ५० | ६० | | |
| प्र. १० | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | | १० | २० | ३० | ४० | ५० | | |
| प्र. ११ | जीवनकालमा शारीरिक, मानसिक या यौन हिंसाबाट पिडित महिला | प्रतिशत | | १९ | १८ | १७ | १६ | १५ | | |

## ३. पूर्वाधार क्षेत्र

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | पुष्टयाईका आधारहरु | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | न्यूनतम पूर्वाधार (सडक, विद्युत, खानेपानी) सुविधा भएका घरधुरी | प्रतिशत | | ७० | ७५ | ८० | ८५ | ९० | ▪ गाउँपालिकाको प्रगति प्रतिवेदन<br>▪ प्रदेश नं १ सरकारको आवधिक योजना<br>▪ राष्ट्रिय जनगणना | ▪ सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग भएको हुने छ।<br>▪ अन्तर सरकार समन्वय र सहकार्य भएको हुने छ।<br>▪ सङ्घीय र प्रदेश सरकारको सहयोग भएको हुने छ।<br>▪ दातृ संस्थाहरुको प्राविधिक र आर्थिक सहयोग निरन्तर हुने छ।<br>▪ गाउँपालिकाको पूर्वाधार विकास नीति तर्जुमा भएको हुने छ।<br>▪ गाउँपालिकाले पूर्वाधार विकासमा यथेष्ट बजेट विनियोजन गरेको हुने छ।<br>▪ गाउँपालिकाको आन्तरिक आयको वृद्धि भएको हुने छ। |
| प्रतिफल १ | पक्की सडक | कि.मि. | | ४० | ९० | १४० | १९० | २३० | | |
| प्र. २ | ग्राभेल सडक | कि.मि. | | २० | ८० | ६० | ८० | १०० | | |
| प्र. ३ | कच्ची सडक | कि.मि. | | १० | २० | ३० | ४० | ५० | | |
| प्र. ४ | थप पक्की पुल | सङ्ख्या | | १ | २ | ३ | ५ | ७ | | |
| प्र. ५ | थप झो.पु. निर्माण | सङ्ख्या | | २ | ४ | ६ | ८ | १० | | |
| प्र. ६ | सिंचाई गुरुयोजना | सङ्ख्या | | १ | १ | १ | १ | १ | | |
| प्र. ७ | लघु जलविद्युत, उर्जा सम्भाव्यता अध्ययन गरी उर्जा उत्पादन | जना | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. ८ | बस पार्क (बहुउद्देशिय पार्क) पूर्वाधार निर्माण | सङ्ख्या | | ० | ० | ० | १ | १ | | |
| प्र. ९ | व्यवस्थित बस स्ट्याण्ड | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. १० | सडक अधिकार क्षेत्र निर्धारण | अवस्था | निर्धारण भएको हुने छ | | | | | | | |
| प्र. ११ | डिजिटल सूचना प्रविधिको प्रयोग गर्ने घरधुरी | प्रतिशत | | १० | २० | ३० | ४० | ५० | | |
| प्र. १२ | फोहोरमैला तथा ढल व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम (वार्षिक) | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. १३ | भवन संहिता र निर्माण मापदण्ड कार्यान्वयन | अवस्था | पूर्ण कार्यान्वय भएको हुनेछ | | | | | | | |
| प्र. १४ | मुख्य बजार क्षेत्रमा ढल सञ्जाल निर्माण | अवस्था | | | | निर्माण सम्पन्न भएको हुने छ | | | | |
| प्र. १५ | वत्तिको लागि विद्युत प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९६.७४ | ९७.४ | ९८.१ | ९८.७ | ९९.३५ | १०० | | |
| प्र. १६ | सोलार लाईटमा पहुँच भएका घरधुरी | प्रतिशत | २ | ९ | १३ | १७ | २१ | २५ | | |
| प्र. १७ | स्मार्ट मोबाईल प्रयोगकर्ता | प्रतिशत | ७८.२२ | ८० | ८२.५ | ८५ | ८७.५ | ९० | | |
| प्र. १८ | साधारण मोबाईल प्रयोगकर्ता | प्रतिशत | ८१ | ८२.५ | ८४ | ८५.५ | ८७ | ८८.५ | | |
| प्र. १९ | ईन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ६४.४० | ७० | ७५ | ८० | ८५ | ९० | | |
| प्र. २० | जग्गा विकास कार्यक्रम | सङ्ख्या | - | - | - | १ | १ | १ | | |

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | सूचनाको स्रोत | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव १ | हरियाली क्षेत्र | | करीब १०% जति हरियाली क्षेत्र कायम रहने छ। | | | | | | ▪ गाउँपालिकाको प्रगति प्रतिवेदन<br>▪ प्रदेश नं १ सरकारको आवधिक योजना<br>▪ राष्ट्रिय जनगणना | ▪ सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग भएको हुने छ।<br>▪ अन्तर सरकार समन्वय र सहकार्य भएको हुने छ।<br>▪ सङ्घीय र प्रदेश सरकारको सहयोग भएको हुने छ।<br>▪ दातृ संस्थाहरुको प्राविधिक र आर्थिक सहयोग निरन्तर हुने छ।<br>▪ गाउँपालिकाको वन, वातावरण र विपद व्यवस्थापन नीति तर्जुमा भएको हुने छ।<br>▪ गाउँपालिकाले वन, वातावरण र विदप व्यवस्थापनमा यथेष्ट बजेट विनियोजन गरेको हुने छ। |
| प्रभाव २ | नदि, कटान, डुबान र भू-क्षय नियन्त्रण | | मुख्य प्रभावित क्षेत्रहरुमा तटबन्ध र वृक्षारोपण भएको हुने छ। | | | | | | | |
| प्रतिफल १ | विपद् व्यवस्थापन कार्ययोजना | निर्माण | | १ | १ | १ | १ | १ | | |
| प्र. २ | विपद् जोखिम नक्साङ्कन | सङ्ख्या | | १ | १ | १ | १ | १ | | |
| प्र. ३ | खाना पकाउन काठ, दाउरा प्रयोग गर्ने घरधुरी | अवस्था | | करिब ५०% ले घटेको हुने छ। | | | | | | |
| प्र. ४ | एकीकृत वस्ती विकास योजना | सङ्ख्या | | १ | १ | १ | १ | १ | | |
| प्र. ५ | स्यानिटरी ल्याण्डफिल साइटको निर्माण | अवस्था | | | | | सम्पन्न हुने | | | |
| प्र. ६ | हरियाली क्षेत्र संरक्षण कार्यक्रम | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. ७ | बजार केन्द्रमा फोहोरमैला व्यवस्थापन | प्रतिशत | | ८० | ८५ | ९० | ९५ | १०० | | |
| प्र. ८ | जोखिम वस्ती स्थानान्तरण | प्रतिशत | | ४० | ५५ | ७० | ८५ | १०० | | |
| प्र. ९ | विपद् व्यवस्थापन कोषको गठन | अवस्था | | गठन भएको हुने छ। | | | | | | |
| प्र. १० | विपद् पूर्व तयारी तथा सामाग्री वितरण | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. ११ | नदि कटान र जोखिम क्षेत्र संरक्षण | प्रतिशत | | १५ | ३० | ४५ | ६० | ७५ | | |
| प्र. १२ | नदि तटबन्ध निर्माण | कि.मि. | | २ | ४ | ६ | ८ | १० | | |
| प्र. १२ | भूकम्प प्रतिरोधी मापदण्ड अनुसार निर्मित घर | प्रतिशत | | ५० | ६० | ७० | ८० | ९० | | |
| प्र. १३ | भूकम्प प्रतिरोधी भवन निर्माण तालिम जनशक्ति | जना | | २० | ४० | ६० | ८० | १०० | | |
| प्र. १४ | सार्वजनिक जमिन संरक्षण | प्रतिशत | | ६० | ७० | ८० | ९० | १०० | | |
| प्र. १५ | स्थानीय ताल, पोखरी र जलाधार क्षेत्र संरक्षण कार्यक्रम | सङ्ख्या | | १ | २ | ३ | २ | ५ | | |
| प्र. १६ | मुख्य बजार केन्द्रहरुमा ढल निर्माण | सङ्ख्या | | ० | १ | ३ | ५ | ७ | | |

## ५. सुशासन र सेवा प्रवाह

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७८/८०) | लक्ष्य २०८०/८१ | लक्ष्य २०८१/८२ | लक्ष्य २०८२/८३ | लक्ष्य २०८३/८४ | लक्ष्य २०८४/८५ | पुष्टयाईका आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | सेवा सन्तुष्टि | प्रतिशत | | ५० | ६० | ७० | ८० | ९० | ▪ तेस्रो पक्ष सेवा सन्तुष्टि सर्भे | ▪ सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग भएको हुने छ।<br>▪ अन्तर सरकार समन्वय र सहकार्य भएको हुने छ।<br>▪ सङ्घीय र प्रदेश सरकारको सहयोग भएको हुने छ।<br>▪ दातृ संस्थाहरुको प्राविधिक र आर्थिक सहयोग निरन्तर हुने छ।<br>▪ गाउँपालिकाको आवश्यक ऐन, कानुन, नीति र कार्यविधिहरु तर्जुमा भएको हुने छ।<br>▪ गाउँपालिकाको आन्तरिक आयको वृद्धि भएको हुने छ।<br>▪ गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि भएको हुने छ।<br>▪ अनलाईन सेवा, ट्रोल फ्रि सेवा सञ्चालन गरिने छ।<br>▪ विद्युतिय भुक्तानी प्रणालीबाट राजस्व सङ्कलन हुने छ। |
| प्रतिफल १ | गाउँपालिका र वडा कार्यालयमा नागरिक वडापत्रको कार्यान्वयन | प्रतिशत | | ६० | ७० | ८० | ९० | १०० | ▪ गाउँपालिकको प्रगति प्रतिवेदन<br>▪ सार्वजनिक सुनवाईको वार्षिक प्रतिवेदन<br>▪ आन्तरिक र अन्तिम लेखा परिक्षणको प्रतिवेदन | |
| प्र. २ | आवश्यक जनशक्ति पदपूर्ति | प्रतिशत | | ७५ | ८० | ८५ | ९० | १०० | | |
| प्र. ३ | कानुन, नीति, कार्यविधि तर्जुमा | प्रतिशत | | ६० | ७० | ८० | ९० | १०० | | |
| प्र. ४ | क्रियाशिल नीतिगत समिति तथा संयन्त्र | प्रतिशत | | ४० | ५० | ६० | ७० | ८० | | |
| प्र. ५ | ठूला आयोजनाहरुको सार्वजनिक सुनवाई र सामाजिक लेखा परीक्षण (वार्षिक) | पटक | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. ६ | गाउँपालिका र स्थानीय प्रहरी प्रशासनको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. ७ | जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. ८ | मानव अधिकार उल्लघनका घटनाहरुको न्यायिक निरुपण | प्रतिशत | | ६० | ७० | ८० | ९० | १०० | | |
| प्र. ९ | न्याय समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. १० | आन्तरिक आय वृद्धि | प्रतिशत | | २० | ३० | ४० | ५० | ६० | | |
| प्र. ११ | विद्युतिय भुक्तानी प्रणालीबाट राजस्व सङ्कलन | प्रतिशत | | ६० | ७० | ८० | ९० | १०० | | |
| प्र. १२ | प्रगति समीक्षा | पटक | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. १३ | अनलाईन सेवा | प्रतिशत | | ६० | ७० | ८० | ९० | १०० | | |
| प्र. १४ | ट्रोल फ्रि सेवा | अवस्था | | सञ्चालन गरिने | | | | | | |
| प्र. १५ | क्षमता विकास योजनाहरु निर्माण | | | आवश्यकता अनुसार | | | | | | |

# अनुसूची २ : क्षेत्रगत विकास योजना, नतिजामूलक लक्ष्य तथा बजेट बाँडफाँड (०००)

| १. आर्थिक विकास | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) कृषि | | | | | | | | | | | | | | | |
अपाङ्गता भएक व्यक्तिहरुलाई प्राविधिक उच्च शिक्षाको व्यवस्था गर्ने ।
भौतिक संरचनाहरु अपाङ्गमैत्री बनाउने ।
अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्रीहरुको सर्वसुलभ उपलब्धता गराउने ।
बाल उद्यानको निर्माण गर्ने ।
पञ्चेबाजाको मर्मत तथा पोशाकको व्यवस्था गर्ने ।
बाल कल्बहरुको गठन, पुन:गठन र क्षमता विकास गर्ने ।
वालमैत्री संरचना निर्माण गर्ने ।

**सडक तथा यातायात**

डाँडाबजार याक्चना सडक स्तरोन्नति मानेडाँडा देखि मादेन सम्म पक्की ड्रेन तथा कालोपत्रे गर्ने, मादेन देखि याङ्गलीखाम छाप्रे सम्म ग्राभेल तथा पक्की ड्रेन बनाउने, छाप्रे देखि कुसेटार सम्म ७ मिटरको बाटो चौडा गरी ग्राभेल तथा पक्की ड्रेन निर्माण गर्ने ।
मध्य चौबिसे लोकमार्ग विस्तार तथा स्तरोन्नति (कमुवा खोला-मादेन-बेसीटोल-ईनामे हुँदै मिदुवा खोला सडक विस्तार तथा ग्राभेल र ड्रेन निर्माण गर्ने) ।
कमुवा खोलामा आरसिसि कजवे निर्माण गर्ने ।
मादेन साप्तेन डुम्रे सडक स्तरोन्नति (सडक चौडा, ड्रेन निर्माण र ग्राभेल) गर्ने ।
मादेन फोक्तम रामगुवा सडक स्तरोन्नति (सडक चौडा, ड्रेन, ग्राभेल) गर्ने ।
ईनामे पंखेला वडा कार्यालय लिङ्क रोड स्तरोन्नति (हार्ड कटिङ, ड्रेन र ग्राभेल) गर्ने ।
बेसीटोल सिद्धे रामगुवा सडक स्तरोन्नति (ग्राभेल, ड्रेन) निर्माण गर्ने ।
यालिखाम रामगुवा सडक स्तरोन्नति (ग्राभेल, ड्रेन) निर्माण गर्ने ।
कुसेटार रिङरोड स्तरोन्नति (ड्रेन, ग्राभेल विस्तार) गर्ने ।
अलैंचे ईनामे सडक स्तरोन्नति (ग्राभेल तथा ड्रेन निर्माण) गर्ने ।
बेसीटोल कठहरे टोल रामगुवा सडक स्तरोन्नति (ग्राभेल, ड्रेन) गर्ने ।
बास्ताल-दाबजोङ-चेप्ताङ सडक निर्माण गर्ने ।
मादेन-डुम्रेलाङ-पंखेला-मिदुवा दोभान सडक विस्तार गर्ने ।
डुम्रे कृषि सडक विस्तार तथा स्तरोन्नति गर्ने ।
हतुबाली गाउँ कोल डाँडा सडक स्तरोन्नति गर्ने ।
ईवाटोल सालबोटे चिहान डाँडा सडक स्तरोन्नति गर्ने ।
वडा कार्यालय लिङ्क रोड स्तरोन्नति (ग्राभेल र पक्की ड्रेन) गर्ने ।
मादेन बजार सडक पक्की ढलान योजना ।
मादेन डाँडा टोल रिङ रोड स्तरोन्नति गर्ने ।
मादेन माझगाउँ ताम्बुलाङ खोला बेसीटोल सडक स्तरोन्नति गर्ने ।
मादेन छेउगाउँ सडक स्तरोन्नति गर्ने ।
बेसीटोल ईनामे सडक स्तरोन्नति गर्ने ।
वेगाना ईनामे रामगुवा सडक स्तरोन्नति गर्ने । (चौडा, ग्राभेल, ड्रेन)

सेभिङ चोक पिपल डाँडा सडक स्तरोन्नति गर्ने । (चौडा, ग्राभेल, ड्रेन)
पिडडाँडा तारम्बी सडक स्तरोन्नति गर्ने । (चौडा, ग्राभेल, ड्रेन)
पालुम्टार माझगाउँ बेसीटोल सडक विस्तार तथा स्तरोन्नति गर्ने । (चौडा, ग्राभेल, ड्रेन)
तीनघरे अलैंचे दानाबुङ सडक स्तरोन्नति गर्ने । (चौडा, ग्राभेल, ड्रेन)
ईनामे बेसीटोल याङ्लीखाम कुसेटार सडक निर्माण गर्ने ।
मादेन-तेन्छाङे-छेउगाउँ-फोक्ताम सडक निर्माण गर्ने ।
मध्य चौबिसे लोकमार्गमा पर्ने मिदुवा खोला पक्की मोटरेवल पुल निर्माण गर्ने ।
रामगुवा खोला फोक्तम हमेल झोलुङ्गे पुल निर्माण गर्ने । (५० मिटर)

**सिंचाई**

रामगुवा कुसेटार पक्की सिंचाई कुलो निर्माण गर्ने ।
माथिल्लो ईनामे सिंचाई कुलो पुन:निर्माण गर्ने ।
तल्लो ईनामे सिंचाई कुलो मर्मत गर्ने ।
कम्फुवा डुम्रे सिंचाई कुलो मर्मत गर्ने ।
रामगुवा पापीटार सिंचाई कुलो मर्मत गर्ने ।
तमोर कुसेटार पम्पिङ सिंचाई योजना निर्माण गर्ने ।
तमोर डुम्रे पम्पिङ सिंचाई योजना निर्माण गर्ने ।
लुद्रेनी पम्पिङ सिंचाई योजना निर्माण गर्ने ।
ताम्बुलाङ बेसीटोल स्प्रिङ्कल सिंचाई योजना निर्माण गर्ने ।
मिदुवा खुवाबुङ सिंचाई योजना निर्माण गर्ने ।
मादेन साफालाङ सिंचाई पोखरी निर्माण गर्ने ।
मादेन माझगाउँ  सिंचाई पोखरी निर्माण गर्ने ।
स्विरो डाँडा सिंचाई पोखरी निर्माण गर्ने ।
पञ्चमी डाँडा सिंचाई पोखरी निर्माण गर्ने ।
याङ्लीखाम सिंचाई पोखरी निर्माण गर्ने ।

**भवन**

वडा कार्यालय भवन निर्माण गर्ने ।
खुवाफोक बहुउद्देशिय कबर्ड हल निर्माण गर्ने ।
खुवाफोक पशु सेवा कार्यालय भवन निर्माण गर्ने ।
जलकन्या मा.वि. भवन निर्माण गर्ने ।
जलकन्या मा.वि. मा राष्ट्रपति शैक्षिक कार्यक्रम अन्तर्गत भवन निर्माण कार्य क्रमागत ।
मादेन बजार सार्वजनिक शौचालय निर्माण गर्ने ।
भानुभक्त आ.वि. भवन निर्माण गर्ने ।
सिद्धेश्वरी आ.वि. भवन निर्माण गर्ने ।
पञ्चमी प्रा.वि. घेरावार गर्ने ।
खुवाफोक खेलमैदान निर्माण गर्ने ।

मादेन सामुदायिक भवन पुन:निर्माण गर्ने ।
डाँडाटोल सामुदायिक भवन निर्माण क्रमागत ।
बेसीटोल कृषि सङ्कलन भवन निर्माण गर्ने ।
पासाङ ल्हामु भवन निर्माण क्रमागत ।
बेसीटोल सामुदायिक भवन निर्माण क्रमागत ।
साप्तेन सामुदायिक भवन निर्माण गर्ने ।
ईनामे सामुदायिक भवन निर्माण गर्ने ।
कुसेटार सामुदायिक भवन निर्माण गर्ने ।
डुम्रे सामुदायिक भवन निर्माण गर्ने ।
खुवाबुङ टोल कृषि सङ्कलन केन्द्र निर्माण गर्ने ।
मादेन खेलमैदान निर्माण गर्ने ।
मादेन बजार सडक बत्ति व्यवस्थापन गर्ने ।
मादेन बजार ढल व्यवस्थापन तथा नाली व्यवस्थापन गर्ने ।
डम्पिङ साईट निर्माण गर्ने ।

**खेलकुद**

खुवाफोक खेलमैदान स्तरोन्नति गर्ने ।
कुसेटार खेलमैदान निर्माण गर्ने ।
मादेन खेलमैदान स्तरोन्नति गर्ने ।
बेसीटोल खेलमैदान निर्माण गर्ने ।
ईनामे खेलमैदान निर्माण गर्ने ।
याङ्लीखाम फुटसल निर्माण क्रमागत ।
डुम्रे खेलमैदान निर्माण गर्ने ।
साप्तेन खेलमैदान स्तरोन्नति गर्ने ।
मादेन खेलमैदान शौचालय निर्माण गर्ने ।

**उर्जा**

सोलार बत्ती व्यवस्थापन गर्ने ।
सिम्सोरो मादेन विद्युत प्रसारण लाईन विस्तार गर्ने ।

**सञ्चार**

मादेन बजारमा NTC टावर निर्माण गर्ने ।
डुम्रे कुसेटार तमोर गडतीर लक्षित NTC तथा NCell टावर निर्माण गर्ने ।

**वातावरण तथा विपद् व्यवस्थापन**

ठाँगुरी पहिरो वृक्षारोपण र ग्याबियन जाली निर्माण गर्ने ।
खोतेम्मा पहिरो ग्याबियन जाली निर्माण गर्ने ।

खारखोला पहिरो ग्याविंयन जाली निर्माण गर्ने ।
रामगुवा खोला धार नियन्त्रण गर्ने ।
तमोर नदी धार नियन्त्रण गर्ने ।
डाँडाबजार याक्चना हरित सडक कार्यक्रम सञ्चालन गर्ने ।
पंखेला पहिरो नियन्त्रण गर्न ग्याविंयन जाली निर्माण गर्ने ।
विपद् प्रतिकार्य योजना निर्माण गर्ने ।
जलवायु परिवर्तन र अनुकुलुन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
प्लाष्टिक जन्य बस्तुहरुको निरुत्साहित गर्ने ।
वडा स्तरीय विपद् राहत कोष स्थापना गर्ने ।
फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
ल्याण्डफिल साईट निर्माण कार्यक्रम ।
ईन्डक्सन चुलो वितरण कार्यक्रम सञ्चालन गर्ने ।

### संस्थागत विकास तथा सुशासन

वडाका जनप्रतिनिधी तथा कर्माचारीको क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्ने ।
वडा कार्यालयमा मानव श्रोत व्यवस्थापन (कम्प्यूटर अपरेटर) गर्ने ।
वडा पार्श्वचित्र निर्माण गर्ने ।
सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने ।
कुसेटार क्षेत्रमा वडा सम्पर्क कार्यालय स्थापना गर्ने ।
टोल विकास संस्था स्थापना गर्ने ।
संस्थागत क्षमता विकासका लागि सचेतना कार्याक्रम सञ्चालन गर्ने ।
वडा कार्यालयमा सोलार व्यवस्थापन गर्ने ।
वडा कार्यालयमा घेराबारा तथा सिंढी निर्माण गर्ने ।
प्रहरी चौकी स्थापना गर्ने ।
टोल टोलमा कानुनी सचेतना कार्यक्रम आयोजना गर्ने ।
हरेक योजनाको सार्वजनिक परीक्षण कार्यक्रम गर्ने ।

## वडा नं. ४ का योजनाहरु

### कृषि तथा पशुपालन

व्यवसायिक खेतीका लागि मल, बीउ, विषादी तथा प्राविधिक ज्ञान र बजारीकरण सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
सिमी, अकबरे, गोलभेडा, फूलकोपी, बन्दाकोपी, नामघारी खोर्सानी, आदि व्यवसायिक खेती कार्यक्रम सञ्चालन गर्ने ।
सजीवन बजार व्यवस्थपन गर्ने ।
आँप, लिची, कागती, एभोकाडो, सुन्तला, स्याउ व्यवसायिक खेती सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
किवी प्रशोधन तथा बजारीकरण कार्यक्रम सञ्चालन गर्ने ।

मौरीपालन कार्यक्रम सञ्चालन गर्ने ।
कृषि सङ्कलन केन्द्र स्थापना गर्ने । (जाल्पादेवी बहुउद्देशिय सहकारी)
कोल्ड स्टोर स्थापना गर्ने ।

**उद्योग**

नास्पाती प्रशोधनबाट जाम बनाउने उद्योग स्थापना तथा सञ्चालन गर्ने ।
टपरी बनाउने उद्योग स्थापना गर्ने ।
बाँस उद्योग (मुडा बनाउने र बाँस फर्निचर) स्थापना गर्ने ।

**पर्यटन**

हात्तीढुङ्गे (अजङ्गको ढुङ्गा), गिद्देभीर संरक्षण र प्रचार प्रसार कार्यक्रम सञ्चालन गर्ने ।
सिम्सुवा-रातमाटे-आहाल डाँडा-हात्तीढुङ्गे-कैलाश डाँडा-डाँडाबजार पर्यटकीय पदमार्ग विकास कार्यक्रम सञ्चालन गर्ने ।
होम स्टे स्थापना तथा अवलोकन भ्रमण र प्रचार प्रसार कार्यक्रम सञ्चालन गर्ने ।
शिव पार्वती गुफा संरक्षण कार्यक्रम तथा सार्वजनिक शौचालय निर्माण गर्ने ।

**सहकारी तथा वित्तीय क्षेत्र**

सहकारी क्षमता विकास कार्यक्रम अन्तर्गत संस्थागत विकास, नेतृत्व विकास, अनुदान, बीउ पूँजी अनुदान कार्यक्रम सञ्चालन गर्ने ।
लघु वित्त संस्था नियमन कार्यक्रम सञ्चालन गर्ने । (पालिका वा वडाको अनुमति लिएर मात्र काम गर्न पाउनुपर्ने व्यवस्था गर्ने )
सहकारी मार्फत कृषि सङ्कलन केन्द्र सञ्चालन गर्ने ।

**शिक्षा**

शिक्षक दरबन्दी अनुदान कार्यक्रम सञ्चालन गर्ने ।
स्थानीय पाठ्यक्रम निर्माण गर्ने ।
शिक्षाको गुणस्तर अनुगमन गर्ने ।
अभिभावक सवेतना कार्यक्रम (अभिभावक, विद्यालय र विद्यार्थी बीच अन्तरक्रिया र समन्वय) सञ्चालन गर्ने ।
शैक्षिक भौतिक पूर्वाधार कार्यक्रम सञ्चालन गर्ने ।
शिक्षक तालिम (प्राविधिक ज्ञान तथा पेशागत तालिम) सञ्चालन गर्ने ।

**स्वास्थ्य**

सिदिबुङ र हब्रेटार क्षेत्रमा स्वास्थ्य चौकी स्थापना गर्ने ।
स्वास्थ्य उपकरण र औषधीको लागि पालिकाले पर्याप्त र गुणस्तरीय औषधी वितरण गर्ने ।
महिला स्वयंसेविका प्रोत्साहन भत्ता बढाउनुपर्ने । (हाल मासिक १ हजार मात्र छ )
स्वास्थ्य सचेतना कार्यक्रम (सर्ने तथा नसर्ने रोगहरु, खानुपर्ने र खान नहुने कुराहरु, आदि, गोष्ठी, शिविर) सञ्चालन गर्ने ।

**खानेपानी तथा सरसफाइ**

वडाको माथिल्लो बेल्ट खानेपानी आयोजना सञ्चालन गर्ने ।
एक घर एक धारा जडान कार्यक्रम कार्यान्वयन गर्ने ।
छतिवने-गुर्धुम खानेपानी योजना सञ्चालन गर्ने ।
खानेपानी मर्मत सम्भार कार्यक्रम (जाल्पादेवी क र ख, बह्रेपानी उपभोक्ता समिति) सञ्चालन गर्ने ।
गुर्धुमटार खानेपानी मर्मत योजना ।
मुहान संरक्षण तथा सरसफाइ कार्यक्रम सञ्चालन गर्ने ।
मिम्फेका खानेपानी योजना निर्माण गर्ने ।
त्रिवेणी तम्फुवा खोला लिफ्टिङ खानेपानी आयोजना सञ्चालन गर्ने ।
सिद्धिवुङ खानेपानी योजना मर्मत गर्ने ।
वयाम-सिरानटोल खानेपानी योजना निर्माण गर्ने ।
डस्टविन वितरण कार्यक्रम ।
पूर्ण सरसफाइ सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
फाक्सिव चोकमा सार्वजनिक शौचालय निर्माण गर्ने ।
चाडपर्व, उत्सव, आदिमा सरसफाइ अभियान कार्यक्रम सञ्चालन गर्ने ।

**संस्कृति**

सम्पदा संरक्षण, जिर्णोद्धार कार्यक्रम सञ्चालन गर्ने । (शिवपार्वती गुफा, जाल्पादेवी देवीथान, जगत माङ्गिन मन्दिर, अनुग्रह चर्च संरक्षण, आदि)
लिम्बु जातिको ढोल नाच, धान नाच, आदि संस्कृति संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।

**लैङ्गिक समानता तथा समावेशीकरण**

वालविवाह रोकथाम सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
महिला अधिकार, वाल अधिकार सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
जेष्ठ नागरीक सम्मान कार्यक्रम सञ्चालन गर्ने ।
महिला सीप विकास कार्यक्रम (ढाका, सिलाई बुनाई, उद्यमी निर्माण) सञ्चालन गर्ने ।
वार्षिक रुपमा फाक्सिव क्षेत्रमा जनजाति महोत्सव कार्यक्रम सञ्चालन गर्ने ।
अपाङ्ता भएका व्यक्तिलाई सहायक सामाग्री वितरण कार्यक्रम सञ्चालन गर्ने । (हाल सरकारले दिने गरेको तर सबैलाई पुगिरहेको छैन )
अपाङ्गता भएका व्यक्तिलाई लोकसेवा पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम आयोजना गर्ने ।
अपाङ्ता भएका व्यक्तिलाई सीप विकास कार्यक्रम सञ्चालन गर्ने ।
समुदायलाई हिलट्याङ वितरण कार्यक्रम सञ्चालन गर्ने । (ज्यामिरे क्षेत्रका १३ दलित घरलाई)

**सडक तथा यातायात**

सिम्सुवा-रातमाटे-वडा कार्यालय सडक स्तरोन्नति गर्ने ।
लेउतीटार-ज्यामिरे-याम्सेयुङ्ग-डाँडाबजार सडक निर्माण स्तरोन्नति गर्ने ।
वसाप्ला-मोहनचोक सडक स्तरोन्नति गर्ने ।

मोरङ्हाङ चोक-फाक्सिव चोक सिंढी निर्माण गर्ने ।
चिउरीबोटे-राम मा.वि. सिंढी निर्माण गर्ने ।
गिठेभीर सिंढी निर्माण गर्ने ।
मातृका चोक देखि सभा (वडा नं. ४ र ६ जोड्ने) झो.पु. निर्माण गर्ने ।

**सिंचाई**

अप्ठ्यारे-तीनतले-खोरखोले-फलामेटार सिंचाई कुलो मर्मत गर्ने ।
लेउतीटार सिंचाई कुलो मर्मत सम्भार गर्ने ।
होब्रेबा सिंचाई कुलो मर्मत गर्ने ।
याम्सेरुङ सिंचाई पाईप वितरण गर्ने ।
बेगना बाट लिफ्टिङ गरी तागेरा कृषि फर्म सिंचाई आयोजना निर्माण गर्ने ।
याम्सेतुङ खानेपानी लिफ्टिङ योजना सञ्चालन गर्ने ।
पुजाडाँडा (पराजुली) पोखरी निर्माण तथा सिञ्चालई आयोजना सञ्चालन गर्ने ।
रातमाटे सिंचाई ट्याङ्की निर्माण गर्ने ।
ज्यामिरे खानेपानी तथा सिंचाई योजना सञ्चालन गर्ने ।
आहाले डाँडा पोखरी निर्माण गर्ने ।
छतिवने सिंचाई योजना सञ्चालन गर्ने ।
होब्रेटार सिंचाई योजना सञ्चालन गर्ने ।
बनपाला सिंचाई योजना सञ्चालन गर्ने ।
वसाब्ला लिफ्टिङ सिंचाई योजना सञ्चालन गर्ने ।
खरखोले सिंचाई योजना निर्माण गर्ने ।

**भवन निर्माण**

राम मा.वि. मा ४ कोठे भवन निर्माण तथा मर्मत गर्ने ।
सिता मा.वि. मा ४ कोठे भवन निर्माण गर्ने ।
फाक्सिव आ.वि. मा ४ कोठे भवन निर्माण तथा मर्मत गर्ने ।
तेराजी प्रा.वि. २ कोठे भवन निर्माण, मर्मत तथा घेराबार गर्ने ।
शेर्मा प्रा.वि. मा २ कोठे भवन निर्माण तथा घेराबार गर्ने ।
शिव प्रा.वि. मर्मत सम्भार तथा घेराबार गर्ने ।
स्वास्थ्य चौकी कम्पाउण्ड घेराबारा तथा ट्रष्ट मर्मत गर्ने ।
कभर्ड हल निर्माण योजना ।
चिउरीबोटेमा सामुदायिक भवन निर्माण गर्ने ।
होब्रेबामा आमा समूह भवन निर्माण तथा मर्मत गर्ने ।
वडा कार्यलय नजिक सामुदायिक भवन निर्माण गर्ने ।
होब्रेबामा कृषि उपज सङ्कलन केन्द्र निर्माण गर्ने ।
लेउतीटारमा कृषि उपज सङ्कलन केन्द्र निर्माण गर्ने ।
सिद्धिबुङमा कृषि उपज सङ्कलन केन्द्र निर्माण गर्ने ।

लामोहिटी सामुदायिक भवन मर्मत गर्ने ।
चिलाउनेबोट प्लाष्टिक पोखरी तथा सिंचाई योजना निर्माण गर्ने ।
फुसको छानो हटाउने कार्यक्रम सञ्चालन गर्ने ।

### उर्जा, लघु तथा साना विद्युत, सञ्चार

आहाले डाँडामा मोबाईल टावर निर्माण गर्ने ।
लेउती र हाब्रेमा गोबर ग्याँस प्लान्ट निर्माण गर्ने ।
वडा कार्यालय, डाँडागाउँमा सोलार प्लान्ट स्थापना गर्ने ।

### वातावरण तथा विपद् व्यवस्थापन

आहाले टोल वस्ती स्थानान्तरण कार्यक्रम सञ्चालन गर्ने । (५ घर पहिरो प्रकोपको कारण वस्ती सार्नुपर्ने)
बयाम सिरान टोलको ८ घर वस्ती स्थानान्तरन गर्ने ।
चिउरेबोटे क्षेत्रको ४ घर वस्ती स्थानान्तरण गर्ने ।
जलवायु परिवर्तन सचेतना गोष्ठी आयोजना गर्न ।

### संस्थागत विकास तथा सुशासन

वडा कार्यालयका जनप्रतिनिधि तथा कर्माचारीहरुको क्षमता विकास तालिम (शुत्र, लेखापरीक्षण, राजस्व, आदि) सञ्चालन गर्ने ।
वडामा नागरीक वडापत्र राख्ने ।
नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गर्ने ।
सूचना अधिकारी नियुक्त गर्ने ।

## वडा नं. ५ का योजनाहरु

### कृषि तथा पशुपालन

आर्थिक उत्पादन गर्न तुङ्खामा दुध उत्पादन बढाउन उन्नत जातको गाईपालनमा प्रोत्साहन दिने ।
तरकारी खेतीलाई आधुनिक तरीकाले टनेल छानाको व्यवस्था गर्ने ।
कम्पोष्ट मल/जैविक मल बनाउने तालिम तथा सो सम्बन्धित औजार खरिद गरी प्राङ्गारिक मल प्रयोगमा जोड दिने ।
टनेल हाउस निर्माणमा जोड दिने ।
बाख्रापालनमा तालिम तथा खोर सुधार कार्यक्रममा जोड दिने ।
जर्सी गाईपालनको लागि गोठ सुधार र घाँस खेतीको लागि कार्यक्रम सञ्चालन गर्ने ।
कृषि उपज सङ्कलन केन्द्र निर्माण गर्ने ।
व्यवसायिक खेती प्रवर्द्धनको लागि कृषकहरुलाई नि:शुल्क वा सहभागितामा मल बीउ उपलब्ध गराउने ।
व्यवसायिक गाई, भैसी पालन प्रवर्द्धनको लागि खरिद, दुवानी अनुसारको व्यवस्था गर्ने ।
बंगुर, बाख्रा पालनको लागि खरीद अनुदान उपलब्ध गराउने ।
गाई भैसीको दुध उत्पादन कृषकलाई उत्पादनको आधारमा अनुदान व्यवस्था गर्ने ।

**पर्यटन**

ध्वजे डाँडा, ओख्रे भ्यू टावर, लाप्चेटार, छवाङ्गे झरना क्षेत्रमा सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन गर्ने ।

ध्वजे डाँडा, ओख्रे भ्यू टावर, लाप्चेटार, छवाङ्गे झरना क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गर्न गुरुयोजना तथा डिपिआर निर्माण गर्ने ।

ध्वजे डाँडा, ओख्रे भ्यू टावर, लाप्चेटार, छवाङ्गे झरना क्षेत्रमा होर्डिङ बोर्ड, डाइरेक्सन बोर्ड राख्ने ।

सम्पूर्ण पर्यटकीय स्थलहरुलाई अङ्कित गरी नक्सा (Tourist Information Map) बनाउने ।

ध्वजे डाँडा र लाप्चेटारमा प्रवेशद्वार निर्माण गर्ने ।

घर तथा चोकमा होम स्टे बोर्ड राख्ने ।

पर्यटन प्रचार प्रसारका लागि ब्रोसर बनाउने तथा पर्यटन सूचना केन्द्र स्थापना गर्ने ।

बेङ्गना ऐतिहासिक घर, भगिस्वर थेमिमहाङ मेमोरियल पार्क, ओख्रे भ्यू टावर, ध्वजे डाँडा भ्यू टावरमा भएका संरचनाहरुको सरसफाइ तथा मर्मत गर्ने ।

कला, संस्कृति संरक्षणको लागि संग्रहालय निर्माण गर्ने ।

ध्वजे डाँडामा हावाबाट चल्ने खोर्ले (माने) राख्ने ।

ध्वजे डाँडा देखि थाम डाँडा जिपलाईन निर्माण गर्ने ।

ध्वजे डाँडामा भगवान बुद्धको प्रतिमा निर्माण गर्ने ।

ध्वजे डाँडा, ओख्रे टावरमा दुरविनको व्यवस्था गर्ने ।

ध्वजे डाँडा, ओख्रे टावर पदमार्ग निर्माण तथा मर्मत संहार ।

प्याराग्लाईडिङ, साईक्लिङ तथा अन्य साहसिक खेलहरुको लागि पूर्वाधार निर्माण गर्ने ।

सम्पूर्ण वडाहरुमा पोल लाईट बत्ती जडान गर्ने ।

ध्वजे डाँडा, ओख्रे भ्यू टावर, अजङ्गको बरको रुख, छवाङ्गे झरना, बेङ्गना, माने डाँडाको डि.पि.आर. निर्माण गर्ने ।

पर्यटकीय आकर्षणको रुपमा डाँडाबजार र ओख्रे बजार होम स्टेलाई विकास गर्ने ।

ध्वजे डाँडा, ओख्रे भ्यू टावर, अजङ्गको बरको रुख, छवाङ्गे झरना, बेङ्गना, माने डाँडा सनसेटमा खानेपानी निर्माण तथा व्यवस्थापन गर्ने ।

लाप्चेटार र तेखाको बीचमा रहेको लायङ्वा खोला माथि बन्जी जम्प निर्माण गर्ने ।

डाँडाबजार देखि तमोर करिडोर जोड्ने पैदल बाटोलाई हाईकिङ गर्न तथा पैदल बाटोहरुमा सिंढी निर्माण गर्ने ।

पर्यटन प्रवर्द्धन गर्न जैतुन पार्कदेखि वरको बोट सम्म पैदलमार्ग निर्माण गर्ने ।

बरको बोटसम्म खानेपानी सुविधा सहित पिकनिक स्पट निर्माण गर्ने ।

बरको बोटसम्म पुग्ने बाटो सिंढी रेलिङ पुरा गर्ने ।

दुई सय वर्ष पुरानो ऐतिहासिक घर संरक्षण तथा सम्वर्द्धन गर्ने ।

डाँडाबजार क्षेत्रमा होमस्टे व्यवस्थापन सीप विकास तालिम, भान्साघर सजावट तथा व्यवस्थापन, करेसाबारी व्यवस्थापन गर्ने ।

होमस्टे सम्बन्धी अध्ययन, अवलोकन अनुभव आदान प्रदान भ्रमण अन्तरक्रिया गर्ने ।

होमस्टे कार्यालय व्यवस्थापन, फर्निचरको व्यवस्था तथा घरसम्म पुग्ने स्थानीय सडक बाटो मर्मत सम्भार गर्ने ।

होमस्टे घर घरमा वैपल्पिक उर्जा सोलार वत्ती व्यवस्था गर्ने ।

**सहकारी**

सहकारी संस्थाको क्रियाशिलताको लागि सहकारी व्यवस्थापन, सदस्य जागरण, व्यवसायिक योजना निर्माण सम्बन्धी तालिम सञ्चालन गर्ने ।

पशुपालन, उद्यमशिलता, कृषि सम्बन्धी तालिम सञ्चालन गर्ने ।

सहकारीको सफ्टवेयर निर्माण तथा व्यवस्थापन गर्ने ।

कार्यालय व्यवस्थापन, फर्निचर खरिद व्यवस्थापन गर्ने ।

रसायनिक मल, बीउ विजन, किटनाशक औषधी बिक्री वितरणमा अनुदानको व्यवस्था गर्ने ।

सहकारी सम्बन्धी सिकाई अनुभव आदान प्रदान भ्रमण अन्तरक्रियाको आयोजना गर्ने ।

डाँडाबजार बहुउद्देशिय सहकारी संस्था लि. को आफ्नै जग्गामा भवन निर्माण गर्ने ।

**उद्योग**

डाँडाबजार ओख्रे क्षेत्रमा औद्योगिक क्षेत्र निर्माण तथा विस्तार गर्ने ।

**शिक्षा**

भानु मा.वि. मा २ वटा स्कुल बसको व्यवस्था गर्ने ।

भानु मा.वि. मा ४ कोठे विज्ञान प्रयोगशाला भवन र छात्राबास भवन (छात्र तथा छात्राको लागि १/१ वटा) निर्माण गर्ने ।

भानु मा.वि. मा मिटिङ्ग हल सहितको २ कोठे पुस्तकालय कक्ष र कम्प्यूटर प्रयोगशाला कक्ष निर्माण गर्ने ।

आवश्यकता अनुसार खेलकुद स्तर वृद्धिका लागि प्रशिक्षण तथा अभ्यास कार्यक्रम सञ्चालन गर्ने ।

आवश्यकता अनुसार गीत संगीतको स्तर वृद्धिका लागि प्रशिक्षण तथा अभ्यास कार्यक्रम सञ्चालन गर्ने ।

आवश्यकता अनुसार शैक्षिक स्रोत विकासका लागि सफ्टवेयर तथा हार्डवेयर सामाग्री निर्माण गर्ने ।

डाँडाबजार प्रा.वि. को विद्यालय भवन रङ्गरोगन तथा मर्मत गर्ने ।

डाँडाबजार प्रा.वि. मा घेराबार तथा खानेपानीको व्यवस्थापन गर्ने ।

राम प्रा.वि., तुङ्खामा तारबार घेरा तथा खानेपानीको व्यवस्थापन गर्ने ।

राम प्रा.वि. मा विद्यालय मर्मत तथा बत्ति मिटरको व्यवस्थापन गर्ने ।

राम प्रा.वि. मा क्लब घर निर्माण गर्ने ।

राम प्रा.वि. को खेलमैदान स्तरोन्नति गर्ने ।

श्री जनता प्रा.वि. मा विद्यालय मर्मत तथा बत्ति मिटरको व्यवस्थापन गर्ने ।

श्री जनता प्रा.वि. को विद्यालय भवन रङ्गरोगन तथा मर्मत गर्ने ।

श्री जनता प्रा.वि. मा घेराबार तथा खानेपानीको व्यवस्थापन गर्ने ।

आधुनिक शिक्षा प्रदान गर्नको लागि आवश्यक सामाग्रीको व्यवस्था गर्ने ।

रुद्र प्रा.वि. को पुरानो विद्यालय भवनमा झ्याल ढोका मर्मत तथा डेस्क बेन्चको व्यवस्था गर्ने ।

ध्वजे डाँडा सामुदायिक सिकाई केन्द्रको भवन निर्माण र कार्यालय व्यवस्थापन गर्ने ।

**स्वास्थ्य**

प्राथमिक स्वास्थ्य केन्द्रमा सामान्य चिरफार गर्न अति आवश्यक थप उपकरणहरुको व्यवस्था गर्ने ।

प्राथमिक स्वास्थ्य केन्द्रको ओ.पि.डि. भवनको छत चुहिन थालेको हुँदा ट्रष्ट निर्माण गरी मर्मत तथा भवन रङरोगन गर्ने ।

प्राथमिक सेवा केन्द्रमा विजुली अवरुद्ध हुँदा सम्पूर्ण उपकरण सञ्चालन गर्न व्याकअपको लागि जेनेरेटरको व्यवस्था गर्ने ।

प्राथमिक स्वास्थ्य केन्द्रमा Autoclaving room, आरामदायी स्तनपान कक्ष, किशोर किशोरी मैत्री कक्षको व्यवस्था गर्ने ।

प्राथमिक स्वास्थ्य केन्द्रमा डिस्पेन्सरी रुममा औषधीहरुको सुरक्षाको लागि फलामे बार र पस्ने ढोकाको व्यवस्था गर्ने ।

पोष्ट मार्टम भवनको भूँईमा टायल बिछ्याउने, खानेपानी तथा हात धुने ठाउँ, सफाईको लागि पानीको फोहराको जडान, भिसेरा राख्ने भाँडाहरु र रिएजेन्ट तथा केमिकलहरु व्यवस्थापन गर्ने ।

पोष्ट मार्टम गर्न नेपाल सरकारले सूचिकृत गरेका मापदण्डका औजारहरुको आवश्यक व्यवस्थापन गर्ने ।

मेडिकल अधिकृतलाई दक्ष बनाउन पोष्ट मार्टम सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

पोष्ट मार्टम रुमबाट निस्केका फोहरहरुलाई व्यवस्थापनको लागि ईन्सिनिरेटरको व्यवस्था गर्न ।

प्राथमिक स्वास्थ्य केन्द्रको सेवा सुविधा चुस्त र प्रभावकारी बनाउन मेडिकल अधिकृत तथा स्वास्थ्यकर्मीहरुलाई यातायात साधन मोटर साईकलको व्यवस्था गर्ने ।

प्राथमिक स्वास्थ्य केन्द्रलाई हस्पिटलमा  अपग्रेड गर्न आवश्यक पूर्वाधारहरुको निर्माण तथा व्यवस्था गर्ने ।

रेडक्रस भवनमा विद्युत लाईन व्यवस्थापन र परिसर घेराबार गर्ने ।

रेडक्रस कार्यालयमा राहत कोष स्थापना गर्ने ।

रेडक्रस कार्यालयमा खोज उद्दार जनशक्ति उत्पादन तथा परिचालन गर्ने ।

**खानेपानी तथा सरसफाइ**

डाँडाबजार ओख्रेमा ३० हजार लिटरको खानेपानी रिजर्भ ट्याङ्की निर्माण गर्ने ।

ओख्रे आलेटोल र गहिरीवारी खानेपानी योजना सञ्चालन गर्ने ।

एक घर एक धारा कार्यक्रमलाई निरन्तरता प्रदान गर्ने ।

तल्लो तुङ्खा भदौरे खानेपानी ट्याङ्की निर्माण गर्ने ।

कुवापानी केउरेनी खानेपानी मुहान संरक्षण तथा ईन्टेक निर्माण गर्ने ।

ओखरबोटे खानेपानी ट्याङ्की निर्माण गर्ने ।

बरबोटे लिफ्ट खानेपानी निर्माण सम्पन्न गर्ने ।

डाँडाबजार खानेपानी योजनालाई सामान दुवानीका लागि सहज बनाउन बाटो विस्तार गर्ने ।

ध्वजे डाँडा, माने डाँडा, तुङ्खा, ओख्रे, पैरे र लुम्फाजुङमा खानेपानीको रिजर्भ ट्याङ्की निर्माण गर्ने ।

सम्भाव्यता अध्ययन सहित खानेपानीको नयाँ मुहानबाट पाईप लाईन विस्तार गर्ने ।

डाँडाबजार खानेपानीको पाईप HDP खरिद तथा मुहानमा Intake फिल्टर निर्माण गर्ने ।

खोर्साने बन्चेटार साल्बोटे खानेपानी निर्माण योजना

**खेलकुद**

ओख्रे खेलमैदान मर्मत तथा सम्भार गर्ने ।

तल्लो तुङ्खा खेलमैदानमा ग्यावियन वाल, मेसिनेरी वाल र शौचालय निर्माण गर्ने ।

लाप्चेटारको खेलमैदान पूरा गर्ने तथा स्तरोन्नति गर्ने ।
तल्लो खेलमैदानमा भलिबल कोर्ट, व्याडमिन्टन कोर्ट सहित स्तरोन्नति गर्ने ।

**संस्कृति**

पैरे टोलमा चामचामुङ युवा क्लबमा मगर जातिको भेषभुषा तथा बाजाहरुको व्यवस्थापन गर्ने ।

**सडक तथा यातायात**

ओख्रे सनोट भिलेज सडक निर्माण गर्ने ।
ओख्रे गाउँ सिंढी बाटो निर्माण गर्ने ।
ओख्रे गैरीटोल ग्रामीण कृषि सडक स्तरोन्नती गर्ने ।
ग्रामीण कृषि सडकमा ड्रेन तथा जाली वाल तथा वर्षे पानी निकासको व्यवस्था गर्ने ।
बतासे पहाडी लोकमार्ग जोड्ने ।
बेगाना रिङरोड, खड्क सिंह मार्ग स्तरोन्नति गर्ने तथा नयाँ रिङरोड अध्ययन तथा निर्माणमा जोड दिने ।
डाँडाबजार-लाप्चेटार-टुकुरे सडक स्तरोन्नति गर्ने ।
डाँडाबजार-लाप्चेटार-विजयपुरटार बाटो स्तरोन्नति गर्ने ।
लाप्चेटार-तुङ्खा जोड्ने सडक निर्माण गर्ने ।
आदर्श चोक देखि प्राथमिक स्वास्थ्य केन्द्र सम्मको बाटो स्तरोन्नति गर्ने ।

**सिंचाई**

खोप्रेनी मिदिवा सिंचाई ट्याङ्की र पाईपको व्यवस्था गर्ने ।
डाँडाबजार सिंचाईको लागि थप मोटर तथा प्यानल बोर्ड खरिद तथा सौर्य उर्जा प्रविधि जडान गर्ने ।

**विद्युत तथा सञ्चार**

ओख्रे गाउँ पोल बत्ति विस्तार गर्ने ।
पुराना काठका विजुली पोल फेरेर नयाँ फलामका पुल राख्ने ।

**भवन निर्माण**

ओख्रे प्रहरी चौकी भवन निर्माण गर्ने ।
ओख्रे सायरेनी चर्चको भवन स्तरोन्नति गर्ने ।
ओख्रे औद्योगिक क्षेत्र नजिक मन्दिर निर्माण गर्ने ।
डाँडाबजार स्थित ईलाका हुलाक कार्यालय भवन निर्माण गर्ने ।
डाँडाबजार प्रहरी चौकी कार्यालय परिसर भित्र सेवाग्राही बस्न हावा घर निर्माण तथा कार्यालयको तारवार, पर्खाल निर्माण गर्ने ।
डाँडाबजार प्रहरी चौकी हिरासतमा रहेका थुनुवाहरुलाई डसना र सिरकको व्यवस्था गर्ने ।
डाँडाबजार प्रहरी चौकीमा जिन्सी सामानहरुको व्यवस्था गर्ने । (कम्प्युटर, स्टील दराज, प्रिन्टर, प्लाष्टिक कुर्सि - १० थान, ग्यास चुल्हो सेट, खाना पकाउने सामाग्रीहरु, थाल, बटुका, खाट, आदि)

डाँडाबजार प्रहरी चौकीमा विपद् व्यवस्थापन सामाग्रीहरुको व्यवस्था गर्ने । (स्ट्रेचर, करुवा, नाइलन डोरी, सिल्वर वाल्टिन, हसिया, झम्पल, फायर ग्यास, आदि)
डाँडाबजार प्रहरी चौकीमा कार्यलय प्रयोगको लागि WiFi को वार्षिक शुल्क भुक्तानी गर्ने ।
डाँडाबजार प्रहरी चौकीमा दुर्गा भगवती मन्दिर निर्माण गर्ने ।

### वन तथा भूसंरक्षण

निजी वन विकासका लागि नम्बरी र आवादी जग्गाभित्रका वर्षेनी काटिएका रुखहरुको ठाउँमा पुन: वृक्षारोपण गर्ने ।
विरुवा ढुवानी सेवाको लागि किसानको घरदैलो कार्यक्रम गर्ने ।
निजी क्षेत्रको रुख कटानी गर्दा स्थानीय अमिन/सर्भेक्षकलाई प्रयोग गर्न स्थानीय अमिन/सर्भेक्षकसँग नक्सा सम्बन्धी GIS Map तथा Software को व्यवस्था हुनुपर्ने ।
साँगुरीगढी गाउँपालिका वडा नं. ३ मा लाहा खेतीको प्रवल सम्भावना रहेकोले सो खेती विस्तारको लागि तालिम तथा बीउ लगायत अन्य अनुदानको व्यवस्था गर्ने ।
निजी जग्गा र सरकारी जग्गा छुट्याउन स्थानीय नापी प्राविधिक (स्थानीय अमिन/सर्भेक्षक)लाई गाउँपालिकाबाट प्रोत्साहित गर्ने ।
वर्षेनी रुपमा गाउँपालिकाभित्रका सडकहरु दायाँ वायाँ Ornamental (रमणिय) वृक्षारोपण गरी पर्य-पर्यटनलाई बढुवा दिन गाउँपालिकाबाट बजेटको व्यवस्था गर्ने ।
सामुदायिक वनको रुपमा हस्तान्तरण भएका राष्ट्रिय वनहरुमा वर्षेनी लाग्ने वन डढेलो नियन्त्रणका लागि सिजनल वन डढेलो नियन्त्रण हेरालुको व्यवस्था गर्ने ।
राजारानी सब डिभिजन वन कार्यालय साँगुरीगढी गाउँपालिका वडा नं. ५ स्थित डाँडाबजारमा रहेको र वनको कार्यालयका कोठा र आवासको न्यूनतम आधारभूत व्यवस्थाको लागि हाल कार्यालय भवन रहेको ठाउँमा जग्गा कम र अनुपयुक्त रहेकोले वैकल्पिक जग्गाको खोजी गरि गाउँपालिकाबाट थप सुधारका लागि कार्यहरु गर्ने ।
राजारानी सब डिभिजन वन कार्यालयमा
नर्सरी विरुवा उत्पादनको व्यवस्था गर्ने ।

## वडा नं. ६ का योजनाहरु

### कृषि तथा पशुपालन

नाम्जे, थुम्की क्षेत्रमा अर्गानिक तरकारी उत्पादन र कुखुरापालन गर्न प्रोत्साहन गर्न पहल गर्ने ।
धारापानी क्षेत्रमा अदुवा र अलैंची उत्पादन तथा बाख्रापालन गर्ने ।
कार्कीछाप क्षेत्रमा नास्पाती, पाल्म फलफुल उत्पादन तथा ट्राउट माछा, बाख्रा र बंगुर पालन गर्ने ।
मालबासे क्षेत्रमा तरकारी उत्पादन र बंगुर तथा कुखुरा फार्म सञ्चालन र बाख्रापालन गर्ने ।
सिम्सुवा क्षेत्रमा तरकारी, धान, मकै र फलफुल उत्पादन तथा माछा, बंगुर, गाई भैंसी पालन गर्ने ।
बताहा क्षेत्रमा धान खेती गर्ने ।
जिमी गाउँ क्षेत्रमा तेजपत्ता, मसलाबाली उत्पादन र प्रशोधन गर्ने ।
मजुवा र मुक्तेन क्षेत्रमा अकबरे खुर्सानी उत्पादन तथा बंगुर र बाख्रा पालन गर्ने ।
गुर्दुमटार, ओलुङटार र डाडेनी क्षेत्रमा मसला र फलफुल उत्पादन तथा बाख्रापालन गर्ने ।

एक घर एक प्लाष्टिक टनेल निर्माण गर्ने ।
माटो परीक्षण गरी बाली उत्पादनमा वृद्धि गर्ने ।
कृषि प्राविधिक तथा पशु स्वास्थ्य प्राविधिकको व्यवस्था गर्ने ।
पशु तथा बाली बीमा कार्यक्रम सञ्चालन गर्ने ।
कृषि तथा पशुपन्छी पालनमा अनुदानको व्यवस्था गर्ने ।
कृषि तथा पशुपन्छी उत्पादन र प्रशोधन केन्द्र स्थापना गर्ने ।
कृषि तथा पशुपन्छी उत्पादनका लागि प्रशस्त बजेट विनियोजन गर्ने ।
कृषक परिचय पत्र वितरण गर्ने ।
कृषक भ्रमण कार्यक्रम आयोजना गर्ने ।
कृषकहरुलाई प्रोत्साहनको लागि उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गर्ने ।
अर्गानिक कृषि उत्पादन पकेट क्षेत्र स्थापना गर्ने ।
रैथाने बाली उत्पादनमा जोड दिने ।
कृषि बजार व्यवस्था गर्ने ।
कृषि सहकारीहरुलाई कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने ।

**उद्योग तथा वाणिज्य**

जिमीगाउँ, भोलम्टार र डोर्डनी क्षेत्रमा तेजपातको तेल उत्पादन उद्योग स्थापना गर्ने ।
सिम्सुवा क्षेत्रमा बंगुर, गाई, कुखुराको दाना उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
कार्कीछाप क्षेत्रमा फलफुल उत्पादन प्रशोधन केन्द्र स्थापना गर्ने ।
भेडेटार क्षेत्रमा अचार उत्पादन उद्योग स्थापना गर्ने ।

**सहकारी तथा वित्तीय क्षेत्र**

सहकारीका सञ्चालक तथा कर्मचारीहरुलाई आवश्यक तालिम सञ्चालन गर्ने ।
कृषि क्षेत्रमा लगानी तथा बजारीकरणको लागि कृषि सहकारी दर्ता तथा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
पालिकाबाट कृषि सहकारीहरुलाई बीउ विजनको व्यवस्था गर्ने ।
सहकारी संस्थाहरुको संगठिक संस्था सहकारी बैंक सञ्चालन गर्ने ।

**पर्यटन**

पाथिभरा मन्दिरमा पर्यटन पूर्वाधार निर्माण गर्न डि.पि.आर. तयार गर्ने ।
पर्यटकीय क्षेत्रमा प्रवेश गेट निर्माण गरी आवश्यक गेट लाईटको व्यवस्था गर्ने ।
पर्यटकीय क्षेत्रको सञ्चालन तथा मर्मत सुधार तथा पालिकाको राजस्व वृद्धिको लागि प्रवेश शुल्क, पार्किङ शुल्क निर्धारण गर्ने ।
पर्यटकीय क्षेत्रमा पहुँच सडक, फोहरमैला व्यवस्थापन, लज तथा होम स्टे, आदिको व्यवस्था गर्ने ।
भेडेटार क्षेत्रमा पर्यटकीय सूचना केन्द्र स्थापना गर्ने ।
नमस्ते झरना देखि गुधुम-डोडेनी हुँदै थुम्कीसम्म पदमार्ग निर्माण गर्ने ।
भेडेटार-नाम्जे-नमस्ते झरना सम्म साईक्लिङ मार्ग निर्माण गर्ने ।
गुधुम डोडेनी क्षेत्रमा नयाँ होम स्टे सञ्चालन गर्ने ।

पर्यटन कार्यक्रम (होली, दिपावली, चंगाचेट, आदि) सञ्चालन गर्ने ।
ऐतिहासिक, धार्मिक, साँस्कृतिक पर्यटनको विकास गर्ने ।
धारापानी पञ्चमी मेला र पापनी मेलाको फनपार्कको स्तरोन्नति गर्ने ।
पर्यटन गाईड तालिम प्रदान गर्ने ।
पर्यटन विश्रामस्थल निर्माण गर्ने ।
पाथिभरा मन्दिर देखि कार्कीछाप सम्म पदमार्ग निर्माण गर्ने ।
कार्कीछाप क्षेत्रमा फनपार्क निर्माण गर्ने ।
कार्कीछाप क्षेत्रमा एडभेन्चर पार्क निर्माण गर्ने ।
कार्कीछाप झरना पदमार्ग निर्माण गर्ने ।
भेडेटार मिनीपार्क निर्माण गर्ने ।
कार्कीछाप वनभोज स्थल निर्माण गर्ने ।
सूर्योदय बुद्ध विहार जाने बाटो व्यवस्थापन गर्ने ।
कार्कीछाप क्षेत्रमा ३ फेज विद्युत लाईन विस्तार तथा सडक बत्ती व्यवस्थापन गर्ने ।
नाम्जे थुम्की होम स्टेमा सडक बत्ति तथा सामुदायिक हलमा साउण्ड सिस्टम, पोडियम, सोफा, कार्पेट, आदिको व्यवस्था गर्ने ।
नाम्जे थुम्की होम स्टेमा फोहरमैला व्यवस्थापन, फुटट्रेल निर्माण तथा अधुरो भवन निर्माण गर्ने ।
फेदी, धारापानी देखि साँगुरीगढी पदमार्ग निर्माण गर्ने ।
ऐतिहासिक स्थल साँगुरीगढीमा विद्युत विस्तार तथा घेराबार गर्ने ।
बहुसाँस्कृतिक संग्रहालय निर्माण योजनालाई प्राथमिकता दिने ।
नमस्ते झरना स्थित महाकाली मन्दिर निर्माण र संरक्षण गर्ने ।
कार्कीछाप थानी डाँडाको संरक्षण एवम् पूर्वाधार निर्माण गर्ने ।
नाम्जे माथिल्लो टोलमा नात्र गैरी नाग देवी मन्दिरको स्थापना गरी पूर्वाधार एवम् सो स्थान पुग्नको लागि फुटट्रयाक निर्माण गर्ने ।
पाथिभरा मन्दिर तथा नमस्ते झरनामा पार्किङ स्तरोन्नति गर्ने ।

**कृषि तथा पशुपालन**

शुद्ध तरकारी तथा फलफुलहरु उत्पादन गरी धार्मिक पर्यटक तथा होटल व्यवसायीहरुलाई बिक्री गर्ने ।
धारापानी क्षेत्रमा अदुवा, अलैंची उत्पादन गर्ने ।
कार्कीछाप क्षेत्रमा फलफुल, अदुवा, नासपाती, आदि उत्पादन गर्ने ।
नाम्जे क्षेत्रमा अर्गानिक सब्जी उत्पादन गर्ने ।
सिम्सुवा क्षेत्रमा माछा, बंगुर पालन गर्ने ।
पशु सेवा प्राविधिकको व्यवस्था गर्ने ।

**शिक्षा**

सामुदायिक एवम् संस्थागत विद्यालयहरुलाई समन्वय गराई गुणस्तर शिक्षालाई नैतिक शिक्षा, शारीरिक शिक्षा, स्वास्थ्य शिक्षा, व्यवसायिक शिक्षा, उत्पादनमूलक शिक्षामा एकरुपता गरी सबैमा शिक्षाको पहुँच पुऱ्याउनको लागि योजना बनाई कार्यान्वयन गर्ने ।

अभिभावक गोष्ठीको महत्व बुझाउनको लागि कडाईको साथ लागु गराउने ।
स्नातकोत्तर सम्म पढाईको लागि एउटा विद्यालयलाई नमुना विद्यालय बनाउने योजना बनाई कार्यान्वयन गर्ने ।
बेला बेलामा शिक्षक तालिमको व्यवस्थापन गरी उत्कृष्त शिक्षकलाई प्रोत्साहन स्वरुप सम्मान गर्ने साथै कम्जोरी तथा निस्कृयलाई सजायको भागी बनाउने पर्ने ।
स्थानीय भाषाको पाठ्यक्रम एवम् बहु भाषा लागु गर्ने र दक्ष शिक्षकको परिचालन गर्ने ।
विद्यालय भवन मर्मत तथा बाल विकास केन्द्र भवनहरु निर्माण योजना बनाउने ।
गुर्दममा नयाँ बाल विकास केन्द्र स्थापना गर्ने ।

**स्वास्थ्य**

घर घरमा सामान्य प्रसुती सेवा उपलब्ध गराउने ।
एक स्थानीय विद्यार्थीलाई एम.वि.वि.एस.सम्म सहुलियत पढाई खर्चको व्यवस्था गरी सो विद्यार्थीलाई आफ्नो स्थानीय तहमा निश्चित अवधि सम्म सेवा प्रवाह गर्न उत्प्रेरण गर्ने ।
एम्वुलेन्स सेवाको थप गर्ने ।
व्यवस्थित मेडिकल स्टोर स्थापना गर्ने ।

**खानेपानी तथा सरसफाइ**

सार्वजनिक स्थानमा खानेपानीको व्यवस्थापन गर्ने ।
बाह्र महिना स्वस्थ खानेपानी व्वयस्था गर्न मुहान संरक्षण गर्न ।
वर्षातको पानी डाँडामा संरक्षण गरी खानेपानीको मूल संरक्षण गर्ने ।
फोकेपानी लिफ्टिङ सिस्टम सम्पन्न गर्ने ।
लिफ्टिङ सिस्टममा विद्युत अवरोध हुने हुँदा जेनेरेटर खरिद गरी व्यवस्थित गर्ने ।
पानीको श्रोत नभएको ठाउँमा पम्पिङ सिस्टमको खानेपानी वितरण गर्ने ।
कार्कीछाप खानेपानी समितिको अनुगमन गरी कर्मचारी परिचालनका लागि पहल गर्ने ।
कार्कीछाप खानेपानी योजनामा रिजर्भ ट्याङ्कीको क्षमता वृद्धि गर्ने ।
खानेपानी मूल संरक्षण कार्यक्रम गरी परिचालन गर्ने ।
साप्ताहिक रुपमा स्थानीयवासीलाई सरसफाइ गर्न प्ररित गर्ने ।
फोहरमैला व्यवस्थापन गर्ने गाडीको व्यवस्था गर्ने ।
फोहरमैला व्यवस्थापनको लागि सड्ने र नसड्ने फोहर अलग अलग छुट्याउने र टोल वस्तीमा फोहरमैला सङ्कलन गर्ने ड्रम राख्ने साथै दैनिक वा साप्ताहिक रुपमा फोहरमैला सङ्कलन गरी निश्चित स्थानमा विसर्जन गर्ने ।
यातायातको क्रममा यात्रीबाट गर्ने फोहरलाई व्यवस्थित गर्न ड्राईभर र सह-चालकलाई ब्रोसर र पम्प्लेट वितरण गरी यात्रीलाई सचेत गराउने ।
यात्रुबाहक सवारी साधनलाई जथाभावी रोक्न नदिने र सार्वजनिक शौचालय मात्र प्रयोग गर्न लगाउने ।
यात्रुबाहक साधनहरु विग्रिएर मर्मत गरेको स्थानमा सरसफाइ गरेर मात्र लान दिने गर्न ।

**खेलकुद**

मिडिटेसन हल र प्रशिक्षकको व्यवस्था गर्ने ।

खेलकुद विकासका लागि युवाहरुलाई प्रोत्साहन गरी खेलकुद सामाग्री विनियोजन गर्ने ।
नाम्जे क्षेत्रमा सुविधा सम्पन्न खेलकुद स्थान निर्माण गर्ने ।

**संस्कृति**

वडाभित्र रहेका सबै जातजातिहरुको संरक्षण, सम्वर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।
मगर जातिको हुर्रा नाच, लिम्बु जातिको ढोल नाच र धान नाच, राई जातिको साकेला, याक्खा जातिको गेलाङ नाच र धान नाच एवम् प्रमुख जातिको संस्कृति विशेष कार्यक्रम सञ्चालन गर्ने ।
साँस्कृतिक भवन निर्माण गर्ने ।

**लैङ्गिक समानता**

महिला लक्षित आय आर्जन कार्यक्रम (लघु उद्यम विकास) गरी आय आर्जन गर्न सहयोग गर्ने । (५ वर्षमा कम्तिमा ५०० महिलालाई आय आर्जन गर्ने कार्यक्रम सञ्चालन गर्ने )
योजना तर्जुमा तथा कार्यान्वयनमा लैङ्गिक सहभागिता सुनिश्चित गर्ने ।
महिला शिक्षालाई प्राथमिकता दिने ।
छोरा छोरी दुबै लाई पैत्रिक सम्पत्तिमा बराबर हक हुने कानुन बनाउनु पर्ने ।

**समावेशिता**

अपाङ्ग मैत्री स्थानीय सरकारको निर्माण गर्ने ।
आय आर्जन तथा प्रतिभा सम्मान जस्ता कार्यक्रम सञ्चालन गरी पिछडिएका, अपाङ्ग, दलित, आदिवासी जनजाति लगायत सामाजिक साँस्कृतिक तथा विभिन्न रुपमा पिछडिएका वर्गको जीवनस्तर सुधार गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
आवश्यक सामाग्रीहरु सहित जेष्ठ नागरीक चौतारो तथा अन्तरक्रियात्मक भवन निर्माण गर्ने ।

**लघु तथा साना जलविद्युत**

सिम्सुवा खोला लघु जलविद्युत आयोजना निर्माण गर्ने ।
गडेरे खोला लघु जलविद्युत आयोजना निर्माण गर्ने ।

**भवन तथा शहरी विकास**

भेडेटार क्षेत्रमा आदिवासी जनजाति तथा विभिन्न जातजाति संस्थागत भवन निर्माण गर्ने ।
भेडेटार क्षेत्रमा विपद् व्यवस्थापन केन्द्र स्थापना गर्ने ।
साँगुरीगढीमा एकीकृत वस्ती विकास कार्यक्रम सञ्चालन गर्ने ।
भेडेटार क्षेत्रमा वधशाला निर्माण गर्ने ।
बरगाछी, कार्कीछापमा वहुउद्देशिय खेलकुद भवन निर्माण गर्ने ।
नाम्जे चोक सप्तरंगी सामुदायिक संस्थाको स्तरोन्नति तथा कम्पाउण्ड वाल निर्माण गर्ने ।

**सिंचाई**

धारापानी खोलाबाट पक्की कुलो सहित बताह सिंचाई योजना निर्माण गर्ने । (२ कि.मि.)
जिमीगाउँ कोलबोटे सिंचाई योजना निर्माण गर्ने । (४ कि.मि.)

सिम्सुवा खोलाबाट डोडेनी सिंचाई योजना मर्मत गर्ने। (२ कि.मि.)
गडेरेबाट नाम्जे गैरीटोल थुम्की सिंचाई योजना निर्माण गर्ने। (३ कि.मि.)
लेउती खोलाबाट मुक्तेन सिंचाई योजना निर्माण गर्ने। (३ कि.मि.)

### विद्युत

साँगुरीगढी क्षेत्रमा पोल, मुख्य लाईन, ट्रान्सफर्मर र ट्रान्समिटर सहित विद्युत विस्तार गर्ने। (३ कि.मि.)
नाम्जे गाउँ, धारापानी, कार्कीछाप, मजुवा, मुक्तेन क्षेत्रमा काठे पोल हटाई फलामे पोल विस्तार गर्ने। (५० वटा)
सिम्सुवा फेदी-साँगुरीगढी-पाथिभरा-काम्फे-एक्लेटार सडकमा सोलार बत्ती तथा विद्युत लाईन विस्तार गर्ने।
कार्कीछाप (मालबासे) जनजाति पार्क क्षेत्रमा विद्युत विस्तार गर्ने।

### सडक तथा यातायात

कार्कीछाप झरना सडक विस्तार गर्ने। (२ कि.मि.)
साँगुरीगढी-धारापानी-फेदी-सिम्सुवा-नमस्ते झरना-गर्दुम-थुम्की-आत्मा घर पैदलमार्ग निर्माण। (२० कि.मि.)
नमस्ते झरना देखि लपडाँडा-आत्मा घर-थुम्की जाने सडक निर्माण गर्ने। (५ कि.मि.)
भेडेटार रिङरोड (कोशी राजमार्ग-काम्फोक-चौरासे डाँडा वन कार्यालय सम्म) सडक पक्की नाली र रिटेनिङ वाल सहित कालोपत्रे गर्ने। (३ कि.मि.)
कुहिभिर मुक्तेन सडक पक्की नाली, कल्भर्ट, रिटेनिङ वाल, ग्यावियन वाल सहित कालोपत्रे गर्ने। (७ कि.मि.)
थुम्की देखि जिमी गाउँ हुँदै सिम्सुवा सम्म ग्राभेल, पक्की नाली, रिटेनिङ वाल, ग्यावियन वाल सहित कालोपत्रे गर्ने। (१० कि.मि.)
कोल्बोटे-धारापानी रिङरोड ग्राभेल, पक्की नाली र वाल निर्माण गरी स्तरोन्नति गर्ने। (३ कि.मि.)
भेडेटार-साँगुरीगढी शाखा सडक ग्राभेल, पक्की नाली र वाल निर्माण गरी स्तरोन्नति गर्ने। (१.५ कि.मि.)
नाम्जे-गैरी गाउँ जाने सडक ग्राभेल, पक्की नाली र वाल निर्माण गरी स्तरोन्नति गर्ने। (२.५ कि.मि.)
कार्कीछाप-शुभ प्रभात स्कुल सडक पक्की नाली र कल्भर्ट सहित कालोपत्रे गर्ने। (१ कि.मि.)
नाम्जे (थुम्की) जनजाति पार्क सडक कालोपत्रे गर्ने। (१ कि.मि.)
घण्टे माथि जाने सडक ग्राभेल, पक्की नाली र नयाँ कटिङ सहित स्तरोन्नति गर्ने। (१ कि.मि.)
एक्लेटार-डोडेनी सडक ग्राभेल, पक्की नाली सहित स्तरोन्नति गर्ने। (३ कि.मि.)
काम्फेक-एक्लेटार सडक स्तरोन्नति गर्ने। (१ कि.मि.)
नमस्ते झरना खहरे खोला झो.पु. निर्माण गर्ने। (५० मि.)
सिम्सुवा खोला नमस्ते झरना पक्की पुल निर्माण गर्ने। (५० मि.)
सिम्सुवा खोला-गुर्धुम पक्की पुल निर्माण गर्ने। (५० मि.)
जिमीगाउँ-मुक्तेन गडेरी खोलामा झो.पु. निर्माण गर्ने। (१०० मि.)
कार्कीछाप झरना झो.पु. निर्माण गर्ने। (१५० मि.)
भेडेटार क्षेत्रमा बसपार्क निर्माण गरी पार्किङको समेत व्यवस्था गर्न पहल गर्ने।

### मानव संसाधन विकास

एक घर एक दक्ष जनशक्ति उत्पादन तथा विभिन्न सीपमूलक/आयमूलक तालिम सञ्चालन गर्ने। (पर्यटकीय गाईड, प्लम्बिङ, विद्युतिय वायरिङ, सिलाई बुनाई, उद्घोषण, कम्प्युटर तालिम, खेलकुद प्रशिक्षण, आदि)

**संस्थागत क्षमता विकास**

जनताको सुरक्षासँग प्रत्यक्ष सरोकार राख्ने ईलाका प्रहरी कार्यालयको स्तरोन्नति गर्ने ।
ईलाका प्रहरी कार्यालयको महिला व्यारेक र पाहुना कोठा निर्माण गर्ने ।
समाजमा घट्ने अपराध, लागु ओषध नियन्त्रण, वाल विवाह, विद्युतिय अपराध, लैङ्गिक हिंसा, घरेलु हिंसा जस्ता अपराधलाई न्यूनिकरण गर्न ईलाका प्रहरी कार्यालयले जनतासँग साझेदारी कार्यक्रम, महिला समूह, विद्यालय र विभिन्न सङ्घ संस्थासँग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने ।
दैवी प्रकोपबाट हुने मानविय तथा भौतिक क्षति न्यूनिकरण गर्न आवश्यक पर्ने भौतिक साधन श्रोत प्रहरी कार्यालयमा उपलब्ध गराउन पहल गर्ने ।
विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षकहरुलाई तालिमको व्यवस्था गर्ने ।

**सेवा प्रवाह तथा सूचना प्रविधि**

कृषि, पशुपन्छी, स्वास्थ्य सेवा प्रवाह न्यूनतमा भएको हुँदा सो सेवा चुस्त र दुरुस्त बनाउन आवश्यक पहल गर्ने ।
वडा भित्र रहेका विभिन्न सङ्घ संस्थाको क्रियाकलापलाई अनुगमन गर्दै सो सङ्घ संस्थाको पारदर्शिता र आन्तरी लेखा परीक्षण (आलेप)को सुपरीवेक्षण गर्ने ।
रेडक्रस सोसाईटी लागि छुट्याईएको बजेट हाल सम्म कार्यान्वयनमा नल्याएको हुनाले सो समस्या समाधान गर्न पहल गर्ने ।
वडा कार्यालयले प्रत्येक आ.व.को अन्तिम महिनामा सार्वजनिक लेखा परीक्षण गर्नुपर्ने ।
सबै वडावासीले सूचना पाउनका लागि भेडेटार चोकमा सार्वजनिक सूचना पाटीको स्थापना गर्ने ।

**वातावरण तथा विपद् व्यवस्थापन**

लेउती खोलाले आवादी जग्गाहरु कटान तथा मजुवा वस्तीमा भू-क्षयको कारण तल्लो तटीय क्षेत्र पुरिएको कारण घण्टे, फेदी, फलामेटार, भगवती स्कुल, सिम्सुवा क्षेत्रमा नदी तटबन्धन गर्ने ।
पाथिभरा सामुदायिक वन क्षेत्रमा वन डढेलो जोखिम न्यूनिकरण गर्न पर्यटक तथा स्थानीय जनतामा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।
वडाको शाखा सडकहरु निर्माण गर्दा डिपिआर सहित ड्रेन र कल्भर्टको व्यवस्था गर्ने ।
भौतिक निर्माण कार्य गर्दा जलाधार क्षेत्रलाई ध्यान राखी विज्ञको सल्लाह अनुसार कार्य गर्ने ।
व्यवस्थित डम्पिङ क्षेत्र (स्यानिटरी ल्याण्डफिल साईट) निर्माण गर्ने ।
वाढी पहिरो र भू-क्षय नियन्त्रण गर्न पानी धेरै निस्कासन गर्ने वृक्षारोपण गर्ने ।
वन अतिक्रमण रोक्न पहल गर्ने ।
नाम्जे विद्यालय सिंचाई योजनाको जलाधार क्षेत्र निर्धारण गर्ने ।
नमस्ते झरना संरक्षण तथा जलाधार क्षेत्र घोषणा गर्ने ।
जलवायु परिवर्तन सँगै वन क्षेत्रमा जडिबुटी लोप भएको, गुराँस समयमा नफुल्ने, पाखाम्वेद नफस्टाउने हुनाले वरपर वृक्षारोपण गर्ने ।
जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
फोहरमैला व्यवस्थापनको निम्ति कुहिने र नकुहिने फोहर छुट्याई मात्र फोहर सङ्कलन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
कुहिने फोहरबाट मल बनाउने र पुन:प्रयोगमा ल्याउन सकिने फोहरहरुलाई रि-साईकल गर्ने ।

फोहरमैला सङ्कलनको लागि पालिकाको ट्याक्टर सञ्चालनमा ल्याउने ।
जलउत्पन्न प्रकोप नियन्त्रणको लागि वृक्षारोपण गर्ने ।
विपद् व्यवस्थापन सम्बन्धी विशेष तालिमको व्यवस्था गर्ने ।

## वडा नं. ७ का योजनाहरु

### कृषि तथा पशुपालन

संगुर, कुखुरापालनको लागि अनुदानको व्यवस्था गर्नुपर्ने ।
नसल सेवा केन्द्र स्थापना गर्नुपर्ने ।
हाईब्रिड बिउ बिजन उपलब्ध गर्नुपर्ने ।
नास्पाती तथा सुन्तलाको प्रशोधन मिल स्थापना गर्ने ।
अदुवा र वेसार प्रशोधन मिल स्थापना गर्ने ।
हाट बजार व्यवस्थापन गर्ने ।
मौरीपालनको लागि डुर व्यवस्था गर्ने ।
एक घर एक टनेलको व्यवस्था गर्ने ।
वयल बोका बाख्रा पालनमा अनुदानको व्यवस्था गर्ने ।
टमाटरको सस बनाउने तालिम तथा घरेलु उद्योग स्थापना गर्ने ।
भुजिया बनाउने तालिम तथा घरेलु उद्योग स्थापना गर्ने ।
शित भण्डार कोल्ड स्टोरको डिपिआर सहित निर्माण गर्ने ।
माटो परीक्षण सम्बन्धी जनचेतना एवम् माटो परीक्षणको व्यवस्था गर्ने ।
कृषि समूहको गठन गरी आधुनिक कृषि ट्रयाक्टर उपलब्ध गराउने ।
माटो सुहाँउदो अदुवा, सिमी, अलैची, कोदो, धान, मकै, टमाटर, बोडी, खुर्सानी जस्ता बालीहरुको लागि बीउ, मलको व्यवस्थापन गर्ने ।
मौसम तथा हावापानी(ठाउँ र माटो)को अनुकुल सुहाँउदो बीउ, मल, खाद्य, उपलब्ध गर्ने ।
बेमौसमी फलफुल खेती तथा तरकारी खेती गर्ने तरिका तथा तालिमको व्यवस्था गर्ने ।
सामाजिक आर्थिक क्रियाकलाप बढाउन तथा बस्तु बिनियम र बस्तु खरीद बिक्री गर्न साप्ताहिक बजार (हटिया)को व्यवस्था गर्ने ।
कृषि उपज सङ्कलन केन्द्रहरुलाई व्यवस्थित गर्ने ।
गोलखाडी प्रिती चोकमा रहेको कृषि भवन मर्मत गर्ने ।
पकेट क्षेत्र निर्धारण गर्ने ।
कृषि तथा पशुपालन सम्बन्धी तालिम (कम्पोष्ट मल तथा रासायनिक मलको प्रयोग विधि, कृत्रिम गर्भाधाको व्यवस्थापन, आदि)
कृषि सम्बन्धी आधुनिक औजारको व्यवस्थापन गर्ने ।

### पर्यटन

डाङडुङ्गे छिन्ताङ देवीथान क्षेत्रको पर्यटन पूर्वाधार गुरुयोजना तयार गर्ने ।
साकेला पार्कको गुरुयोजना तयार तथा पार्क व्यवस्थापन गर्ने ।

पाँचकन्या सिद्धदेवी मन्दिर क्षेत्र व्यवस्थापन तथा मन्दिर निर्माण गर्ने ।
रामगुवा खोला र कावेली सडक क्षेत्रसँगै जोडिएको क्षेत्रहरुको पर्यटकीय पूर्वाधार निर्माण गर्ने ।

**सहकारी**

वडाभित्र १ बचत तथा ऋण सहकारी संस्था र १ साना किसान कृषि सहकारी स्थापना गर्ने ।
सहकारी भवन निर्माण गर्ने ।

**शिक्षा**

गोलखाडी मा.वि.मा पक्की भवन निर्माण गर्ने ।
लोकप्रिय प्रा.वि.मा शौचालय निर्माण गर्ने ।
जनसेवा प्रा.वि.मा पक्की भवन र शौचालय निर्माण गर्ने ।
वडाभित्रका विद्यालयहरुमा अध्ययन तथा अध्यापन गर्ने बालबालिकाहरुको आर्थिक अवस्था, शारिरीक, मानसिक र पारिवारिक घरायसी अवस्था र समुदायभित्रको वातावरणलाई स्थलगत अध्ययन गरी विद्यालयको पहुँच सम्म पुऱ्याउने वातारण बनाउने ।
विद्यालयको दुरदराजतालाई हेरेर प्रोत्साहनको लागि आर्थिक तथा भौतिक सहयोग गर्ने ।
अभिभावकको रेखदेख नभएका जस्तै आमा र बुबाको टुङ्गो नभएका तथा लोग्ने स्वास्नी बीचको सम्बन्ध बिग्रिएको कारण निर्दोष बच्चाको पञ्जिका तथा शिक्षा, स्वास्थ्य र पोषणको समस्या र अभाव भएका बच्चाहरुको अध्ययन गरी संरक्षण र कानुनी मान्यता र अधिकार दिलाउने ।
एकल महिला तथा विधवा महिलाद्वारा आश्रित बच्चाहरुको संरक्षण तथा उचित शिक्षाको व्यवस्था गर्ने ।
विद्यालयमा दिवा खाजा दिंदै गरिएको रकममा थप तथा अन्य बालबालिकाहरुको लागि पोषण भत्ताको व्यवस्था गर्ने ।
दलित समुदाय तता बालबालिकाहरुको लागि थप प्रोत्साहनको लागि शैक्षिक कार्यक्रम गर्ने ।
लैङ्गिक समानताको लागि गाउँघरमा शैक्षिक जनचेतना विकासको लागि तालिम, गोष्ठी तथा छलफल कार्यक्रम गर्ने ।
अपाङ्ग तथा असहाय बालबालिकाहरुका लागि थप सहयोग गरी सम्बन्धित क्षेत्रमा पुऱ्याउने ।
सम्बन्धित वडाभित्रका विद्यालयहरुको शैक्षिक, भौतिक, आर्थिक तथा प्रशासनिक पक्षहरुको समय समयमा अनुगमन तथा निर्देशन गर्ने ।
श्री गोलखाडी मा.वि.लाई आगामी आ.व. २०८०-८१ बाट १०+२ सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार निर्माण र शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने ।
खाजा व्यवस्थापनका लागि समय समयमा निरीक्षण, अनुगमन तथा निर्देशन गर्ने ।

**स्वास्थ्य**

गाउँघर क्लिनिक कार्यक्रम अनिवार्य सञ्चालन गर्ने ।

**खानेपानी तथा सरसफाइ**

गाउँघर तथा वस्तीहरुको जनघनत्व र अवस्था हेरी खानेपानी, सार्वजनिक शौचालय र घर आँगन सरसफाइ गर्ने कार्यक्रम अभियान सञ्चालन गर्ने ।

खानेपानी मुहान संरक्षण गर्न वृक्षारोपण गर्ने ।
छाबुक राम गुवा खानेपानी लिफ्टिङ गरी खानेपानीको समस्या समाधान गर्ने ।
नुङ्नान्मा, रातोपानी, तातेलवा, रामगुवा, माखवा, छावुक, जमबुराङ, होथोरोपा, खिचमा, मुसेखाम, नन्दालुङ, थोरोङराङ, आलेनी, वोन्वा, नेयाचाक्वा, छोकवाला, राङघोङ्ला, रिनराङ, आदि मुहान संरक्ण गर्ने ।
खुल्ला दिसा पिसाब मुक्त कार्यक्रमलाई थप मजवुत बनाउने ।
सबै गाउँ, टोल, वस्तीमा स्वच्छ खानेपानी पुऱ्याउने तथा व्यवस्था गर्ने ।
प्लाष्टिकजन्य बस्तुहरुलाई उचित व्यवस्थापन गर्ने तथा स्वास्थ्य सम्बन्धी जनचेतना जागरण अभियान सञ्चालन गर्ने ।

**संस्कृति**

वडाका सम्पूर्ण जातजातिका भाषा, धर्म, संस्कृति, भेषभूषा, चाडपर्वहरुका मूल्य मान्यतालाई उत्थान गर्ने, उजागर गर्ने साथै संरक्षण गरी धार्मिक स्थलहरुको संरक्षण गर्ने ।
छिमानचोक गाउँमा अवस्थित ढाङढुङ्गे छिन्ताङदेवी मन्दिरलाई व्यवस्थित र प्रचार प्रसार गर्ने ।
सबैका आस्था, विश्वास र चालचलनलाई सम्मान गर्ने गराउनका लागि सामूहिक छलफल तथा कार्यक्रम आयोजना गर्ने ।

**लैङ्गिक समानता र समावेशीकरण**

वडाका सबै जातजाति, भाषा, धर्म, संस्कृति र समुदायका जनताहरु सामाजिक विकास तथा विभिन्न अवसरहरुमा सबैको सहभागिता र समानता गर्न महिला र पुरुषलाई बराबर अवसर प्रदान गर्ने ।
विभिन्न प्रकृतिका अपाङ्ग, बहुअपाङ्ग, दृष्टिबिहीन, बहिरा तथा सुस्त मनस्थिति आदि पहिचान गरी सबै सामाजिक कार्य र विकासमा समावेशीकरण गर्ने ।

**सडक तथा यातायात**

गोलखाडी जिरो पोइन्ट देखि खाचिराङ्गे छिनामचोक हुँदै खोर्लुप्फुक आसकोट हुँदै फेदी सम्मको सडक स्तरोन्नति गर्ने (सोलिङ, ड्रेन र कालोपत्रे) ।
निर्मलचोक डाहा टोल सडक स्तरोन्नति गर्ने ।
भुलाराङ्ग लेक्सीराङ हुँदै खानेपानी ट्याङ्की सम्मको सडक स्तरोन्नति गर्ने ।
पाङ्टेन टोल सडक स्तरोन्नति गर्ने ।
आसकोट वडा कार्यालय सडक स्तरोन्नति गर्ने ।
खोङ्जाली सडक स्तरोन्नति गर्ने ।
रमधुवा टोल सडक स्तरोन्नति गर्ने ।
वेक्वुला सडक स्तरोन्नति गर्ने ।
ग्रामीण सडकहरुलाई स्तरोन्नति गरि तात्रुवहाक गाडी सञ्चालनमा ल्याउने ।
आसकोट हुँदै हुकावास सम्मको नयाँ ट्र्याक खोल्ने ।
गर्जुवा खोलामा पक्की पुल निर्माण गर्ने ।
हुकावास, वेलाहरा जोड्ने झो.पु. निर्माण गर्ने ।

**सिंचाई**

आकाशे पानी सङ्कलन गरी सिंचाईको सुविधा उपलब्ध गर्ने ।
दोमन टोल सिंचाई योजना

**सञ्चार**

भेडेटार हुँदै गोलखाडी, खाक्चिराङ, डढुवा, छिमानचोक हुँदै आसकोट सम्म फाइवर नेटको विस्तार गर्ने ।
प्रत्येक चोकमा फ्रि वाईफाईको व्यवस्था गर्ने ।

**बैकल्पिक उर्जा**

वुर टोल (फोकेचोक) देखि आसकोट सम्म प्रत्येक चोकमा सोलार वत्तिको व्यवस्था गर्ने ।

**वन तथा भू-संरक्षण**

भू-संरक्षण, वन व्यवस्थापन, बाढी पहिरो रोकथाम, गौचरण, आदि व्यवस्थित गर्ने ।
सामुदायिक वनहरुको खाली ठाउँमा वृक्षारोपण गर्ने ।
सडक निर्माण गर्दा भू-क्षय भएको ठाउँमा ग्यावियन वाल निर्माण तथा वृक्षारोपण गर्ने ।
खाप्चिराङ छिलीङ खोल्सी पहिरोलाई रोकथाम गर्ने ।
जोखिम वस्तीहरुको पहिचान गरी स्थानान्तरण गर्ने । (खाक्चिराङ, कालोराङ, कोखोजाली)
दोङदेरा, न्गोर्गा लडने, बान्वा पाखा, गर्जुवा पाखा, लाङ्ली पाखा, छुतटेन पाखा लयायतका पहिरोहरुलाई रोकथाम गर्ने ।
चेतमाला सामुदायिक वनबाट उपभोक्तालाई चाहिने ब्लक छनौट गरी गिटी, वालुवा र ढुङ्गा निकाल्ने ।

**फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने ।

**युवा तथा खेलकुद**

युवा रोजगारलाई मूख्य आधार बनाउन हरेक वडाका युवायुवती जनशक्तिहरुको क्षमता पहिचान गरी विभिन्न सीपमूलक आयमूलक कार्यक्रमको लागि महिला सीप तथा सीपमूलक तालिम आयमूलक तालिमहरुको व्यवस्था गर्ने । (टोपी बुन्ने, ढाका कपडा बुनाई, सिलाई कटाई, व्यूटी पार्लर, मोबाईल मर्मत तालिम, फर्निचर निर्माण तालिम, साबुन बनाउने, थुक्पा बनाउने, अगरबत्ति बनाउने, हाते होजियारी (बाँसको काम), क्यान्डी अदुवा मसला (सुठो), जुस बनाउने, मसला उद्योग, आदि स्थापना गर्ने, ड्राईभर, वैदेशिक रोजगारसँग सम्बन्धित सीपहरुको विकासमा जोड दिने)
"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" - युवाहरुको शारिरीक, मानसिक, अनुशासन, बौद्धिक विकासका लागि खेलकुद सञ्चालन निरन्तर गर्ने ।
स्थायी खेलकुद मैदान ठाउँ गाउँ आवश्यकता हेरी निर्माण गर्ने ।
स्थायी वडा खेलकुद मैदानलाई व्यवस्थित गर्ने ।
कवर्ड हल निर्माण गर्ने ।

**संस्थागत विकास तथा सुशासन**

नागरीक वडापत्रको व्यवस्था गर्ने ।
सोधपुछ कक्षको व्यवस्था गर्ने ।
टोल फ्रि नं. को व्यवस्था गर्ने ।
एसएमएस सिस्टमको व्यवस्था गर्ने ।
टावरको क्षमता बढाउने ।
आर्थिक ऐनमा उल्लेख भए अनुसारको राजस्व सङ्कलन गर्ने ।
पैसा दिएर वा लिएर काम गराउने प्रवृत्तिको अन्त्य गर्ने ।

**संस्थागत क्षमता विकास**

सहकारीको व्यवस्था गर्ने ।
नागरीक समाजको स्थापना गर्ने ।
कृषि तथा पशु प्राविधिक वडागत रुपमा व्यवस्था गर्ने ।
कार्यरत कर्माचारीहरुलाई आ-आफ्नो विषय पुन:तार्जगी तालिमको व्यवस्था गर्ने ।
कम्प्युटर अपरेटरको व्यवस्था गर्ने ।
सिलाई तथा बुनाई सम्बन्धी तालिम (झोला, रुमाल, टोपी, ढाकाको सारी, आदि) सञ्चालन गर्ने ।
अदुवा तथा अकवरे खुर्सानीको अचार बनाउने तालिम सञ्चालन गर्ने ।
टमाटरको सस बनाउने तालिम सञ्चालन गर्ने ।

## वडा नं. ८ का योजनाहरु

**कृषि तथा पशुपालन**

उन्नत जातको बाख्रापालन, सुंगुर पालन तथा पशुपालन सम्बन्धी अनुदान तथा तालिम सञ्चालन गर्ने ।
टमाटर, सिमी, खोर्सानी उन्नत बीउ बिजनको अनुदानको व्यवस्था गर्ने ।
उन्नत जातको मकै बीउ बिजनको अनुदानको व्यवस्था गर्ने ।
सिंचाईको व्वस्था गर्ने ।
सुन्तला, कागती, आँप, आदिको बीउ बिजन अनुदान उपलब्ध गर्ने ।
बाली वोट विरुवा आदिको उपचार विधीको व्यवस्था गर्ने ।
अदुवा खेतीको लागि तालिम तथा अनुदान उपलब्ध गर्ने ।
तातोपानी र तरीटोलमा धान, मकै र तोरीको पकेट क्षेत्र घोषणा गर्ने ।
ढुङ्गे, सिंकुला र तुङ्खा टोलमा किवी र ड्रागन फ्रुट खेतीको लागि आवश्यक अनुदान, बीउ बिजनको व्यवस्था गर्ने ।
बाँदर र खरायो नियन्त्रण गर्ने विधीको व्यवस्था गर्ने ।
कफी खेतीको लागि बीउ बिजन उपलब्ध गर्ने ।
माछापालनको लागि आवश्यक अनुदान उपलब्ध गर्ने ।
वडा बीचको भागलाई कागती खेती गर्ने र माथिल्लो भागमा पशुपालन गर्ने ।
बजार व्यवस्थापन गर्ने ।

**पर्यटन**

सिद्ध डाँडालाई पर्यटकीय क्षेत्रको रुपमा विकास तथा प्रवर्द्धनको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने ।
पालिकाको पश्चिम भागमा पर्यटनको विकास गर्ने ।
रामगुवा झरनालाई पर्यटन प्रवर्द्धन गर्ने ।

**शिक्षा**

भूमिश्वर प्रा.वि.मा दरबन्दी अभाव, शिक्षक तालिम, कक्षा कोठा मर्मत तथा निर्माण र विद्यालय घेराबार गर्ने ।
सिद्धकाय प्रा.वि.मा नयाँ पक्की भवन तथा कोठा मर्मत र सपोर्टिङ वाल निर्माण गर्ने ।
बाल कल्याण प्रा.वि.मा खानेपानीको व्यवस्था, भवन मर्मत सम्भार तथा हाता वारा, घेरावार गर्ने ।
लक्ष्मी मा.वि.मा ४ कोठे पक्की भवन २ वटा, माध्यमिक तहको शिक्षक दरबन्दी, शिक्षक तालिम, खेलमैदान निर्माण, कक्षा कोठा मर्मत, खानेपानीको व्यवस्था र शौचालय निर्माण, घेराबार र भवनको रेलिङ निर्माण गर्ने ।
सम्पूर्ण विद्यालयहरुमा राजनैतिक रहित वातावरण सिर्जना गर्न गाउँपालिका तथा नेपाल सरकारबाट नीतिगत निर्णय गर्ने ।
व्यवसायिक र प्राविधिक शिक्षालाई विशेष जोड दिने ।

**स्वास्थ्य**

खुँडी स्वास्थ्य चौकीको भवन निर्माण, खानेपानी व्यवस्थापन, शौचालयको व्यवस्था, प्रसुति गृह निर्माण तथा स्तरोन्नति गर्ने ।
साँगुरीगढी-८ को माथिल्लो बेल्टमा उप-स्वास्थ्य चौकीको व्यवस्था गर्ने ।

**खानेपानी तथा सरसफाइ**

सिंकुला, ढुङ्गे टोल, लुखा, पिप्ले केरावारी, सेम्वोपा, झलहरा, पोक्ला, खुँडी, तातोपानी, हरचुवा, सिरवानी तरिटोल क्षेत्रमा खानेपानीको व्यवस्था गर्ने ।
सरसफाइ सम्बन्धी प्रत्येक टोलमा जनचेतना सम्बन्धी अभियान सञ्चालन गर्ने ।
सार्वजनिक स्थलहरुमा डस्टविनहरुको व्यवस्था तथा शौचालयको व्यवस्था गर्ने ।

**धार्मिक, संस्कृति**

विभिन्न धार्मिक स्थलहरुको जगेर्ना तथा संरक्षण गर्ने । (ढुकुर सिंह थान - मलहरा; तातोपानी तरिटोल - देवीथान, बुढासुब्बा, आदिको व्यवस्थापन; पाँचकन्य देवीको संरक्षण; लक्ष्मी ढुङ्गाको जगेर्ना; रामगुवा झरना संरक्षण; हरचुवा गुफा उत्खनन, मालेराजा गुफा संरक्षण)

**लैङ्गिक समानता र समावेशीकरण**

लैङ्गिक समानता र समावेशीकरण सम्बन्धी वडामा जनचेतना अभिवृद्धि अभियान गर्ने ।
आर्थिक, शैक्षिक, राजनैतिक, सामाजिक कार्यमा दलित, विपन्न परिवार, सिमान्तकृत तथा हेपिएका जातिहरुको समान सहभागिता गराउने ।
आर्थिक, शैक्षिक, राजनैतिक पक्षमा महिलाको समान सहभागिता हुनुपर्ने ।

**सडक तथा यातायात**

